CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

50

संग्रह–१०

बुद्धकालीन विमानकथा

सिद्धार्थ बोधिसत्वको २६ शयौं जन्मजयन्तीको
पुण्य-स्मृतिमा ।

भिक्षु अमृतानन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

23158

श्री वाल्मीकी क्याम्पस
भृकुटी मण्डप

०२३।११।४

१६
३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
२३/६४
द.नं. ६६४१

संग्रह–१०

बुद्धकालीन विमानकथा

आचार्य
भिक्षु अमृतानन्द

भारु. ६/- नेरु. १२/-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक:
"आनन्दकुटी विहारगुठी"
(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी, स्वयम्भू,
काठमाडौं, नेपाल ।
फो. नं. १४४२०

(सर्वाधिकार सुरक्षित)

बुद्धाब्द: २५२०

प्रथमावृत्ति १,०००

मुद्रक:
नेपाल प्रेस
काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन आचार्यको छत्रछायाँमा बसी
पालि साहित्यको ज्ञान हासिल
गर्न सकेँ उनै मेरा परमपूज्य
आचार्य सिरि वजिरञाण
महानायक महास्थविरकै
स्मृतिमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसमा—

PREFACE

मन्तव्य

प्रकाशकीय

भूमिका

प्राक्कथन

मूल-ग्रन्थ

सहायक ग्रन्थहरू

संकेत शब्दको अर्थ

त्रिपिटक-सूची

विषय-सूची

"बुद्धकालीन विमानकथा"

नामावली

शब्दावली

गाथा-सूची

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Collection No. 10

Buddhakalina Vimanakatha

Bhikshu Amritananda

Published by
ANANDA KUTI VIHARA TRUST
Ananda Kuti, Kathmandu
N E P A L.
1976

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ACC. No. ६६८९

R 694
ANA
2033.8.5.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ह.नै. ६६४१
वा.वि.पु.

Namo Tassa Bhagavato Arahato Sammasambuddhassa

PREFACE

With a view to making the Pali Tipitaka literature, or the Buddhist Canon, available in the Nepali language, the first of the series, under the title Buddhakalina (during the Buddha's time) Brahman volume one, based on the classifiedstudy of various characters of the Buddha's time, was published on 25th Chaitra, 2028 B. S. (1972).

I am glad it has been possible for me to present today to the Nepali readers the tenth volume of the series, Buddhakalina Vimanakatha. The ten volumes so far published are entitled as: Buddhakalina Brahmana, Laity, Royal personages, Women, Parivrajaka, Sravaka, Sravika, Brahmadideva, Pretakatha and Vimanakatha.

It can be said with confidence that a careful reader of these volumes will be able to have a fair knowledge of the teachings of the Buddha contained in the Tipitaka, the Buddhist Canon.

Rebirth or life after death is one of the principal teachings of the Buddha, and the accounts of beings born in good states of existence as well as evil states of

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

existence, according to their actions (Karma), could be found in the three volumes: Buddhakalina Brahmadi-deva, Preatakatha and Vimanakatha. However, the remaining seven volumes discuss at length, things pertaining to the present life.

Anyone interested in the lives of monks and nuns of the Buddha's time should read Buddhakalina Sravaka and Sravika respectively, and much information about the household life of the people who lived during the Buddha's time could be gathered from the remaining volumes.

The volume on Buddhakalina Mahila, as the title indicates, deals with the life of women in the Buddha's time. While the volume on Buddhakalina Rajaparivara gives a graphic account of the princes and principalities, the volume on Parivrajakas deals with the lives of ascetics, especially the wandering ascetics of the Buddha's time.

It may interest the reader to know that these ten volumes cantain not less than five hundred and eighteen sutras or discourses of the Buddhist canon in the Nepali language.

The Pali Tipitaka, the Buddhist Canon, consists of thousands of discourses. It is no easy task to render into Nepali language the entire canon, it may take

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

several decades. And to present to the reader the contents of the canon, in the way I do, in these volumes, takes time, it may take more than a decade as this is a single-handed enterprise. Life is uncertain, and health permitting, one hopes to undertake the difficult task of compiling the second volume of each of the ten books so far published.

What follows is a list of discourses gathered from the Pali literature for the ten volumes published.

1.	From Dighanikaya of Suttapitaka			18
2.	From Majjhimanikaya of Suttapitaka			33
3.	From Sanyuttanikaya of Suttapitaka			161
4.	From Anguttaranikaya of Suttapitaka			120
5.	From Udanapali, Khuddakanikaya, of Sutta-P			11
6.	From Suttanipatapali,	do	do	6
7.	From Vimanavatthupali,	do	do	33
8.	From Petavatthupali,	do	do	25
9.	From Theragathapali	do	do	2
10.	From Therigathapali	do	do	11
11.	From Apadanapali	do	do	14
12	From Parajikapali of Vinayapitaka:			7
13.	From Pacittiyapali of Vinayapitaka:			20
14.	From Mahavaggapali of Vinayapitaka:			39
15.	From Cullavaggapali of Vinayapitaka:			18
			Total	518

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

For the convenience of scholars I hope to prepare a catalogue containing the classified list of discourses, an index to references, and main subjects of all the ten volumes.

The 32 stories in the Buddhaklina Vimanakatha are taken from Vlmanvatthupali of the Khuddakanikaya of the Sutta Pitaka. It consists of seven chapters and 82 stories [1] They are as follows:

		Page: [2]		Page: [3]
1.	Vv.	111:	Ambavimanavatthu	R 71
2.	"	63:	Alomavimanavatthu	R. 39
3.	"	26:	Àcamadayikavimanavatthu	R. 17
4.	"	106:	Payasivimanavatthu[4]	R. 67
5.	"	35:	Ularavimanavatthu	R. 24
6.	"	63:	Kanjikadayikavimanavatthu	R. 39
7.	"	114:	Kanthakavimanavatthu	R. 73

1. Translated by Mr. Krishna Bahadur Manandhar.
2. References given here are to the pages of Pali Text, Nagari Editions of Nalanda, India.
3. R. refers to the pages of the Pali Text Society, Roman Editions, London.
4. Commentary of Vimanavatthu writes it as 'Uttara-vimana'.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

8.	Vv.	7:	Kunjaravimanavatthu	R. 4
9.	”	41:	Guttilavimanavatthu	R. 28
10.	”	112:	Gopalakavimanavatthu	R. 72
11.	”	27.	Candalivimanavatthu	R. 18
12.	”	91:	Cularathavimanavatthu	R. 57
13.	”	80:	Chattamanavakavimanavatthu	R. 51
14.	”	13.	Tiladakkhinavimanavatthu	R. 8
15.	”	52:	Daddallavimanavatthu	R. 31
16.	”	85:	Dvarapalavimanavatthu	R. 54
17.	”	12:	Dipavimanavatthu	R. 7
18.	”	61:	Nagavimanavatthu	R. 38
19.	”	11:	Tatiya Navavimanavatthu	R. 6
20.	”	3:	Pathama Pithavimanavatthu	R. 1
21.	”	101:	Phaladayakavimanavatthu	R. 64
22.	”	33:	Pathama Bhikkhadayikavimana-vatthu	R. 22
23.	”	118:	Mattakundalivimanavatthu	R. 75
24.	”	77:	Mandukadevaputta-vimanavatthu	R. 49
25.	”	56:	Mallikavimanavatthu	R. 34
26.	”	104:	Yavapalakavimanavatthu	R. 65
27.	”	74:	Rajjumalavimanavatthu	R. 46
28.	”	39:	Latavimanavatthu	R. 27
29.	”	64:	Viharavimanavatthu	R. 40
30.	”	20:	Sirimavimanavatthu	R. 12

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

31.	"	110:	Suvannavimanavatthu	R. 70
32.	"	87:	Pathama Sucivimanavatthu	R. 55

Bhikshu Amritananda

Ananda Kuti,
Kathmandu, Nepal.
10th, December, 1976

Vv. = Vimanavatthupali

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्तव्य

बौद्ध साहित्यलाई पाली ग्रन्थहरूबाट नेपालीमा अनुवाद एवं सम्पादन गरी पुस्तकको रूपमा छपाएर नेपाली भाषा भाषीलाई बौद्ध साहित्य प्रति बढी जानकारी गराउने श्री भिक्षु अमृतानन्दजीको प्रयास सराहनीय छ। भिक्षुजीले बौद्ध कालीन धेरै ग्रन्थहरू नेपालीमा रूपान्तर गरी नेपालीहरूकोलागि जुन सेवा पुऱ्याई आउनु भएको छ त्यो निश्चय नै उल्लेखनीय छ। बौद्ध र साहित्य प्रति चाख राख्ने जिज्ञासुलाई यी ग्रन्थहरू निकै उपयोगी सिद्ध हुने छन् भन्ने म आशा गर्दछु।

डा० तुलसी गिरी
प्रधानमन्त्री

काठमाडौं
मार्ग ८, २०३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

पूज्य अमृतानन्द महास्थविरज्यूले ५ वर्ष अघिदेखि गर्दै आउनु भएको अधिष्ठान अनुरूप कत्तिपनि विचलित नभई दिनरात गरी पर्न आएको सबै कष्ट सही एकाग्र भई अथक प्रयास गर्दै आउनु भएको शिलशिलामा पूरागर्नुभएको यो "बुद्धकालीन विमानकथा" संग्रह–१० पनि यस आनन्दकुटी विहारगुठीद्वारा प्रकाशन गर्न पाएकोमा अत्यन्त कृतज्ञ एवं आभार व्यक्त गर्दछौं। नेपाल–बुद्धको जन्मभूमि–मा फेरि बुद्ध-शासन (धर्म) प्रति जेजति वहाँले गर्नुभयो त्यसको अलावा यस बुद्धकालीन ग्रन्थहरूको संकलन गरिदिनुभएकोमा वहाँप्रति जति कृतज्ञता ज्ञापन गरे पनि थोरै नै हुनेछ। यी दशवटा अमूल्य संग्रहहरूबाट अब बुद्ध-धर्ममा जिज्ञासा राख्ने र भविष्यका सन्ततिहरूलाई धेरथोर अवश्य पनि लाभदायक नै सिद्ध हुनेछ भन्ने ठानेकाछौं। विशेष मूल्याङ्कन पाठकवर्गहरूबाट हुने नै छ।

यस्तो गहन ग्रन्थहरूको प्रकाशनको महान कार्यमा सघाउ पुऱ्याउन स्वेच्छाले—श्री कर्कटमान तुलाधर, असन किसिढोकाबाट वहाँकी स्वर्गीय माता हेरामायाको पुण्यस्मृतिमा कागज १ रीमको लागि रू. १३०।–, श्रीमती चम्पादेवी बनिया, इटुंबहालबाट रू. ३००।–,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनागारिका संघमित्ताबाट वहाँको स्वर्गीय माता जोगमाया बज्राचार्यको नाउँबाट रू. १००।–, श्रीमती विमला बज्राचार्यबाट वहाँको स्वर्गीय बाजे हेरामान बज्राचार्यको नाउँबाट रू. १००।– प्रदान गर्नुभएकोमा यस गुठीको तरफबाट वहाँहरू सबैलाई हार्दिक धन्यवाद चढाउँछु ।

यस्तै गरी यी सबै ग्रन्थहरूको प्रकाशन कार्यमा मेहनतकासाथ एकछिन अल्छी नमानी भाषासम्बन्धी लेखाइमा टेवा दिनुको साथ प्रूफ समेत हेरिदिनु भएकोमा विशेष गरी श्री प्राध्यापक वटुकृष्ण 'भूषण' तथा अरू सहयोग गर्ने भिक्षु अश्वघोष र भिक्षु कुमार काश्यपज्यूहरू र प्रूफ प्रेसबाट ल्याइदिने पुरुषहरू लगायत प्रेसका कर्मचारीहरू तथा सम्बन्धित सबैलाई धन्यवाद दिन आफ्नो कर्तव्य ठान्दछौं ।

आनन्दकुटी, स्वयम्भू
काठमाडौं, नेपाल ।
फोन नं. १४४२०
२०३३ मार्ग १२ शनिवार

तीर्थनारायण मानन्धर
सदस्य-सचिव
आनन्दकुटी विहारगुठी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका—

पालि त्रिपिटकमध्ये सुत्तपिटकको खुद्दकनिकाय अन्तरगतको विमानवत्थुबाट अङ्कुरित भई बुद्धकालीन विमानकथा रूपी फूलदानमा सजिएका बत्तीस (३२) कथा भित्रका विभिन्न पात्रहरूको प्रतिष्ठापनले सुभूषित "बुद्धकालीन विमानकथा" संग्रह दश (१०) हो। यसभन्दा अघिका 'बुद्धकालीन ब्राह्मण' (सर्वप्रथम प्रकाशित) देखि लिएर लगातार प्रकाशित हुँदै आएका प्रेतकथा संग्रहसम्मका अत्यन्त उपयोगी नौ ओटा संग्रहहरूले—सामाजिक, धार्मिक, राजनैतिक, आर्थिक, शैक्षिक, मनोवैज्ञानिक, सत्यता, अहिंसा, परोपकारिता तथा इहलोक र परलोकको सम्बन्ध आदि अगण्य विषयहरूसँग सम्बन्धित विषयहरूले कर्तव्याकर्तव्यको सूक्ष्मातिसूक्ष्म विश्लेषणरूपी उद्यानको झाँकी जसरी देखाएका छन्—त्यसरी नै यसले केवल स्वर्गपुग्ने (देवलोक) विभिन्न दान-फलका मार्गहरूको मात्र अवलोकन गराएको छैन बरु त्यहाँ पुगेर गरेका विभिन्न सुखानुभूति प्रकाशपुञ्ज लिएर अज्ञानताको अन्धकारमा छाम् छाम् र छुम् छुम् गरिरहेका मानिसहरूलाई प्रकारान्तरले मुक्ति (निर्वाण) को बाटो समेत देखाइदिन बनाएका निरन्तर-प्रयासका खुड्किलाहरू यहाँ देखिएका छन्। यतिमात्र होइन यस संग्रहले यस जीवनदेखि लिएर देवजीवनसम्म आइपर्ने अनेकौं समस्याहरूको समाधान गर्ने विस्तृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योजनाको समीक्षालय नै तयार पारिदिएको छ र मानिसहरूको भित्री आँखा खोल्ने संकल्प गरेको छ। जसलाई 'त्रिरत्न' रूपी आँखाले हेर्नुपर्दछ। अनिमात्र प्रत्यक्ष हुन्छ। अन्यथा असम्भवप्राय छ भने पनि हुन्छ।

त्यसैले यहाँ धर्म, अर्थ, काम र मोक्ष यी चारैतत्वलाई सामाजिक परिवेशनमा बसेर हेरिएको छ र उक्त तत्व प्राप्तिको लागि समाज र वातावरण अनुकूल योजना बनाइएको कुरो प्रसंगले देखाएको छ साथै यो पनि देखाइदिएको छ कि वातावरण अनुकूलको समाज वा समाज अनुकूलको वातावरण सीर्जना गर्न नसकेसम्म कुनै पनि सिद्धान्तले कोराकल्पनाको रूप बाहेक अरू केही देखाउन सक्तैन। त्यसैले यहाँ आफूलाई अजरामर ठानी समाजभित्र बसेर अन्यायको बाह्रमासे खेल्ने महत्वाकांक्षीहरूलाई सर्वप्रथम न्यायमार्गमा ल्याउने सतत प्रयाश गरेको छ भन्ने कुरालाई तत्कालीन चरित्राकाशतिर हेर्दा देख्नपाइन्छ। अन्यथा—

न विज्जति सो पदेसो, कम्मं विज्जा च पोरिसं।
यत्थ गन्त्वा भवे मच्चो, राजपुत्ताजरामरो ॥—

अर्थात् हे राजापुत्र ! त्यस्तो कुनै प्रदेश छैन, त्यस्तो कुनै विद्या पनि छैन, त्यस्तो कुनै पुरुषार्थो पनि छैन—जो जहाँ गएर अजरामर हुन सकोस् भनेर—कैकेयीको षड्यन्त्रले गर्दा अयोध्याका राजा दशरथले जेठो छोरो रामलाई वनवास पठाए झैं अश्वक देशका अश्वक राजाकी कान्छी स्वास्नीले पनि षड्यन्त्रगरी वनवास पठाएको अश्वक राजाको जेठो छोरो सुजातलाई—महाकात्यायन स्थविरले उक्त गाथाको संस्मरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गराउन पर्ने नै थिएन । यसैले यसबाट के परिलक्षित हुन्छ भने बकुल्ला भक्त जस्तै बनेर समाजरूपी स्वच्छ तलाउलाई हुडेल्ने प्रयाश गर्ने धनाढ्य, शोषक र अन्यायी आदिको जमात नै सर्वेसर्वा भई निजी स्वार्थकोनिमित्त भेदनीतिको प्रवल प्रवाहको भूमरीमा पारी सत्यताको अनुगमन गर्ने समाजलाई अशान्ति तथा हाहाकार मच्चाउनेहरू उपर आँखा तर्दै त्यस्ता मनोवृत्ति भएकाहरूलाई सन्मार्गमा ल्याउन विभिन्न उपायहरूको प्रयोग-शाला स्थापना भएको प्रस्तुत संग्रहरूपी अध्ययनशालामा अध्ययनगर्दा पाएका विभिन्न अविस्मरणीय तथा रोचक उपायहरू सिकाउने उपदेशहरूको साम्राज्य यहाँ खडा भएको छ र अन्धकाररूपी अज्ञानताको पोखरीभित्र खलवलाई मनोमालिन्यका वडागुरु भएर वसेका जन्तु जस्ता मानिसहरू-लाई ज्ञानदीपको प्रकाशपारी त्यस्ताको उद्धार समेत गर्ने प्रयास यहाँ सँगालिएको छ । तेस्तै योजनाबद्धरूपले निर्दयीबाट सुहृदयी, अन्यायीबाट न्यायी, स्वार्थीबाट निस्वार्थी, अपकारीबाट उपकारी, शोषकबाट दानी, हिंसकबाट अहिंसक, अशान्तिप्रियबाट शान्तिप्रिय आदि गुणहरूमा मन परिवर्तन गरी चरित्रवान् बनाउन समय अनुसार यसले विशेषत दान-कार्यलाई प्रधानतादिनुभन्दा उत्तम उपाय अर्को नदेखेको अनुभव हुन्छ । न कि भिक्षुहरूले पेट भर्ने उपायको जाल । अन्यथा दानकार्यको नाउँमा यावत्जीवनसँग सम्बन्धित अनगिन्ति विषयहरू समावेश गर्नुपर्ने आव-श्यकता थिएन भन्ने कुरा प्रस्तुत संग्रहलाई पृष्टभूमि बनाएर हेर्दा छर्लङ्ग हुन्छ ।

अनि यसै क्रममा मागधि (पालि) वाङमय वा अन्य भाषाका सम्पूर्ण वाङमयहरूलाई माध्यम बनाएर हेर्दा - धर्म, दर्शन, साहित्य र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कला यस्ता शिल्प वा तत्वहुन् जसले प्रत्येक समाजलाई इतिहास साक्षी-राखी निरन्तर सामयिक मार्ग प्रदर्शन गर्ने मात्र होइनन् बाह्य आचार र आन्तरिक सदाचार (चित्तशुद्धि) कोनिमित्त पनि अहोरात्र पाठ पढाइरहेका छन् भन्ने कुरालाई आजका विभिन्न मत-मतान्तरमा लुछाचुँडी गरिरहेका मानिसहरूलाई औंल्याएर मात्र होइन जसलाई हिजो आजको चस्माले हेर्दा असभ्यताको पराकाष्टामा पुगेको अनुमान गरिन्छ त्यसबेलादेखिको समाजलाई समेत उक्त तत्वहरूले सन्मार्गतिर औंल्याउने सिमानाको निर्देशन दिंदै आएका छन् भन्ने कुरालाई पौराणिक अथवा आधुनिक जुनसुकै वाङमयका इतिहासरूपी दुर्बीन लगाएर हेरे पनि देख्नसकिन्छ ।

यसैले धर्म र दर्शन, साहित्य र कलालाई अविच्छिन्न विचार-धारारूपी अनुभवको सुनिर्मित शृंखला हो भनेर जसरी भन्न सकिन्छ त्यसरी नै यिनीहरूको आदि र अन्त्यको साँच्चिकै लेखाजोखा गर्न खोज्ने हो भने सायद यौटै जीवन पर्याप्त हुन सक्तैन भन्ने अनुमान एकतर्फी विचारले गर्न सकिन्छ भने अर्को तरफबाट हेर्दा उक्त तत्वले नै मानिसको मूल्याङ्कन गर्न सक्षम भएको कुरालाई विभिन्न वाङमयहरूले नै सँगालेका छन् । यसैले मुक्तकण्ठले भन्न सकिन्छ कि—यसरी मूल्याङ्कन गरेर सन्मार्गको प्रभातीय वातावरण सीर्जना गर्न सक्षम भएको व्यक्तिलाई नै भगवान् वा महापुरुषको रूपमा पूजिएको कुरालाई आजको इतिहासले पनि सकार्दै आएको मात्र होइन त्यस्ता महान् व्यक्तिप्रति नतमस्तक पनि बनाइदिएको छ । जसलाई संस्कारको संज्ञा पनि दिन सकिन्छ ।

त्यसैले उक्त तीन तत्वहरूमाथि सिंहावलोकगर्दा साहित्य र कला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्तनीय वा मननीय छन् भने धर्म र दर्शनलाई अझ त्यसभन्दा पनि माथिल्लो स्तरमा राख्नसकिन्छ जसबाट साहित्य र कला विशिष्टरूपले परिमार्जित भएका छन् । हुनपनि धर्म र दर्शनले आफूभित्र ब्रह्माण्डलाई नै एक परमाणुको रूपमा हेरेकाछन् भन्न पनि त्यति अप्ठेरो मान्न पर्दैन जति हामी हिच्किचाइरहेकाछौं । किन कि यो यतिव्यापक छ जसको सिमाना नै निर्धारण गर्न मुश्किल पर्दछ । त्यसवेलामात्र सरल हुनेछ जसवेला यसैभित्ररहेका चराचर-जीव-जगत्को पूर्वापर सम्बन्धी प्रत्येक विषयलाई छुट्याउन सकिन्छ, अनिमात्रै 'धर्म' शब्दको विश्लेषण गर्न सकिन्छ अन्यथा सम्भव मान्न सकिन्न भन्ने कुरालाई जसरी आधुनिक विज्ञानले एलेक्ट्रोन्, न्युट्रोन् र प्रोटन्को आधारमा अणुलाई विभाजित गर्न समर्थ भएको छ त्यसरी नै 'धर्म' शब्दलाई छुट्याउन ज्ञान-विज्ञानको आवश्यकता पर्दछ । किनभने 'धर्म' शब्दको अर्थ केवल पूजा आजामा मात्र सिमित छैन । न त 'धारणाद्धर्ममित्याहु' मात्रले पनि उपर्युक्त अर्थ प्रदान गर्न सक्तछ । यो त केवल एक काम चलाउ समष्टिगत आधार मात्र हो । किनकि विश्वमा जति धर्म पाइन्छन् ती सबैको सायद यौटै लक्ष भएपनि सम्बन्धित मार्गमा धेरै भिन्नता छ र त्यो छुट्याउने काम पनि त्यत्तिकै जटिल छ जति प्रस्तुत संग्रहले देखाएका बाटाहरूको अनुगमन गर्नमा ।

यसैले प्रस्तुत संग्रहलाई केवल तत्कालीन (इ. पू. छैटौं शताब्दी) धार्मिक कथाहरूको संग्रहमात्र नमानी गम्भीरभन्दा पनि गम्भीर विषयरूपी दृश्यहरूलाई सरस तथा सरल रूपमादेखाउन बत्तीस (३२) पात्रहरू आ-आफ्नै पनमा जुमुर्राएर उठेका छन् । यी यस्ता प्रकृतिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पात्रछन् जसले इहलोकको लिला समाप्त गरी परलोकमा (देवलोकमा) आनन्दभन्दा पनि आनन्दको महासागरमा पौडिरहेका भूतपूर्व मानिस तथा हालका देवताहरू वर्णनातीत विमानहरूद्वारा पुनः मर्त्यलोकमा आएर मानिसहरूसँग कुरागरेको देखिन्छ भने अर्कोतिर बुद्धोपदेशकालागि हत्तरपत्त आएर नतमस्तक भई उपदेश श्रवणगरेको पनि देखिन्छ जसबाट छत्तमाणवक आदिहरू स्रोतापत्ति फलमा प्रतिष्ठित भएका पढन पाइन्छ भने कतै महामौद्गल्यायनद्वारा फलमा प्रतिष्ठित गराएको देखिएका छन् र ती देवता बनिसकेकाहरूसँग पनि कतै कतै साधारण मानिसहरूले पनि कुरागरेको सुन्न र देख्न पाइन्छ। साथै तिनीहरूले बताएको स्वर्गपुग्ने उपायको बाटो पनि देख्न सकिन्छ भन्ने कुरालाई प्रस्तुत संग्रहले सँगालेको छ।

अझ यसभन्दा बढी अनैतिकताको बाटोमा भौंतारिई आफूलाई सर्वेसर्वा ठान्ने संस्कारमा दिक्षित हुँदै गएको समाजलाई दानप्रणालीद्वारा नैतिकताको मूल बाटोमा ल्याई इहलोक र परलोकको सम्बन्ध तथा यस लोकमा गरेको धर्मको फल परलोकमा कसरी पाइन्छ भन्ने कुराको प्रत्यक्ष प्रमाणदिने तरखरमा मात्र नलागी त्यसको साक्षात्कार समेत गराई अज्ञानरूपी अन्धकारबाट ज्ञानरूपी आलोक प्रसार गराइदिने प्रयास पनि गरेको छ। यसकोनिमित्त प्रमूख साधनहरूमध्येको पनि प्रमूख साधन नैतिक वललाई नै मानेको छ। जसमा सत्य, अहिंसा, अस्तेय आदि नै प्रमूख स्तम्भका रूपमा रहेका छन्। यीनै परिधिको उद्यानमा प्रस्तुत संग्रहरूपी वृक्ष हराभरा भएको मात्र होइन फुलेको पनि छ र सागरवाट जति पानी झिके पनि नसिद्धिने जस्तै पालि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाङ्मयरूपी सागरवाट संकलन भएका यहाँका कथाहरूको सार खोज्दै जाँदा आत्मा केवल एक प्रवाह जस्तो मात्र हो जहाँ प्रत्येकक्षण ज्ञान, इच्छा र अनुभूतिको प्रवाह बगिरहेको हुन्छ। अर्थात् संसारिक परिस्थितिको जालमा जेलिएका मानिसहरूका लक्षहरू कुनै वेला राम्रा हुन्छन् भने कुनैवेला नराम्रा पनि हुनसक्तछन् अथवा राम्रै राम्रा र नराम्रै नराम्रा पनि। किनकि विभिन्न वासनामय प्राणीको चित्तलाई सहिवाटो देखाइदिने काम एकातिर प्रस्तुत संग्रहका कथाहरूले देखाइदिएका छन् भने अर्कातिर राग, द्वेष, सुख, दुःख आदि विकारमय भावनाहरूको उद्गमस्थानहरूको पनि टिपोट्गरेका छन्। जसलेगर्दा मानिस कुनैवेला सात्विक बन्दछ भने कुनैवेला तामासिक बन्न पनि सक्तछ भन्ने कुराको विश्लेषण गरेर देखाएको छ। जब मानिस तमोगुणी बन्दछ त्यतिखेर न त उसको नैतिक वल नै रहन्छ न त शुद्ध विचार नै।

अनि हिजोआज मानिने पराकाष्टामा पुगेको भौतिकवादी बनी जब दुःख, राग, द्वेष तथा स्वार्थ आदिरूपी धापमा भासिन्छ तबमात्र अज्ञानताको मस्त निद्रावाट ब्युझन्छ र त्यसवाट पारलाग्ने अन्य उपायहरू खोज्ने प्रवृत्ति उसमा पैदाहुन्छ अनि क्रमशः उसलाई सात्विक भावनाहरूले घच्घच्याउँन थाल्दछन्। यसै अवस्थामा मात्र दया, प्रेम, परोपकार, उदारता आदि जस्ता सहजज्ञानहरूले अँगाल्न थाल्दछन् र यस्तै ज्ञानासन्न व्यक्तिहरू मात्र देवलोक पुग्नसक्ने कुराको आद्योपान्त वर्णन यस संग्रहका विभिन्न पात्रहरूले देखाएका छन्। यसको सबै श्रेय बुद्धधर्मले नै पाएको छ। जसको विस्तृत अध्ययनले केवल स्वर्ग र नरक, धर्मात्मा र पापी, दुःख र सुख, लोभ र दान, ठूलो र सानो, धनी र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरीब, राजा र प्रजा, गुरु र चेला, देवता र मानिस, पशु र अन्यप्राणी, नैतिकता र अनैतिकता, उदारभावना र अनुदारभावना, कन्जूस र महादानी सम्बन्धी विषयहरूको मात्र अवबोध गराएको छैन। यसभन्दा पनि बढी भित्रिएर गूढार्थतिर ध्यानदिंदा तमोगुणीको त कुरै भएन सत्वगुणीलाई समेत त्यति महत्व नदिई मोक्षमार्गतिर सानगरिएको छ र जीवनको समाप्तिलाई नै 'निर्वाण' शब्दले सुभूषित गराइएको छ। अर्थात् प्रस्तुत संग्रहको चरम विन्दु नै निर्वाणको बाटोतिर लैजानुहो। यसैले यहाँ जे जति पढिन्छ ती सबैको प्रमूख लक्ष नै निर्वाणको मार्ग तयार पार्नु हुन आएको छ। न कि स्वर्ग गएर ठूलाठूला विमान प्राप्तगर्नु मात्र हो कुरालाई त केवल निर्वाण प्राप्तिको लागि गरिएको अभियानको पहिलो चरणको अभियान मात्र माने हुन्छ भन्ने कुरालाई देवलोकमा पुगेर आनन्दको सागरमा पौडिरहेकाहरूलाई पनि स्वयं बुद्ध वा महामौद्गल्यायनले स्रोतापत्ति-फलमा प्रतिष्ठित गराएका कुरा पुष्करसातीको शिष्य छत्तमाणवक, बत्तीदान गर्ने एक उपासिका आदि जस्ता पात्रहरूद्वारा प्रत्यक्ष हुन्छ। साथै कर्मवाद र जन्मान्तरवादको वरिष्ठ प्रमाणहरू पनि अभिलेखको रूपमा यहाँ देखिएका छन्।

यसैको क्रममा 'निर्वाण' शब्दको छोटो र सरल उपमा प्रस्तुतगर्दा अप्रासंगिक देखिंदैन। जस्तै आत्मा भन्ने तत्व नै बत्तीको प्रकाश जस्तै हो र त्यो बलेको बत्तीमा प्रत्येकक्षण विदुचत्केन्द्रबाट धारा प्रवाहरूपमा नयाँ विदुचतीय कणहरू एकपछि अर्को आइरहने हुनाले साधारण आँखाले हेर्दा यौटै प्रकाश जस्तो देखिएता पनि वास्तवमा यौटै होइन तिनीहरू भिन्नाभिन्न विदुचतीकणहरू हुन्। जब ती विदुचतीकणहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवागमनको मार्ग बन्दहुन्छ तब बत्तीको प्रकाशको अस्तित्व पनि स्वत समाप्त भएपछि बत्तीको जुन प्रकाश थियो त्यो कहाँ गयो भन्ने प्रश्न नै उठ्तैन, त्यस्तै अवस्थालाई 'निर्वाण' भनिएको हो। अथवा एउटै वाक्यभित्रबाट 'निर्वाण' शब्दको अर्थ खोज्ने हो भने—'जन्मान्तरको अन्तिम अवस्था हो' भन्नसकिन्छ। यसै विषयलाई दार्शनिक भाषामा स्रोतापत्तिफलमा प्रतिष्ठित भएका छत्तमाणवक देवपुत्रले बुद्धसहित अन्य विशाल जनसमूहको अगाडि प्रकटगरेको गाथाद्वारा पनि बुझ्न सकिन्छ।

ये चिध पजहन्ति कामरागं,
भवरागानुसयञ्च पहाय मोहं।
न च ते पुनमेन्ति गब्भसेय्यं,
परिनिब्बानगता हि सीतिभूता'ति ॥

अर्थात्—जसको कामराग-संयोजन हट्छ उसको भवराग-संयोजन पनि हट्छ र मोह-संयोजन पनि उच्छिन्न हुन्छ। अनि सो पुरुष पुनः गर्भवासमा आउँदैन र परिनिर्वाणपछि शीतलता प्राप्तगर्छ अर्थात् कुनै प्रकारका डाह र जलनहरू उसमा रहँदैनन्।

यसै प्रसंगमा जन्मान्तरवादतिर अवलोकन गर्दा प्रस्तुत संग्रह सहायकको रूपमा देखिएको कुरा स्वयं बुद्धले 'महाकरुणासमापत्ति ध्यानबाट उठी आज कसको उद्धार गरुँ भनी हेर्दा' देखनु भएको भ्यागुतो, तील दानदिने स्त्री, चाण्डालनी बुढी, आयुक्षीण भएकी स्त्री, मट्टकुण्डली, छत्तमाणवक, रज्जुमाला दाशी आदिको कुराबाट परिपुष्टि हुन्छ अथवा घोडा र भ्यागुतो देवता हुनुबाट।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस संग्रहमा बुद्ध बाहेक इहलोक र परलोकको प्रमूख ज्ञाताहरू-मध्ये बुद्धका दाहिने हात जस्तै भएर बसेका महामौद्गल्यायनको धेरै सक्रियता देखिन्छ र देवचारिका गरी प्रत्येकजसो देवताहरूलाई भेटी उनीहरूले देवत्व सम्पत्ति प्राप्त गर्नाको कारण पत्तालगाउने काम धेरैजसो महामौद्गल्यायनबाटै भएको छ। सोहि कुराको वर्णन बुद्धसमक्ष गरिएको छ र बुद्धद्वारा जनसमक्ष ल्याइएको मात्र होइन त्यसद्वारा समाजलाई ज्ञानको स्रोत पनि देखाइएको छ। साथै दान प्रणालीलाई पनि बुझाइ-दिएको छ र पवित्र हृदय लिएर त्रिशरणमा प्रतिष्ठित भई दान गरेमा दान अनुसारको फल प्राप्त हुन्छ भन्ने कुराको संस्मरण गराउने सन्दर्भमा यहाँ वर्णानुक्रमले ३२ पात्रहरू आ-अफ्नो कर्मफलको कुरा बताउन लामलागेर बसेका छन् र फलप्राप्तिको संकेत यसरी गर्दछन्। जस्तै—

सारिपुत्रलाई छायाँ र पानी प्रदानगरेकोमा आँपको बगैंचाको पालेले 'अम्बविमान', बुद्धलाई एउटी स्त्रीले अलिनो कुल्माष दानदिएको-मा 'अलोमाविमान', श्रद्धापूर्वक दान्दिने पायासी राजाका उत्तर भन्ने एक कर्मचारीलें 'उत्तरविमान', सासूको अनुमतिविना महामौद्गल्यायन-लाई रोटी दान गर्ने एउटी कुमारीले 'उलारविमान', बुद्धकोनिमित्त आनन्द मार्फत औषधी प्रदान गर्ने वैदयकी स्त्रीले 'कञ्जिकादायिका-विमान', सिद्धार्थ बोधिसत्व घरबाट निस्कँदा चढेर गएको कन्थक नामक घोडाले 'कन्थकविमान', राजगृहकी एउटी केटीले सारिपुत्रलाई पीरा आदि दानदिएकोमा 'कुञ्जरविमान', छत्तीसवटी केटीहरूले दिएको दानको प्रभावले 'गुत्तिलविमान', महामौद्गल्यायनलाई कुल्माष दानदिने एउटा गोठालोले 'गोपालकविमान', एउटी चाण्डालीले श्रद्धापूर्वक बुद्धप्रति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नतमस्तकता देखाएको कारणमा 'चण्डालीविमान', सौतेनी आमाको षड्यन्त्रमा परेको सुजातले महाकात्यायन स्थविरलाई दानदिएको कारणले 'चूलरथविमान', पुष्करसातीको शिष्यलाई बुद्धले त्रिशरणमा प्रतिष्ठित गराइदिएको कारण र गुरुपूजक भएकोले 'छत्तमाणवकविमान', राजगृह-वासी एउटी स्त्रीले बुद्धलाई एक अँजुली तील दानदिएको प्रभावले 'तिलदक्खिणाविमान', आफूमाथि सौता हाल्न लगाउने बहिनीलाई पनि दानगर्न लगाउनाको कारणले 'दद्दल्लविमान', ढोकेवृत्तिद्वारा जीविका गर्नेले अतिथीहरूलाई भक्तिपूर्वक स्वागत गरेकोले 'द्वारपालविमान', धर्मोपदेश गर्दागर्दै साँझ पर्दा वत्ती प्रदान गर्ने एउटी स्त्रीले 'दीपविमान', बुद्धलाई असल एकजोर वस्त्र दानदिनाको कारणले एउटी स्त्रीले 'नागविमान', थूणगाउँमा बुद्ध आउन लागेको थाहापाई रोक्ने प्रयास र पानी समेत खान नदिने षड्यन्त्र गर्नेकी एउटी नोकर्नीले बुद्धलाई पानी प्रदान गरेकीले 'नावाविमान', भिक्षुलाई पीरा दान गर्ने एउटी केटीले 'पीठविमान', असमयमै आँपखाने इच्छागरी आँपफलाउन लगाउने बिम्बिसार राजाको बगैंचेले फलाएका आँप बिम्बिसार राजालाई नदिई सीधै महामौद्गल्यायनलाई प्रदान गर्नाको कारणले 'फलदायकविमान', एउटी आयुक्षीण भएकी स्त्रीले बुद्धलाई आफ्नोनिमित्त पकाइराखेको खाना दानदिएको कारणले 'भिक्षादायिकाविमान', कञ्जूसको छोरोले असक्त अवस्थामा पनि बुद्धलाई नमस्कार गरेको कारणले 'मट्टकुण्डली-विमान', बुद्धोपदेश सुनेको प्रभावद्वारा भ्यागुतोले 'मण्डूकविमान', मल्लिकाले आफ्ना अमूल्य गहनाहरू दानदिएको कारणले 'मल्लिका-विमान', जौको खेती कुर्ने यौटो ठिटोले एक वृद्ध स्थविरलाई कुल्माष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दानगरेको कारणले 'यवपालकविमान', कुण्डिएर मर्नलागेकी यौटी नोकर्नीले बुद्धको उपदेशप्रति श्रद्धाराखेको कारणले 'रज्जुमालविमान', वैश्रवण राजाकी छोरी लताले लोग्ने तथा घरका अरू परिवारहरूलाई खुशी पार्नाको कारणले 'लताविमान', विशाखा उपासिकाले महालता-पसाधन नामक गहना विहार बनाउनकोनिमित्त दानगर्दा एउटी सहायिकाले अनुमोदन गर्नाको कारणले 'विहारविमान', गणिका भएर पनि सिरिमाले अष्टक भोजन दान गर्नाको कारणले 'सिरिमाविमान', बुद्धलाई कुटी बनाइ दानदिनाको कारणद्वारा एक उपासकले 'सुवर्ण-विमान', तथा सारिपुत्र स्थविरको चीवर सिउनकोनिमित्त दुइओटा सियो प्रदान गर्ने नकर्मीले 'सूचिविमान' प्राप्त गरेका कुराको साथै धर्म अनुसार चूलरथ, तिलदक्खिणा, द्वारपाल, नावाविमान, नागविमान आदि प्राप्त गर्ने धेरैजसो विमान सहित त्रयस्त्रिंश भवनमा र दद्दल्लविमान र आचामदायिकाविमान प्राप्तगर्नेहरू धेरै पुण्य गर्नाको कारणले निर्माणरति देवलोकमा पुगेका छन् । त्यस्तै छतमाणवक र दीपविमान प्राप्तगर्नेहरू जस्मा स्रोतापत्तिफलमा प्रतिष्ठित भएका कुराहरूको संस्मरण पनि यहाँ गराइएको छ ।

उक्त दानफल प्राप्तगर्नेहरूको सम्बन्धमा विचारगर्दा जतिसुकै महादान गरे पनि यदि देखावटीरूपमा वा अरू कुनै कारणले गरिएको छ भने त्यसको फल महान् हुन सक्तैन र श्रद्धासम्पन्न भई क्षमता अनुसार जतिसुकै सानोभन्दा सानो दान गरे पनि त्यसको फल महान् हुन्छ भन्ने कुरालाई प्रस्तुत कथाहरूले बाहिरी रूपमा समर्थन गरेका छन् भने आन्तरिकरूपमा हेर्दा भने चतुरार्यसत्य, निर्वाण र निर्वाणगामिनी उपदेश-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपी पृष्टभूमिमा उर्वरित भएका छन् । यसैले दानफलको महत्वतिर ध्यानाकर्षण गर्दा 'आचामदायिकाविमान' कथाको प्रसंगमा शक्रदेवेन्द्रले दानफलको महत्व दर्शाउँदै भनेका पाँच गाथाहरूमध्ये अन्तिम गाथारूपी दर्पण हेर्दा यथार्थ हुन्छ । जस्तै—

चतुन्नं पि दीपानं, इस्सरं योध कारये ।
एतस्साचामदानस्स, कलं नाग्घति सोलसिं'ति ॥

अर्थात् यो डढेको भात-दानको फलको अगाडि स्याना स्याना दुइहजार द्वीपहरू भएको जम्बुद्वीप जस्ता द्वीपहरू चार द्वीपहरूको मालिक भए पनि त्यो सोह्र भागको एक भाग पनि हुँदैन ।

यस कथन अनुसार यहाँ समावेश भएका ३२ पात्रहरूले गरेका दानफलको प्राप्तसंकेत पहिले नै दिइसकिएको छ । हुनत दानफलको महत्वको मूल श्रोतरूपी प्रवाह यसभन्दा पनि हजारौं वर्ष अघिदेखि नै आर्यभूमिमा बगिरहेको छ र यसको सभ्यता नै दान, धर्म, दया आदिमै आएर अडिएको छ। तथापि प्रस्तुत संग्रहले नयाँ परिपाटीको नवजागरणको सिर्जना भने अवश्य गरेको छ ।

यतिमात्र होइन यस कथा संग्रहभित्र रुमलिलदा देखापर्ने विभिन्न उपदेशहरूमध्ये श्रद्धा, त्याग, श्रुति र प्रज्ञारूपी आलोकले बुद्ध धर्मका अज्ञाताहरूको हृदयरूपी अन्धकारलाई निर्मूल पार्ने प्रयासको साथै श्रद्धालुहरूलाई बौद्धधर्ममा दिक्षित बनाउने अभियानको परम्परा खडा भएको छ र निर्दयी, कञ्जूस, दानचित्त नभएका र चरित्रहीन भएर पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनाकारण आफूलाई ठूलोठान्ने भावनामा फुलेकाहरूलाई पापको प्रायश्चित नगरेसम्म मानिस निर्दोषी हुन सक्तैन र त्यस्ताले नत यो लोकमा सुख पाउँछ नत परलोकमा नै भन्ने कुरालाई यसले प्रतिविम्बित गरेको छ। यस्तो भावनाबाट हटाउन मनोवैज्ञानिक तरिकाले "म तिम्रै हुँ र तिमी मेरा ह्वौ" भन्ने भावनाको संकेत धेरैजसो कथाले दिएका छन्। साथै बुद्धका उपदेशहरूलाई पूर्णरूपले पालन गर्ने व्यक्तिले जस्तोसुकै अपराध गरे पनि क्षमा पाउन सक्तछ भन्ने कुराको अभिव्यक्ति भएको पनि पाइन्छ। त्यसैले भनिएको हो—'तथागत लोकमा उत्पन्न भएको नै धेरैको हित र सुखको लागि हो।"

यस्तै पवित्र हृदयले गरेको कामको फल महान् हुन्छ भन्ने कुराको मूलश्रोत भएको यस कथारूपी बत्तीस (३२) धाराहरूमध्ये माथि उल्लेख भएका विभिन्न दान र दानफल बाहेक इहलोक तथा परलोक सम्वन्धी ज्ञान, श्रद्धाबलद्वारा प्राप्त यश, मनस्ततववेत्ता, सत्य प्रति अनुराग, असत्यताको द्रोह, घमण्डको फल र नम्रताको तुलना, जन्यान्तरवादको सूचना, मालिक र नोकरको स्वभाव, सौन्दर्य प्रति अनुराग, स्वार्थपरायणता, सौतासौतीको षड्यन्त्र, कन्जुस्याइँको पराकाष्टा, उदारता, आर्थिक अवस्थाको समता र विषमता, सामाजिक जीवनको संकेत, धर्म प्रति आस्था र शीलवान् व्यक्तिकोनिमित्त मर्त्यलोक र देवलोक बराबर छ भन्ने कुराको साथै शीलवान् व्यक्तिसँग देवता पनि झुक्नुपर्दछ भन्ने कुराले अभिसिञ्चित धर्मक्षेत्र यहाँ तयार पारेको छ।

यसरी हेर्दै जाँदा प्रस्तुत संग्रहरूपी ज्ञानरासीबाट प्रायः नपाइने कुनै कुरा छैन भने पनि हुन्छ। उदाहरणको रूपमा हेर्ने हो भने सानो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवधिको परिवर्तन ऋतु परिवर्तन हो र ठूलो अवधिको परिवर्तनलाई युग परिवर्तन भने जस्तै ढीलो वा चाँडो सद्गुणतिर विचार परिवर्तन गर्नसक्ने मानिसले सुख र सन्तोष प्राप्तगर्न सक्तछ भन्ने कुरातिर पनि संकेत गर्दै, काम अनुसारको माम भने झैं कर्म अनुसारको फल यसै जीवनदेखि लिएर परजन्म वा जन्मजन्मान्तरसम्म पनि भोग्नु पर्दछ भन्ने कुराको पिष्टपेषण मात्र गरेर प्रस्तुत कथाले चक्कर मारेको छैन यस सम्बन्धी विषयमा विभिन्न प्रकारले विश्लेषण समेत गरेर एकातिर देखाइदिएको छ भने अर्कोतिर अज्ञानीहरूलाई ज्ञान प्रदानगरी मुक्तिको वाटो देखाउनकोनिमित्त स्वयं ज्ञानवान् कर्ता नै अग्रसर भइदिनु पर्छ। अन्यथा अज्ञानताको कारणद्वारा भएको तिरस्कार, षड्यन्त्र, मूढेवल आदि जस्ता अवाञ्छनीय कुराहरूमा लागेर त्यसै आँखा चिम्लिदिने हो भने त अज्ञानीहरू कहिल्यै पनि सुगतिमा पुग्न सक्तैनन् भन्ने कुरा थूण गाउँमा बुद्ध जाँदा बुद्धप्रति गरिएको अभद्र व्यवहारमा स्वयं बुद्धले गरेर देखाएको व्यवहारले पनि परिपुष्टि गर्नुको साथै "शठे शाठंच समाचरेत्" भन्ने सिद्धान्तको उपहास गर्दै त्यसको वदला "कठोर प्रति नम्रता" देखाउनु पर्दछ भनेर नयाँ सिद्धान्त स्थापना गरी यस्तो प्रयोगशालामा पुग्ने उपाय वताइदिएको छ जहाँ पुग्दा व्यक्तिगत स्वार्थलाई निर्मूलपारी परहितकोनिमित्त जीवन अर्पण गर्न सकिन्छ। यतिमात्र होइन यसै जन्ममा इहलोक र परलोकको सफर तथा अन्तरयामी बन्नसक्ने योग्यताको परिचय पनि गराएको छ। जसको ज्वलन्त प्रमाण खोज्दा यसै कथाभित्रका प्रत्येकजसो कथाको प्रत्यक्षवर्णन मात्र होइन प्रत्येक देवपात्रहरूलाई कतै मर्त्यलोकमै वोलाएर, कतै आफैं देवलोक पुगेर, कतै ऋद्धिवलद्वारा उचित स्थानमा बोलाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्वन्धित पात्रहरूको उनीहरूद्वारा नै उनीहरूले पाएका कर्मफल अनुसारको प्राप्त सुविधाको वर्णन गर्न लगाउने बुद्धबाहेक अर्का शील-संयमी महामौद्गल्यायनको कार्यताच्छिल्यताद्वारा प्रष्ट हुन्छ ।

साधारणरूपले हेर्दा एक दुइ पात्र वाहेक सबै पात्रहरू कर्मफल अनुसार देवलोक पुगेका मात्र होइनन् कुवेरको पुष्पकविमान र इन्द्रको वैजयन्त रथभन्दा पनि सर्वसम्पन्न विमान[१] को साथै सुन्दरीहरूमध्ये उत्तम सुन्दरी मानिएका परिचारिकाहरूको रूपमा वा मनोरञ्जको लागि अप्सराहरू पनि पाएका छन् र आत्मीय सुखको चरम सिमानाको सन्सारमा सैर गरिरहेको कुरोलाई सिनेमाको रूपमा हेर्न पाइन्छ । यसबाट भएको अनुभवले परलोकमा छँदा धर्मकोनिमित्त नै जीवन अर्पण गर्न पर्ने अत्यावश्यकता देखिन्छ । तर यसरी एकोहोरिएर हेरेको खण्डमा "सन्तोषं परं सुखम्" भन्ने सिद्धान्त केवल कोराकल्पना मात्र हुन आउँछ र आमोद, प्रमोद र भोगविलास नै सुखको पराकाष्टा हो भन्ने भौतिकवादीहरूको गोरेटोतिर फर्कन पर्ने हुन्छ । तर यसको आशय यो होइन यो त केवल नकारात्मक दृष्टिमात्र हो ।

प्रस्तुत संग्रहको आशयहरूमध्येको मुख्यआशय हो—दुःखीलाई सुखदिलाउनु, अन्य जन्ममा नरकपर्नेलाई नरक जानबाट बचाई देवलोक (स्वर्ग) पुऱ्याइदिनु, झूट बोल्नेलाई साँचो बोल्न सिकाउनु, हिंसकलाई अहिंसक बनाउनु, स्वार्थीलाई निस्वार्थी बनाउनु, अवगुणीलाई गुणी

१. ककसले ककस्तो विमान र कति कति अप्सराहरू परिचारिकाको रूपमा पाएका छन् भन्ने कुरा मूल कथावाटै अवगत हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बनाउनु, कन्जूसलाई दानवान् बनाउनु, रिसाहालाई नम्रताको पाठ पढाउनु, सत्यताको लागि जीवन समर्पण गर्न सिकाउनु, अन्यायीलाई न्यायको पाठ पढाउनु, मूर्खलाई सज्जन बनाउने चेष्टागर्नु, ठूलो र सानोमा समान दृष्टिले हेर्नु, अनुचित ठाउँमा कठोर वचन प्रयोग नगर्नु, सामाजिक फाइदाको कुरा सबैलाई सुनाउनु, अहोरात्र उपकारकै लागि तल्लीन हुनु हो भने भित्री अर्को यौटै उद्देश्य त्यो हो जन्ममरणबाट मुक्त गराउनु । हुनपनि हो, यदि यसो नभए यस धर्मका अनुयायीहरूले राता-रात-प्रत्यक्षफल प्राप्त गर्नसक्ने क्षमता प्राप्त गर्नसक्ने थिएनन् । त्यसैले समष्टिरूपमा यहाँ सार निकाल्दा श्रद्धा नै फलप्राप्तिको प्रत्यक्ष चिन्ह हुन आउँछ ।

यसैगरी सामाजिक दृष्टिकोणले प्रस्तुत संग्रहलाई हेर्दा पनि त्यति नै महत्वपूर्ण विषयहरू बटुल्न सकिन्छ जति धार्मिक विषयका सम्बन्धमा । एकातिर त्रास, भय, चोरी, अन्याय, षड्यन्त्र, चाकडी मनोमानी जस्ता कुराहरू हिजोआजकै जस्तै गरी हाम्रा अगाडि ठडिन्छन् भने अर्कातिर मनोरञ्जन, विभिन्न उत्सव, परोपकार, शिक्षा, स्वास्थ्य, आर्थिक व्यवस्था तथा संस्कृतिको रक्षा आदिको व्यवस्था भएको पनि टड्कारै देखिन्छ । जसरी सामाजिक रीतिरिवाजको छाप प्रस्तुत संग्रहले लगाएको छ त्यसरी नै एकातिर स्वस्थ राज्यको वातावरण सीर्जना गर्ने कोशलराजा, पायासीराजा छन् भने अर्कोतिर षड्यन्त्रको परम्परा बसाल्ने राजकुलको कुरा चूलरथविमानबाट देखिन्छ । त्यस्तै कतै आर्थिक विकाशको संकेत मिल्दछ भने कतै थिचोमिचोको प्रभाव पनि कम थिएन र मानिसले मानिसलाई कुटेर मार्दा पनि न्यायको पत्तो थिएन भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुराले पनि कम रोमाञ्चित गराउँदैन। जेहोस् आजकै अवस्थासँग त्यसवेलाको अवस्यालाई दाँज्दा पनि कतै कतै यसप्रकारको परम्परागत श्रृंखला नचुडिएको कुराले त्यसप्रकारका मनोवृत्तिले अँगालेकाहरूलाई हौसला दिएको छ भने सहि कुरामा चाहे राजा चाहे प्रजा जो होस् आफ्नो अवस्थानुसारको कर्तव्यपथबाट विचलित नभई राजाकोनिमित्त कत्ति परिश्रम गरी असमयमै आँप फलाउनसक्ने एक बोटानिष्ट (वगैंचे) र मालिकको आज्ञा विरुद्ध बुद्धलाई पनी पियाउने एक नोकर्नी केटीको उदाहरण पर्याप्त छ।

यसैले सारांशमा भन्नसकिन्छ कि जसको भित्री-हृदय स्वच्छ छ, जो सत्यताको आधारमा अडेको छ त्यस्ता प्रति जस्तोसुकै मानिस भएपनि उसले नतमस्तक हुनैपर्छ र त्यस्ता मानिसहरू मात्र लाछी हुन्छन् जसमा अज्ञानता बाहेक अरू केही पाइँदैन। त्यसैले यस कथा सूत्रले प्रकट गरेको प्रमूख आशयहरूमध्येको आशयलाई यसरी व्यक्तगर्न सकिन्छ—

"अज्ञानता नै मानिसको भीषण शत्रु हो"

अन्त्यमा—

मागधि (पालि) वाङमयको त्रिपिटकरूपी तीन गण्डकोवाट निस्केका बुद्धकालीन ब्राह्मण, गृहस्थी, राजपरिवार आदि हुँदै दर्शौं संग्रहको रूपमा प्रकाशित भएको यो 'बुद्धकालीन विमानकथा' रूपी झरनाले नेपाली साहित्य भूमिलाई उर्वरा बनाएको छ र यसको सम्पूर्ण श्रेय शीलसंयमी आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूलाई नै छ। जसले ५ वर्ष अघिदेखि अविच्छिन्न रूपमा मागधि (पालि) वाङमयबाट नेपाली वाङमयमा रूपान्तरित गर्दै आउनु भएको मात्र होइन प्रत्येक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपालीलाई बुद्धदर्शन र साहित्यको आद्योपान्त ज्ञान गराउने प्रण पनि गर्नुभएको छ भन्ने कुरालाई अहिलेसम्म प्रकाशित बुद्धकालीन विभिन्न विषयका विभिन्न संग्रहहरूले बताएकै छन् । अज साँच्चै भन्ने हो भने नेपालीमा रूपान्तरित भएका विभिन्न संग्रह ग्रन्थहरूमध्ये शायद यसैलाई पहिलो स्थानमा राख्नसकिन्छ । वहाँको अथक परिश्रमद्वारा नेपालीहरूले यसरी बुद्ध-ज्ञानामृत भण्डार प्राप्त गर्न पाएकोमा वहाँप्रति कृतज्ञतापूर्वक नतमस्तक हुनु बाहेक प्रशंसा गर्ने अर्को शब्द मसँग छैन ।

–वटुकृष्ण "भूषण"

विजयेश्वरी,
स्वयम्भू, काठमाडौं
२०/८/२०३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

प्राक्कथन

"पालि त्रिपिटक साहित्यका कुराहरू नेपालीमा पनि उपलब्ध हुनसकुन्" भन्ने एकमात्र अभिप्रायले प्रेरितभई मूलपालिबाट मात्रै बुद्धकालीन विभिन्न पात्रहरूको खोजीगरी त्यसको वर्गीकरण गरे अनुसार विक्रम सम्वत् २०२८ चैत्र २५ गते सर्वप्रथम "बुद्धकालीन ब्राह्मण" नामक पहिलो पुस्तकको पहिलो भाग नेपालीमा प्रकाशित भएको थियो । यसै क्रमको शिलशिलामा अहिले यो "बुद्धकालीन विमानकथा" नामक दशौं पुस्तक नेपालीहरूको सामुन्ने प्रस्तुत गरेको छु ।

अहिलेसम्म प्रकाशित भएका बुद्धकालीन ब्राह्मण, गृहस्थी, राजपरिवार, महिला, परिव्राजक, श्रावक, श्राविका, ब्रह्मादिदेव, प्रेतकथा र विमानकथा आदि दश ग्रन्थहरूद्वारा त्रिपिटक पालि धर्मसाहित्यको आंशिकरूपमा भए पनि केही 'रूप-रेखा' नेपालीहरूकोनिमित्त नेपालीमा प्रस्तुत गरेको छु भन्दा कुनै अतिशयोक्ति होला जस्तो लाग्दैन ।

साधारणतया यी दश ग्रन्थहरूमध्ये "बुद्धकालीन ब्रह्मादिदेव, प्रेतकथा तथा विमानकथा" द्वारा अन्यत्रलोक सम्बन्धीका कुराहरू र बाँकी "बुद्धकालीन ब्राह्मण" आदि सात ग्रन्थहरूद्वारा यसैलोक सम्बन्धीका कुराहरू प्रस्तुत भएका छन् भनी भन्न सकिन्छ । त्यस्तैगरी "बुद्धकालीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रावक र बुद्धकालीन श्राविका" मा भिक्षु-भिक्षुणी जीवन सम्बन्धी कुराहरू र बाँकी आठ ग्रन्थहरूमा गृहस्थी जीवन सम्बन्धी कुराहरूको साथै "बुद्धकालीन महिला र श्राविका" बाट स्त्री जीवन सम्बन्धी कुराहरू देख्न पाइन्छ भने बाँकी अरू आठ ग्रन्थहरूबाट पुरुष जीवन सम्बन्धी कुराहरू देख्न पाइएको छ । "बुद्धकालीन राजपरिवार" बाट त्यसताकाका राजारजौटाहरूको परिचय पाइन्छ भने "बुद्धकालीन परिव्राजक" बाट त्यसताकाका साधुसन्तहरूको परिचय पाउन सकिन्छ ।

हजारौं सूत्रहरूद्वारा प्रतिमण्डित त्रिपिटक पालिसाहित्यको जम्मै रूपान्तर नेपालीमा उपलब्ध गराउनकोलागि त एक दशक त के अझै दुइ तीन दशकको परिश्रमविना सम्भव हुने छ भनी भन्नसकिन्न । जुन माध्यमद्वारा मैले त्रिपिटक पालि साहित्यको रूप-रेखा प्रस्तुत गर्न खोजेको छु—त्यो काम जम्मै पूरा गर्नकोनिमित्त पनि अझ एक दशक मात्रले पर्याप्त होला जस्तो लाग्दैन । जीवन रहिरहेमा अहिलेसम्म प्रकाशित भइसकेका प्रत्येक पहिलो भाग–ग्रन्थहरूका दोश्रो भागको संकलन गर्दै जाने आशा राखेको छु । जुन मेरो दोश्रो चरणको लक्ष बनेको छ ।

अहिलेसम्म उपरोक्त दश ग्रन्थहरूमा जति पनि मूल सूत्रहरू अनुदित भइसकेका छन् ती जम्मै—'बुद्धकालीन राजपरिवार' को प्राक्कथनमा उल्लेख गरे अनुसार—२७।५।२०२८ सालमा तयार पारेका ३,००० पृष्टभन्दा बढी टिपोट्हरू (Notes) मध्येकै हुन् । त्यसमध्ये अहिलेसम्म जम्मा ६०६ पृष्टका टिपोट्हरूको काम सम्पन्न भएको छ । यी दश ग्रन्थहरूमा जम्मा कति मूल सूत्रहरूका कुराहरू अनुदित भइसकेका रहेछन् भनी पुनरावलोकन गरेर हेर्दा जम्मा ५११ वटा मूल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत्रका कुराहरू अनुदित भएका देखिन्छन् । तर सूत्र-सूचीको हिसाबले चाहिं ५१८ सूत्रहरू देखिन आएका छन् । यसो हुनाको कारण उही सूत्र भिन्नभिन्न ग्रन्थहरूमा समावेश हुन आएकोले हो ।

(१) सुत्तपिटक, (२) विनयपिटक तथा (३) अभिधम्मपिटक भन्ने तीन पिटकहरूमध्ये कुन कुन पिटकबाट के कति सूत्रहरू लिइएका रहेछन् भन्ने कुरा निम्नतालिकाबाट प्रष्ट हुनेछ ।

(१)	सूत्रपिटकको दीघनिकायबाट:				१८
(२)	सूत्रपिटककै मज्झिमनिकायबाट:				३३
(३)	सूत्रपिटककै संयुत्तनिकायबाट:				१६१
(४)	ऐ	अङ्गुत्तरनिकायबाट:			१२०
(५)	ऐ	खुद्दकनिकायको उदानपालिबाट:			११
(६)	ऐ	खुद्दकनिकायको सुत्तनिपातपालिबाट:			६
(७)	ऐ		ऐ	विमानवत्थुपालिबाट:	३३
(८)	ऐ		ऐ	पेतवत्थुपालिबाट:	२५
(९)	ऐ		ऐ	थेरगाथापालिबाट:	२
(१०)	ऐ		ऐ	थेरीगाथापालिबाट:	११
(११)	ऐ		ऐ	अपदानपालिबाट:	१४
(१२)	विनयपिटकको पाराजिकापालिबाट:				७
(१३)	विनयपिटककै पाचित्तियपालिबाट:				२०
(१४)	ऐ	महावग्गपालिबाट:			३९
(१५)	ऐ	चुलवग्गपालिबाट:			१८
				जम्माजम्मी	५१८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्वत्वर्गहरूको सुविधाकोनिमित्त यी सबै सूत्रहरूका क्रमसूची तथा "बुद्धकालीन ब्राह्मण" आदि दशै ग्रन्थहरूमा उल्लिखित कुराहरूको अर्थात् शीर्षकहरूको विषय-सूची समेत समावेश गरी छुट्टै एक विषय-सूची-पुस्तिका (Catalogue) तयारपार्ने विचार गरेको छु ।

प्रस्तुत "बुद्धकालीन विमानकथा" संग्रह–१० मा चाहिं जम्मा ३२ कथाहरू संग्रहित भएका छन् । यी ३२ कथाहरू सूत्रपिटकको खुद्दक-निकायको विमानवत्थुपालिको ७ वर्ग का ८४ कथाहरूमध्येबाट छानेर लिएको हुँ । जुन यसप्रकार छन्—

			पृष्ट:[1]		पृष्ट:[2]
१.	विमा.	व. पा.	१११:	अम्बविमानवत्थुः	३
२.	ऐ	ऐ	६३:	अलोमविमानवत्थुः	८
३.	ऐ	ऐ	२६:	आचामदायिकाविमानवत्थुः	१४
४.	ऐ	ऐ	१०६:	पायासिविमानवत्थुः[3]	२०
५.	ऐ	ऐ	३५:	उलारविमानवत्थु	२८
६.	ऐ	ऐ	६३:	कञ्जिकदायिकाविमानवत्थुः	३४
७.	ऐ	ऐ	११४:	कन्यकविमानवत्थुः	३९
८.	ऐ	ऐ	७:	कुञ्जरविमानवत्थुः	५३
९.	ऐ	ऐ	४१:	गुत्तिलविमानवत्थुः	६५

१. नालन्दापालिको पृष्ट ।

२. यसै पुस्तकको पृष्ट ।

३. विमानवत्थु अट्ठकथाले चाहिं 'उत्तरविमान' भनी उल्लेख गरेकोछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०.	ऐ	ऐ	११२:	गोपालकविमानवत्थु:	८१
११.	ऐ	ऐ	२७:	चण्डालिविमानवत्थु:	८९
१२.	ऐ	ऐ	९१:	चूलरथविमानवत्थु:	९९
१३.	ऐ	ऐ	८०:	छत्तमाणवकविमानवत्थु:	११८
१४.	ऐ	ऐ	१३:	तिलदक्खिणाविमानवत्थु:	१३८
१५.	ऐ	ऐ	५२:	दद्दल्लविमानवत्थु:	१४२
१६.	ऐ	ऐ	८५:	द्वारपालविमानवत्थु:	१५५
१७.	ऐ	ऐ	१२:	दीपविमानवत्थु:	१६०
१८.	ऐ	ऐ	६१:	नागविमानवत्थु:	१६०
१९.	ऐ	ऐ	११:	ततिय नावाविमानवत्थु:	१७४
२०.	ऐ	ऐ	३:	पठम पीठविमानवत्थु:	१८१
२१.	ऐ	ऐ	१०१:	फलदायकविमानवत्थु:	१९०
२२.	ऐ	ऐ	३३:	पठम भिक्खादायिकाविमानवत्थु:	१९७
२३.	ऐ	ऐ	११८:	मट्टकुण्डलीविमानवत्थु:	२०५
२४.	ऐ	ऐ	७७:	मण्डूकदेवपुत्तविमानवत्थु:	२२१
२५.	ऐ	ऐ	५६:	मल्लिकाविमानवत्थु:	२२४
२६.	ऐ	ऐ	१०४:	यवपालकविमानवत्थु:	२३०
२७.	ऐ	ऐ	७४:	रज्जुमालाविमानवत्थु:	२३४
२८.	ऐ	ऐ	३९:	लताविमानवत्थु:	२४९
२९.	ऐ	ऐ	६४:	विहारविमानवत्थु:	२५७
३०.	ऐ	ऐ	२०:	सिरिमाविमानवत्थु:	२७३
३१.	ऐ	ऐ	११०:	सुवण्णविमानवत्थु:	२८९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
छ. नं. ६६८९

३२. ऐ ऐ ८७: पठम सूचिविमानवत्थु: २९४

× × ×

शुरुदेखि नै अहिलेसम्म श्री वटुकृष्ण 'भूषण' ज्यूले बुद्धकालीन ग्रन्थहरूको भाषा संशोधन गर्नुका साथै प्रूफ हेर्नेकाम समेत गरिदिनु भएकोमा वहाँप्रति म ज्यादै ऋणी रहेको छु र भविष्यमा पनि वहाँबाट यस्तैगरी सहयोग पाउनेछु भन्ने विश्वास लिएको छु। ग्रन्थ तयार पार्ने काममा वहाँबाट पाइएको सहयोग मेरोनिमित्त अत्यन्त महत्वपूर्ण कारण बनेकोछ। यदि वहाँबाट निरन्तर सहयोग नपाएको भए कदाचित मैले बुद्धकालीन यी दश ग्रन्थहरू पाठकवृन्दहरूको सामुन्ने प्रस्तुत गर्न सक्ने थिइन होला। अतः वहाँबाट सौहार्दपूर्ण निरन्तर पाएको सहयोग मेरोनिमित्त चिरस्मरणीय रहन गएको छ भनी कृतज्ञतापूर्वक यहाँ उल्लेख गर्न चाहन्छु। अनि यस पुस्तकको लागि पनि विद्वतापूर्वक भूमिका लेखिदिनु भएकोमा वहाँप्रति हार्दिक धन्यवाद ज्ञापन गरेको छु। अंग्रेजीमा प्रिफेस् अनुवाद गरिदिनु भएकोमा श्री कृष्णबहादुर मानन्धरज्यू प्रति पनि हार्दिक धन्यवाद नदिई रहन सक्नि। त्यस्तै गरी आयुष्मान् कुमार काश्यपलाई पनि धन्यवाद दिएको छु जसले सधैं झैं यस पुस्तकको शब्दावलीको प्रारम्भिक लेखाइको काम पनि गरेका छन्। दिनहुं झैं प्रेसबाट प्रूफ ल्याउने र लैजाने काम गरी सहयोग दिएकोमा श्री खड्ग-बहादुर उपासकलाई र यो पुस्तक पनि प्रकाशित गरी नेपाली साहित्यको महान् सेवा गरेकोमा आनन्दकुटी विहार गुठीका सदस्य-सचिव श्री तीर्थनारायण मानन्धर लगायत गुठीका सबै सदस्यहरूलाई पनि हार्दिक धन्यवाद ज्ञापन गरेको छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठकहरूको सुविधाको लागि विषयहरूलाई अकारादि क्रममा राख्नाको साथैं पुस्तकको अन्तमा नामावली, शब्दावली तथा गाथा-सूची पनि राखिदिएको छु । अस्तु ।

'चिरं तिट्ठतु सद्धम्मो'

–भिक्षु अमृतानन्द

आनन्दकुटी,
काठमाडौं, नेपाल ।
२०३३ मार्ग २५ गते शुक्रबार
फोन : १४४२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल ग्रन्थ—

विमानवत्थुपालि

सहायक ग्रन्थहरू—

अङ्गुत्तरनिकाय ।

अभिधानप्पदीपिका ।

अमरकोष ।

उदानपालि ।

उदानअट्ठकथा ।

जातकट्ठकथा ।

दीघनिकाय ।

धम्मपदट्ठकथा ।

पपञ्चसूदनी ।

बुद्धकालीन महिलाहरू ।

बुद्धकालीन भारतीय भूगोल—भरतसिंह उपाध्याय ।

बुद्धकालीन ब्राह्मण ।

बुद्धकालीन राजपरिवार ।

बुद्धकालीन श्रावकचरित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धकालीन गृहस्थीहरु ।
विमानवत्थुअट्ठकथा ।
सुत्तनिपातअट्ठकथा ।
सुमङ्गलविलासिनी ।

Dictionary of Pali-Proper Names—Dr. Malala Sekera. (1937)

Pali-English Dictionary—T. W. Rhys Davids and William Stede. (1959)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संकेत-शब्दको अर्थ—

अभि. धा. प. = अभिधानप्पदीपिका ।

अं. नि. अ. क. = अङ्गुत्तरनिकायट्ठकथा ।

अ. क. = अट्ठकथा ।

उदा. पा. = उदानपालि ।

उदा. अ. क. = उदानअट्ठकथा ।

जा. अ. क. = जातकट्ठकथा ।

दी. नि. अ. क. = दीघनिकायट्ठकथा ।

धम्म. प. अ. क. = धम्मपदट्ठकथा ।

पपं. सू. = पपञ्चसूदनी ।

बु. ब्र. = बुद्धकालीन ब्रह्मादिदेव ।

बु. भा. भू. = बुद्धकालीन भारतीय भूगोल (भरतसिंह उपाध्याय) ।

बु. रा. = बुद्धकालीन राजपरिवार ।

बु. गृ. = बुद्धकालीन गृहस्थीहरू ।

बु. म. = बुद्धकालीन महिलाहरू ।

बु. श्रा. च. = बुद्धकालीन श्रावक चरित ।

बु. श्रावि. च. = बुद्धकालीन श्राविका चरित ।

विमा. व. अ. क. = विमानवत्थु अट्ठकथा ।

सुत्त. नि. अ. क. = सुत्तनिपातअट्ठकथा ।

D. P. P. = Dictionary of Pali-Proper Names—
Dr. Malala Sekare

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रि-पिटक-सूची

सुत्तपिटक :

१–दीघनिकाय
२–मज्झिमनिकाय
३–संयुत्तनिकाय
४–अङ्गुत्तरनिकाय
५–खुद्दकनिकाय

(१) खुद्दकपाठ
(२) धम्मपद
(३) उदान
(४) इतिवुत्तक
(५) सुत्तनिपात
(६) विमानवत्थु
(७) पेतवत्थु
(८) थेरगाथा
(९) थेरीगाथा
(१०) जातक
(११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
(१२) पटिसम्भिदामग्ग
(१३) अपदान
(१४) बुद्धवंस
(१५) चरियापिटक

विनयपिटक :

१–पाराजिकपालि } सुत्तविभङ्ग
२–पाचित्तियपालि }
३–महावग्गपालि } खन्धक
४–चुल्लवग्गपालि }
५–परिवारपालि

अभिधम्मपिटक :

१–धम्मसङ्गणि
२–विभङ्ग
३–धातुकथा
४–पुग्गलपञ्ञत्ति
५–कथावत्थु
६–यमक
७–पट्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय - सूची

क्रमसंख्या:	विषय:	पृष्ठ:
१.	अम्बविमानकथा	१
२.	अलोमाविमानकथा	८
३.	आचामदायिकाविमानकथा	१२
४.	उत्तरविमानकथा	२०
५.	उलारविमानकथा	२६
६.	कञ्जिकदायिकाविमानकथा	३३
७.	कन्थकविमानकथा	३९
८.	कुञ्जरविमानकथा	४९
९.	गुत्तिलविमानकथा	५८
१०.	गोपालकविमानकथा	८०
११.	चण्डालीविमानकथा	८८
१२.	चूलरथविमानकथा	९५
१३.	छत्तमाणवकविमानकथा	११६
१४.	तिलदक्खिणाविमानकथा	१३७
१५.	दद्दल्लविमानकथा	१४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रमसंख्याः विषयः	पृष्ठः
१६. द्वारपालविमानकथा	१५४
१७. दीपविमानकथा	१५९
१८. नागविमानकथा	१६४
१९. नावाविमानकथा	१६९
२०. पीठविमानकथा	१८०
२१. फलदायकविमानकथा	१८८
२२. भिक्खादायिकाविमानकथा	१९५
२३. मट्टकुण्डलीविमानकथा	२००
२४. मण्डूकविमानकथा	२१९
२५. मल्लिकाविमानकथा	२२४
२६. यवपालकविमानकथा	२३०
२७. रज्जुमालविमानकथा	२३४
२८. लताविमानकथा	२४९
२९. विहारविमानकथा	२५७
३०. सिरिमाविमानकथा	२७३
३१. सुवण्णविमानकथा	२८९
३२. सूचिविमानकथा	२९४
नामावली	२९८
शब्दावली	३११
गाथा-सूचि	३४४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धकालीन बिमानकथा

संग्रह-१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

१. अम्बविमानकथा

एक समय भगवान् राजगृहको वेणुवनमा बसिरहनुभएको थियो । त्यस समय राजगृहको एक गरीब पुरुष भात-वेतन खाई अर्काको आँपको वगैंचामा पहरा बस्दथ्यो । एकदिन उसले आयुष्मान् सारिपुत्रलाई गृष्मऋतुको आँखा तिर्मीऱ्याउने घामको साथै खुट्टा पोल्ने तातो बालुवामाथिबाट सो आँपको वगैंचा नगिचको बाटोबाट शरीरबाट पसिना बघाउँदै हिँडिरहेको देखेर उसको मनमा महत् श्रद्धाउठी ठूलो सम्मानका साथ वहाँकहाँ गई—"भन्ते ! यस टण्टलापुर घाममा तपाइ सारै थाक्नु भएको जस्तो देखिनुहुन्छ । भन्ते ! अनुकम्पा राखी यस आँपको वगैंचाभित्र पस्नुभई केहीछिन विश्रामलिई हिंडाइको थकावट मिटाई त्यसपछि जानुहोस्" भनी विन्तिगऱ्यो ।

विशेषगरी उसको मनको प्रसन्नतालाई बढाइदिनकोनिमित्त महास्थविर पनि सो आँपको वगैंचाभित्र जानुभई यौटा आँपको रुखमनि बस्नुभयो ।

अनि त्यो पुरुषले फेरि यस्तो विन्तिगऱ्यो—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"भन्ते ! यदि तपाइ नुहाउन चाहनुहुन्छ भने यो कुवावाट पानी ल्याई तपाइलाई म नुहाइदिनेछु । तपाइलाई पिउने पानी पनि चढाउने छु।"

महास्थविरले तूष्णीभावद्वारा स्वीकार गर्नुभयो ।

त्यसपछि उसले कुवाबाट पानी ल्याई छानी महास्थविरलाई नुहाइदियो । नुहाइदिइसकेपछि हात खुट्टा धोई बस्नुभएको महास्थविर-लाई उसले पिउनकोनिमित्त पानी पनि चढायो । पानी पिई शारीरिक थकावट मिटाइसकेपछि त्यो पुरुषले पानी-दान दिएको र नुहाइदिएको सम्बन्धमा अनुमोदना धर्मोपदेश गर्नुभई महास्थविर आफ्नो वाटो लागेर जानुभयो ।

अनि त्यो पुरुषको मनमा—"अहा ! मैले टण्टलापुर घामले थकित हुनुभएको महास्थविरको थकावटलाई दूर गराइदिन सकें, मैले धेरै पुण्य कमाएँ !" भन्ने लागेपछि उसले खूब ठूलो प्रीति तथा सौमनस्य अनुभव गऱ्यो। अनि केही समय पछि मृत्युभई उ त्रयस्त्रिंश देवलोकमा उत्पन्न भयो ।

एकदिन आयुष्मान् महामौद्गल्यायन देवचारिका गर्दै त्रयस्त्रिंश देवलोकमा पुग्दा सो देवपुत्रलाई देखी उसले अघि गरेको पुण्यकर्मको बारेमा कुरा सोध्नु हुँदै निम्न गाथाहरू भन्नुभयो[१]—

---

१. विमा. व. अ. क. पृ. २४५–४६: अम्बविमान वण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "उच्चमिदं मणिथूणं विमानं,
समन्ततो द्वादस योजनानि ।
कूटागारा सत्तसता उलारा,
वेलुरियथम्भा रुचकत्थता सुभा ।।

२. "तत्थच्छसि पिवसि खादसि च,
दिब्बा च वीणा पवदन्ति वग्गुं ।
दिब्बा रसा कामगुणेत्थ पञ्च,
नारियो च नच्चन्ति सुवण्णछन्ना ।।

३. "केन ते तादिसो वण्णो, केन ते इध मिज्झति ।
उप्पज्जन्ति च ते भोगा, ये केचि मनसो पिया ।।

४. "पुच्छामि तं देव महानुभावो,
मनुस्सभूता किमकासि पुञ्ञं ।
केनासि एवं जलितानु भावो,
वण्णो च ते सब्बदिसा पभासती'ति[१] ।।"

अर्थ—

१–"मणीका थामहरू भएको यो विमान (=घर) अग्लो छ,

१. विमा. व. पा. पृ. १११: अम्बविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चारैतिरबाट बाह्र बाह्र योजन छ, सातशय ठूला ठूला कूटागार[१] हरू (गजुर जस्तो चुस्स परेका छाना भएका घरहरू) पनि छन् जसमा वैदूर्यका लट्ठाहरू र सुनका फलेकहरू छापिएका कोठाहरू पनि छन् ।

२–"त्यसमा तिमी बस्दछौ, त्यहाँ तिमी खानपान गर्दछौ, मधुरस्वरले वीणाहरूको आवाजहरू पनि सुनिन्छ र जहाँ दिव्यपञ्चकाम-गुणहरू पनि छन् । अनि त्यहाँ सुवर्णका वस्त्रहरू लगाएका नारीहरू पनि नाचिरहेका छन् ।

३–"कसरी तिम्रो त्यस्तो वर्ण भएको हो ? कसरी तिमीलाई यस्तो सिद्ध भएको हो ? तिमीले मनपराएका भोगसम्पत्तिहरू पनि उत्पन्न भएका देखिन्छन् ।

४–"हे महानुभाव मम्पन्न देव ! म सोध्दछु कि—मनुष्य छँदा तिमीले के पुण्यकर्म गऱ्यौ ? कसरी तिमी यस्ता तेजिलो भयौ ? कसरी तिम्रो शरीरको तेज सबै दिशातिर प्रकाश भएको हो ?"

अनि यसै सम्बन्धमा धर्मसंग्राहकहरू भन्दछन्—

---

१. 'कूटागार' भनेको घर हो । 'कूट' भनेको चुस्स परेको, गजुर जस्तो भएको तथा 'तला' लाई पनि भनिन्छ । अतः 'कूटागार' भन्नाले यात गजुर भएको घर यात तला भएको घर सम्झिनु पर्दछ । करालो परेको छाना भएको घरलाई पनि कूटागार भन्न सकिन्छ । चुच्चोलाई वा टुप्पोलाई पनि 'कूट' भनिने भएको हुनाले गजुर भएको भन्ने आभाष पनि पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"सो देवपुत्तो अत्तमनो, मोग्गल्लानेन पुच्छितो ।
पञ्हं पुट्ठो वियाकासि, यस्स कम्मस्सिदं फलं[१] ।।"

अर्थ –

"मौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवपुत्र खुशी भई – जुन कर्मको फलद्वारा त्यो सम्पत्ति पाएको हो सो कुरा बताउँदै उसले यस्तो भन्यो ।"

१. "गिम्हानं पच्छिमे मासे, पतपन्ते[२] दिवङ्करे ।
परेसं भतको पोसो, अम्बारामं असिञ्चहं[३] ।।

२. "अथ तेनागमा भिक्खु, सारिपुत्तो ति विस्सुतो ।
किलन्तरूपो कायेन, अकिलन्तो व[४] चेतसा ।।

३. 'तं च दिस्वान आयन्तं, अवोचं[५] अम्बसिञ्चको ।
साधु तं भन्ते न्हापेय्यं, यं ममस्स सुखावहं ।।

१. विमा. व. पा. पृ. १११: अम्बविमानवत्थु ।
२. स्याममा: 'पतापन्ते' ।
३. वर्मीमा: 'अम्बाराममसिञ्चति' ।
४. स्याममा: 'पि' ।
५. स्याममा: 'अवोच' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. "तस्स मे अनुकम्पाय, निक्खिपि पत्तचीवरं ।
निसीदि रुक्खमूलस्मि, छायाय एकचीवरो ।।

५. "तं च अच्छेन वारिना, पसन्नमानसो[1] नरो[2] ।
न्हापयी[3] रुक्खमूलस्मि, छायाय एकचीवरं ।।

६. "अम्बो च सित्तो, समणो च[4] न्हापितो[4] ।
मया च पुञ्ञं, पसुतं अनप्पकं ।
इति सो पीतिया कायं, सब्बं फरति अत्तनो ।।

७. "तदेव एत्तकं कम्मं, अकासि ताय जातिया ।
पहाय मानुसं देहं, उपपन्नोम्हि नन्दनं ।।

८. "नन्दने च वने रम्मे, नानादिजगणायुते ।
रमामि नच्चगीतेहि, अच्छराहि पुरक्खतो'ति[5] ।।"

अर्थ—

१–"गृष्मको अन्तिम महीनामा[6] टण्टलापुर घाम लागिरहेको वेलामा—म अर्काको नोकरी गरी आँपको रुखमा पानीदिने काम गर्दथें ।

---

१. रोमनमा 'पसन्नमनसो' ।

२. स्याममा: 'थेरं' ।

३. स्याममा: 'नहापयि' ।

४–४. स्याम, रोमनमा: 'नहापितो' ।

५. विमा. व. पा. पृ. १११–१२: अम्बविमानवत्थु ।

६. आषाढ महीनामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"अनि त्यसवखत—शरीरले थाकेका तर चित्तले नथाकेका सारिपुत्र नामले प्रसिद्ध भएका एक भिक्षु त्यहाँ आए ।

३–"उनलाई आइरहेको देखेर आँपका रुखहरूमा पानीदिने मैले यस्तो भनें—'भन्ते ! म तपाइलाई नुहाइदिनेछु—जो मेरोनिमित्त सुखावह हुनेछ' ।

४–"अनि ममाथि अनुकम्पा गरीपात्र-चीवर एक ठाउँमा राखी, एक चीवर मात्र लगाई सो भिक्षु एक आँपको रुखको छायाँमा बसे ।

५–"अनि रुखको छायाँमा नुहाउनकोनिमित्त एक चीवर लगाई बसेका, प्रसन्नमुद्रा भएका सो भिक्षुलाई मैले निर्मल पानीले नुहाइदिएँ ।

६–" 'आँपका रुखहरूमा पानीदिने काम पनि भयो, श्रमणलाई पनि नुहाइयो तथा आफूले पनि धेरै पुण्य पाएँ' भनी विचार गर्दा मेरो शरीर भर प्रीति फैलिएको थियो ।

७–"त्यस जन्ममा मैले यति नै पुण्यकर्म गरेको थिएँ; अनि मनुष्यदेह छाडी सँधै आनन्दहुने यस ठाउँमा म उत्पन्न भएँ ।

८–"त्यसैले म नानाप्रकारका चराचुरिङ्गीहरूद्वारा युक्त भएको यस आनन्ददायी पवनमा आनन्द लिइरहेको छु र नाच-गान तथा देवअप्सराहरूद्वारा पनि परिवृत्त भएको छु ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. अलोमाविमानकथा

एक समय वाराणशीको ऋृषिपतन मृगदायमा बसिरहनु भएको भगवान् बुद्ध पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी वाराणशीमा भिक्षाटन्कोनिमित्त जानुभयो ।

त्यसवेला अलोमा भन्ने एक गरीब स्त्रीले भगवान्लाई देखी चित्तप्रसन्न पार्दै आफूमा अरू कुनै दानदिने पदार्थ नभएको हुँदा— "यस्तो वस्तु दानदिन पाए पनि मेरोनिमित्त महत्फल हुने छ" भन्ने विचारगरी दुर्वर्ण (ढुसी परेको) भइसकेको तथा नून नभएको कुल्माष–खाना भगवान्लाई चढाई । भगवान्ले स्वीकार गर्नुभयो । त्यो दानको कारणद्वारा उसको मनमा ठूलो सौमनस्य अनुभव भयो । अनि केही समय पछि उसको मृत्युभयो र त्रयस्त्रिश देवलोकमा उत्पन्न भई ।

एकदिन महामौद्गल्यायन स्थविरले देवचारिका गर्दा उसलाई त्रयस्त्रिश भवनमा देखेर उसँग सोध्नुभयो[१] —

१. "अभिक्कन्तेन वण्णेन, या त्वं तिट्ठसि देवते ।
ओभासेन्ती दिसा सब्बा, ओसधी विय तारका ।।

१. विमा. व. अ. क. पृ. १४७–४८: अलोमाविमान वण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. "केन ते तादिसो वण्णो, केन ते इध मिज्झति ।
उप्पज्जन्ति च ते भोगा, ये केचि मनसो पिया ।।

३. "पुच्छामि तं देवि महानुभावे,
मनुस्सभूता किमकासि पुञ्ञं ।
केनासि एवं जलितानु भावा,
वण्णो च ते सब्बदिसा पभासती'ति[१] ।।"

अर्थ—

१–'हे देवते ! सुन्दर रूप धारणगरी सबै दिशातिर तेज फैलाउँदै शुक्रतारा झैं तिमी बसीरहेकी छ्यौ।

२–"कसरी तिम्रो त्यस्तो वर्ण भएको हो ? कसरी तिमीलाई यस्तो सिद्ध भएको हो ? तिमीले मनपराएका भोगसम्पत्तिहरू पनि उत्पन्न भएका देखिन्छन् ।

३–"हे महानुभाव सम्पन्ना देवी ! म सोध्दछु कि – मनुष्यछँदा तिमीले के पुण्यकर्म गऱ्यौ ? कसरी तिमी यस्ती तेजिली भयौ ? कसरी तिम्रो शरीरको तेज सबै दिशातिर प्रकाश भएको हो ?"

अनि यसै सम्बन्धमा धर्मसंग्राहकहरू भन्दछन् –

"सा देवता अत्तमना, मोग्गल्लानेन पुच्छिता ।
पञ्हं पुट्ठा वियाकासि, यस्स कम्मस्सिदं फलं[२] ।।"

१. विमा. व. पा. पृ. ६३: अलोमविमानवत्थु ।
२. विमा. व. पा पृ. ६३: अलोमविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

"मौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवता खुशी भई— जुन कर्मको फलद्वारा उसले त्यो सम्पत्ति पाएकी हो सो कुरा बताउँदै यस्तो भनी।"

१. "अहं च वाराणसियं, बुद्धस्सादिच्चबन्धुनो।
अदासिं सुक्ककुम्मासं, पसन्ना सेहि पाणिभि॥

२. "सुक्खाय अलोणिकाय च, पस्स फलं कुम्मासपिण्डिया।
अलोमं सुखितं दिस्वा, को पुञ्ञं न करिस्सति॥

३. "तेन मे तादिसो वण्णो, तेन मे इध मिज्झति।
उप्पज्जन्ति च मे भोगा, ये केचि मनसो पिया॥

४. "अक्खामि[१] ते भिक्खु महानुभाव,
मनुस्सभूता यमकासि पुञ्ञं[१]।
तेनम्हि एवं जलितानु भावा,
वण्णो च मे सब्बदिसा पभासती'ति[२]॥"

१–१. यति पदहरू सिंहल पुस्तकमा छैनन्।

२. विमा. व. पा. पृ. ६३ अलोमविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

१–"वाराणशीमा आदित्यबन्धु हुनुभएका बुद्धलाई प्रसन्नचित्त राखी मैले आफ्नै हातले सुकेको कुल्माष-पिण्ड प्रदानगरेकी थिएँ ।

२–"हेर्नुहोस् ! यो सुकेको तथा नून नभएको कुल्माष-पिण्ड दानको फल ! सुखी भएकी म अलोमालाई देखेर कसले पुण्यकर्म नगर्ला ?

३–"त्यसैको प्रभावद्वारा मेरो यस्तो शरीर-वर्ण भएको हो, त्यसैको प्रभावद्वारा यहाँ मेरा इच्छाहरू सिद्ध भएका हुन्, त्यसैको प्रभावद्वारा मलाई मनपरेका वस्तुहरू पनि लाभ भएका हुन् ।

४–"हे महानुभावसम्पन्न भिक्षु ! मनुष्यलोकमा छँदा जुन पुण्यकर्म मैले गरेको थिएँ सो बताएँ; त्यसै कर्मको प्रभावद्वारा तेजिलो शरीर भएको हो र त्यसैको प्रभावद्वारा मेरो शरीरको तेज सर्वदिशातिर प्रकाश भएको हो ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. आचामदायिकाविमानकथा

एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनु भएको थियो। त्यसवखत राजगृहको एक कुलगृहमा अहिवातकरोग[1] लागेको थियो र त्यस घरमा एक स्त्री बाहेक अरू सबै मरेर गए। उ घर र घरमा भएका सबै धनसम्पत्तिहरू छाडी मरण-भयले डराई भित्ता फोरेर त्यसबाट निस्की भागेर गई अनाथिनी भई अर्काको घर पछाडितिर बस्न थाली। अनि त्यस घरका मानिसहरूले करुणा राखी भाँडामा बचेको यागु तथा डढेको भात उसलाई दिनथाले। उ त्यसैबाट जसो-तसोगरी बलजफत जीविका चलाउँदथी।

त्यस समय आयुष्मान् महाकाश्यप एक सातासम्म निरोधसमापत्ति ध्यानमा बसेर उठ्नु भएको थियो। अनि वहाँले "आज मैले कसको खाना ग्रहण गरूँ? आज मैले कसलाई दुर्गतीबाट मुक्त गरूँ" भन्ने चिन्तन गर्नुहुँदा वहाँले—सो स्त्रीलाई देख्नुभयो र सो स्त्री निकट

---

१. 'अहिवातकरोग' भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. म. पृ. २२२ मा उल्लेख भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समयमै मर्ने कुरा तथा मरेर नरकमा उत्पन्न हुनसक्ने कुरा पनि ध्यान-दृष्टिबाट देख्नुभयो । त्यसपछि वहाँले यस्तो सोच्नुभयो—

"यदि म त्यस स्त्रीकहाँ गएको खण्डमा उसले मलाई आफूले पाएको डढेको भात दिनेछे र सोही कर्मद्वारा उ निर्माणरती देवलोकमा उत्पन्न हुनेछे ।"

यति सोच्नु भई—'यसरी उसलाई नरकबाट बचाई स्वर्गसम्पत्ति सिद्ध गरिदिनेछु' भनी पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहणगरी आयुष्मान् महाकाश्यप उ भएको ठाउँमा जानुभयो ।

सो स्त्री भएको ठाउँमा गइरहनु भएको वेलामा शक्र देवेन्द्रले अज्ञात भेष धारणगरी अनेक रसयुक्त, अनेक सूप र व्यञ्जनहरू सहित दिव्यआहार स्थविरको भिक्षा-पात्रमा राख्नलाग्दा स्थविरले—"कोसिय ! तिमी पुण्यवान्छौ, किन तिमी यसो गर्छौ ? दुर्गत गरीबको सम्पत्ति लुटेर नलेऊ" भनी उनको भिक्षालाई प्रतिक्षेप गरी स्थविर सोही स्त्रीकै अगाडि पुग्न जानु भई उसको अगाडि उभिएर बस्नुभयो । अनि स्थविर-लाई देखेर—"वहाँ महानुभाव सम्पन्न स्थविर हुनुहुन्छ । वहाँलाई दिन योग्य खाद्य-भोज्य पदार्थहरू मसँग छैन । भाँडामा बचेको यो फोहर खाना—जसमा घाँसका टुक्राहरू तथा धूलो लागेकोछ र त्यस फोहर खानामा नून पनि छैन र त्यो पनि चीसो भइसकेको अस्वादिलो डढेको भात र यागु अलिकता मात्र छ । यस्तो खाना त दानदिन लायक छैन" भन्ने सोची सो स्त्रीले स्थविरलाई "जानुहोस्" भनी भनी[१] । स्थविर एक

१. विमा. व. अ. क. पृ. ७९–८०: आचामदायिकाविमान वण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाइलाजति अगाडि सरी उहीं उभिइरहनु भयो । घरका मानिसहरूले देखेर स्थविरलाई भिक्षा ल्याइदिए । तर स्थविरले स्वीकार गर्नु भएन । त्यसपछि सो स्त्रीको मनमा "शायद मलाई नै संग्रह गर्नकोनिमित्त स्थविर यहाँ आउनु भएको होला; मेरै तरफबाट केही लिन चाहनुहुन्छ जस्तो लाग्छ" भन्ने लागेपछि चित्त प्रसन्नगरी मनमा आदरभाव उत्पन्नगरी त्यो डढेको भात र धूलो लागेको यागु स्थविरको पात्रमा महत् श्रद्धाले राखिदिई । उसको प्रसन्नतालाई बढाइदिनकोनिमित्त स्थविरले सो खानाखाने भाव देखाउनु भएपछि मानिसहरूले एक आसन वछ्याइदिए । त्यसमा बसी त्यो खानाखाई, यागु पनि पिई अनुमोदनगरी "योभन्दा तीन जन्म अघि तिमी मेरी आमा भएकी थियौ" भनी भन्नुभई स्थविर फर्केर जानुभयो । स्थविरद्वारा यसरी श्रद्धा तथा प्रसन्नता उत्पन्न गराइएकी सो स्त्रीको सोही दिनकै प्रथमयाममा मृत्युभयो र निर्माणरती देवहरूकहाँ उत्पन्न भई । अनि शक्र देवेन्द्रले उसको मृत्युभएको कुरा थाहापाएपछि "उ कहाँ उत्पन्न भइछे ?" भनी विचारगर्दा त्रयस्त्रिंश लोकमा उ उत्पन्न भएको नदेखी मध्यरातको समयमा आयुष्मान् महाकाश्यपकहाँ गई "त्यो स्त्री मृत्युभएर कहाँ उत्पन्न भई ? तपाइ-लाई थाहाछ के ?" भन्ने कुरा सोध्दै निम्न गाथाहरू भने[१] —

१. "पिण्डाय ते चरन्तस्स, तुण्हीभूतस्स तिट्ठतो ।
दलिद्दा कपणा नारी, परागारं अवस्सिता[२] ॥

१. विमा. व. अ. क. पृ. ८०: आचामदायिकाविमान वण्णना ।
२. नालन्दा पालिमा: 'अपस्सिता' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. "या ते अदासि आचामं, पसन्ना सेहि पाणिभि ।
सा हित्वा मानुसं देहं, कं नु सा दिसतं गता'ति[१] ।।"

अर्थ—

१–"तूष्णीभावद्वारा तपाइ भिक्षाटन् जानु भएको वेलामा अर्काको घरमा बसिरहेकी दरिद्री तथा कोही नभएकी (कपणा) नारीलाई तपाइले देख्नु भएको थियो ।

२–"जसले तपाइमाथि महत् प्रसन्न भई डढेको भात (=आचामं) आफ्नै हातले तपाइलाई दिई—अहिले उसको मृत्यु भइसक्यो—अब उ कुन दिशातिर गई भन्ने कुरा के तपाइलाई थाहाछ ?"

अनि उ जन्मेको ठाउँ बताउँदै **महाकाश्यप** स्थविरले यसो भन्नुभयो—

१. "पिण्डाय मे चरन्तस्स, तुण्हीभूतस्स तिट्ठतो ।
दलिद्दा कपणा नारी, परागारं अपस्सिता ।।

२. "या मे अदासि आचामं, पसन्ना सेहि पाणिभि ।
सा हित्वा मानुसं देहं, विप्पमुत्ता इतो चुता ।।

३. "निम्मानरतिनो नाम, सन्ति देवा महिद्धिका ।
तत्थ सा सुखिता नारी, मोदताचामदायिका[२]'ति[३] ।।"

---

१. विमा. व. पा. पृ. २६: आचामदायिका विमानवत्थु ।

२. स्याम र रोमनमा: 'मोदिता चामदायिका' ।

३. विमा. व. पा. पृ. २६: आचामदायिका विमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

१–"तूष्णीभावद्वारा म भिक्षाटन् जाँदा अर्काको घरमा बसिरहेकी दरिद्री तथा कोहीनहुने (=कपणा) नारीलाई मैले देखेको थिएँ।

२–"जसले महत् प्रसन्नचित्तद्वारा डढेको भात (=आचामं) आफ्नै हातले मलाई दिएकी थिई—अब उ मनुष्यदेह छाडी यहाँबाट मुक्त भइसकी।

३–"निर्माणरती भन्ने महर्द्धिकसम्पन्न देवनिकाय छ; डढेको भातको दानको प्रभावद्वारा अब उ कामावचर देवलोकको पाँचौ भूमि[१] —निर्माणरती भन्ने देवलोकमा सुखिनी भई मुदिता भई बसिरहेकी छे।"

यो सुनेर दानको महत्फलको बारेमा पुनः प्रशंसा गर्दै शक्र देवेन्द्रले यसो भने—

१. "अहो दानं वराकिया[२], कस्सपे सुप्पतिट्ठितं।
पराभत्तेन दानेन, इज्झित्थ वत दक्खिणा ।।

---

१. कामावचर ६ देवलोकहरूमध्ये पाँचौ देवलोक 'निर्माणरति' देवलोक हो। कामावचर ६ देवलोकहरू हुन्–(१) चातुर्महाराजिक, (२) त्रयस्त्रिश, (३) यामा, (४) तुषित, (५) निर्माणरति तथा (६) परनिर्मितवशवर्ती। हेर लेखकको बु. म. पृ. १७०, १७६, १७७.

२. स्याममा: 'वराकिरा'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. "या महेसित्तं कारेय्य, चक्कवत्तिस्स राजिनो ।
नारी सव्वङ्गकल्याणी, भत्तु चानोमदस्सिका ।
एतस्साचामदानस्स, कलं नाग्घति[1] सोर्लांस ।।

३. "सतं निक्खा सतं अस्सा, सतं अस्सतरीरथा ।
सतं कञ्ञासहस्सानि, आमुत्तमणिकुण्डला ।
एतस्साचामदानस्स, कलं नाग्घति सोर्लांस ।।

४. "सतं हेमवता नागा, ईसादन्ता उरूल्हवा ।
सुवण्णकच्छा मातङ्गा, हेमकप्पनवाससा[2] ।
एतस्सचामदानस्स, कलं नाग्घति सोर्लांस ।।

५. "चतुन्नं[3] पि दीपानं[3], इस्सरं योध कारये ।
एतस्साचामदानस्स, कलं नाग्घति सोर्लांस'ति[4] ।।"

अर्थ—

१–"अहो यो विचरीको दान ! उत्तम पुण्यक्षेत्र हुनुभएका महाकाश्यपलाई अर्काको घरबाट पाएको डढेको भात, दिएको दानको फल कति महान छ हेर !

१. स्याम र रोमनमाः 'नाग्घन्ति' ।
२. स्याम र रोमनमाः 'हेमकप्पनिवाससा' ।
३–३. सिंहलमाः 'चतुन्नंपि च दीपानं'; स्याम र रोमनमाः 'चतुन्नं महादीपानं' ।
४. विमा. व. पा. पृ. २६–२७: आचामदायिकाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"यो डढेको भात (आचाम)—दानको फलको अगाडि चक्रवर्ती राजाको महिषित्व र अतिदर्शनीय सर्वाङ्ग कल्याणी नारीत्व त सोह्र भागको एक भाग पनि हुँदैनन् ।

३–"यो डढेको भात-दानको फलको अगाडि शयनिक्ख[१]हरू, शय घोडाहरू, शय घोडीका रथहरू तथा मुक्तामणी लगाएका शयहजार कन्याहरू त सोह्र भागको एक भाग पनि हुँदैनन् ।

४–"यो डढेका भात-दानको फलको अगाडि तीखा दाह्राहरू भएका, सुवर्णको पेटी बाँधिएका सुवर्णका आसनहरू भएका तथा हेमवत जातिका शय ठूला ठूला हात्तीहरू त सोह्र भागको एक भाग पनि छैनन् ।

५–"यो डढेको भात-दानको फलको अगाडि स्याना स्याना दुइहजार द्वीपहरू भएको जम्बुद्वीप जस्ता द्वीपहरू चार द्वीपहरूको मालिक भए पनि त्यो सोह्र भागको एक भाग पनि हुँदैन ।"

---

१. 'निक्ख' भनेको एक तौलको नाम हो ।
४ वटा धानको १ गुञ्जा, २ गुञ्जाको १ मासा,
५ मासाको २ अक्ख, ८ अक्खको १ धरण,
५ धरणको १ सुवर्ण, ५ सुवर्णको १ निक्ख । अभि. धा. प. गा. नं. ४७९–८० यहाँ चाहिं शय 'निक्ख' भएको एक आभरण भनिएको हो ।

अमरकोषले चाहिं—

५ गुञ्जाको १ मासा, १६ मासाको १ कर्ष,
४ कर्षको १ पल । कर्ष प्रमाण सुनलाई 'सुवर्ण' भन्दछन् भनी उल्लेख गरेको छ । (पृ. २१२, श्लोक नं. ५८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि शक्र देवेन्द्रले भनेका कुराहरू र आफूले भनेका कुराहरू जम्मै आयुष्मान् महाकाश्यपले भगवान्लाई सुनाउनु भयो। अनि भगवान्ले यसै सन्दर्भमा उपस्थित परिषद्लाई विस्तारपूर्वक धर्मोपदेश गर्नुभयो। उपदेश महाजनहरूकोनिमित्त सार्थक भएको थियो[1]।

---

१. विमा. व. अ. क. पृ. ८३: आचामदायिका विमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. उत्तरविमानकथा[1]

भगवान् बुद्धको परिनिर्वाण भइसकेपछि धातु-संविभाजन पनि गरिसकेपछि, त्यस त्यस ठाउँका स्तूपहरूमा धातुको स्थापना पनि गरिसकेपछि, धर्म सङ्गायना गर्नकोनिमित्त महाकाश्यप प्रमुख महाथेरहरूको पनि छनोट भइसकेपछि, वर्षावास गर्ने समय नआउञ्जेलसम्म स्थविरहरू आ-आफ्ना जमातहरू लिई त्यस त्यस ठाउँमा गई बसिरहेका वेलामा आयुष्मान् कुमार काश्यप पनि पांचशय भिक्षुहरू लिई सेतव्य[2]

---

१. विमा. व. पा. (नालन्दा) ले 'पायासि विमानवत्थु' भनी उल्लेख गरेको छ (पृ. १०६); विमा. व. अ. क. पृ. २३९ ले भने 'उत्तरविमान' भनी उल्लेख गरेको छ ।

२. 'सेतव्य' भन्ने नगर कोशल राज्य अन्तर्गत पर्छ । बुद्धको पालामा रहेका ६ नगरहरूमध्येको एक नगर हो भन्ने कुरा दी. नि. II. पृ. ११३: महापरिनिब्बानसुत्तमा उल्लेख भएवाट थाहाहुन्छ । हेर लेखकको बु. रा. पृ. १५० को पादटिप्पणीमा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगरमा पुगी **सिंसपावन**[१] (=शिशौको जङ्गल) मा बसिरहनु भएको थियो[२]।

अनि **कुमार काश्यप** स्थविर त्यहाँ बस्नुभएको छ भन्ने खबर सुनी—महाजनहरूले परिवृत्त भई वहाँकहाँ गई कुशलवार्ता गरी बसेका **पायासिराजञ्ञ**[३] (राजा) ले आफ्नो दृष्टिको कुरा स्थविरलाई सुनाए। त्यसपछि स्थविरले चन्द्रसूर्यहरूको उदाहरण सहित परलोक छ भन्ने कुरा दर्शाई अनेकप्रकारका हेतुहरूको उपमाहरूद्वारा राजालाई सम्यक् दृष्टिमा प्रतिष्ठित गराउनु भयो[४]। अनि विशुद्ध दृष्टि भएपछि

---

१. 'सिंसपावन' भनेको शीशौको जङ्गल हो। यो जङ्गल सेतव्य नगरको उत्तरतिर थियो भन्ने कुरा दी. नि. II. पृ. २३६: पायासिराजञ्ञसुत्तंबाट प्रष्ट बुझिन्छ। आलवी नगरमा पनि 'सिंसपावन' भन्ने जङ्गल थियो भन्ने कुरा अं. नि.–३. पृ. १२६: हत्थकसुत्तंमा उल्लेख भएको पाइन्छ। हेर लेखकको बु. गृ. पृ. १९३.

२. विमा. व. अ. क. पृ. २३९: उत्तरविमान वण्णना।

३. 'पायासिराजञ्ञ' शव्दको अर्थ उल्लेख गर्दै सुमं. वि. II. पृ. ५८५: पायासिराजञ्ञसुत्तवण्णनाले 'अनभिसित्तकराजा' अर्थात् अभिषिक्त नभएका राजा हुन् भनी उल्लेख गरेको छ।

४. पायासिराजालाई दिएका उपदेशका कुराहरू सवै दी. नि. II. पृ. २३६: पायासिराजञ्ञसुत्तमा उल्लेख भएका छन्; अ. क. II. पृ. ५८४.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पायासि राजाले श्रमण ब्राह्मण-गरीब तथा बटुवाहरूलाई दानदिन थाले। दानदिए तापनि महत् श्रद्धा र सत्कारपूर्वक विना दिइएको दान भएको हुनाले महत्फलदायी थिएन। केही अमीलो तिउनका साथ खोले तथा कनिकाको भात दिइन्थ्यो त्यो पनि थोरै मात्रामा। यसरी सत्कार तथा गौरव रहीत तरिकाले दान दिएको हुँदा मृत्युपछि पायासिराजा हीन देवलोकमा अर्थात् चातुर्महाराजिक देवहरूको ठाउँमा उत्पन्न भए[1]।

राजाको उत्तर भन्ने एक माणवक थिए। जो त्यस दानकार्यमा व्यस्त थिए। उनले सत्कारपूर्वक दानदिन्थे। अनि मृत्युपछि उनी त्रयस्त्रिंश देवलोकमा उत्पन्न भए। उनको बाह्र योजन भएको विमान थियो। कृतज्ञता ज्ञापन गर्नकोनिमित्त उनी विमान सहित कुमार काश्यप स्थविरकहाँ आई दुइहात जोरी एक छेउमा उभिइरहे। उनलाई देखेर स्थविरले निम्नप्रकार प्रश्न सोध्नुभयो[2]।

१. "या देवराजस्स सभा सुधम्मा,
यत्थच्छति[3] देवसङ्घो समागमो।
तयूपमं तुय्हमिदं विमानं,
ओभासयं तिट्ठति अन्तलिक्खे॥

---

१. चातुर्महाराजिक लोकमा 'सेरिस्सक' भन्ने एक शून्य विमान थियो। राजा उसै शून्यविमानमा उत्पन्न भएका थिए भनी सेरिस्सक विमान वण्णनाले उल्लेख गरेको छ। विमा. व. अ. क. पृ. २६६: सेरिस्सक विमानवण्णना।

२. विमा. व. अ. क. पृ. २३९: उत्तरविमानवण्णना।

३. स्याममा: 'यत्थच्छसि'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. "देविद्धिपत्तोसि महानुभावो,
मनुस्सभूतो किमकासि पुञ्ञं ।
केनासि एवं जलितानुभावो,
वण्णो च ते सब्बदिसा पभासती'ति[१] ।।"

अर्थ—

१–"जस्तै देवराजा शक्रको सुधर्मा भन्ने सभामा देवसङ्घ मिलेर बस्छन् त्यस्तैगरी यो तिम्रो विमान छ जो आकाशमा प्रकाश फैलाई रहेको छ ।

२–"महान् देवऋद्धि भएका तिमीले मनुष्यछँदा के पुण्यकर्म गर्‍यौ ? कसरी यस्ता तेजिला भयौ ? तिम्रो शरीरको तेज पनि सर्व-दिशातिर फैलिइरहेछ ।"

अनि यसै सम्बन्धमा धर्मसंग्राहकहरू भन्दछन्—

"कुमार काश्यपद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवपुत्र खुशी भई—जुन कर्मको फलद्वारा त्यो सम्पत्ति पाएका हुन् सो कुरा बताउँदै उनले यस्तो भने[२] ।"

---

१. विमा. व. पा. पृ. १०६–०७: पायासिविमानवत्थु ।

२. यसको गाथा माथि पृ. ५ मा उल्लेख भएबमोजिम हो । विमा. व. पा. पृ. १०७: पायासिविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "अहं मनुस्सेसु मनुस्सभूतो,
रञ्ञो पायासिस्स अहोसिं[१] माणवो ।
लद्धा धनं संविभागं अकासिं,
पिया च मे सीलवन्तो अहेसुं ।
अन्नं च पानं च पसन्नचित्तो,
सक्कच्च दानं विपुलं अदासिं ॥

२. "तेन मे तादिसो वण्णो, तेन मे इध मिज्झति ।
उप्पज्जन्ति च मे भोगा, ये केचि मनसो पिया ॥

३. "अक्खामि[२] ते भिक्खु महानुभाव,
मनुस्सभूता यमकासि पुञ्ञं[२] ।
तेनम्हि एवं जलितानु भावा,
वण्णो च मे सब्बदिसा पभासती'ति[३] ॥"

अर्थ–

१–"मनुष्यलोकमा मनुष्य भइरहेको वेलामा म पायासि राजाको उत्तर भन्ने एक माणव भएको थिएं । प्राप्त गरेको धन

१. स्याममा: 'अहोसि' ।
२–२. यति पदहरू सिंहल पुस्तकमा छैनन् ।
३. विमा. व. पा. पृ. १०७: पायासिविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संविभाजन गरी दानदिने कार्य गर्थें। मेरोनिमित्त शीलवान्‌हरू प्यारा थिए—त्यसैले मैले प्रसन्नचित्त राखी विशाल अन्नपानहरू सत्कारपूर्वक दानदिएँ।

२–"त्यसैको प्रभावद्वारा मेरो यस्तो शरीरवर्ण भएको हो, त्यसैको प्रभावद्वारा यहाँ मेरा इच्छाहरू सिद्ध भएका हुन्, त्यसैको प्रभावद्वारा मलाई मनपरेका वस्तुहरू पनि लाभ भएका हुन्।

३–"हे महानुभाव सम्पन्न भिक्षु! मनुष्यछँदा जुन पुण्यकर्म मैले गरेको थिएँ सो वताएँ; त्यसै कर्मको प्रभावद्वारा तेजिलो शरीर भएको हो र त्यसैको प्रभावद्वारा मेरो शरीरको तेज सर्वदिशातिर प्रकाश भएको हो।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. उलारविमानकथा

एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनुभएको थियो । त्यस समय राजगृहमा आयुष्मान् महामौद्गल्यायनको उपस्थाक कुलमा दानदिन इच्छागर्ने, दानदिने कार्यमा तत्पर रहने तथा दानदिने कार्यमा खुशी रहने एक कुमारी थिई । त्यस घरमा जुन खादय-भोज्य पदार्थहरू उसले दिवाभोजन गर्नुभन्दा अगाडि पाउँदथी त्यसमध्ये आधाभाग दानदिन्थी र आधाभाग आफूले खान्थी । नदिइकन उ खान्नथी । दाक्षिणेय नपाउंदा दानदिने भाग राखिराख्थी र पछि दाक्षिणेय पाएपछि दानदिन्थी । याचकहरूलाई पनि उ दानदिने नै गर्थी । यो देखेर उसकी आमाले "मेरी छोरीले दानदिन्छे, दानदिनमा खुशीमान्छे तथा दानदिनमा मन लगाउँदछे" भनी उसलाई दुइभाग खादय-भोज्य दिनथाली । त्यसरी दिंदा उसले त्यसमध्येबाट पनि एकभाग मात्र आफूले राखी अरू जम्मै दान नै दिन्थी । फेरि दिंदा फेरि पनि उ त्यस्तै गर्दथी । यस्तै गरी समय वित्दैगयो र वैंश पुगेपछि उसका आमाबाबुहरूले उसलाई नगरको एक कुलको कुमारकसँग विवाह गरिदिए । त्यो कुल भने मिथ्यादृष्टिक, अश्रद्धालु तथा अप्रसन्न हुने खालको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकदिन आयुष्मान् **महामौद्गल्यायन** राजगृहमा घरघर-पिच्छे भिक्षाटन् जानुभएको वेलामा सो कुमारीको ससुराको घरको दैलोमा पुग्नुभयो । अनि यो देखेर सो कुमारीले प्रसन्नचित्तगरी "भन्ते ! भित्र पाल्नुहोस्" भनी भित्र बोलाई वन्दनागरी—त्यसवखत सासू नभएकीले 'पछि सासूलाई निवेदनगरी अनुमोदन गराउनेछु' भन्ने विश्वास लिई सासूले राखिराखेको रोटी लिई स्थविरलाई दानदिई । स्थविरले अनुमोदनगरी जानुभयो । त्यसपछि सासूलाई देखेर—"तपाइले राखिराख्नु भएको रोटी लिएर मैले **महामौद्गल्यायन** स्थविरलाई दानदिएँ अनुमोदन गर्नुहोस्" भनी निवेदन गरी । यो सुनेर सासूले उसलाई "कस्ती साहसिनी रहीछे यो ! मैले राखिराखेको रोटी मसँग नसोधिकनै श्रमणलाई दिन्छे !!" भनी रीसले भुट्भुटिई, युक्ति अयुक्ति-लाई विचार नगरी अगाडितिर रहेको मुसललिई उसको काँधमा कुटी । सो कुमारीको शरीर कोमल भएकोले तथा उसको आयु पनि क्षीण भएकोले उ वेसकरी दुगाहा भई केहीदिन पछि नै सोही कुटाइको कारणद्वारा मृत्युभई **त्रयस्त्रिंश भवनमा** उत्पन्न भई । यद्यपि उसले अरू पनि कुशलकर्महरू गरेकी थिई तैपनि मरणको अवस्थामा **महामौद्गल्यायन** स्थविरलाई दिएको दान नै अधिक प्रष्टरूपले उसको सामुन्ने देखापरेको थियो ।

एकदिन आयुष्मान् **महामौद्गल्यायन** देवचारिका गर्दै **त्रयस्त्रिंशमा** पुग्दा हजारौं अप्सराहरूले परिवृत्तभई महान देवलीलाले वसिरहेकी सो देवपुत्रीलाई देखी उसकहाँ गई उसले गरेका सुचरित्रका कुराहरू सोध्नुहुँदै वहाँले उसँग यस्तो भन्नुभयो[1] —

१. विमा. व. अ. क. पृ. ९६–९७: उलारविमान वण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "उलारो ते यसो वण्णो, सब्बा ओभासते दिसा ।
नारियो नच्चन्ति गायन्ति, देवपुत्ता अलङ्कता ॥

२. "मोदेन्ति[१] परिवारेन्ति, तव पूजाय देवते ।
सोवण्णानि विमानानि, तविमानि सुदस्सने ॥

३. "तुवंसि[२] इस्सरा तेसं, सब्बकामसमिद्धिनी[३] ।
अभिजाता महन्तासि, देवकाये पमोदसि ।
देवते पुच्छिताचिक्ख, किस्स[४] कम्मस्सिदं फलं'ति[५] ॥"

अर्थ—

१–"तिम्रो रूपवर्ण र परिवार महान छ, सबै दिशामा तिम्रो ज्योति फैलिएको छ अनि अलंकृत भएका देवपुत्रीहरू नाचि पनि रहेका छन् गाई पनि रहेका छन् ।

२–"हे देवते ! तिम्रो मानसत्कारकोनिमित्त उनीहरू नाच्छन् पनि गाउँछन् पनि, तिम्रो यो सुवर्ण विमान दर्शनीय छ ।

१. स्याम र रोमनमा: 'मोदन्ति' ।
२. स्याम र रोमनमा: 'तुवं पि' ।
३. स्याम र रोमनमा: 'सब्बकामसमिद्धिनं' ।
४. स्याम र रोमनमा: 'यस्स' ।
५. विमा. व. पा. पृ. ३५: उलारविमानवत्थ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३–"तिमी उनीहरूको ईश्वरी ह्वौ, तिम्रा सबै इच्छाहरू सिद्ध भएका छन्, तिम्रो जन्म राम्रो छ, तिमी यस देवविमानमा प्रमुदिता छयौ; हे देवते! यो के कर्मको फल हो भनी म सोध्दछु—जवाफ देऊ।"

अनि सो देवपुत्री भन्दछे—

१. "अहं मनुस्सेसु मनुस्सभूता,
पुरिमाय[1] जातिया मनुस्सलोके[1]।
दुस्सीलके[2] सुणिसा अहोसिं,
अस्सद्धेसु कदरियेसु अहं॥

२. "सद्धा सीलेन सम्पन्ना, संविभागरता[3] सदा[3]।
पिण्डाय चरमानस्स, अपूवं ते अदासहं॥

३. "तदाहं[4] सस्सुयाचिक्खं, समणो आगतो इध[4]।
तस्स अदासहं पूवं, पसन्ना सेहि[5] पाणिभि[5]॥

१–१. स्याम र रोमनमा छैन।
२. स्याम र रोमनमा: 'दुस्सीले कुले'।
३–३. स्याम र रोमनमा छैन।
४–४. स्याममा छैन।
५–५. स्याम र रोमनमा: 'सकेहि पाणिहि'। विमा. व. पा. पृ. ३४: उलारविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. "इतिस्सा सस्सु परिभासि, अविनीतासि[१] त्वं वधु[१] ।
न मं सम्पुच्छितुं इच्छि, समणस्स ददामहं ।।

५. "ततो मे सस्सु कुपिता, पहासि मुसलेन मं ।
कूटङ्गच्छि[२] अवधि मं, नासक्खि जीवितुं चिरं ।।

६. "सा अहं कायस्स भेदा[३], विप्पमुत्ता ततो चुता ।
देवानं तावतिंसानं, उपपन्ना सहब्यतं ।।

७. "तेन मेतादिसो वण्णो,...[४]

८. "अक्खामि ते भिक्खु महानुभाव,...[५]"

अर्थ—

१–"अघिल्लो जन्ममा म मनुष्यलोकमा मनुष्य भएको वेलामा एक दुश्शील, अश्रद्धालु तथा कञ्जूसी घरको बुहारी भएकी थिएँ ।

१–१. सिंहलमाः 'अविनीता तुवं वधु'; स्याममाः 'अविनीता तुवं वधू' ।
२. स्याम र रोमनमाः 'कुटङ्गच्छि' ।
३. स्याम र रोमनमाः 'भेदा च' ।
४. यहाँका बाँकी पदहरू माथि पृ. २४ को गा. नं. २ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।
५. पृ. २४ को गा. नं. ३ मा जस्तै पढ्नू । विमा. व. पा. पृ. ३५–३६: उलारविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"सँधै श्रद्धा र शीलसम्पन्ना भएकी दानदिने कार्यमा रत हुने मैले—भिक्षाटन् आउनु भएका तपाइलाई रोटी चढाएँ ।

३–"अनि सासूलाई—मैले आफ्नै हातले रोटी चढाएको कुरा सुनाएँ ।

४–"यो सुनेर सासूले—श्रमणलाई दानदिन्छु भनी मैले उनीसँग सोधिन भनी उनले मलाई 'अविनीता' भनी गाली गरिन् ।

५–"त्यसपछि मलाई निन्दागर्दै सासूले मुसलले कुटिन्; यो प्रहारद्वारा मेरो काँध भाँचिएको हुनाले म धेरैदिन बाँच्न सकिन ।

६–"अनि म मनुष्य शरीरबाट मुक्तभई त्यहाँबाट च्युतभई त्रयस्त्रिंश देवताहरूकहाँ उत्पन्न भएँ ।

७–"त्यसैको प्रभावद्वारा मेरो यस्तो शरीर-वर्ण भएको हो, त्यसैको प्रभावद्वारा यहाँ मेरा इच्छाहरू सिद्ध भएका हुन्, त्यसैको प्रभावद्वारा मलाई मनपरेका वस्तुहरू पनि लाभ भएका हुन् ।

८–"हे महानुभावसम्पन्न भिक्षु ! मनुष्यलोकमा छँदा जुन पुण्यकर्म मैले गरेको थिएँ सो बताएँ; त्यसै कर्मको प्रभावद्वारा तेजिलो शरीर भएको हो र त्यसैको प्रभावद्वारा मेरो शरीरको तेज सबै दिशातिर प्रकाश भएको हो ।"

यसरी सो देवपुत्रीले आफूले संचय गरेको सुचरित्रको कुरा बताइसकेपछि आयुष्मान् महामौद्गल्यायनले सो देवपुत्री सहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकल परिवारहरूलाई धर्मोपदेश गर्नुभई त्यहाँबाट फर्केर गई भगवान्‌लाई त्यो प्रवृत्ति सुनाउनुभयो। अनि भगवान्‌ले यसै कुरालाई लिएर उपस्थित परिषद्‌लाई धर्मोपदेश गर्नुभयो र देवसहित मनुष्यहरूकोनिमित्त त्यो उपदेश सार्थक भएको थियो[1]।

---

१. विमा. व. अ. क. पृ. ९९: उलारबिमान वण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. कञ्जिकदायिकाविमानकथा

एक समय भगवान् बुद्ध अन्धकविन्दमा बसिरहनु भएको थियो। त्यसवखत भगवान्को पेटमा वायुरोग उत्पन्न भएको थियो। अनि भगवान्ले आनन्दलाई आमन्त्रण गर्नुभई यसो भन्नुभयो—

"आनन्द ! तिमी भिक्षागएर मेरोनिमित्त औषधीको लागि कञ्जिकं (=यागु अथवा खोले) ल्याऊ।"

"हवस् भन्ते !" भनी भगवान्लाई प्रत्युत्तर दिई आयुष्मान् आनन्द—महाराजाहरूले दिएको भगवान्को पात्र[1] लिई—आफ्नो उपस्थाक वैदचको घरको दैलोमा उभिनु भयो।

यो देखेर वैदचकी भार्या अगाडि गई स्थविरलाई वन्दना गरी स्थविरको हातवाट पात्र मागी लिई स्थविरसँग उसले सोधी—

"भन्ते ! कस्तो औषधी चाहनुहुन्छ ?"

---

१. भगवान्ले वुद्धत्व प्राप्तगरी सात सप्ताहपछि तपुस्सभल्लिकहरूले दिएको मधुपिण्ड थापेर लिनको लागि चातुर्महाराजाहरूले वहाँलाई दिएको शैलमय पात्र थियो। सोही पात्रलाई यहाँ 'महाराजाहरूले दिएको भगवान्को पात्र' भनी भनिएको हो। हेर लेखकको वु. श्रा. च-१ पृ. १३३ मा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ बुद्धिमानी थिई ! औषधीको आवश्यक पर्दा मात्र स्थविर यहाँ आउनु हुनुहुन्छ भन्ने कुरा उसलाई थाहा थियो । त्यसैले उसले वहाँसँग "कस्तो औषधी चाहनुहुन्छ ?" भनी सोधेकी हो ।

स्थविरले "कञ्जिक" भनी भन्नुभएपछि उसले यस्तो सोची—

"अवश्य पनि यो औषधी मेरा आर्यकोलागि होओइन होला । किनभने यो पात्र त वहाँको होइन । यो त बुद्धको पात्र हो । अवश्य पनि लोकनाथकोनिमित्त हुनुपर्छ । अतः मैले वहाँकोनिमित्त सुयोग्य कञ्जिक बनाउने छु ।"

यति विचार गर्दागर्दै उसको मनमा अति प्रसन्नता उत्पन्न भयो र उसलाई अपार आनन्दको अनुभव भयो । अनि बयरको रसमा यागु (=कञ्जिक) पकाई र त्यसको परिकारकोनिमित्त अरू पनि खाद्य-भोज्यहरू तयार पारी पात्रभरी हाली विहारमा पठाइदिई । त्यो खाने वित्तिकै भगवान्‌को रोग शान्त भएर गयो ।

अनि केहीदिन पछि त्यो स्त्री मृत्युभई त्रयस्त्रिंशमा उत्पन्नभई महान दिव्यसम्पत्ति अनुभवगरी मुदितभई बसी । अनि आयुष्मान् महामौद्गल्यायन देवचारिका गर्दै जाँदा एकहजार अप्सराहरूसँग बसिरहेकी सो देवपुत्रीलाई देखेर उसले गरेका कर्मसम्बन्धी कुराहरू सोध्नुहुँदै स्थविरले यसो भन्नुभयो¹—

१. "अभिक्कन्तेन वण्णेन, या त्वं तिट्ठसि देवते ।
ओभासेन्ती दिसा सब्बा, ओसधी विय तारका ।।

१. विमा. व. अ. क. पृ. १४८–४९: कञ्जिकदायिकाविमान वण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. "केन तेतादिसो वण्णो,...[1]

३. "पुच्छामि तं देवि महानुभावे,...[2]"

अर्थ—

१—"हे देवते ! सुन्दर रूप धारणगरी सवँ दिशातिर तेज फैलाउँदै शुक्रतारा जैं तिमी बसीरहेकी छयौ ।

२—"कसरी तिम्रो त्यस्तो वर्ण भएको हो ? कसरी तिमीलाई यस्तो सिद्ध भएको हो ? तिमीले मनपराएका भोगसम्पत्तिहरू पनि उत्पन्न भएका देखिन्छन् ।

३—"हे महानुभावसम्पन्ना देवी ! म सोध्दछु कि—मनुष्यछँदा तिमीले के पुण्यकर्म गऱ्यौ ? कसरी तिमी यस्ती तेजिली भयौ ? कसरी तिम्रो शरीरको तेज सवँ दिशातिर प्रकाश भएको हो ?"

अनि यसै सम्बन्धमा धर्मसंग्राहकहरू भन्दछन्—

"सा देवता अत्तमना,...[3]"

---

१. यहाँका बाँकी पदहरू माथि पृ. ३ मा लेखिएबमोजि दोहऱ्याई पढ्नू ।

२. " " पृ. ३ " "

३. यसका बाँकी पदहरू माथि पृ. ९ मा लेखेबमोजि दोहऱ्याई पढ्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

"मौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवता खुशी भई—जुन कर्मको फलद्वारा उसले त्यो सम्पत्ति पाएकी हो सो कुरा बताउँदै यस्तो भनी ।"

१. "अहं अन्धकविन्दम्हि[1], बुद्धस्सादिच्चबन्धुनो ।
अदासि कोलसम्पाकं, कञ्जिकं तेलधूपितं ॥

२. "पिप्फला लसुणेन च, मिस्सं लामञ्जकेन[2] च ।
अदासि उजभूतस्मि, विप्पसन्नेन चेतसा ॥

३. "या महेसित्तं[3] कारेय्य, चक्कवत्तिस्स राजिनो ।
नारी सब्बङ्ग कल्याणी, भत्तु चानोमदस्सिका ।
एतस्स[4] कञ्जिकदानस्स, कलं नाग्घति सोळसिं ॥

४. "सतं निक्खा सतं अस्सा, सतं अस्सतरीरथा ।
सतं कञ्ञासहस्सानि, आमुत्तमणिकुण्डला ।
एतस्स कञ्जिकदानस्स, कलं नाग्घति सोळसिं ॥

---

१. सिंहल र स्याममा: 'अन्धकविन्दस्मि' ।

२. स्याम र रोमनमा: 'लामज्जकेन' ।

३. स्याममा: 'महेसितं' ।

४. नालन्दा पालिमा: 'एकस्स' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. "सतं हेमवता नागा, ईसादन्ता उरूल्हवा ।
सुवण्णकच्छा मातङ्गा, हेमकप्पनवाससा ।
एतस्स कञ्जिकदानस्स, कलं नाग्घति सोळसिं ॥

६. "चतुन्नं[१] पि दीपानं[1], इस्सरं योध कारये ।
एतस्स कञ्जिकदानस्स, कलं नाग्घति सोळसिं'ति[२] ॥"

अर्थ—

१–"बयरको रसमा पकाइएको तेल कानेको यागु (=कञ्जिकं) अन्धकविन्दमा बस्नुभएको आदित्यबन्धु हुनुभएका बुद्धलाई मैले दानदिएँ ।

२–'ऋजु हुनु भएका सम्बुद्धलाई प्रसन्न चित्तराखी मैले पिप्ला, लसुन, हिंग् तथा जीरा आदि सहित लामञ्जक (=लामज्जक =वीरनमूल) को जराहरू मिलाई दान दिएँ ।

३–'यो यागु-दानको फलको अगाडि चक्रवर्ती राजाको महिषित्व र अति दर्शनीय सर्वाङ्ग कल्याणी नारीत्व त सोह्र भागको एक भाग पनि हुँदैन ।

४–"यो यागु-दानको फलको अगाडि शय निक्खहरू, शय घोडाहरू, शय घोडीका रथहरू तथा मुक्तामणी लगाएका शयहजार कन्याहरू त सोह्र भागको एक भाग पनि हुँदैनन् ।

१–१. स्याममा: 'चतुन्नम्पि पदीपानं' ।

२. विमा. व. पा. पृ. ६४: कञ्जिकदायिकाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५–"यो यागु-दानको फलको अगाडि तीखा दाह्राहरू भएका सुवर्णको पेटी बाँधिएका तथा सुवर्णका आसनहरू भएका हेमवत जातिका शय ठूला ठूला हात्तीहरू त सोह्र भागको एक भाग पनि छैनन् ।

६–"यो यागु-दान फलको अगाडि स्याना स्याना दुइ हजार द्वीपहरू भएको जम्बुद्वीप जस्ता द्वीपहरू चार द्वीपहरूको मालिक भएपनि त्यो सोह्र भागको एक भाग पनि हुँदैन ।"

यसरी ती देवपुत्रीले आफूले संचय गरेका कुशलकर्मका कुराहरू बताएपछि आयुष्मान् महामौद्गल्यायनले परिवार सहित उसलाई धर्मोपदेश गर्नुभई मनुष्यलोकमा आई यो प्रवृत्ति जम्मै भगवान्लाई सुनाउनुभयो । भगवान्ले यसै कुरालाई लिएर चार परिषद्को बीचमा धर्मोपदेश गर्नुभयो । त्यो धर्मोपदेश महाजनहरूकोनिमित्त सार्थक भएको थियो[1] ।

---

१. विमा. व. अ. क. पृ. १५०: कञ्जिकदायिकाविमान वण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. कन्थकविमानकथा

एक समय भगवान् श्रावस्तीमा बस्दै हुनुहुन्थ्यो। त्यसवखत आयुष्मान् महामौद्गल्यायन देवचारिका गर्दै त्रयस्त्रिंश भवनमा पुग्नुभएको थियो। त्यसवखत कन्थक देवपुत्र आफ्नो भवनबाट निस्की, दिव्य-यानमा बसी महत् परिवारका साथ महत् देवऋद्धि प्रदर्शन गर्दै उद्यानमा गइरहेका थिए। अनि आयुष्मान् महामौद्गल्यायनलाई देखेर सो देवपुत्रको मनमा महान गौरव तथा सम्मान उत्पन्न भई हत्तपत्त यानबाट ओर्ल्ही स्थविरको छेउमा गई पञ्चाङ्ग वन्दनागरी, दुइहात शीरमा राखी विन्ति गर्दै उभिइरहे। अनि स्थविरले उसलाई यस्तो भन्नुभयो[1]—

१–२–"जस्तै पूर्णिमाको रातमा नक्षत्र परिवारको साथ खरायो चिनो भएको ताराहरूको अधिपति चन्द्रमा आकाशमाथि विचरण गर्छन्

१. विमा. व. अ. क. पृ. २१५: कन्थकविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—त्यस्तै यो तिम्रो विमान देवपुरभन्दा पनि तेजिलो छ र रश्मी पनि फैलिइरहेछ[१] ।

३–४–"यो तिम्रो विमान वैंदूर्य तथा मणीमाणिक्यहरूले बनाइएको छ, बडो मनोहर छ, विचित्र छ, भुइमा वैदूर्यमणी तथा चाँदीका फलेकहरू बछ्याइ राखेकाछन्, कूटागार प्रासाद पनि अति शोभायमान छ[२] ।

५–७–"सुवर्णमय वालुवा छरिएको नीर्मल स्वच्छ पानी भएको यो पुष्करिणी पनि रमाइलो छ । त्यसमा नाना पद्मका रंगीचंगी फूलहरू

१. "पुण्णमासे यथा चन्दो, नक्खत्तपरिवारितो ।
समन्ता अनुपरियाति, तारकाधीपती ससीं ।।

"तथूपमं इदं व्यम्हं, दिब्वं देवपुरम्हि च ।
अतिरोचति वण्णेन, उदयन्तो व रंसिमा ।।"
विमा. व. पा. पृ. ११४: कन्थकविमानवत्थु ।

२. "वेलुरियसुवण्णस्स, फलिका रूपियस्स च ।
मसारगल्लमुत्ताहि, लोहितङ्ग मणीहि च ।।

"चित्रा मनोरमा भूमि, वेलुरियस्स सन्थता ।
कूटागारा सुभा रम्मा, पासादो ते सुमापितो ।।"
विमा. व. पा. पृ. ११४: कन्थकविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फुलिरहेका छन्, सुगन्ध पनि फैलिइरहेको छ, अत्यन्त मनोरम छ। त्यसका दुवैतिर फूलका र फलका रुखहरू भएका बगैंचा बनाइएको छ[१]।

८–"सुवर्ण पादुका भएको र नरम कपडाहरू बछ्याइ राखेको आसनमा तिमी बसीरहेछौ तथा अप्सराहरूले पनि उपस्थान गरिरहेछन्[२]।

९–"सबै अलङ्कारहरूले अलंकृत भएका स्त्रीहरूका साथ वशवर्ती देवराजा जस्तै तिमी महर्द्धिक भई रमाइरहेछौ[३]।

---

१. "रम्मा च ते पोक्खरणी, पुथुलोमनिसेविता।
अच्छोदका विप्पसन्ना, सोवण्णवालुकसन्थता॥
"नानापदुमसञ्छन्ना, पुण्डरीकसमोतता।
सुरभिं सम्पवायन्ति, मनुञ्ञा मालुतेरिता॥
"तस्सा ते उभतो पस्से, वनगुम्बा सुमापिता।
उपेता पुप्फरुक्खेहि, फलरुक्खेहि चूभयं॥
विमा. व. पा. पृ. ११४: कन्थकविमानवत्थु।

२. "सुवण्णपादे पल्लङ्के, मुदुके गोणकत्थते।
निसिन्नं देवराजं व, उपतिट्ठन्ति अच्छरा॥

३. "सब्बाभरणसञ्छन्ना, नानामाला विभूसिता।
रमेन्ति तं महिद्धिकं, वसवत्तीव मोदसि॥
विमा. व. पा. पृ. १४४: कन्थकविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०–"भेरी, शंख, मृदङ्ग तथा वीणादि बाजाहरू बजाई नृत्य-गीतद्वारा तिमी रमाइरहेछौ[१] ।

११–"तिम्रा विविध दिव्य-रूपहरू, विविध दिव्य-शब्दहरू, विविध रसहरू, विविध गन्धहरू तथा विविध स्पर्शहरू पनि मनोरम्य छन्[२] ।

१२–"हे देवपुत्र ! त्यस्तो श्रेष्ट विमानमा महाप्रभावशाली रूपवर्णले तेजिलो भई तिमी सूर्य उदय जस्तै प्रकाश भएकाछौ[३] ।

१३–"म सोध्दछु कि—यिनीहरू जम्मै दानका फल हुन् कि शीलका फल हुन् कि अथवा नमस्कारको फल हो ? केको फल हो[४] ?"

---

१. "भेरिसङ्खमुदिङ्गाहि, वीणाहि पणवेहि च ।
रमसि रतिसम्पन्नो, नच्चगीते सुवादिते ।।
विमा. व. पा. पृ. ११५: कन्थकविमानवत्थु ।

२. "दिब्बा ते विविधा रूपा, दिब्बा सद्दा अथो रसा ।
गन्धा च ते अधिप्पेता, फोट्ठब्बा च मनोरमा ।।

३. 'तस्मिं विमाने पवरे, देवपुत्त महप्पभो ।
अतिरोचसि वण्णेन, उदयन्तो व भाणुमा ।।

४. "दानस्स ते इदं फलं, अथो सीलस्स वा पन ।
अथो अञ्जलिकम्मस्स, तं मे अक्खाहि पुच्छितो ।।"
विमा. व. पा. पृ. ११५: कन्थकविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि यसै सम्बन्धमा धर्मसंग्राहकहरू भन्दछन्—

"महामौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवपुत्र खुशी भई—जुन कर्मको फलद्वारा उनले त्यो सम्पत्ति पाएका हुन् त्यो कुरा बताउँदै यस्तो भने[१] ।"

१. "अहं कपिलवत्थुस्मि, साकियानं पुरुत्तमे ।
सुद्धोदनस्स पुत्तस्स, कन्थको[२] सहजो अहं[३] ॥

२. "यदा सो अड्ढरत्तायं, बोधाय[४] मभिनिक्खमि[४] ।
सो मं मुदूहि पाणीहि, जालितम्बनखेहि[५] च ॥

३. "सत्थि आकोटयित्वान, वह सम्मा ति चब्रवि[६] ।
अहं लोकं तारयिस्सं, पत्तो सम्बोधिमुत्तमं ॥

---

१. "सो देवपुत्तो अत्तमनो, मोग्गल्लानेन पुच्छितो ।
पञ्हं पुट्ठो वियाकासि, यस्स कम्मस्सिदं फलं ॥"
विमा. व. पा. पृ. ११५: कन्थकविमानवत्थु ।

२. वर्मीमा: 'कण्डको'; स्याममा: 'कण्ठको' ।

३. स्याममा: 'अहुं' ।

४–४. स्याममा: 'सम्बोधाय अभिनिक्खमिं' ।

५. सिंहलमा: 'जालतम्बनखेहि' ।

६. स्याममा: 'मब्रवि' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. "तं मे गिरं सुणन्तस्स, हासो मे विपुलो अहु ।
उदग्गचित्तो सुमनो, अभिसीसिं[१] तदा अहं ।।

५. "अभिरूल्हं च मं ञत्वा, सक्यपुत्तं[२] महायसं ।
उदग्गचित्तो मुदितो, वहिस्सं[३] पुरिसुत्तमं ।।

६. "परेसं विजितं गन्त्वा, उग्गतस्मि दिवाकरे[४] ।
ममं छन्नं च ओहाय, अनपेक्खो[५] सो[५] अपक्कमि ।।

७. "तस्स तम्बनखे पादे, जिव्हाय परिलेहिसं ।
गच्छन्तं च महावीरं, रुदमानो उदिक्खिसं[६] ।।

८. "अदस्सनेनहं तस्स, सक्यपुत्तस्स[७] सिरीमतो ।
अलत्थं गरुकाबाधं, खिप्पं मे मरणं अहु[८] ।।

---

१. स्याम र सिंहलमाः 'अभिसिंसिं'; रोमनमाः 'अभिसीसिं' ।
२. स्याममाः 'साक्यपुत्तं' ।
३. स्याममाः 'वाहिस्सं' ।
४. स्याममाः 'दिवंकरे' ।
५–५. स्याममाः 'अनापेक्खो' ।
६. स्याममाः 'उदिक्खिस्सं' ।
७. रोमनमाः 'सक्यपुत्त'; स्याममाः 'साक्यपुत्तस्स' ।
८. विमा. व. पा. पृ. ११५: कन्थकविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९. "तस्सेव आनुभावेन, विमानं आवसामिदं ।
सब्बकामगुणोपेतं[1], दिब्बं देवपुरम्हि च ।।

१०. "यं च मे अहु वा हासो, सद्दं सुत्वान बोधिया ।
तेनेव कुसलमूलेन, फुसिस्सं आसवक्खयं ।।

११. "सचे हि भन्ते गच्छेय्यासि, सत्थु बुद्धस्स सन्तिके ।
ममा पि नं[2] वचनेन, सिरसा वज्जासि वन्दनं ।।

१२. "अहं पि दट्ठुं गच्छिस्सं, जिनं अप्पटिपुग्गलं ।
दुल्लभं दस्सनं होति, लोकनाथान तादिनं'ति[3] ।।"

अर्थ—

१—"शाक्यहरूको उत्तम नगर कपिलबस्तुमा शुद्धोदन राजाका पुत्र (सिद्धार्थ) सँग सँगै जन्मेको म कन्थक अश्वहुँ ।

२–३–"जब वहाँ बोधिज्ञान प्राप्तिकोनिमित्त आधारातको समयमा घरबाट निस्कनुभयो तत्र वहाँले मलाई ताम्रवर्णी नङ तथा क्र्यालका दण्डीहरू झैं लामा लामा औंलाहरू भएका मृदु हात र तिघ्राले च्यापी कुर्कुच्चाले ठोकेर "हे सौम्य ! मलाई लैजाऊ, उत्तम सम्बोधि प्राप्तगरी मैले लोकवासीहरूलाई पारतार्ने छु" भनी भन्नुभयो ।

---

१. स्याममाः 'सब्बकामगुणूपेतं' ।

२. स्याममाः 'तं' ।

३. विमा. व. पा. पृ. ११६: कन्थकविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४–"त्यो आवाज सुनेर मलाई यस्तोबिघ्न हर्षलाग्यो कि— मानो मैले अभिषेक पाएँ; अनि म अत्यन्त गद्गद् भएँ ।

५–"महायश प्राप्तहुनु भएका शाक्यपुत्र मेरो काँधमा आरोहण गरेको बुझेर अत्यन्त गद्गद् भई मैले सो उत्तम पुरुषलाई वहन गरें ।

६–"यसरी वहनगरी लिएर जांदा अर्काको देशमा पुगें; अनि सूर्यको तेज उग्र भइरहेको वेलामा मलाई र छन्नलाई छाडेर अनपेक्षी भई वहां जानुभयो ।

७–"त्यसवखत मैले ताम्रवर्णी नङ भएका वहांको चरणकमलमा जिभ्रोले चाटें, अनि महावीर जानुभएपछि रोई रोई मैले वहाँलाई हेरिरहें ।

८–"श्रीमान हुनुभएका शाक्यपुत्र नदेखिएपछि मलाई ठूलो वेथा लाग्यो र तुरन्तै मेरो त्यहीं मरण भयो ।

९–"त्यसैको प्रभावद्वारा सबंप्रकारका कामगुणहरूले युक्त भएको देवपुरमा शक्र देवेन्द्र झैं म यो विमानमा बसिरहेको हुं ।

१०–"वहांको श्रीमुखबाट जुन 'उत्तम सम्बोधि प्राप्तगरी...' भन्ने वचन सुनें त्यसद्वारा मलाई हर्षचित्त उत्पन्न भएको थियो र सोही कुशलको हेतुद्वारा मैले अनागत कालमा आस्रवक्षयको पनि अनुभव गर्नसक्ने छु ।

११–"भन्ते ! यदि तपाइ बुद्ध-शास्ताकहाँ जानुहुन्छ भने मैले पनि शीरले वन्दना गरेको छ भनी सुनाइदिनु होला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२–"म पनि अप्रतिपुद्गल हुनु भएका जिनलाई दर्शन गर्न जानेछु। किनकि लोकनाथ हुनु भएका अतुल-पुरुषको दर्शनगर्नु पनि दुर्लभ नै हो।"

त्यसपछि कन्थक देवपुत्र पनि बुद्धकहाँ गएका कुरा प्रकाश पार्दै संगीतिकारहरूले यस्तो उल्लेख गर्दछन्—

१. "सो[1] कतञ्ञू कतवेदी, सत्थारं उपसङ्कमि।
सुत्वा गिरं चक्खुमतो, धम्मचक्खुं विसोधयि॥

२. "विसोधेत्वा[2] दिट्ठिगतं, विचिकिच्छं[3] वतानि च।
वन्दित्वा सत्थुनो पादे, तत्थेवन्तर धायथा'ति[4]॥"

अर्थ—

१–"कृतज्ञी तथा कृतवेदी कन्थक देवपुत्र शास्ताकहाँ गई वहाँको उपदेश सुनी उनले धर्मचक्षुलाई विशुद्धपारे अर्थात् स्रोतापन्न भए।

---

१. स्याममा: 'सो च'।

२. स्याममा: 'विसोधयित्वा'।

३. स्याममा: 'विचिकिच्छा'।

४. विमा. व. पा. पृ. ११६: कन्थकविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"यसरी धर्मचक्षुलाई विशुद्धगरी, दृष्टिगत विचारलाई विशुद्ध पारी तथा विचिकित्सा र शीलव्रत परामर्शरूपी क्लेशहरूलाई दूरगरी शास्ताको चरणकमलमा वन्दनागरी कन्थक देवपुत्र उहीं अन्तर्धान भए।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

८. कुञ्जरविमानकथा

एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दक-निवापमा बसिरहनु भएको थियो। त्यस समय राजगृहमा नक्षत्र घोषणा गरिएको थियो। नागरिकहरूले सडक सफासुग्घर पारी बालुवाछरी पञ्चलाजपुष्पहरू छरी घर घरपिच्छे दैलोमा केराका बोटहरू र पूर्णघडाहरू पनि राखे। आ-आफ्ना भोगसम्पत्ति अनुसार चित्र-विचित्र वर्णका ध्वजापताकाहरू फहराए। गच्छे अनुसार वस्त्र तथा अलङ्कारहरूद्वारा अलंकृत भई नक्षत्रक्रीडाको उत्सव मनाई नगर जम्मै देवनगर जस्तै अलंकृत पारेका थिए।

पूर्वपरिचित अनुसार—महाजनहरूको चित्तप्रसन्न पारी खुशी तुल्याइदिनकोनिमित्त आफ्नो राजभवनबाट निस्की विशाल परिषद्द्वारा परिवृत्त भई महान राजप्रभाव प्रदर्शित गर्दै—महान श्री सौभाग्यद्वारा राजा बिम्बिसारले नगर प्रदक्षिणा गरे।

त्यसवखत— राजाको त्यो श्री सौभाग्य, महान वैभवसम्पत्ति तथा महान राजानुभाव देखेर आश्चर्य तथा अद्भूत मानी—'यस्तो देवऋद्धि समान वैभवसम्पत्ति कस्तो कर्मद्वारा पाउन सकिन्छ होला?' भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजगृहवासी एक कुलगृहकी छोरीले पण्डित कहलाउनेहरूसँग सोधी। अनि उनीहरूले यस्तो जवाफ दिए[१] —

"भद्रे ! पुण्यकर्म भनेको चिन्तामणी जस्तै हो, कल्पवृक्ष जस्तै हो, क्षेत्रसम्पत्ति र चित्तसम्पत्ति—दुवैको संयोग—जोडिएको खण्डमा जे जे चिताएर पुण्यकर्म गरिन्छ सोही सोही वस्तु नै सिद्ध हुनसक्छ। विशेष गरेर — आसन दानद्वारा उच्चकुलीन हुन सकिन्छ, अन्नदानद्वारा बलसम्पन्न हुनसकिन्छ, वस्त्रदानद्वारा रूपवर्णसम्पत्ति लाभहुन सक्छ, यान-वाहनदानद्वारा सुखविशेष लाभहुन सक्छ, प्रदीपदानद्वारा चक्षु-सम्पत्ति लाभहुन सक्छ तथा आवासदानद्वारा सर्वप्रकारका सम्पत्तिहरू लाभहुन सक्छन्।"

यति कुरा सुनेपछि उसको मनमा "मनुष्यसम्पत्तिभन्दा देवसम्पत्ति महान हुँदो रहेछ" भन्ने लागेपछि उसको चित्त देवसम्पत्ति प्राप्तिगर्नमा लाग्यो र उ पुण्यकार्य गर्नमा अति उत्साहित भई। उसका आमाबाबु-हरूले उसकोनिमित्त एकजोर नयाँ कपडा, एक नयाँ पीरा (आसन), एक मुठो पद्मफूल, घ्यू मधु सखर तथा चामल दूध आदि वस्तुहरू परिभोग गर्नकोनिमित्त पठाइदिए। यी वस्तुहरू पाएर "म दानदिन चाहन्थें र यी दानवस्तुहरू पनि मैले पाएँ" भनी उ सारै खुशी भई। अनि दोश्रोदिनमा दानकार्य सम्पादन गर्नकोनिमित्त पानी नहालेको दूधमा मधुपायस पकाई त्यसको परिकारको लागि अरू पनि धेरै खाद्य-भोज्यहरू तयार पारी—दानदिने ठाउँमा सुगन्धले सफासुग्घर पारी फुलेको

१. विमा. व. अ. क. पृ. २५: कुञ्जरविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पद्मफूलहरूको आसन वनाई त्यसमाथि सेतो नयाँ कपडा वछ्याई, आसनको चारैवटा खुट्टाहरूको माथि चारवटा पद्मफूलहरू र मालाहरूले सिंगारी त्यसमाथि चधुँवाटागो ठाउँ ठाउँमा मालाहरू झुण्ड्याई आसनको चारैतिरको भूमिभागमा केशर सहित पद्मका पातहरू वछ्याई —"दाक्षिणेय पाएको वेलामा पूजागर्ने छु" भन्ने विचार लिई फूलको एक किस्ती उसले एक छेउमा राखी। यसरी दानका उपकरणहरू सजाइ राखिसकेपछि शीर नुहाई शुद्ध वस्त्र लगाई शुद्ध उत्तरासङ्ग ओढी समयको प्रतीक्षा गर्दै एक दाशीलाई "हे दाशी ! जाऊ हामीहरूकोनिमित्त एक त्यस्तो दाक्षिणेय खोजेर ल्याऊ जसलाई दानदिन सकौं" भनी अह्राई।

त्यसवखत आयुष्मान् सारिपुत्र राजगृहमा भिक्षाटन् गर्दै सडकको वीचमा गइरहनु भएको थियो। अनि सो दाशीले एकहजारको थैंलो वाटोमा पाए जस्तै स्थविरलाई भेटी वन्दनागरी यस्तो भनी—

"भन्ते ! तपाइको पात्र मलाई दिनुहोस् र एक उपासिकाको संग्रह गर्नको लागि यस वाटोमा आउनुहोस्।"

स्थविरले उसलाई पात्र दिनुभयो। उसले स्थविरलाई साथमा लगी र घरमा भित्र्याई। अनि त्यो स्त्रीले स्थविरको प्रत्युत्गमन गरेर आसन देखाई "भन्ते ! यस आसनमा वस्नुहोस् आसन ब्रिच्छ्याइ राखेको छु" भनी उसले विन्तिगरी। स्थविर त्यस आसनमा बसेपछि केशर सहित पद्मपत्रले स्थविरलाई पूजा गरी आसनको चारैतिर पनि केशर छरी पञ्चाङ्ग वन्दना गरी। त्यसपछि स्थविरलाई घ्यू, मधु तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सखर आदि संमिश्रित पानी नराखेको दूधमा पकाइराखेको मधुपायस सन्तर्पित गरी । सन्तर्पित गरेर उसले यस्तो प्रार्थना गरी –

"यो पुण्यको प्रभावद्वारा दिव्य-हात्ती भएको कूटागार, सुशोभित भएको दिव्य-पलँग र दिव्य-सम्पत्तिहरू पाउनसकूँ । सबैं अवस्थामा पद्मफूलहरू पनि साथ-साथमा रहुन् ।"

अनि स्थविरले भोजन गरिसकेपछि पात्र धोई फेरि पनि उसले पात्र भरी घ्यू, मधु, सखरहरू राखी आसनमा बछ्याइराखेको कपडा पटचाई स्थविरको हातमा राखिदिई । अनुमोदन गरी स्थविर फर्किन लाग्दा दुइ पुरुषलाई यस्तो आज्ञादिई—

"स्थविरको हातको पात्र र यो आसन विहारमा लगी स्थविरको जिम्मालगाई फर्केर आऊ ।"

उनीहरूले त्यस्तै गरे । केहि समयपछि उ मृत्युभई त्रयस्त्रिश भवनमा एक शय योजन अग्लो कनक विमानमा उत्पन्नभई र एकहजार अप्सरा परिवारहरू पनि उत्पन्न भए । प्रार्थना अनुसार पद्ममालाहरूले सुशोभित पाँच शय योजन उँचाइ भएको, चारैतिर पद्मपत्रहरू छरिएका मनोहर दर्शनीय सुखसंस्पर्श भएको, विविध मणीमाणिक्यरत्नहरूको जालले झल्किरहेको र सुवर्णाभरणहरूद्वारा सुशोभित भएको उत्तम हात्ती पनि उत्पन्न भयो । त्यसको माथि अति शोभायमान भएको योजन प्रमाणको कनक आसन पनि उत्पन्न भयो । अनि दिव्यसम्पत्ति अनुभव गर्दै समय समयमा हात्ती विमानमाथि रत्नजडित आसनमा बसी महान देवानुभावले युक्त भई उ नन्दनवनमा जानथाली[१] ।

१. विमा. व. अ. क. पृ. २६–२७: कुञ्जरविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकदिन उत्सवको दिनमा—देवताहरू आ-आफ्ना दिव्यानुभाव प्रदर्शित गर्दै उद्यान-क्रीडा गर्नकोनिमित्त **नन्दनवनमा** गइरहेको वेलामा त्यो देवपुत्री पनि दिव्य-वस्त्रहरू पहिरी, दिव्याभरणहरूले विभूषिताभई, एकहजार अप्सराहरूद्वारा परिवृत्तभई, आफ्नो भवनबाट निस्की, त्यो हस्ति-विमानमा चढी, महान देवऋद्धि र महान श्रीसौभाग्य देखाउँदै चन्द्र सूर्य झैं चम्किँदै उद्यानमा गइरहेकी थिईं। त्यसवखत माथि उल्लेख भएजस्तै आयुष्मान् **महामौद्गल्यायन** पनि देवचारिका गर्दै **त्रयस्त्रिंश भवनमा** पुगी सो देवपुत्रीले देख्ने गरी नजिक पुग्नुभयो। अनि वहाँलाई देखेर ठूलो प्रसन्नता मनमा उठी झट्ट आसनबाट ओर्ल्हीं स्थविरकहाँ गई पञ्चाङ्ग वन्दना गरी दशऔंला जोरी स्थविरको अगाडि नमस्कारपूर्वक उ उभिइरही। अनि उसले गरेका कर्मका कुराहरू उसैद्वारा भनाउन लगाई देवसहित मनुष्यहरूलाई पनि प्रत्यक्षफल देखाउनकोनिमित्त स्थविरले उसँग यसरी सोध्नुभयो[1]—

१—"नाना रत्नहरूद्वारा अलंकृत गरिराखेको, आकाशमा राम्ररी गइरहेको तथा वेगसम्पन्न तिम्रो हस्तियान सारै उत्तम र मनोरम छ[2]।

---

१. विमा. व. अ. क. पृ. २७: कुञ्जरविमानवण्णना।

२. "कुञ्जरो ते वरारोह, नानारतनकप्पनो।
रुचिरो थामवा जवसम्पन्नो, आकासम्हि समीहति॥
विमा. व. पा. पृ. ७: कुञ्जरविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–३–"पद्मसमान वर्ण भएको पद्मनेत्र भएका पद्मको जस्तै तेज भएको पद्मचूर्णहरू छरिएका तथा सुवर्णपद्मका मालाहरू पहिरिएको हस्ती—पद्मपत्र छरिएको बाटोमा मतावसँग जाँदैछ[1] ।

४–"सो हस्ती जाँदा उसको गर्धनमा भुण्डाइ राखेका काँसका घण्टाहरूको आवाज पञ्चाङ्गिक तूर्यनादको आवाज जस्तै मनोहर आवाज सुनिन्छ[2] ।

५–"सो हस्तीको काँधमा शुद्ध वस्त्रहरू सजाइएका छन्, अप्सराहरूको विशाल समूह पनि मनोहर छ[3] ।

---

१. "पदुमं पद्मपत्तक्खि, पद्मुप्पलजुतिन्धरो ।
पद्मचुण्णाभिकिण्णङ्गो, सोण्णपोक्खरमालधा ।।

"पदुमानुसटं मग्गं, पद्मपत्तविभूसितं ।
ठितं वग्गुमनुग्घाती, मितं गच्छति वारणो ।।
विमा. व. पा. पृ. ७: कुञ्जरविमानवत्थु ।

२. "तस्स पक्कममानस्स, सोण्णकंसा रतिस्सरा ।
तेसं सुय्यति निग्घोसो, तुरिये पञ्चङ्गिके यथा ।।
विमा. व. पा. पृ. ७: कुञ्जरविमानवत्थु ।

३. "तस्स नागस्स खन्धम्हि, सुचिवत्था अलङ्कता ।
महन्तं अच्छरासङ्घं, वण्णेन अतिरोचसि ।।
विमा. व. पा. पृ. ७: कुञ्जरविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६–"यो तिम्रा सम्पत्तिहरू दानका फल हुन् कि शीलका फल हुन् कि अथवा नमस्कारको फल हो ? केको फल हो ? यो मेरो प्रश्नको जवाफ देऊ[१] ।"

अनि यस सम्बन्धमा धर्मसंग्राहकहरू भन्दछन्—

"मौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवता खुशी भएर—जुन कर्मको फलद्वारा उसले त्यो सम्पत्ति पाएकी हो सो कुरा बताउँदै यस्तो भनी[२] ।"

१. "दिस्वान गुणसम्पन्नं, झायिं झानरतं सतं ।
अदासिं पुप्फाभिकिण्णं, आसनं दुस्ससन्थतं ।।

२. "उपड्ढं[३] पद्ममालाहं[३], आसनस्स समन्ततो ।
अब्भोकिरिस्सं[४] पत्तेहि[४], पसन्ना सेहि पाणिभि ।।

---

१. "दानस्स ते इदं फलं, अथो सीलस्स वा पन ।
अथो अञ्जलिकम्मस्स, तं मे अक्खाहि पुच्छिता'ति ।।"
विमा. व. पा. पृ. ७: कुञ्जरविमानवत्थु ।

२. विमा. व. पा. पृ. ७: कुञ्जरविमानवत्थु ।

३–३. सिंहल र स्याममा: 'उपड्ढपदुममालाहं'; रोमनमा: 'उप्पड्ढ-पट्टमालहं' ।

४–४. रोमनमा: 'अब्भोकिरिस्समपत्तेहि' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "तस्स कम्मकुसलस्स[1], इदं[2] मे ईदिसं[2] फलं ।
सक्करो गरुकरो च, देवानं अपचिता अहं[3] ॥

४. "यो वे सम्माविमुत्तानं, सन्तानं ब्रह्मचारिनं ।
पसन्नो आसनं दज्जा, एवं नन्दे यथा अहं ॥

५. "तस्मा हि अत्तकामेन, महत्तमभिकङ्खता ।
आसनं दातब्वं होति, सरीरन्तिमधारिनं'ति[3] ।।"

अर्थ—

१–"ध्यानी तथा ध्यानमा रतहुने गुणसम्पन्न पुरुषलाई देखेर—फूलहरू छरिएको आसन र अस्तरण (=वस्त्र) दान दिएँ ।

२–"आधाभाग पद्मफूलका मालाहरू आसनको चारैतिर लगाएँ र आधाभाग पद्मका पातहरू भुइमा छरें अनि प्रसन्नचित्त राखी आफ्नै हातले दान दिएँ ।

३–"सोही कुशलकर्मको फलद्वारा यो यस्तो फल पाएकी हुँ, सोही कुशलकर्मको फलद्वारा देवताहरूको बीचमा मैले यस्तो मानसत्कार पाएकी हुँ ।

---

१. सिहल र रोमनमा: 'कम्मस्सकुसलस्स' ।
२–२. रोमनमा: 'इदम्मे तादिसं'; स्याममा: 'इदं मे तादिसं' ।
३. विमा. व. पा. पृ. ८: कुञ्जरविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४–"जसले सम्यक्‌रूपले विमुक्त भएको तथा शान्त भएको ब्रह्मचारीलाई प्रसन्नतापूर्वक आसन दान दिन्छ– उसले मैले भोगेजस्तै गरी फल भोगी आनन्दसँग बस्न पाउँछ ।

५–"त्यसैले आत्महित चाहनेले मैले जस्तै क्षीणास्रवीलाई महान आकांक्षाराखी आसन दानदिन सक्नुपर्छ ।"

यसरी सो देवपुत्रीले प्रश्नको उत्तर दिएपछि आयुष्मान् महामौद्‌गल्यायनले विस्तारपूर्वक उनीहरूलाई धर्मोपदेश गर्नुभयो र यो उपदेश परिवारसहित उसकोनिमित्त सार्थक भएको थियो । त्यसपछि मनुष्यलोकमा गई वहाँले सबै प्रवृत्ति भगवान्‌लाई सुनाउनु भयो । अनि भगवान्‌ले यसै कारणलाई लिएर उपस्थित परिषद्‌लाई धर्मोपदेश गर्नुभयो[1] ।

---

१. विमा. व. अ. क. पृ. ३१: कुञ्जरविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९. गुत्तिलविमानकथा

एक समय भगवान् बुद्ध राजगृहमा विहार गरिरहनु भएको वेलामा माथि उल्लेख भए अनुसार आयुष्मान् महामौद्गल्यायन देवचारिका गर्दै त्रयस्त्रिंश भवनमा जानुभयो। अनि त्यहाँ दिव्यसम्पत्ति अनुभव गरी छत्तीस विमानहरूमा लहरै बसिरहेका छत्तीसवटी देवपुत्रीहरूलाई देखेर उनीहरूले अघि के के गरेका थिए भन्ने कुराहरू सोध्नुहुँदै क्रमैसँग उनीहरूसँग वहाँले "अभिक्कन्तेन वण्णेन" भन्ने तीन तीन गाथाहरूद्वारा प्रश्न सोध्नुभयो। स्थविरको प्रश्न सुनेर उनीहरूले पनि "वत्थुत्तमदायिका" भन्दै क्रमैसँग उत्तरदिए। त्यसपछि त्यहाँबाट मनुष्यलोकमा आई ती कुराहरू सबै स्थविरले भगवान्लाई सुनाउनु भयो। यी कुराहरू सुनेर भगवान्ले "मौद्गल्यायन ! ती देवताहरूले अहिले तिमीलाई मात्र यसरी जवाफ दिएका होइनन् अघि मलाई पनि त्यस्तैगरी जवाफ दिएका थिए" भनी भन्नुभयो। अनि स्थविरले अघिका कुराहरू सुन्ने इच्छागरी भगवान्सँग प्रार्थना गरेपछि भगवान्ले गुत्तिल चरितका कथा सुनाउनुहुँदै अतीतका कुराहरू भन्नुभयो[१]।

१. विमा. व. अ. क. पृ. ११०: गुत्तिलविमानवण्णना। जातकट्ठकथा I. पृ. ५४५, नं. २४३ मा पनि भगवान्ले देवदत्तको कारणमा गुत्तिल चरित सम्वन्धी कुराहरू वताउनु भएका कुराहरू उल्लेख भएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतीत समयमा वाराणशीमा ब्रह्मदत्त राजाले राज्य गरिरहेको वेलामा बोधिसत्व (=हाल बुद्ध हुने पुरुष) गन्धर्व कुलमा (=गवैया कुलमा) उत्पन्नभई गन्धर्वशिल्पमा पारङ्गत भएका थिए। 'तिम्वरु नारद' झैं सबैं ठाउँमा प्रख्यात भई अग्र गन्धर्वाचार्य भएका थिए। उनको नाम 'गुत्तिल' थियो। विवाह नगरिकनै[1] उनले अन्धा भएका बुढा-बुढी आमा-वाबुहरूको पालन-पोषण गरेका थिए[2]।

त्यस समय वाराणशीका केही ब्यापारीहरू उज्जैन (उज्जेनि) नगरमा गएका थिए। त्यहाँ एक उत्सवमा उनीहरूले आ-आफ्नो इच्छानुसार धेरै फूलमालाहरू, सुगन्धलेपहरू तथा खाद्य-भोज्यहरू एकत्रित पारी क्रीडाकोनिमित्त भेला भए। अनि उनीहरूले वेतन दिएर एक गवैयालाई ल्याउनपर्‍यो भनी—उज्जैनका एक नामी मूसिल भन्ने गवैया (=गन्धब्बो) लाई ल्याई गीत गाउन लगाए। मूसिल गवैया मात्र थिएन, उ वीणावादक पनि थियो। अनि उसले अत्यन्त उत्तम स्वर निकाली वीणा बजायो। तर गुत्तिलको वीणावादन सुनेर अभ्यस्त भएका तिनीहरूकोनिमित्त त्यो उसको वीणावादनको आवाज—मानो सुकुल कोतरेको आवाज जस्तो लाग्दथ्यो। वीणावादन सुनीरहेका तिनीहरूमध्ये एक जनाले पनि केही बोलेनन्। उनीहरूमध्ये कसैले खुशीको भावसम्म पनि प्रकट गरेनन्। उनीहरूमध्ये कुनै पनि खुशी भएको नदेखेपछि "अति उच्चस्वरले बजाएँ होला" भन्ने जस्तो लागेपछि मूसिलले

१. जा. अ. क. I. पृ. ५४५: गुत्तिलजातकं, नं. २४३.

२. विमा. व. अ. क. पृ. ११०: गुत्तिलविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मझ्यौला स्वरले वीणा बजायो। यसमाथि पनि उनीहरू मध्यस्थ नै रहे। अनि उसले ठान्यो कि—शायद यिनीहरूलाई यसबारे केही थाहा रहेनछ। यति सोचेर उसले पनि केही नजानेको जस्तो गरी वीणाको तार जम्मै खुकुलो पारी बजायो। यसमा पनि उनीहरूले केही भनेनन्। अनि मूसिलले उनीहरूसँग सोध्यो—

"हे व्यापारी हो! मेरो वीणावादनमा तपाइहरू सन्तोष हुनु भएको छैन कि क्याहो?"

व्यापारीहरू भन्दछन्—

"हामीहरूले सोचेका थियौं कि तिम्रो वीणावादनद्वारा हामीहरूलाई मुग्ध पार्ने छौ; तर तिमीले कस्तो वीणा बजाएका ह्वौ?"

"के तपाइहरूले मभन्दा सिपालु अरू कुनै गन्धर्वाचार्यलाई चिन्नु भएको छ? अथवा तपाइहरूलाई गन्धर्व सम्बन्धी कुनै ज्ञान नभएकोले असन्तुष्ट हुनुभएको हो कि क्याहो?"

व्यापारीहरू भन्दछन् -

"हे पुरुष! वाराणशीवासी गुत्तिल गन्धर्वाचार्यको वीणाको आवाज सुनिरहेका हामीहरूलाई तिम्रो वीणाको स्वर त मानो कुनै स्त्रीले बालकलाई फकाउनकोनिमित्त बजाएको वीणाको आवाज जस्तै लाग्छ।"

"त्यसोभए तपाइहरूले दिनुभएको यो वेतन फिर्ता लिनुहोस्; मलाई यसको आवश्यकता छैन। बरु वाराणशीमा फर्कने वेलामा तपाइहरूले मलाई पनि साथमा लिएर जानुहोस्" भनी मूसिलले भन्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि उनीहरू वाराणशीमा फर्केर जांदा उसलाई पनि साथमा लगी वाराणशीमा पुगेपछि—"गुत्तिलको घर यही हो" भनी मूसिललाई गुत्तिलको घर देखाई उनीहरू आ-आफ्ना ठाउँमा गए। उ गुत्तिलको घरमा पस्दा उसले त्यहाँ गुत्तिलको वीणा कुण्डयाइराखेको देखेर वीणा लिई बजाउन थाल्यो। अनि त्यसवखत अन्धताको कारणले उसलाई नदेखी—गुत्तिलका आमा-बाबुहरूले—"मूसाले वीणा काट्दैछ क्यारे" भनी भने। यो सुनेर मूसिलले वीणा राखी गुत्तिलका आमा-बाबुहरू-लाई वन्दना गर्‍यो।

"तिमी कोह्रौ? कहाँबाट आएका ह्रौ?" भनी उनीहरूले सोधेपछि उसले—"गुत्तिल आचार्यसँग वीणावादन सिक्नकोनिमित्त म उज्जैनबाट आएकोहुँ" भनी भन्यो। अनि उनीहरूले "हुन्छ" भनी भनेपछि उसले "आचार्य कहाँ हुनुहुन्छ त?" भनी सोधेपछि उनीहरूले "तात! बाहिर गएको छ, आज आउनेछ" भनी जवाफ दिए। उ उहीँ नै बसिरह्यो र गुत्तिल आचार्य आई कुशलवार्ता गरिसकेपछि मूसिलले आफू आएको कारण पनि बतायो[1]।

अङ्गविदया जान्ने भएका हुँदा गुत्तिल आचार्यले उसलाई देख्नेवित्तिकै—"यो पुरुषको विचारधारा विषम छ। यो पुरुष कर्कश, पौरुष तथा अकृतज्ञ हुनेछ" भन्ने कुरा बुझी "यस्तालाई संग्रह गर्नु ठीक छैन" भन्ने विचार गरी उसलाई शिल्पविदया सिकाउने अवकाश दिएनन्। तर मूसिलले उनका आमा-बाबुहरूको उपासना गरी तथा

१. जा. अ. क. I. पृ. ५४५: गुत्तिलजातकं, नं. २४३.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनीहरूलाई रिझाई उनीहरूद्वारा भन्नलगायो। आमा-बाबुहरूको वचन-लाई उल्लङ्घन गर्न नसकेपछि उनले उसलाई शिल्प सिकाउन थाले। दया र अमात्सर्यताको कारणले गर्दा कुनैप्रकारको गुरुमुष्टि नराखी निरवशेषरूपले आफूले जानेकाजति सबै शिल्पविद्या उसलाई उनले सिकाइदिए। मेधावी, पूर्वपरिचित तथा निरालसताको कारणले गर्दा चाँडै नै उसले शिल्पमा पारङ्गत गऱ्यो। अनि एकदिन उसले यस्तो सोच्यो –

"यो वाराणशी नगर जम्बुद्वीपको अग्र नगर हो। अतः राजपरिषद् सहित सबैलाई मैले सीकेको शिल्पविद्या किन नदेखाऊँ ? किन म वाराणशीमै नबसूँ ? यसबाट मेरा आचार्यभन्दा म जम्बुद्वीपमा प्रसिद्ध हुनेछु।"

यति सोचेर उसले आचार्यलाई यस्तो भन्यो—

"आचार्य ! मैले सीकेको शिल्पविद्यालाई राजाको अगाडि देखाउन चाहन्छु। मलाई राजाकहाँ लैजानुहोस्[1]।

"मकहाँ सीकेको शिल्पशास्त्रद्वारा यसले प्रतिष्ठा पाओस्" भन्ने दयाराखी महासत्व गुत्तिलले उसलाई राजाकहाँ लगी "महाराज ! यो मेरो अन्तेवासिक हो। यसले आफ्नो शिल्प महाराजालाई देखाउन

---

१. जा. अ. क. I. पृ. ५४७: गुत्तिलजातकं, नं. २४३ मा चाहिं गुत्तिलले उसलाई अघिदेखि नै राजदरबारमा लगिराखेको कुरा उल्लेख भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाहन्छ । अतः महाराजाले यसको वीणावादनको प्रभाव हेर्नुहोस्" भनी विन्ति गरे ।

"हुन्छ" भनी राजाले उसको वीणावादन सुने । उसको वीणावादनद्वारा खुशी भएका राजाले उसलाई "हे पुरुष ! तिमी राजदरवारमै बस तिम्रा आचार्यले पाएको वेतनको आधा वेतन तिमीलाई दिनेछु" भनी भने । यो सुनेर मूसिलले "महाराज ! म आचार्यभन्दा कम छैन, आचार्यले पाएको जति नै वेतन दिनुहोस्" भनी भनेको सुनी राजाले उसलाई सम्झाउँदै "त्यसो नभन, आचार्य भनेको महान हुन्छ, अतः आधामात्र वेतन तिमीलाई दिनेछु" भनी भन्दा उसले "महाराज ! आचार्य र मेरा शिल्पमा कुनै कमी छैन । अतः आचार्यलाई दिनेजति वेतन पाएमा बस्नेछु अन्यथा बस्ने छैन । चाहनुहुन्छ भने आचार्य र मेरो बीच वीणावादन गराई हेर्नुहोस्" भनी भन्यो । अनि राजाले "आजको सातौं दिनमा गुत्तिल आचार्य र उनको अन्तेवासिक मूसिलको बीच राजदरवारमा परस्पर छलफल र शिल्पप्रदर्शन हुनेछ; नागरिकहरू शिल्पप्रदर्शनी हेर्नकोनिमित्त भेला होऊन्" भनी झ्याली पिटाउन लगाए[1] ।

यो देखेर गुत्तिल आचार्यले "यो मूसिल वलवान् तथा तन्नेरीछ; म दुर्बल तथा बुढो छु । यदि पराजित हुन परेको खण्डमा म त मरेर

१. जा. अ. क. I. पृ. ५४७: गुत्तिलजातकं । विमा. व. अ. क. पृ. १११: गुत्तिलविमानवण्णनामा भने 'प्रदर्शनी हुनेछ' भन्ने कुरा मूसिलले आफैले नागरिकहरूलाई भन्न गएको कुरो उल्लेख भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गएपनि हुन्छ" भन्ने सोचेर "वरु जङ्गलमा गएर कुण्डिएर मर्नेछु" भनी उनी जङ्गलमा गए। किन्तु मृत्युको भयले गर्दा उनी फर्केर आए। फेरि पनि मर्ने विचार गरी उनी जङ्गलमा गए; फेरि पनि उनी फर्केर आए। यसरी ओहरोदोहरो गर्दागर्दै ६ दिन बितेर गयो। उनी हिँडेर गएको ठाउँमा गोरेटो बाटो जस्तै देखिनथाल्यो[१]।

यस्तो वखतमा शक्र देवेन्द्रको आसन तात्न थाल्यो र शक्र देवेन्द्रले "आसन तात्नाको कारण के रहेछ?" भनी विचार गरी हेर्दा – बोधिसत्व आफ्नो शिष्यद्वारा पराजित हुनपर्ला भन्ने डरले जङ्गलमा गई महाकष्टभोग गरिरहेको कुरो देखेर "यस्तो अवस्थामा अवश्य पनि मेरा पूर्वाचार्य हुनुभएका वहाँको शरण भइदिनु पर्छ" भन्ने विचार गरी शक्र देवेन्द्र बोधिसत्वले देख्ने गरी आकाशमा उभिई "आचार्य! अरण्यमा आई तपाइ के गर्दै हुनुहुन्छ?" भनी सोधे। अनि बोधिसत्वले आफ्नो कुरा बताउँदै यसो भने[२]—

"सत्ततन्ति सुमधुरं, रामणेय्यं अवाचयिं।
सो मं रङ्गम्हि अव्हेति, 'सरणं मे होहि कोसिया'ति[३]॥"

---

१. विमा. व. अ. क. पृ. १११: गुत्तिलविमानवण्णना।

२. जा. अ. क. I. पृ. ५४७: गुत्तिलजातकं; विमा. व. अ. क. पृ. १११: गुत्तिलविमानवण्णना।

३. विमा. व. पा. पृ. ४१: गुत्तिलविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

"हे देवराज ! मैले मूसिललाई वीणाको सातवटा तारहरूवाट सात ध्वनी र वाइसवटा स्वर आउने सुमधुर स्वर तथा पचास प्रकारले मुग्ध पार्नसक्ने रमणीय वीणा र गीतका स्वरहरू सिकाइदिएँ; अब ममाथि नै द्वेषभाव राखी उ मलाई रङ्गमञ्चमा आई वीणावादन गरेर देखाऊ भनी भन्दछ; त्यसैले हे कौशिक ! तिमी मेरो शरण भइदेऊ।"

यो कुरा सुनेर शक्र देवेन्द्रले "हे आचार्य ! तपाइ डराउनु पर्दैन म तपाइको शरण भइदिनेछु; म मूसिल जस्तै गुरुद्रोह गर्ने होइन, म गुरुको पूजा तथा सम्मान गर्ने हुँ" भनी भन्दै यसो भने[1]—

"अहं ते सरणं होमि, अहमाचरियपूजको ।
न तं जयिस्सति सिस्सो, सिस्समाचरिय जेस्ससी'ति[2] ।।"

अर्थ—

"म तपाइको शरण भइदिनेछु, म आचार्य पूजक हुँ[3], तपाइलाई शिष्यले जित्न सक्ने छैन, वल्कि आचार्यले नै शिष्यलाई जित्ने छ।"

---

१. विमा. व. अ. क. पृ. ११२: गुत्तिलविमानवण्णना ।

२. विमा. व. पा. पृ. ४१: गुत्तिलविमानवत्थु ।

३. अघिल्लो आत्मभावमा वोधिसत्व वर्तमान शक्र देवेन्द्रको आचार्य रहेका थिए। त्यसैले यहाँ शक्रले 'म आचार्यपूजक हुँ' भनी वताएका हुन् भनी विमा. व. अ. क. पृ. ११२: ले उल्लेख गरेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यति भनेर शक्र देवेन्द्रले अझै अगाडि "म सातौं दिनमा छलफल गरिने मण्डपमा आउने छु। तपाइ विश्वस्तभई विणावादन गर्नुहोस्" भनी आश्वासन दिई शक्र देवेन्द्र फर्केर गए[१]—

सातौं दिनमा राजपरिवारहरू सहित राजा राजसभामा बसे। **गुत्तिल** आचार्य र **मूसिल** पनि आई शिल्प प्रदर्शन गर्नकोनिमित्त तयार भई राजालाई वन्दना गरी आ-आफूलाई प्राप्त आसनमा बसी वीणा-वादन गर्न थाले। **शक्र देवेन्द्र** आई आकाशमा उभिइरहे। यो दृश्य महासत्वले मात्र देख्नसक्दथे। अरूहरूले देख्दैनथे। दुवैको वादचवादन सुनी उपस्थित परिषद्को चित्त एक समान थियो। अनि शक्रले **गुत्तिल** आचार्यलाई वीणाको यौटा तार चुँडाली वीणा बजाउने इसारा दिए। यौटा तार चुँडालेर बजाउँदा पनि वीणाको आवाज त्यत्तिकै सुमधुर थियो। यस्तै प्रकारले दुइवटा, तीनवटा, चारवटा, पाँचवटा छवटा तथा सातैवटा तारहरू चुँडालेर वीणा बजाउन लगाए। तार नभएको वीणाबाट पनि त्यत्तिकै सुमधुर आवाज निस्किन्थ्यो[२]। यस्तो देखेर **मूसिल** पराजित भई टाउको निहुऱ्याई बस्यो हर्षित-प्रहर्षित भई

---

१. त्यसैवखत शक्र देवेन्द्रले वोधिसत्वलाई त्रिपासा पनि दिई सातौं दिनमा के कस्तो गरी वीणा वजाउने हो – त्यो कुरा पनि सिकाई फर्के भन्ने कुरा जा. अ. क. I. पृ. ५४८: गुत्तिलजातकले उल्लेख गरेको छ।

२. गुत्तिल जातक अनुसार यसवखत देव अप्सराहरू आई नाचेका कुरा-हरू पनि जा. अ. क. I. पृ. ५४८ मा उल्लेख भएका पाइन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपस्थित परिषद्ले चेलुक्षेप[1] (=चेलुक्खेप) गरी **गुत्तिलको** जय जयकार गरे। राजाले **मूसिललाई** सभाबाट बाहिर निकाल्न लगाए। यत्तिकैमा महाजनहरूले मूसिललाई जे पायो त्यसैले हिर्काउँदै कुट्दै उसलाई उहीं ठहरै पारिदिए। शक्र पनि महासत्वसँग कुशल क्षेमका कुराकानी गरी फर्केर गए[2]।

अनि देवताहरूले **शक्रसँग** "महाराज! तपाइकहाँ जानु भएको थियो?" भनी सोद्धा **शक्रले** समाचारका कुराहरू सबै सुनाएपछि देवताहरूले "महाराज! हामी पनि **गुत्तिल** आचार्यलाई हेर्न चाहन्छौं" भनी भने। अनि शक्रले "हुन्छ" भनी उत्तरदिई **मातलिलाई** आज्ञादिए—

"मातलि! तिमी वैजयन्तरथ लिएर गई हाम्रा गुत्तिल आचार्य-लाई यहाँ लिएर आऊ, देवताहरू वहाँलाई हेर्न चाहन्छन्।"

उसले त्यस्तै गऱ्यो। त्यसपछि महासत्वसँग कुशलवार्ता गर्दै शक्रले वहाँलाई यस्तो भने—

---

१. चेलुक्षेप (=चेलुक्खेप) भनेको टाउकोमा भएका पगरी अथवा टोपी आदि आकाशतिर फाल्ने भनी भनिएको हो। जस्तै आजकाल फूटवल आदि खेलमा जित्ने पक्षले टोपी आदि माथितिर फाल्दै 'हिप् हिप् हुर्रे' भन्ने आवाजले आकाश गुन्जायमान गर्छ त्यसै गरी उहिले पनि हर्षले गद् गद् हुँदा आफ्नो टाउकोमा भएको पगरी आदि आकाशमा फाल्दथे। यसैलाई 'चेलुक्षेप' भनिएको हो।

२. विमा. व अ. क. पृ. ११२–१३: गुत्तिलविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"आचार्य ! वीणावादन गर्नुहोस् हामी सुन्न चाहन्छौं ।"

"महाराज ! हामी शिल्पकारहरू वेतन विना शिल्प देखाउन्नौं ।"

"आचार्य कस्तो वेतन चाहनुहुन्छ त ?"

"महाराज ! मलाई अरू वेतन चाहिन्न । यी देवपुत्रीहरूले पूर्व-जन्ममा के के पुण्यकर्महरू गरे भन्ने कुराहरू सुनाए पुग्छ । यही नै मेरोनिमित्त वेतन हुनेछ ।"

ती देवपुत्रीहरूले यो कुरा स्वीकार गरे । अनि महासत्वले उनी-हरूले पूर्वजन्ममा गरेका कुशलकर्म सम्बन्धी प्रत्येकसँग आयुष्मान् महामौद्गल्यायनले झैं "अभिक्कन्तेन वण्णेन" भन्ने आदि गाथाहरूद्वारा प्रश्नहरू सोधे । उनीहरू प्रत्येकले पनि "वत्युत्तमदायिका" भन्ने आदि गाथाहरूद्वारा स्थविरलाई जवाफ दिए झैं जवाफ दिए । त्यसैले माथि पृ. ५८ मा "मौद्गल्यायन ! ती देवताहरूले अहिले तिमीलाई मात्र यस्तो जवाफ दिएका होइनन् मलाई पनि अघि उनीहरूले त्यस्तै गरी जवाफ दिएका थिए" भनी भनिएको हो[१] ।

ती देवपुत्रीहरू काश्यप बुद्धको पालामा मनुष्य भई रहँदा त्यस त्यस पुण्यकर्महरू गरी उनीहरू त्रयस्त्रिंश भवनमा शक्र देवेन्द्रका परिचारिकाहरू भई उत्पन्न भएका थिए । उनीहरू प्रत्येक एक एक हजार अप्सराहरूद्वारा परिवृत्त थिए । उनीहरू, लहरै रहेका छत्तीस देवविमान-हरूमा उत्पन्न भएका थिए र उनीहरूले महान दिव्यसम्पत्तिहरूको भोग गर्दथे[२] ।

१. विमा. व. अ. क. पृ. ११३: गुत्तिलविमानवण्णना ।

२. विमा. व. अ. क. पृ. ११३: गुत्तिलविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काश्यप बुद्धको पालामा उनीहरूमध्ये (१) एउटीले उत्तम वस्त्र दानदिएकी थिई, (२) एउटीले सुमन फूलको माला दानदिएकी थिई, (३) एउटीले सुगन्ध दिएकी थिई, (४) एउटीले फलफूलहरू दिएकी थिई, (५) एउटीले उखुको रस दिएकी थिई, (६) एउटीले काश्यप-बुद्धको चैत्यमा पाँच अम्मल सुगन्ध चढाएकी थिई, (७) एउटीले उपोसथव्रत पालन गरेकी थिई, (८) एउटीले समुद्रको किनारमा बसी भोजन गरिरहेका एक भिक्षुलाई पानी दिएकी थिई, (९) एउटीले क्रोधी सासु-ससुराप्रति अक्रोधीनी भई सेवा-टहल गरेकी थिई, (१०) एउटीले दाशी भएर निरालशतापूर्वक काम गरेकी थिई, (११) एउटीले भिक्षाटन् गरिरहेका भिक्षुलाई क्षीर भोजन दिएकी थिई, (१२) एउटीले गुड दिएकी थिई, (१३) एउटीले एक टुक्रा उखु दिएकी थिई, (१४) एउटीले तिम्बरुसक (तिन्दुक) फल दिएकी थिई, (१५) एउटीले काँक्रो दिएकी थिई, (१६) एउटीले एलालु (=काँक्रो विशेष) फल दिएकी थिई (१७) एउटीले खर्बुजा दिएकी थिई, (१८) एउटीले फारुसक भन्ने फल दिएकी थिई, (१९) एउटीले मकल दिएकी थिई, (२०) एउटीले एक मुठा साग दिएकी थिई, (२१) एउटीले एक मुठा फूल दिएकी थिई, (२२) एउटीले एक मुठा औषधीका जराहरू दिएकी थिई, (२३) एउटीले तिम्बरुका एक मुठा पात दिएकी थिई, (२४) एउटीले यागु दिएकी थिई, (२५) एउटीले तीलको पीना दिएकी थिई, (२६) एउटीले कम्मरपेटी दिएकी थिई, (२७) एउटीले काँधमा लगाउने कपडा (=अंशक) दिएकी थिई, (२८) एउटीले पट्का (आयोग पट्टं) दिएकी थिई, (२९) एउटीले चारपाटे पंखा दिएकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"आचार्य ! वीणावादन गर्नुहोस् हामी सुन्न चाहन्छौं ।"

"महाराज ! हामी शिल्पकारहरू वेतन विना शिल्प देखाउन्नौं ।"

"आचार्य कस्तो वेतन चाहनुहुन्छ त ?"

"महाराज ! मलाई अरू वेतन चाहिन्न । यी देवपुत्रीहरूले पूर्वजन्ममा के के पुण्यकर्महरू गरे भन्ने कुराहरू सुनाए पुग्छ । यही नै मेरोनिमित्त वेतन हुनेछ ।"

ती देवपुत्रीहरूले यो कुरा स्वीकार गरे । अनि महासत्वले उनीहरूले पूर्वजन्ममा गरेका कुशलकर्म सम्बन्धी प्रत्येकसँग आयुष्मान् महामौद्गल्यायनले झैं "अभिक्कन्तेन वण्णेन" भन्ने आदि गाथाहरूद्वारा प्रश्नहरू सोधे । उनीहरू प्रत्येकले पनि "वत्थुत्तमदायिका" भन्ने आदि गाथाहरूद्वारा स्थविरलाई जवाफ दिए झैं जवाफ दिए । त्यसैले माथि पृ. ५८ मा "मौद्गल्यायन ! ती देवताहरूले अहिले तिमीलाई मात्र यस्तो जवाफ दिएका होइनन् मलाई पनि अघि उनीहरूले त्यस्तै गरी जवाफ दिएका थिए" भनी भनिएको हो[१] ।

ती देवपुत्रीहरू काश्यप बुद्धको पालामा मनुष्य भई रहँदा त्यस त्यस पुण्यकर्महरू गरी उनीहरू त्रयस्त्रिंश भवनमा शक्र देवेन्द्रका परिचारिकाहरू भई उत्पन्न भएका थिए। उनीहरू प्रत्येक एक एक हजार अप्सराहरूद्वारा परिवृत्त थिए । उनीहरू, लहरै रहेका छत्तीस देवविमानहरूमा उत्पन्न भएका थिए र उनीहरूले महान दिव्यसम्पत्तिहरूको भोग गर्दथे[२] ।

१. विमा. व. अ. क. पृ. ११३: गुत्तिलविमानवण्णना ।

२. विमा. व. अ. क. पृ. ११३: गुत्तिलविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काश्यप बुद्धको पालामा उनीहरूमध्ये (१) एउटीले उत्तम वस्त्र दानदिएकी थिई, (२) एउटीले सुमन फूलको माला दानदिएकी थिई, (३) एउटीले सुगन्ध दिएकी थिई, (४) एउटीले फलफूलहरू दिएकी थिई, (५) एउटीले उखुको रस दिएकी थिई, (६) एउटीले काश्यप-बुद्धको चैत्यमा पाँच अम्मल सुगन्ध चढाएकी थिई, (७) एउटीले उपोसथव्रत पालन गरेकी थिई, (८) एउटीले समुद्रको किनारमा वसी भोजन गरिरहेका एक भिक्षुलाई पानी दिएकी थिई, (९) एउटीले क्रोधी सासु-ससुराप्रति अक्रोधीनी भई सेवा-टहल गरेकी थिई, (१०) एउटीले दाशी भएर निरालशतापूर्वक काम गरेकी थिई, (११) एउटीले भिक्षाटन् गरिरहेका भिक्षुलाई क्षीर भोजन दिएकी थिई, (१२) एउटीले गुड दिएकी थिई, (१३) एउटीले एक टुक्रा उखु दिएकी थिई, (१४) एउटीले तिम्बरुसक (तिन्दुक) फल दिएकी थिई, (१५) एउटीले काँक्रो दिएकी थिई, (१६) एउटीले एलालु (= काँक्रो विशेष) फल दिएकी थिई. (१७) एउटीले खर्बुजा दिएकी थिई, (१८) एउटीले फारुसक भन्ने फल दिएकी थिई, (१९) एउटीले मकुल दिएकी थिई, (२०) एउटीले एक मुठा साग दिएकी थिई, (२१) एउटीले एक मुठा फूल दिएकी थिई, (२२) एउटीले एक मुठा औषधीका जराहरू दिएकी थिई, (२३) एउटीले तिम्बरुका एक मुठा पात दिएकी थिई, (२४) एउटीले यागु दिएकी थिई, (२५) एउटीले तीलको पीना दिएकी थिई, (२६) एउटीले कम्मरपेटी दिएकी थिई, (२७) एउटीले काँधमा लगाउने कपडा (= अंशक) दिएकी थिई, (२८) एउटीले पटुका (आयोग पट्ट) दिएकी थिई, (२९) एउटीले चारपाटे पंखा दिएकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिई, (३०) एउटीले ताडको पंखा दिएकी थिई, (३१) एउटीले मयूरको प्वाँखको पंखा दिएकी थिई, (३२) एउटीले छाता दिएकी थिई, (३३) एउटीले चप्पल दिएकी थिई, (३४) एउटीले रोटी दिएकी थिई, (३५) एउटीले सर्वत दिएकी थिई तथा (३६) एउटीले लड्डु दिएकी थिई[1] ।

शक्र देवेन्द्रका परिचारिका भई उत्पन्न भएका एक एक हजार परिवारहरू भएका ती प्रत्येक छत्तीस देवपुत्रीहरूसँग **गुत्तिल** आचार्यले पनि आयुष्मान् महामौद्गल्यायनले झैं प्रश्नहरू सोध्दै यसो भने[2]—

१. "अभिक्कन्तेन वण्णेन,...[3]

२. "केन तेतादिसो वण्णो,...[3]

३. "पुच्छामि तं देवि महानुभावे,...[3]"

अर्थ—

१–"हे देवते ! सुन्दररूप धारणगरी सबै दिशातिर तेज फैलाउँदै शुक्रतारा झैं तिमी बसोरहेकी छ्यौ ।

२–'कसरी तिम्रो त्यस्तो वर्ण भएको हो ? कसरी तिमीलाई

१. विमा. व. अ. क. पृ. ११३–१४: गुत्तिलविमानवण्णना ।

२. विमा. व. अ. क. पृ. ११४: गुत्तिलविमानवण्णना ।

३. यी गाथाका बाँकी पदहरू माथि पृ ८ र ९ मा उल्लेख भएका गाथाहरूमा लेखे बमोजि दोहर्‍याई पढ्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो सिद्ध भएको हो ? तिमीले मनपराएका भोगसम्पत्तिहरू पनि उत्पन्न भएका देखिन्छन् ।

३–"हे महानुभावसम्पन्नादेवी ! म सोध्दछु कि—मनुष्य छँदा तिमीले के पुण्यकर्म गऱ्यौ ? कसरी तिमी यस्ती तेजिली भयौ ? कसरी तिम्रो शरीरको तेज सबै दिशातिर प्रकाश भएको हो ?"

अनि यसै सम्बन्धमा धर्मसंग्राहकहरू भन्दछन्—

"महामौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवता खुशी भई—जुन कर्मको फलद्वारा उसले त्यो सम्पत्ति पाएकी हो सो कुरा बताउँदै यस्तो भनी[1]—

(१) देवपुत्री भन्दछे—

१. "वत्थुत्तमदायिका नारी, पवरा होति नरेसु नारीसु ।
एवं पियरूपदायिका मनापं, दिब्बं सा लभते उपेच्च ठानं ।।

२. "तस्स मे पस्स विमानं, अच्छरा कामवण्णिनीहमस्मि ।
अच्छरासहस्सस्साहं[2], पवरा पस्स पुञ्ञानं[3] विपाकं ।।

---

१. विमा. व. पा. पृ. ४१: गुत्तिलविमानवत्थु ।

२. स्याममा: 'अच्छरासहस्साहं'; रोमनमा: 'अच्छरासहस्ससाहं' ।

३. रोमनमा: 'पुञ्ञस्स' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "तेन मेतादिसो वण्णो,...[१]

४. "अक्खामि ते भिक्खु महानुभाव,...[१]"

अर्थ—

१–"उत्तम वस्त्र दिने नारी—पुरुष र स्त्रीहरूभन्दा श्रेष्ठ हुन्छे, मनपर्ने तथा सुन्दर वस्त्र दिने नारी यसरी दिव्यलोकमा उत्पन्न हुन्छे।

२–"त्यस्तो उत्तम वस्त्र दिने मेरो विमानलाई हेर, म यहाँ कामवर्णी अप्सराछु, मेरा एकहजार परिचारिका अप्सराहरू पनि छन्; हेर पुण्यको उत्तम विपाक।

३–"त्यसैको प्रभावद्वारा मेरो यस्तो शरीर-वर्ण भएको हो, त्यसैको प्रभावद्वारा यहाँ मेरा इच्छाहरू सिद्ध भएका हुन्, त्यसैको प्रभावद्वारा मलाई मनपरेका वस्तुहरू पनि लाभ भएका हुन्।

४–"हे महानुभावसम्पन्न भिक्षु ! मनुष्यलोकमा छँदा जुन पुण्यकर्म मैले गरेको थिएँ सो वताएँ; त्यसै कर्मको प्रभावद्वारा तेजिलो शरीर भएको हो र त्यसैको प्रभावद्वारा मेरो शरीरको तेज सबै दिशातिर प्रकाश भएको हो।"

यस्तै गरी बाँकी पैंतीस जना देवपुत्रीहरूसँग पनि माथि पृ. ७० को गाथा नं. १, २, ३ मा उल्लेख भए झैं तीन तीनवटा गाथाहरूद्वारा

---

१. यहाँका बाँकी पदहरू माथि पृ. १० मा लेखिएका गा. नं. ३ र ४ मा झैं दोहऱ्याई पढ्नू। विमा. व. पा. पृ. ४१–४२. गुत्तिलविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न सोधिएपछि उनीहरूले पनि क्रमैसँग चार चारवटा गाथाहरूद्वारा उत्तर दिए ।

(२–३६) देवपुत्रीहरू भन्दछन्—

(२) "उत्तम फूलदिने नारी—पुरुष र स्त्रीहरूभन्दा श्रेष्ठ हुन्छे, मनपर्ने तथा सुन्दर फूलदिने नारी यसरी दिव्यलोकमा उत्पन्न हुन्छे[१] ।..."

(३) "उत्तम सुगन्ध दिने नारी - पुरुष र स्त्रीहरूभन्दा श्रेष्ठ हुन्छे, मनपर्ने तथा सुन्दर सुगन्ध दिने नारी यसरी दिव्यलोकमा उत्पन्न हुन्छे[२] ।..."

(४) "उत्तम फल दिने नारी—पुरुष र स्त्रीहरूभन्दा श्रेष्ठ

---

१. "पुप्फुत्तमदायिका नारी, पवराहोति नरेसु नारीसु ।
एवं पियरूपदायिका मनापं, दिब्बं सा लभते उपेच्च ठानं ।"

यो गाथासँग सँगै प्रत्येकमा 'तस्स मे पस्स...' भन्ने तीन तीन गाथाहरू पनि साथमा जोरिने भएको हुँदा माथि पृ. ७१–७२ मा झैं सबै ठाउँमा दोहऱ्याई पढ्नू । विमा. व. पा. पृ. ४२: गुत्तिलविमानवत्थु ।

२. "गन्धुत्तमदायिका नारी, पवरा होति नरेसु नारीसु ।
एवं पियरूपदायिका मनापं, दिब्बं सा लभते उपेच्च ठानं ।।"

विमा. व. पा. पृ. ४३: गुत्तिलविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छे, मनपर्ने तथा सुन्दर फल दिने नारी यसरी दिव्यलोकमा उत्पन्न हुन्छे[१] ।..."

(५) "उत्तम रस दिने नारी—पुरुष र स्त्रीहरूभन्दा श्रेष्ठ हुन्छे, मनपर्ने तथा सुन्दर रस दिने नारी यसरी दिव्यलोकमा उत्पन्न हुन्छे[२] ।..."

(६) "काश्यप भगवान्को स्तूपमा पाँच अम्मल उत्तम सुगन्ध मैले चढाएँ, त्यस्तो चढाउने नारी—पुरुष र स्त्रीहरूभन्दा श्रेष्ठ हुन्छे, मनपर्ने तथा सुन्दर सुगन्ध दिने नारी यसरी दिव्यलोकमा उत्पन्न हुन्छे[३] ।..."

(७) "बाटामा गइरहेका भिक्षु र भिक्षुणीहरूलाई मैले देखें र उनीहरूको उपदेश सुनेर मैले एक उपोसथ-व्रत पालन गरें[४] । त्यसैको प्रभावद्वारा म कामवर्णी अप्सरा भएकी हुँ ।"

---

१. "फलुत्तमदायिका नारी, पवरा होति···।।" विमा. व. पा. पृ. ४३.

२. "रसुत्तम दायिका नारी, पवरा होति···।।" विमा. व. पा. पृ. ४४.

३. "गन्धपञ्चङ्गुलिकं अहमदासि, कस्सप भगवतो थूपम्हि ।
एवं पियरूपदायिका मनापं, दिब्बं सा लभते उपेच्च ठानं ।।"
विमा. व. पा. पृ. ४५: गुत्तिलविमानवत्थु ।

४. "भिक्खू च अहं भिक्खुनियो च, अद्दसासि पन्थपटिपन्नो ।
तेसाहं धम्मं सुत्वान, एकूपोसथं उपवसिस्सं ।।"
विमा. व. पा. पृ. ४५.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८) "पानीमा बसेर प्रसन्नचित्तद्वारा मैले भिक्षुहरूलाई पानी दिएँ। यसरी प्रिय हुने वस्तुदिने नारी दिव्यलोकमा उत्पन्न हुन्छे[१]।"

(९) "मैले क्रोधी, चण्डी तथा परुषभाषिनी सासु-ससुराहरूप्रति अक्रोधिनी तथा आज्ञाकारिनी भई अप्रमादपूर्वक आफ्नो धर्मतानुसार सेवा-टहल गरेकी थिएँ। त्यसैको प्रभावद्वारा म कामवर्णी अप्सरा भएकी हुँ[२]।"

(१०) "अर्थाभावको कारणलेगर्दा म अर्काको घरमा दाशी भएकी थिएँ र अरिसाहालु भई अनभिमानी भई मैले आफ्नो भागबाट दान पनि दिन्थें। अब सो मेरो विमान कस्तोछ हेर ! जहाँ म कामवर्णी अप्सरा भई एक हजार अप्सराहरूद्वारा परिवृत्त भई बसेकी छु[३]।"

१. "उदके ठिता उदकमदासिं, भिक्खुनो चित्तेन विप्पसन्नेन।
एवं पियरूपदायिका मनापं, दिब्बं सा लभते उपेच्च ठानं॥"
विमा. व. पा. पृ. ४५.

२. "सस्सुञ्चाहं ससुरं च, चण्डिके कोधने च फरुसे च।
अनुसूयिका उपट्ठासिं, अप्पमत्ता सकेन सीलेन॥
"तस्सा मे पस्स विमानं,..." विमा. व. पा. पृ. ४६.

३. "परकम्मकारी आसिं, अत्थेनातन्दिता दासी।
अक्कोधनानतिमानिनी, संविभागिनी सकस्स भागस्स॥
"तस्सा मे पस्स विमानं,..." विमा. व. पा. पृ. ४७: गुत्तिल-विमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११) "भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले क्षीर-भोजन दानदिएँ; यसँ कर्मको प्रभावद्वारा सुगतिमा उत्पन्न भई सुखी भएकी छु। अब सो मेरो विमान कस्तो छ हेर ! जहाँ म कामवर्णी अप्सरा भई एक हजार अप्सराहरूद्वारा परिवृत्त भएकी छु[१]।"

(१२) "भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले गुँद दिएकी दिएँ; ...(१३) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले एक टुक्रा उखु दिएकी थिएँ; ...(१४) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले तिम्ब-रुसकफल (तिम्बरुसकं) दिएकी थिएँ; ...(१५) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले काँक्रो (कक्कारिकं) दिएकी थिएँ; ...(१६) भिक्षा-टन् गइरहेका भिक्षुहरूलाई मैले एलालुकफल (काँक्रो विशेष) दिएकी थिएँ; ...(१७) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले खर्बुजो (वल्लिफलं) दिएकी थिएँ; ...(१८) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले फारुसकफल (फारुसकं) दिएकी थिएँ; ... (१९) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले मकल (हत्थप्पतापकं) दिएकी थिएँ; ... (२०) बाटामा गइरहेका भिक्षुहरूलाई मैले पातहरू एक एक मुठा दिएकी थिएँ; ...[२] (२१) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई फूलहरू एक

---

१. "खीरोदनं अहमदासिं, भिक्खुनो पिण्डाय चरन्तस्स।
एवं करित्वा कम्मं, सुगतिं उपपज्ज मोदामि॥
"तस्सा मे पस्स विमानं, ." विमा. व. पा. पृ. ४७: गुत्तिल-विमानवत्थु।

२. विमा. व. पा. ४८: गुत्तिलविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक मुठा दिएकी थिएँ; ... (२२) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले औषधीका जराहरू एक एक मुठा दिएकी थिएँ; . (२३) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले तिम्बरुका पातहरू दिएकी थिएँ; ... (२४) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले अमिलो यागु दिएकी थिएँ; ... (२५) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले लुगा धुने द्रोणी (दोणिनिम्मज्जनिं) दिएकी थिएँ; ..[1] (२६) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले कायबन्धन दिएकी थिएँ; ... (२७) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले अंसवट्टकं (=एकांश भएको लगाउने वस्त्र) दिएकी थिएँ; ... (२८) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले आयोगपट्टं (=पटुका) दिएकी थिएँ; ... (२९) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले चारपाटे पंखा दिएकी थिएँ;[2] ... (३०) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले ताडको पंखा दिएकी थिएँ; ...(३१) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले मयूर प्वाँखको पंखा दिएकी थिएँ; ...(३२) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले छाता दिएकी थिएँ; .. (३३) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले चप्पल दिएकी थिएँ; .. (३४) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले रोटी दिएकी थिएँ; ... (३५) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले सर्वत दिएकी थिएँ; (३६) भिक्षाटन् गइरहेका भिक्षुहरूलाई मैले लड्डु दिएकी थिएँ;[3] ...।"

---

१. विमा. व. पा. पृ. ४९: गुत्तिलविमानवत्थु ।

२. विमा. व. पा. पृ. ५०: गुत्तिलविमानवत्थु ।

३. विमा. व. पा. पृ. ५१: गुत्तिलविमानवत्थ, अ. क. पृ. ११८.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी उनीहरू सबैले आ-आफूले गरेका कर्म सम्बन्धीका कुराहरू बताएपछि—सन्तुष्ट भई उनीहरूसँग सम्मोदनीय कुराकानी गरी आफूले पनि निवृत्त विचार लिई 'कुशलचर्या पूरा गर्नेछु' भन्ने कुरा प्रकट गरी महासत्व गुत्तिल आचार्यले यस्तो भने[१]—

१. "स्वागतं वत मं अज्ज, सुप्पभातं सुहुट्ठितं[२]।
यं अद्दसामि[३] देवतायो, अच्छरा कामवण्णियो ॥

२. "इमासाहं[४] धम्मं सुत्वा[५], काहामि कुसलं बहुं।
दानेन समचरियाय, सञ्ञमेन दमेन च।
स्वाहं[६] तत्थ गमिस्सामि, यत्थ गन्त्वा न सोचरे'ति[७] ॥"

अर्थ—

१—'आज मेरो स्वागत छ, आज मेरो सुप्रभात छ—जो कि आज मैले कामवर्णी देव अप्सराहरूलाई देख्न पाएँ।

---

१. विमा. व. अ. क. पृ. ११७: गुत्तिलविमानवण्णना।
२. सिंहलमा: 'सुवुट्ठितं'।
३. सिंहल स्याम र रोमनमा: 'अद्दसं'।
४. स्याम र रोमनमा: 'तासाहं'।
५. स्याम र रोमनमा: 'सुत्वान'।
६. स्याम र रोमनमा: 'साहं'।
७. विमा. व. पा. पृ. ५१: गुत्तिलविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"यिनीहरूका धर्मका कुराहरू सुनेर म पनि धेरै कुशलकर्म गर्नेछु; म दानदिने छु, म कायसंयम गरी चित्तसंयम पनि गर्नेछु र म त्यस ठाउँमा जानेछु— जहाँ जाँदा शोकहुने छैन ।"

अतः यस **गुत्तिल** कथामा 'वत्थुत्तमदायिका विमान' को कथा समेत गरी जम्मा छत्तीस विमानका कथाहरू संग्रह भएका छन् । आयुष्मान् महामौद्गल्यायनले जस्तै गुत्तिल आचार्यले पनि प्रश्नहरू सोधेका कुराहरू भएका हुँदा यसको नाम नै **'गुत्तिलविमान'** भन्ने रहन गएको हो ।

काश्यप दशवलको पालामा गरेका धर्माचरणहरूको कारणद्वारा ती स्त्रीहरू अपरापरिय-उत्पन्न चेतनाको प्रभावद्वारा द्वितीय आत्मभाव-देखि लिएर एक बुद्धको समयसम्म देवलोकहरूमा नै संचरण गरी हाम्रा बुद्धको पालामा पनि उनीहरू त्रयस्त्रिंश भवनमै उत्पन्न भएका थिए र आयुष्मान् महामौद्गल्यायनले सोधेका प्रश्नहरूको उत्तर पनि **गुत्तिल**को पालामा जस्तै सोही क्रमानुसार उत्तर दिएका थिए भन्ने कुरा पनि बुझ्नुपर्छ[1] ।

---

१. विमा. व. अ. क. पृ. ११९: गुत्तिलविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. गोपालविमानकथा

एक समय भगवान् बुद्ध राजगृहस्थित वेणुवनमा बसिरहनु भएको थियो। त्यस समय राजगृहवासी एक गोपालक विहानको खानाकोनिमित्त एक डल्लो कुल्माष-भात कपडामा पोकोपारी नगरबाट निस्की गाईहरू चराउने ठाउँमा गयो। त्यसवखत आयुष्मान् महामौद्गल्यायनले "यो गोपालक अहिले नै मर्ने छ। म त्यहाँ गएको खण्डमा मलाई त्यो कुल्माष-भात दिने छ र त्यसैको प्रभावद्वारा उ त्रयस्त्रिंश भवनमा उत्पन्न हुनेछ" भन्ने कुरा बुझी स्थविर उसको छेउमा जानुभयो। अनि उसले भोजनको समय भएको देखेर वहाँलाई त्यो कुल्माष-भोजन दिने इच्छा गऱ्यो। तर त्यसै वेलामा मासको खेतभित्र गाईहरू पस्नलागेका थिए। अनि उसले यस्तो सोच्यो—

"मासको खेतभित्र पस्न लागेका गाईहरूलाई नै धपाउन जाऊँ कि स्थविरलाई कुल्माष-भोजन नै दिऊँ, के गरूँ ?"

अनि फेरि उसलाई यस्तो लाग्यो—

"मासको मालिकले चाहे मलाई जेसुकै गरुन्, स्थविर गएको खण्डमा कुल्माष-दान दिन सक्ने छैन। अतः सर्वप्रथम स्थविरलाई कुल्माष भोजन नै चढाउनुपऱ्यो।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यति दृढ निश्चयगरी उसले स्थविरलाई कुल्माषभोजन चढायो। स्थविरले पनि अनुकम्पाराखी कुल्माष-भोजन स्वीकार गर्नुभयो। अनि उ गाईहरू धपाउन राम्ररी बाटामा नहेरी वेगले दौडेर जाँदा उसको खुट्टाले एक सर्पलाई लत्यायो र उसले टोक्यो। उता स्थविरले उ प्रति अनुकम्पाराखी उसले देख्ने गरी एक ठाउँमा बसी कुल्माष-खाना खान थाल्नुभयो। गाईहरू धपाई फर्केर आउँदा स्थविरले कुल्माष-खाना खाइरहनु भएको देखेर गोपालक अत्यन्त प्रफुल्लित भई महत् प्रीति-सौमनस्य अनुभव गरेर बस्यो। त्यसैवखत उसको सबै शरीरमा विष फैलिदै गई एकछिनमै उसको शीरमा समेत वीष पुगी उहीं नै उसको मरण भयो। मृत्युपछि उ त्रयस्त्रिंश भवनमा बाह्रयोजन भएको कनकविमानमा उत्पन्न भयो। देवचारिका गर्दै गएका आयुष्मान् महामौद्गल्यायनले उसलाई देखेर उसँग यस्तो प्रश्न सोध्नु भयो[१]—

१. "दिस्वान देवं पटिपुच्छि भिक्खु,
उच्चे विमानम्हि चिरट्ठितिके[२]।
आमुत्त हत्थाभरणं[३] यसस्सि[३],
दिब्बे विमानम्हि यथा पि चन्दिमा॥

१. विमा. व. अ. क. पृ. २४८: गोपालविमानवण्णना।
२. सिंहलमा: 'चिरट्ठितीके'।
३–३. स्याम र रोमनमा: 'आमुत्तहत्थाभरणो यसस्सी'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. "अलङ्कतो मल्यधरो[1] सुवत्थो[1],
सुकुण्डली कप्पितकेसमस्सु ।
आमुत्तहत्थाभरणो यसस्सी,
दिब्बे विमानम्हि यथा पि चन्दिमा ॥

३. "दिब्बा च वीणा पवदन्ति वग्गुं,
अट्ठट्ठका सिक्खिता साधुरूपा ।
दिब्बा च कञ्ञा तिदसचरा उलारा,
नच्चन्ति गायन्ति पमोदयन्ति ॥

४. "देविद्धिपत्तोसि महानुभावो,
मनुस्सभूतो किमकासि पुञ्ञं ।
केनासि एवं जलितानु भावो,
वण्णो च ते सब्बदिसा पभासती'ति[2] ॥"

अर्थ—

१—"धेरै समयसम्म[3] उच्च विमानमा बस्ने हातमा मोतीका

१—१. सिहलमा: 'मालभारीसुवत्थो' ।

२. विमा. व. पा. पृ. ११२–१३: गोपालविमानवत्थु ।

३. ३ कोटी ६० हजार कल्पसम्म रहने भएको हुनाले 'धेरै समयसम्म' भनी भनिएको हो भनी विमा. व. अ. क. पृ. २५०: गोपालविमानवण्णनाले लेखेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आभरणहरू लगाएको परिवार र यशसम्पत्ति भएको देवविमानमा चन्द्र समान बसिरहेको देवतालाई देखेर भिक्षुले प्रश्न सोधे[1]—

२–"राम्ररी केश काटेको राम्रा वस्त्रहरू र राम्रा फूलमालाहरू लगाएको कुण्डलहरूद्वारा अलंकृत भएको हातमा मोतीका आभरणहरू लगाएको तथा दिव्यविमानमा चन्द्र समान बसेको देवतालाई देखेर भिक्षुले प्रश्न सोधे ।

३–"दिव्य-वीणाको सुमधुर आवाज निस्कीरहेछ, शिक्षिता तथा सुन्दररूप धारिणी देवलोकमा वस्ने चौसट्ठी देवकन्याहरू नाच-गान गरी प्रमुदित भएका छन् ।

४–"हे देव ! तिमी महानुभाव सम्पन्न देव-ऋद्धि प्राप्तछौ; मनुष्य छँदा तिमीले के पुण्यगर्‍यौ ? तिमी किन प्रभावशाली भएका ह्वौ ? तिम्रो शरीरको वर्ण पनि सर्वदिशातिर प्रकाश भएको छ ।"

अनि यसै सम्बन्धमा धर्मसंग्राहकहरू भन्दछन्—

---

१. 'भिक्षुले प्रश्न सोधे' भन्ने यो कुरा भगवान् बुद्धले भन्नु भएको हो भनी विमानवत्थु अट्ठकथाले उल्लेख गरेको छ। (पृ. २५०) आयुष्मान् महामौद्गल्यायन त्रयस्त्रिश भवनबाट फर्केर आइसकेपछि वहाँले जम्मै कुराहरू भगवान्लाई सुनाउनु भएको थियो । अनि भगवान्ले यसै कारणमा उपदेश गर्नुहुँदै यो गाथा भन्नु भएको हो भनी उक्त अट्ठकथाले उल्लेख गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"मौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवता खुशी भई जुन कर्मको फलद्वारा उसले त्यो सम्पत्ति पाएको हो त्यो कुरा बताउँदै यस्तो भन्यो[१] ।"

१. "अहं मनुस्सेसु मनुस्सभूतो,
सङ्गम्म रक्खिस्सं परेसं धेनुयो ।
ततो च आगा समणो ममन्तिके[२],
गावो च मासे अगमंसु खादितुं ॥

२. "द्वयज्ज किच्चं उभयं च कारियं[३],
इच्चेवहं भन्ते तदा विचिन्तयिं[४] ।
ततो च सञ्ञं पटिलद्धयोनिसो,
ददामि[५] भन्ते ति खिपिं अनन्तकं ॥

३. "सो मासखेत्तं तुरितो अवासरिं,
पुरा अयं भुञ्जति[६] यस्सिदं धनं ।

१. विमा. व. पा. पृ. ११३: गोपालविमानवत्थु ।
२. स्याममा: 'ममसन्तिके' ।
३. स्याममा: 'कारिस्सं' ।
४. स्याममा: 'विचिन्तयं' ।
५. स्याममा: 'अदासिं' ।
६. नालन्दा पालिमा: 'भञ्जति' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो च कण्हो उरगो महाविसो,
अडंसि[1] पादे तुरितस्स मे सतो ॥

४. "स्वाहं अट्टोम्हि दुक्खेन पीलितो,
भिक्खु च तं सामं मुञ्चित्वानन्तकं[2]।
अहासि[3] कुम्मासं ममानुकम्पया[4],
ततो चुतो कालकतोम्हि'[5] देवता ॥

५. "तदेव कम्मं कुसलं कतं मया,
सुखं च कम्मं अनुभोमि अत्तना।
तया हि भन्ते अनुकम्पितो भुसं,
कतञ्ञुताय अभिवादयामि तं ॥

६. "सदेवके लोके समारके च,
अञ्ञो मुनि नत्थि तयानुकम्पको।
तया हि भन्ते अनुकम्पितो भुसं,
कतञ्ञुताय अभिवादयामि तं ॥

---

१. सिंहलमा 'अदंसि'।
२. सिंहलमा: 'मुञ्चित्वनन्तकं'।
३. स्याममा: 'अदसि'।
४. स्याममा: 'समकम्पाय'; रोमनमा: 'ममानुकम्पिया'।
५. स्याममा: 'कालमकतोम्हि'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. "इमस्मि लोके परस्मि वा पन,
अञ्ञो मुनि नत्थि तयानुकम्पको।
तया हि भन्ते अनुकम्पितो भुसं,
कतञ्ञुताय अभिवादयामि तं'ति[१] ॥"

अर्थ—

१–"म मनुष्यलोकमा मनुष्य छँदा मैले अर्काका गाईहरू एकत्रित पारी रक्षा गर्दथें, त्यसवखत मकहाँ एक श्रमण आए र त्यसैवखत गाईहरू मास खानकोनिमित्त खेतमा पसे।

२–"भन्ते ! त्यसवखत मैले सोचें कि—आज मैले दुवै काम एकैचोटि गर्नपरेको छ; अनि त्यसवखत ज्ञानपूर्वक विचार गर्दा दान नै पहिले दिनुपर्छ भन्ने मलाई चेतना भयो र मैले भातको पोको दान दिएँ।

३–"त्यसपछि गाईहरूले खेतमालिकको खेतबाट मास खानुभन्दा अगाडि नै म दौडेर खेतमा पुगें; दौडेर गएको मलाई विषालु सर्पले खुट्टामा टोक्यो।

४–"अनि म पीडित थिएँ; भिक्षुले ममाथि अनुकम्पाराखी आफैंले पोको फुकाली कुल्माष-भोजन गर्नुभयो अनि म त्यहाँबाट च्युत-भएर देवलोकमा आएँ।

५–"सोही एक कुशलकर्म मात्र मैले गरेको छु, त्यसैको फलद्वारा यहाँ म सुखानुभव गरिरहेको छु; भन्ते ! तपाइले ममाथि ठूलो अनुकम्पा राख्नुभयो, कृतज्ञतापूर्वक म तपाइलाई अभिवादन गर्दछु।

१. विमा. व. पा. पृ. ११३–१४: गोपालविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६–"देव सहित मारलोकमा मलाई अनुकम्पा राख्ने मुनि तपाइ बाहेक अरू कुनै छैन, तपाइले मलाई ठूलो अनुकम्पा राख्नुभयो अतः कृतज्ञतापूर्वक म तपाइलाई अभिवादन गर्दछु ।

७–"यो लोक र परलोकमा मलाई अनुकम्पा राख्ने मुनि तपाइबाहेक अरू कुनै छैन, तपाइले मलाई ठूलो अनुकम्पा राख्नुभयो अतः म कृतज्ञतापूर्वक तपाइलाई अभिवादन गर्दछु ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. चण्डालीविमानकथा

भगवान् बुद्ध राजगृहमा बसिरहनु भएको वेलामा पूर्व परिचित भए अनुसार एकदिन महाकरुणासमापत्ति ध्यानमा बस्नुभई त्यसबाट उठी लोकमा हेर्नुभएको वेलामा वहाँले त्यसै नगरकी चाण्डालहरू बस्ने ठाउँकी एक चाण्डालनीलाई देख्नुभयो — जो बुढी थिई र उसको आयु पनि सिद्धिसकेको थियो र नरकमा जानसक्ने कर्म पनि उपस्थित भएको थियो। अनि महाकरुणाद्वारा समुत्साहित हुनुभएका बुद्ध भगवान्ले— "यसलाई स्वर्ग पुऱ्याउने काम गर्नलगाई नरकबाट बचाई स्वर्गलोकमा प्रतिष्ठित गराइदिनु पऱ्यो" भन्ने सोची महान भिक्षुसङ्घ साथमा लिई राजगृहमा भिक्षाटनार्थ जानुभयो।

त्यसवखत त्यो चाण्डालनी बुढी लौरोटेकी नगरबाट बाहिर निस्की गइरहेको वेलामा आइरहनु भएको भगवान्लाई देखेर वहाँको अगाडितिर उभिइरही। भगवान् पनि बाटो छेक्ने जस्तोगरी उसको अघिल्तिर उभिइरहनु भयो। अनि आयुष्मान् महामौद्गल्यायनले भगवान्को विचारलाई थाहापाउनु भई तथा त्यो बुढीको आयु पनि क्षीण भएको कुरा बुझ्नुभई भगवान्लाई वन्दना गराउन लगाउन वहाँले उसलाई यस्तो भन्नुभयो[1]—

१. विमा. व. अ. क. पृ. ८३: चण्डालीविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "चण्डालि वन्द पादानि, गोतमस्स यसस्सिनो ।
तमेव[1] अनुकम्पाय, अट्ठासि इसिसत्तमो[2] ॥

२. "अभिप्पसादेहि मनं, अरहन्तम्हि तादिनि[3] ।
खिप्पं[4] पञ्जलिका[4] वन्द, परित्तं तवजीवितं'ति[5] ॥"

अर्थ—

१–"हे चाण्डलनी ! यशश्री सम्पन्न हुनुभएका गौतम बुद्धको चरणकमलमा वन्दना गर, तिम्रै निम्ति अनुकम्पाराखी ऋषिसप्तम हुनुभएका अथवा ऋषिहरूमध्ये उत्तम पुरुष हुनुभएका गौतम बुद्ध उभिइ-रहनु भएको हो ।

२–"सबै क्लेशहरूलाई दूर गरी अरहन्त हुनुभएका तथा इष्टा-निष्टद्वारा अकम्प्य भई निश्चल हुनुभएका बुद्धप्रति चित्त प्रसन्न गर; तुरुन्त फुट्नसक्ने माटाका भाँडा झैं तिम्रो जीवन पनि थोरै छ, अतः चाँडै नै दुइहात जोरी तथागतलाई वन्दना गर ।"

---

१. सिंहलमा: 'तवेव' ।

२. सिंहलमा: 'इसिसुत्तमो' ।

३. स्याममा: 'तादिने' ।

४–४. स्याममा: 'खिप्पमञ्जलिका' ।

५ विमा. व. पा. पृ. २७: चण्डालिविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी स्थविरले दुइगाथाहरूद्वारा भगवान्को गुणलाई संकीर्तन-गरी आफ्नो आनुभावमा वसी त्यसको आयु क्षीण भएको कुरालाई स्पष्टपार्दै स्थविरले उसलाई संवेग पारी, शास्ताको चरणकमलमा वन्दना गर्न लगाउनु भयो। स्थविरको कुरो सुनी विरक्त भई शास्ताप्रति प्रसन्न चित्त राखी पञ्चाङ्ग वन्दना गरी, दुइहात जोरी नमस्कार गर्दै बुद्धप्रतिको प्रीतिद्वारा एकचित्त गरी उ उहीं नै उभिइरही। अनि "स्वर्गलोकमा उत्पन्न हुनकोनिमित्त यसलाई यति नै पर्याप्त छ" भन्ने कुरा बुझ्नु भई भगवान् भिक्षुहरू सहित नगरभित्र पस्नुभयो। त्यसैवेला एक तरुण बाछो दौडेर आई सिङले हानी उसको ज्यान खतम पारिदियो।

यही कुरालाई दर्शाउँदै **संगीतिकारहरू** यस्तो उल्लेख गर्दछन्[१]—

१. "चोदितो भावितत्तेन, सरीरन्तिम धारिना।
चण्डाली वन्दि पादानि, गोतमस्स यसस्सिनो ॥

२. "तमेनं अवधी गावी, चण्डालिं पञ्जलिं ठितं।
नमस्समानं सम्बुद्धं, अन्धकारे पभङ्करं'ति[२] ॥"

अर्थ—

१—"अन्तिम शरीरधारी भावितात्मा हुनुभएका महामौद्गल्यायनको कुरो सुनी—यशश्री सम्पन्न हुनुभएका गौतम बुद्धको चरणकमलमा चाण्डालनीले वन्दना गरी।

१. विमा. व. अ. क. पृ. ८४: चण्डालीविमानवण्णना।
२. विमा. व. पा. पृ. २७: चण्डालिविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"अविद्यादि अन्धकारलाई विनाश गरी ज्ञानालोकद्वारा प्रकाशमान् हुनुभएका सम्यक् सम्बुद्धलाई नमस्कार गरी दुइहात जोरी विन्तिगरी उभिइरहेकी चाण्डालनीलाई त्यसैवखत गाईले हानी मारिदियो ।"

त्यसपछि उ एकहजार अप्सराहरू भएको विमानमा उत्पन्न भई त्यसैदिन विमान सहित **महामौद्गल्यायन** कहाँ गई विमानबाट ओर्ल्हो आयुष्मान् महामौद्गल्यायनलाई उसले वन्दना गरी ।

यसै कुरालाई दर्शाउँदै **संगीतिकारहरूले** यस्तो भनेका छन्[1]—

"खीणासवं विगतरजं अनेजं[2],
एकं अरञ्ञम्हि रहो निसिन्नं ।
देविद्धिपत्ता उपसङ्कमित्वा,
वन्दामि[3]तं वीर महानुभावं[4]'ति[5] ।।"

अर्थ—

"राग नभएको, तृष्णा नभएको क्षीणास्रवी अरण्यमा एक्लै एकान्तमा बसिरहेको देवऋद्धिप्राप्त एक भिक्षुकहाँ गई उसले 'महानुभाव सम्पन्न हुनुभएका तपाइलाई म वन्दना गर्दछु' भनेर भनी ।"

---

१. विमा. व. अ. क. पृ. ८५: चण्डालीविमानवण्णना ।

२. स्याममा: 'अनेञ्जं' ।

३. स्याम र रोमनमा: 'वन्दाम' ।

४. सिहलमा: 'महानुभावा'; रोमनमा र स्याममा: 'महानुभाव' ।

५. विमा. व. पा. पृ. २७: चण्डालिविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि स्थविर भन्दछन्—

"सुवण्णवण्णा जलिता महायसा,
विमानमारुय्ह अनेकचित्ता।
परिवारिता अच्छरासङ्गणेन[१],
का त्वं सुभे देवते वन्दसे मम'ति[२]॥"

अर्थ –

"हे देवते ! सुवर्ण वर्ण भएकी महान परिवारहरूकासाथ ज्वलित भएकी अनेक चित्रले युक्त विमानबाट ओर्ल्हीं अप्सरा परिवारहरू सहित लिई मलाई वन्दना गर्ने सुभगुण भएकी तिमी को्ह्वौ ?"

(देवपुत्री भन्दछे—)

१. "अहं भद्दन्ते चण्डाली, तया वीरेन पेसिता।
वन्दि अरहतो पादे, गोतमस्स यसस्सिनो॥

२. "साहं वन्दित्वा[३] पादानि, चुता चण्डालयोनिया[४]।
विमानं सब्बतो[५] भद्दं, उपपन्नम्हि नन्दने[६]॥

१. सिंहलमा: 'अच्छरानंगनेन'।
२. विमा. व. पा. पृ. २७: चण्डालिविमानवत्थु।
३. स्याममा: 'वन्दिता'; सिंहलमा 'वन्दित्व'।
४. स्याममा: 'चण्डालियोनिया'।
५. स्याम र रोमनमा: 'सब्बसो'।
६. सिंहलमा: 'नन्दनं'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "अच्छरानं सतसहस्सं[१], पुरक्खत्वान तिट्ठति[१] ।
तासाहं पवरा सेट्ठा, वण्णेन यससायुना ॥

४. "पहूत कतकल्याणा, सम्पज्जाना पटिस्सता[२] ।
मुनिं कारुणिकं लोके, तं भन्ते वन्दितुमागता'ति[३] ॥

अर्थ—

१—"हे भद्न्ते ! तपाइले पठाएकी म चाण्डालनीले यशश्री सम्पन्न हुनुभएका अरहत् गौतमको चरणकमलमा वन्दना गरें ।

२—"वहांको पाउमा वन्दना गरी त्यस चाण्डाल योनिबाट च्युत भई सर्वप्रकारले राम्रो भएको नन्दन वनको विमानमा म उत्पन्न भएँ ।

३—"शतसहस्र अप्सराहरूका अगाडि म बस्दछु वर्ण र यशद्वारा म उनीहरूभन्दा श्रेष्ठोत्तम छु ।

४—"मैले गरेको कल्याणकर्म स्यानो भए तापनि क्षेत्रको प्रभावद्वारा मेरो कल्याणकर्म महान नै छ, अतः स्मृति र प्रज्ञाले युक्त हुनुभएका करुणावान् मुनिलाई वन्दना गर्नकोनिमित्त म यहाँ आएकी हुँ ।"

१—१. स्याममाः 'सहस्सानि पुरक्खित्वा मं तिट्ठन्ति'; रोमनमाः 'सहस्सानि पुरक्खत्वा मं तिट्ठन्ति' ।

२. सिंहल र स्याममाः 'पतिस्सता' ।

३. विमा. व. पा. पृ. २८: चण्डालिविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"इदं वत्वान चण्डाली, कतञ्ञू कतवेदिनी ।
वन्दित्वा अरहतो पादे, तत्थेवन्तरधायथा'ति[१] ।।"

अर्थ –

'यति भनेर कृतज्ञ तथा कृतवेदी भएकी चाण्डालनीले अरहत्‌को चरणकमलमा वन्दना गरी उहीं अन्तर्धान भएर गईं ।"

त्यसपछि आयुष्मान् महामौद्गल्यायनले यो प्रवृत्ति भगवान्‌लाई सुनाउनु भयो । भगवान्‌ले यसै कुरालाई लिएर उपस्थित परिषद्‌लाई धर्मोपदेश गर्नुभयो र उपदेश महाजनहरूकोनिमित्त सार्थक भएको थियो[२] ।

---

१. विमा. व. पा. पृ. २८: चण्डालिविमानवत्थु ।

२. विमा. व. अ. क. पृ. ८६: चण्डालीविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१२. चूलरथविमानकथा

भगवान् परिनिर्वाण भइसकेपछि धातुविभाजन गरी त्यस त्यस ठाउँमा शास्ताका धातुहरू स्थापना गरिसकेपछि, सङ्गायनाकोनिमित्त महाकाश्यप प्रमुख श्रावकहरूको छनोट पनि भइसकेपछि, वर्षावास गर्ने समय नआउञ्जेलसम्म विनयन गर्नसक्ने पुरुषहरूको अपेक्षामा आ-आफ्नो परिषद् साथमा लिई स्थविरहरू त्यस त्यस ठाउँमा बसिरहेका वेलामा—आयुष्मान् महाकात्यायन प्रत्यन्त-प्रदेशको[1] एक अरण्यायतनमा

---

१. प्रत्यन्त-प्रदेश भनेको—मध्य-प्रदेशबाट पर रहेका देशहरूलाई प्रत्यन्त-प्रदेश भनिएको हो। भगवान् बुद्धको पालामा निम्नप्रकार मध्य-प्रदेश र प्रत्यन्त-प्रदेशहरूको सीमाना छुट्याइएका छन्। जस्तै —

(१) पूर्वदिशातिर कजङ्गल भन्ने निगम र त्यसपछि महाशाल गाउँ छ—यस गाउँदेखि उतातिरलाई प्रत्यन्त-प्रदेश र यतातिरलाई मध्य-प्रदेश भनिन्छ; (२) पूर्व-दक्षिण दिशातिर सललवती भन्ने नदी छ—त्यसको उतातिरदेखिलाई प्रत्यन्त-प्रदेश र यतातिरलाई मध्य-प्रदेश भनिन्छ; (३) दक्षिणदिशातिर सेत-कण्णिक भन्ने निगम छ—त्यसको उतातिरलाई प्रत्यन्त-प्रदेश र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बसिरहनु भएको थियो[1] ।

त्यस समय **अश्वक**[2] (अस्सक) देशको **पोतलि** नगरमा **अश्वक राजाले** राज्य गरिरहेका थिए । उनकी जेठी महारानीको पुत्र **सुजात** भन्ने राजकुमार सोह्रवर्ष भएको वेलामा राजाकी कान्छी महारानीको कारणमा उनलाई देशवाट निकाला गरीदिएको हुनाले जङ्गलमा गई सो राजकुमार वनचरहरूको आश्रयलिई वसेका थिए ।

यतातिरलाई मध्य-प्रदेश भनिन्छ; (४) पश्चीमदिशातिर थूण भन्ने ब्राह्मण गाउँछ— त्यसको उतातिरलाई प्रत्यन्त-प्रदेश र यतातिरलाई मध्य-प्रदेश भनिन्छ; (५) उत्तरदिशातिर उशीरध्वज (उसीरद्धज) भन्ने पर्वत छ – त्यसको उतातिरलाई प्रत्यन्त-प्रदेश र यतातिरलाई मध्य-प्रदेश भनिन्छ । महा. व. पा. पृ. २१६: चम्मक्खन्धकं, पञ्चमं, महाकच्चानस्सपञ्चवरपरिदस्सना–१३; अं. अ. क. I. पृ. ५५: एककनिपातवण्णना; जा. अ. क. I. पृ. ४२: अविदूरेनिदान ।

माथि उल्लिखित कजङ्गल भन्ने आदि ठाउँहरू वर्तमान समयमा कुन कुन ठाउँमा पर्छन् अथवा कहाँ कहाँ पर्दछन् भन्ने कुराहरूको विवरण भरतसिंह उपाध्यायले आफ्नो बु. भा. भू. पृ. ७३ देखि ८७ सम्म उल्लेख गरेका छन् ।

१. विमा. व. अ. क. पृ. २०८: चूलरथविमानवण्णना ।

२. अश्वक भन्ने देश आजकल कहाँपर्छ भन्ने कुरा बु. ब्र. पृ. ३४६ को पादटिप्पणीमा उल्लेख गरिसकेको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काश्यप बुद्धको शासनमा उनी प्रव्रजित भई शीलमा प्रतिष्ठित भई पृथक्जन भावमै मरण भई त्रयस्त्रिंश भवनमा उत्पन्न भई आयु छउञ्जेलसम्म त्यहाँ वसी त्यसपछि सुगतिमै यताउता संचरण गर्दागर्दै हालको बुद्ध उत्पन्न भएपछि अभिसम्बुद्ध भएको एकतीसौं वर्षमा अश्वक देशमा अश्वक राजाकी अग्रमहिषीको कोखमा जन्मेका थिए। उनको नाम सुजात थियो। धेरै परिवारहरूका साथ उनको अभिवृद्धि भएको थियो। उनकी आमाको मृत्यु भएपछि राजाले अर्की राजकन्यालाई अग्रमहिषीत्वको स्थानमा राखे। पछि उनले पनि एक पुत्र जन्माइन्। उनको पुत्रलाई देखेर राजा अति प्रसन्न भई उनलाई "भद्रे! तिमीले चाहेको वरदान लेऊ" भनी राजाले वरदान दिए। सुजात राजकुमार सोह्र वर्षको उमेरमा पुगेपछि वरदान पाएकी उनले राजालाई यस्तो भनिन्—

"महाराज! तपाइले मेरो पुत्रलाई देखेर प्रसन्न भई मलाई वरदान दिनुभएको थियो। अब मलाई त्यो वरदान दिनुहोस्।"

"देवी! लेऊ।"

"महाराज! मेरो छोरालाई राज्य दिनुहोस्।"

"वसली! तिम्रो नाशहोस्! मेरो जेठो देवकुमार जस्तै पुत्र सुजात राजकुमार छँदाछँदै राज्य माग्ने तिमी को ह्वौ? म दिन-सक्दिन।"

यो सुनेर बार बार वलगर्दा पनि राजाले प्रतिक्षेप गरेपछि एकदिन उनले राजालाई यस्तो भनिन्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"महाराज ! यदि तपाइ सत्यमा बस्नुहुन्छ भने मलाई सोही नै वरदान दिनुहोस् ।"

यो कुरा सुनी "मैले यिनलाई वरदान दिएको हुँ; यी रानी भने राज्य नै माग्छिन्" भन्दै पश्चात्ताप गरी सुजात राजकुमारलाई बोलाउन पठाई यो कुरा सुनाउँदै राजाले आँखावाट आँसु वघाउन थाले । कुमारले आफ्नो बाबुले शोक गरेको बुझी मन बेखुश गरी आँसु बघाई "म अर्कै ठाउँमा जानेछु" भनी राजासँग अनुमति मागे ।

यो कुरा सुनेर राजाले "तिमीलाई म अर्कै नगर बनाइदिनेछु तिमी त्यहाँ बस" भनी भन्दा पनि राजकुमार नमानेपछि "त्यसोभए तिमीलाई मेरा साथीहरूकहाँ पठाउनेछु" भन्दा पनि राजकुमार मानेनन् । बरू उनले "महाराज ! म त केवल जङ्गलमा जान चाहन्छु" भनी भने ।

यति कुरा सुनेपछि राजाले उनलाई आलिङ्गन तथा शीरमा चुम्बन गरी "म मरेपछि यहाँ आई राज्यमा बस्नू" भनी राजकुमारलाई जाने अनुमति दिए । अनि उनी अरण्यमा गई वनचरहरूको आश्रयमा बसी एकदिन शिकारकोनिमित्त गए ।

काश्यप बुद्धको पालामा श्रमण भई बस्दाका एक हितैषी साथी—जो अहिले एक देवपुत्र भएको छ – हितैषी भावना राखी मृगभेष धारण गरी उनलाई प्रलोभन देखाई क्रमैसँग उसले उनलाई आयुष्मान् महाकात्यायनको समिपमा पुऱ्याई आफू चाहिं उहीं अन्तर्धान भएर गयो । उनी पनि मृगलाई लखेट्दा लखेट्दै स्थविर बसेको ठाउँमा पुगेपछि उनले मृगलाई देखेनन् र पर्णशालामा बसिरहनु भएका स्थविरलाई देखेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनूष टेकेर उनी उहीं उभिइरहे । अनि उनलाई देखेर उनका शुरुदेखिका कुराहरू थाहापाउनु भई—उनमाथि अनुग्रह गर्नकोनिमित्त केही नजानेको जस्तो गरी स्थविरले उनीसँग यस्तो सोध्नु भयो—

"दल्हधम्मा[1] निसारस्स, धनुं ओलुब्भ तिट्ठसि ।
खत्तियो नुसि राजञ्ञो, अदु[2] लुद्दो वनेचरो[2]'ति[3] ।।"

अर्थ—

"बलियो तथा विशिष्ट सारवृक्षको धनूष टेकी उभिइरहने तिमी क्षत्रीह्वौ वा राजाह्वौ अथवा ब्याधाह्वौ ? तिमी को ह्वौ ?"

अनि उनले आफ्नो परिचर्यादिदै यस्तो भने—

१. "अस्सकाधिपतिस्साहं, भन्ते पुत्तो वनेचरो ।
नामं मे भिक्खुते ब्रूमि, सुजातो इति मं विदू[4] ।।

२. "मिगे गवेसमानोहं, ओगाहन्तो ब्रहावनं ।
मिगं तं[5] चेव[5] नादक्खिं, तं च दिस्वाठितो अहं'ति[6] ।।"

---

१. स्याम र रोमनमा: 'दल्हधम्म' ।

२–२. स्याममा: 'आदू लुद्धो वनाचरो'; सिंहलमा: 'आदु'; रोमनमा: 'आदु लुद्धो वनाचरो' ।

३. विमा. व. पा. पृ. ९१: चूलरथविमानवत्थु ।

४. सिंहलमा: 'विदु' ।

५–५. स्याम र रोमनमा: 'गन्त्वेव' ।

६. विमा. व. पा. पृ. ९१: चूलरथविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

१–"भन्ते ! म अश्वक राजाधिपतिको पुत्र वनचर हुं; म तपाइलाई मेरो नाम बताउँछु—मलाई 'सुजात' भनी सबैले चिन्दछन् ।

२–"बँदेल र मृगहरू खोज्दै म घोरजङ्गलमा पसी घुमिरहेको हुँ; वधगर्ने मृगलाई नदेखी तपाइलाई देखेर म यहाँ उभिई रहेकोहुँ ।"

यति कुरा सुनेर उनीसँग कुशलवार्ता गर्दै स्थविरले यसो भन्नुभयो—

१. "स्वागतं ते महापुञ्ञ, अथो ते अदुरागतं[1] ।
एत्तो[2] उदकमादाय, पादे पक्खालयस्सु ते ।।

२. "इदं पि पानीयं[3] सीतं, आभतं गिरिगब्भरा ।
राजपुत्त ततो पित्वा[4], सन्थतस्मि उपविसा'ति[5] ।।"

अर्थ—

१–"हे भाग्यमानी ! टाढाबाट आएका तिमोलाई स्वागत छ, यसबाट पानी लिई तिम्रा खुट्टाहरू पखाल ।

---

१. स्याममाः 'अदूरागतं' ।

२. स्याममाः 'इतो' ।

३. स्याम र रोमनमाः 'पानियं' ।

४. सिहलमाः 'पीत्वा' ।

५. विमा व. पा. पृ. ९१: चूलरथविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"हे राजपुत्र ! पहाडबाट ल्याइएको यो चीसो पानी पिऊ, पानी पिएर बछ्याइराखेको त्रिणमा बस ।"

स्थविरद्वारा गरिएको स्वागतलाई स्वीकार्दै राजकुमार यसो भन्दछन् —

१. "कल्याणी वत ते वाचा, सवनीया महामुनि ।
नेला अत्थवती[1] वग्गु, मन्त्वा[2] अत्थं च भाससि[3] ।।

२. "का ते रति वने विहरतो, इसिनिसभ वदेहि पुट्ठो ।
तव वचनपथं निसामयित्वा, अत्थधम्मपदं समाचरेमसे'ति[4] ।।"

अर्थ—

१–"हे महामुने ! जुन अर्थयुक्त वचनलाई तपाइले राम्ररी सोचेर भन्नुभयो—त्यो दोषरहित तपाइको वचन अतिराम्रो तथा श्रवणीय छ; यो तपाइको वचन अर्थसहित तथा सुमधुर पनि छ ।

२–"हे श्रेष्ट ऋषि ! वनमा वस्नाको तपाइको के इच्छा अथवा के अभिप्राय हो भनी म सोध्न चाहन्छु, कृपया यसको उत्तर दिनुहोस्; तपाइको वचन सुनेर इहलोक र परलोकमा हितहुने शील सदाचार धर्म मैले पालन गर्नेछु ।"

---

१. सिंहलमाः 'चत्थवती' ।

२. स्याम र रोमनमाः 'मन्त' ।

३. सिंहलमाः 'भाससे' ।

४. विमा. व. पा. पृ. ९१–९२: चूलरथविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि स्थविरले आफ्नो प्रतिपद्को सम्बन्धमा कुरा प्रकाश पार्नुहुँदै यस्तो भन्नुभयो—

१. "अहिंसा सब्बपाणीनं, कुमारम्हाक रुच्चति ।
थेय्या च अतिचारा च, मज्जपाना च आरति ।।

२. "आरति समचरिया च, बाहुसच्चं कतञ्ञुता ।
दिट्ठेव धम्मे पासंसा, धम्मा एते पसंसिया'ति[१] ।।

अर्थ—

१–"हे कुमार ! कुनै प्राणीलाई पनि हिंसा नगर्ने, चोरी नगर्ने, व्यभिचार नगर्ने, झूटो नबोल्ने तथा मद्यपानबाट दूर रहने – यही हामी रूचाउँछौं ।

२–"उपरोक्त हिंसादि खराब कामलाई त्याग्नु, अहिंसादि असल कामहरूको अभ्यास गर्नु, बहुश्रुत बन्नु तथा कृतज्ञ बन्नु—यी गुण-धर्महरूलाई यसै जन्ममा प्रशंसा गरिन्छ र यी धर्महरू प्रशंसनीय पनि छन् ।"

यसरी उनलाई स्थविरले अनुकूल हुने गरी सम्यक् प्रतिपद्का कुराहरू बताई अनागतांश ज्ञानद्वारा उनको आयुसंस्कार पाँचमहीनाभित्रै सिद्धिने कुरा बुझ्नु भई उनलाई संवेग गराउनकोनिमित्त ती कुशलधर्म-

१. विमा. व. पा. पृ. ९२: चूलरथविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूमा बलियो गरी राख्ने विचार गरी स्थविरले यो गाथा भन्नुभयो[१]—

"सन्तिके मरणं तुय्हं, ओरं मासेहि पञ्चहि ।
राजपुत्त विजानाहि, अत्तानं परिमोचया'ति[२] ॥"

अर्थ –

"हे राजपुत्र ! पांच महीनाभित्रै तिम्रो मृत्यु हुने छ, त्यसोहुनाले यस कुरालाई बुझेर आफूलाई दुर्गतिबाट बचाउनकोनिमित्त ध्यानदेऊ ।"

अनि आफ्नो विमुक्तिको उपाय सोध्दै राजकुमारले यस्तो भने—

"कतमं स्वाहं जनपदंगन्त्वा, किं कम्मं किं च[३] पोरिसं ।
काय वा पन विज्जाय, भवेय्यं अजरामरो'ति[४] ॥"

अर्थ –

"कुन जनपदमा गई के काम गरेर कस्तो पुरुषार्थ गरेर अथवा कुन प्रकारको विद्या सिकेर म अजरामर हुन सकूँला ?"

अनि स्थविरले उनलाई धर्मोपदेश गर्दै यस्तो भन्नुभयो—

१. विमा. व. अ. क. पृ. २११: चूलरथविमानवण्णना ।
२. विमा. व. पा. पृ. ९२: चूलरथविमानवत्थु ।
३. स्याममा: 'किंचि'; रोमनमा: 'किञ्चि' ।
४. विमा. व. पा. पृ. ९२: चूलरथविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "न विज्जति सो पदेसो, कम्मंविज्जा च पोरिसं ।
यत्थ गन्त्वा भवे मच्चो, राजपुत्ताजरामरो ।।

२. "महद्धना महाभोगा, रट्ठवन्तो पि खत्तिया ।
पहूतधनधञ्ञासे, ते[1] पि नो[1] अजरामरा ।।

३. "यदि ते सुता अन्धवेण्डुपुत्ता[2],
सूरा वीरा विक्कन्त पहारिनो ।
ते पि आयुक्खयंपत्ता, विद्धस्ता सस्सतीसमा ।।

४. "खत्तिया ब्राह्मणा वेस्सा, सुद्दा चण्डालपुक्कुसा ।
एते चञ्ञे च जातिया, ते पि नो अजरामरा ।।

५. "ये मन्तं परिवत्तेन्ति[3], छलङ्गं ब्रह्मचिन्तितं ।
एते चञ्ञे च विज्जाय, ते पि नो अजरामरा ।।

६. "इसयो चा पि ये सन्ता, सञ्ञतत्ता तपस्सिनो ।
सरीरं ते पि कालेन, विजहन्ति तपस्सिनो ।।

१–१. स्याम र सिहलमाः 'न तेपि'; रोमनमाः 'न ते पि' ।
२. सिहलमाः 'अन्धकवेण्हुपुत्ता'; स्याममाः 'अन्धवेण्डपुत्ता'; रोमनमाः 'अन्धकवेण्हपुत्ता' ।
३. स्याममाः 'परिवत्तन्ति' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. "भावितत्ता पि अरहन्तो, कतकिच्चा अनासवा ।
निक्खिपन्ति इमं देहं पुञ्ञपापपरिक्खया'ति[१] ।।"

अर्थ—

१–"हे राजपुत्र ! त्यस्तो कुनै प्रदेश छैन, त्यस्तो कुनै विद्या पनि छैन, त्यस्तो कुनै पुरुषार्थी पनि छैन—जो जहाँ गएर अजरामर हुन सकोस् ।

२–"महाधनवान्, महाभोगवान् तथा प्रसस्त धनधान्य भएका राष्ट्राधिपति हुने क्षेत्रीहरू पनि अजरामर हुन सक्दैनन् ।

३–"यदि तिमीले सुनेका छौ भने—नबिर्नें प्रहार गर्ने ती शूरवीर धनुषधारी शाश्वत समान भई बसेका अन्धवेण्हु पुत्रहरूको[२] पनि आयुक्षय भएर नै गयो ।

१. विमा. व. पा. पृ. ९२: चूलरथविमानवत्थु ।

२. 'अन्धकवेण्हुपुत्रहरू' भनेका ती नै दशजना दाजुभाइहरूलाई भनिएको हो जो उत्तरमधुरावासी उपसागरकी देवगर्भाको तरफबाट जन्मेका थिए । यिनीहरू जन्मिदा नन्दगोपा भन्ने दाशीकी छोरीहरूसँग साटफेर गरेका थिए । पछि गएर यी दश दाजुभाइहरूले कंसवंशलाई सखाप पारेका थिए । यिनीहरूलाई नै 'अन्धकवेण्हुदाशपुत्र' वा 'अन्धकवेण्हुपुत्रहरू' भनिएको हो । यी दश दाजुभाइहरूका नामहरू लेखकको बु. प्रे. क. पृ. १ मा उल्लेख भएका छन् र विस्तृत कथा जा. अ. क. IV. पृ. १०३: घतजातक, नं. ४५४ मा छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४–"क्षत्री, ब्राह्मण, वैश्य, शूद्र तथा चाण्डालपुक्कुसादि जातिका मानिसहरू तथा अरू पनि जातिका मानिसहरू अजरामर भएका छैनन् ।

५–"जसले ब्रह्मचिन्तित षडङ्ग मन्त्रहरू उच्चारण गर्छन् तथा जो अरू पनि विद्याहरू जान्दछन्—तिनीहरू पनि अजरामर छैनन् ।

६–"जो ऋषिहरू तथा सन्तहरू हुन्, जो संयत हुने तपस्वीहरू हुन्—उनीहरूले पनि यथासमयमै शरीर छाड्छन् नै ।

७–"भावितात्म भएका अरहन्तहरू तथा कृतकृत्य भई अनास्रवी हुनेहरूले पनि पापपुण्य क्षय गरी यो देहलाई छाड्छन् नै ।"

त्यसपछि राजकुमारले आफूले गर्ने कर्तव्य सम्बन्धी कुरा प्रकाश पार्दै यस्तो भन्दछन्—

"सुभासिता अत्थवती, गाथायो ते महामुनि ।
निज्झत्तोम्हि सुभट्ठेन, त्वं च मे सरणं भवा'ति[१] ।।"

अर्थ—

"हे महामुनि ! तपाइले भन्नुभएका गाथाहरू सुभाषित र अर्थवान् छन्; तपाइको सुभाषितद्वारा म सचेत भएँ र अब तपाइनै मेरो शरण भइदिनुहोस् ।"

उनलाई अर्ति दिदैं स्थविर यसो भन्नुहुन्छ—

१. विमा. वं. पा. पृ. ९३: चूलरथविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"मा मं त्वं सरणं गच्छ, तमेव सरणं वज।
सक्यपुत्तं महावीरं, यमहं सरणं गतो'ति[1] ।।"

अर्थ—

'तिमी मेरो शरणमा नजाऊ, उही महावीर शाक्यपुत्रको शरणमा जाऊ—जसको शरणमा म गएको छु।"

राजकुमार भन्दछन् -

"कतरस्मिं सो जनपदे, सत्था तुम्हाक मारिस।
अहं पि दट्ठुं गच्छिस्सं, जिनं अप्पटिपुग्गलं'ति[2] ।।"

अर्थ—

"मारिष ! तपाइका शास्ता कुन जनपदमा बस्नुभएको छ ? वहाँ अप्रतिपुद्गल जिनलाई म पनि हेर्न जान्छु।"

स्थविर भन्नुहुन्छ—

"पुरत्थिमस्मिं जनपदे, ओक्काककुलसम्भवो।
तत्थासि[3] पुरिसाजञ्ञो, सो च खो परिनिब्बुतो'ति[4] ।।"

---

१. विमा. व. पा. पृ. ९३: चूलरथविमानवत्थु।

२. विमा. व. पा. पृ. ९३: चूलरथविमानवत्थु।

३. स्याम र रोमनमा: 'गच्छे'।

४. विमा. व. पा. पृ. ९३: चूलरथविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

"पूर्वतिरको जनपदमा ओक्काक कुलमा वहाँको जन्म भएको थियो र वहाँ अद्वितीय महापुरुष उहीं हुनुहुन्थ्यो तर अहिले वहाँ परिनिर्वाण भइसक्नु भयो ।"

राजकुमार भन्दछन्—

१. "सचे हि बुद्धो तिट्ठेय्य, सत्था तुम्हाक मारिस ।
योजनानि सहस्सानि, गच्छेय्यं[1] पयिरुपासितुं ।।

२. "यतो च खो परिनिब्बुतो, सत्था तुम्हाक मारिस ।
निब्बुतं[2] पि[2] महावीरं, गच्छामि सरणं अहं ।।

३. "उपेमि सरणं बुद्धं, धम्मञ्चापि अनुत्तरं ।
सङ्घं च नरदेवस्स, गच्छामि सरणं अहं ।।

४. "पाणातिपाता विरमामि खिप्पं,
लोके अदिन्नं परिवज्जयामि ।
अमज्जपो नो च मुसा भणामि,
सकेन दारेन च होमि तुट्ठो'ति[3] ।।"

---

१. स्याम र रोमनमाः 'गच्छे' ।
२–२. स्याम र रोमनमाः 'परिनिब्बुतं' ।
३. विमा. व. पा. पृ. ९३ः चूलरथविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

१–"हे मारिष ! यदि तपाइका शास्ता हुनुभएका बुद्ध भगवान् रहिरहनु भएको भए—वहाँको उपासना गर्नकोनिमित्त म एकहजार योजन टाढा भएपनि जाने थिएँ ।

२–"हे मारिष ! जब कि अब तपाइका शास्ता परिनिर्वाण भइसक्नु भएको छ—तैपनि म परिनिर्वाण भइसकेको महावीरको शरणमा जानेछु ।

३–"म बुद्धको शरणमा जान्छु, अनुत्तर धर्मको शरणमा पनि जान्छु तथा देवमनुष्यहरूमध्ये उत्तम भएको सङ्घको शरणमा पनि जान्छु ।

४–"प्राणी हिंसालाई तुरुन्तै छाड्नेछु, चोरी कामलाई त्याग्नेछु, मद्यपान र मृषावाद गर्ने छैन तथा स्वदार सन्तुष्ट भई म बस्नेछु ।"

यसरी शरणमा र शीलमा प्रतिष्ठित भएका राजकुमारलाई स्थविरले यसोभन्नुयो—

"हे राजकुमार ! यस जङ्गलमा बसेर काम छैन । चिरकाल नबित्दै पाँच महीनाभित्रै तिम्रो मृत्यु हुनेछ । त्यसैले आफ्नो पिताकहाँ गई दान दिएर शीलपालन गरेको खण्डमा तिमी स्वर्गपरायण हुनसक्ने छौ ।"

यति भनेर आफूमा भएका बुद्धका शरीरधातुहरू दिएर राजकुमारलाई पठाउनु भयो[१] ।

१. विमा. व. अ. क. पृ. २१४: चलरथविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"भन्ते ! म तपाइको वचन सुनेर यहाँबाट मेरा बाबुकहाँ जानेछु । मेरोप्रति अनुकम्पाराख्नु भई तपाइ पनि त्यहाँ पाल्नुहोस्" भनी प्रार्थना गर्दा वहाँले स्वीकारेको कुरो बुझी स्थविरलाई प्रदक्षिणा गरी आफ्नो नगरमा फर्की उद्यानमा गई आफू आएको खबर राजालाई सूचित गरे। यो समाचार सुनेर राजा अति प्रसन्न भई सपरिवार उद्यानमा गई राजकुमारलाई आलिङ्गन गरी अन्तःपुरमा लगी उनलाई अभिषिक्त गर्ने इच्छा गरे[१] ।

यो कुरा बुझी राजकुमारले—"देव ! मेरो आयु थोरै छ। अब चार महीनापछि मेरो मरण हुनेछ। अतः मलाई यो राज्यको आवश्यक छैन। बरु म तपाइको आश्रयमा बसी पुण्यकर्म मात्र गर्न चाहन्छु" भनी आफ्नो इच्छा व्यक्तगरी स्थविरका गुणहरू र त्रिरत्नका प्रभाव सम्बन्धी कुराहरू सुनाए। यो सुनेर राजा अति विरक्त भई त्रिरत्न प्रति र स्थविर प्रति प्रसन्न भई एक भव्य विहार बनाउन लगाई महाकात्यायन स्थविरकहाँ दूत पठाए। स्थविर पनि राजा र महाजन-हरूलाई संग्रह गर्ने हेतुले त्यहाँबाट आउनु भयो। स्थविर आइरहनु भएको देखेर टाढैदेखि राजाले सपरिवार गई स्थविरको स्वागत गरी वहाँलाई विहार प्रवेश गराई चतुप्रत्ययद्वारा अत्यन्त भक्तिपूर्वक उपस्थान गरी राजा त्रिशरणमा र शीलमा पनि प्रतिष्ठित भए। राजकुमार पनि शील समादान गरी स्थविर र भिक्षुहरूलाई दानहरू दिई धर्मश्रवण गर्दागर्दै चार महीनापछि मरण भई त्रयस्त्रिंश भवनमा उत्पन्न भए।

---

१. विमा. व. अ. क. पृ. २१४: चूलरथविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनको पुण्यको प्रभावद्वारा सप्तरत्नहरू जडित सात योजन प्रमाणको रथ-विनान उत्पन्न भयो। अनेक सहस्र अप्सराहरू परिवार भएका थिए। राजाले राजकुमारको शरीरलाई अन्तिम सम्मान गरी भिक्षुसङ्घलाई महादान दिई चैत्यको पनि पूजागरे। त्यहाँ महाजनहरू पनि भेला भए। स्थविर पनि सपरिवार त्यहाँ जानुभयो। अनि आफूले अघि गरेको कुशल कर्मको अवलोकन गरी कृतज्ञताको कारणले गर्दा "स्थविरकहाँ गई स्थविरलाई वन्दना गर्नेछु र बुद्ध शासनको गुणको बयान पनि सुनाउनेछु" भन्ने विचार गरी महान परिवारहरूको साथ दिव्यरथमा बसी सबैले देख्नेगरी आई, रथबाट ओर्ल्हीं स्थविरको चरण कमलमा वन्दना गरी पितासँग पनि कुशलवार्ता गरी स्थविरको उपासना गरी दुइहात जोरी विन्तिगरी सो देवपुत्र एक छेउमा उभिइरहे। अनि स्थविरले यी गाथाहरूद्वारा उनीसँग प्रश्न सोध्नुभयो[1]—

१. "सहस्सरंसीव यथा महप्पभो,
दिसं यथा भाति नभे अनुक्कमं।
तथापकारो[2] तवायं[2] महारथो,
समन्ततो योजनसत्तमायतो[3] ॥

---

१. विमा. व. अ. क. पृ. २१४–१५: चूलरथविमानवण्णना।

२–२. सिहल र रोमनमा: 'तथप्पकारो तवयं'; स्याममा: तथप्पकारो...'।

३. विमा. व. पा. पृ. ९३: चूलरथविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. "सुवण्णपट्टेहि समन्तमोत्थटो[1],
उरस्स मुत्ताहि मणीहि चित्तितो ।
लेखा सुवण्णस्स च रूपियस्स च,
सोभते[2] वेलुरियमया सुनिम्मिता ॥

३. "सीसञ्चिदं वेलुरियस्स निम्मितं,
युगञ्चिदं लोहितकाय चित्तितं ।
युत्ता सुवण्णस्स च रूपियस्स च,
सोभति अस्सा च[3] इमे[3] मनोजा ॥

४. "सो तिट्ठसि हेमरथे अधिट्ठितो,
देवानमिन्दो व सहस्सवाहनो ।
पुच्छामि ताहं यसवन्त कोविदं,
कथं तया लद्धो अयं उलारो'ति[4] ॥"

अर्थ—

१–"जस्तै सूर्यको महाप्रभाद्वारा आकाशमा क्रमानुसार प्रभा फैलिइन्छ त्यस्तै चारैतिरबाट सात सात योजन भएको तिम्रोरथ छ ।

---

१. स्याम र रोमनमा: 'समन्तमोनटो' ।
२. स्याम र रोमनमा: 'सोभन्ति' ।
३–३. स्याममा: 'चि मे'; सिंहलमा: 'च मे'; रोमनमा: 'पि चिमे' ।
४. विमा. व. पा. पृ. ९३–९४: चूलरथविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"सर्वत्र सुवर्णका पाताहरूले मोडिएका छन्, रथको धूरमा मणीहरूले चित्रित पारिएका छन्, सून, चाँदीका रेखाहरू लगाइएका छन्, यो सुनिर्मित वैंदूर्यमय तिम्रो रथ खूब सुन्दर छ।

३–"रथको शीर्ष पनि वैंदूर्यमय छ, रथको जुवा रक्तमणीहरूद्वारा चित्रित छन्, सून, चाँदीका डोरीहरूले बाँधिएका छन्, चित्तवेगले जानसक्ने घोडाहरू पनि राम्रै छन्।

४–"सहस्र वाहनहरू भएका रथमा बस्ने देवेन्द्र भैं सबै ठाउँमा प्रभुत्व जमाई तिमी यो सुवर्णमय रथमा बसेका छौ; बुद्धिमानी भएका तिमीसँग म सोध्दछु कि—कसरी तिमीले यस्तो रथ पायौ ?"

स्थविरको प्रश्न सुनी देवपुत्रले यस्तो जवाफ दिए—

१. "सुजातो नामहं भन्ते, राजपुत्तो पुरे अहुं।
त्वं[१] च मं अनुकम्पाय, सञ्ञमस्मि निवेसयि ॥

२. "खीणायुकं च मं ञत्वा, सरीरं पादासि सत्थुनो।
इमं सुजात पूजेहि, तं ते अत्थाय होहिति[२] ॥

३. "ताहं गन्धेहि मालेहि, पूजयित्वा समुय्युतो[३]।
पहाय मानुसं देहं, उपपन्नोम्हि नन्दनं[४] ॥

---

१. स्याम र रोमनमा: 'तं'।
२. स्याममा: 'होहीति'।
३. स्याममा: 'समुय्युको'।
४. स्याम र रोमनमा: 'नन्दने'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. "नन्दने[1] च वने[1] रम्मे, नानादिजगणायुते ।
रमामि नच्चगीतेहि, अच्छराहि पुरक्खतो'ति[2] ॥"

अर्थ –

१–"भन्ते ! अघि म सुजात भन्ने राजपुत्र थिएँ, तपाइले अनुकम्पा राखी मलाई संयमको बाटोमा राख्नुभयो ।

२–"मेरो आयु क्षीण भएको कुरा बुझ्नुभई तपाइले 'सुजात ! यसलाई पूजा गर त्यो तिम्रोनिमित्त सुखावह हुनेछ' भनी मलाई शास्ताको शरीर धातु दिनु भएको थियो ।

३–"तपाइले भन्नुभए बमोजिं मैले सो धातुलाई सुगन्धित मालाहरूद्वारा पूजा गरें र मनुष्यदेह छाडी अहिले म नन्दन वनमा उत्पन्न भएको छु ।

४–"अनेक चराचुरुङ्गीहरू भएको रमणीय नन्दन वनमा अनेक अप्सराहरूको नाच-गानको अगाडि म यहाँ रमण गर्दैछु ।"

यसरी स्थविरले सोधेका कुराहरूको उत्तर दिई—स्थविरलाई वन्दना गरी प्रदक्षिणा गरी पितासँग पनि सोधी देवपुत्र रथमा चढी देवलोकमै फर्केर गए । त्यसपछि यस घटनालाई लिएर स्थविरले

१–१. सिहलमा: 'नन्दनोपवने'; स्याममा: 'नन्दने पवरे'; रोमनमा: 'नन्दने पवने' ।

२. विमा. व. पा. पृ. ९४: चूलरथविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपस्थित परिषद्लाई विस्तारपूर्वक धर्मोपदेश गर्नुभयो । यो उपदेश महाजनहरूकोनिमित्त सार्थक भएको थियो । यसपछि—आफूले भनेका कुराहरू र देवपुत्रले भनेका कुराहरू सबै यथार्थरूपमा सङ्गीति भएको वेलामा स्थविरले धर्मसंग्राहकहरूलाई सुनाउनु भयो । वहाँहरूले पनि यस कुरालाई संग्रह गर्नुभयो[१] ।

---

१. विमा. व. अ. क. पृ. २१७: चूलरथविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३. छत्तमाणवकविमानकथा

एक समय भगवान् श्रावस्तीको जेतवनमा विहारगर्दै हुनुहुन्थ्यो । त्यस समय सेतब्यमा[1] (कोशल राज्य अन्तर्गतको एक नगर) एक ब्राह्मणले दुःखपूर्वक पाएको एक पुत्रको नाम छत्त (=छत्र) ब्राह्मण माणवक थियो । वँश पुगेपछि उसको वावुले उसलाई उक्कट्ठाको[2] पोक्खरसाति (=पुष्करसाती) ब्राह्मणकहाँ अध्ययनगर्नकोनिमित्त पठायो । मेधावीता र निरालसताको कारणले गर्दा चाँडै नै उसले मन्त्रविद्या र ब्राह्मणशिल्पमा पारङ्गत गऱ्यो । अनि उसले आचार्यलाई अभिवादन गरी "मैले तपाइकहाँ शिल्प सिकें; यसवारेमा मैले के गुरुदक्षिणा चढाऊँ ?" भनी भन्यो ।

आचार्यले—"गुरुदक्षिणा भनेको शिष्यहरूको वैभव अनुसार हुन्छ; तिमीले चाहिं एकहजार कार्षापण ल्याऊ" भनी भने ।

---

१. 'सेतब्य' भन्ने नगर कहाँनिर पर्छ भन्ने कुरा लेखकको बु. ब्रा. पृ. १३८, १४० र बु. रा. पृ. १४९ मा उल्लेख भएका छन् ।

२. 'उक्कट्ठा' भन्ने नगर कहाँपर्छ भन्ने कुरा लेखकको बु. ब्रा. पृ. १३८, १४०, १८१, १८५ र बु. रा. पृ. १४८ मा उल्लेख भएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यति कुरा सुनी आचार्यलाई वन्दनागरी सेतब्यमा गई आमा-बाबुहरूलाई वन्दनागरी उनीहरूले अभिनन्दन गरी कुशलवार्ता गरिसके पछि छत्तमाणवकले उसका पितालाई उपरोक्त कुरा सुनाई "मलाई दातव्य वस्तुहरू दिनुहोस्, आजै गएर गुरुदक्षिणा दिएर आउने छु" भनी भन्यो। अनि उसलाई उसका आमा-बाबुहरूले "पुत्र ! आज अबेर भइसक्यो, भोलि जाउला" भनी कार्षापण झिकी पोकोपार्न लगाई राखे। चोरहरूले यो कुराको चालपाई "माणवकलाई मारेर सो कार्षापण लिने छौं" भन्ने विचार गरी छत्तमाणवक जाने बाटोको जङ्गलको एक झाडीमा उनीहरू लुकेर बसे।

त्यसवखत भगवान् प्रत्यूष समयमा महाकरुणासमापत्तिबाट उठी लोकमा हेरिरहनु भएको वेलामा वहाँले छत्त (=छत्र) माणवक शरणमा गई शीलमा प्रतिष्ठित हुने कुरो, चोरहरूले मारेपछि उ स्वर्ग-लोकमा उत्पन्न हुने कुरो तथा विमान सहित मनुष्यलोकमा आउँदा त्यहाँ एकत्रित भएका परिषद्को धर्माभिसमय हुने कुरा समेत ध्यानदृष्टि-द्वारा देखनु भई—पहिले नै आफू माणवक जाने बाटामा गई एक रूखमनि वस्नुभयो।

माणवक पनि आचार्यलाई दिने धनको पोको लिई सेतब्यबाट उक्कट्ठातिर लागी गइरहेको वेलामा बीच बाटामा भगवान् बुद्धलाई बसिरहनु भएको देखेर भगवान् छेउ गई उ उभिइरह्यो। अनि भगवान्ले उसँग—"तिमी कहाँ जाँदैछौ ?" भनी सोध्नु भएपछि माणवकले—"भो गौतम ! मेरा आचार्य पोक्खरसाति (=पुष्करसाती) लाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुदक्षिणा दिनकोलागि म उक्कट्ठामा जाँदैछु" भनी भन्यो ! त्यसपछि भगवान्ले—"माणव ! के तिमीले त्रिशरण र पञ्चशील भनेको जान्दछौ ?" भनी सोध्नु हुँदा उसले—"जान्दिन; केलाई त्रिशरण भन्दछन् र केलाई पञ्चशील भन्दछन् ? कसरी त्रिशरण हुन्छ र कसरी पञ्चशील हुन्छ ?" भनी सोधेपछि भगवान्ले—"यस्तो यस्तो हो" भनी भन्नुभई त्रिशरण र पञ्चशील समादानको सम्बन्धमा कारणहरू प्रष्टपारी "हे माणव ! त्रिशरणका कुरा सिक" भनी त्रिशरण जाने विधिका कुराहरू पनि बताउनु भयो । अनि माणवकले पनि—"भगवान् ! हुन्छ मैले सिक्नेछु, भन्नुहोस्" भनी याचना गरेपछि उसको चित्ताचार अनुसार गाथाबद्धद्वारा शरणागमन विधिलाई दर्शाउनु हुँदै भगवान्ले निम्न तीन गाथाहरू भन्नुभयो[1]—

१. "यो[2] वदतं पवरो मनुजेसु,
सक्यमुनि भगवा कतकिच्चो ।
पारगतो वलविरियसमङ्गी,
तं सुगतं सरणत्थमुपेहि ॥

२. "रागविरागमनेजमसोकं,
धम्ममसङ्खतमप्पटिकूलं ।
मधुरमिमं पगुणं सुविभत्तं,
धम्ममिमं सरणत्थमुपेहि ॥

---

१. विमा. व. अ. क. पृ. १८३–८४: छत्तमाणवकविमानवण्णना ।
२. नालन्दापालिमा: 'ये' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "यत्थ च दिन्नमहप्फलमाहु
चतूसु सुचीसु पुरिसयुगेसु।
अट्ठ च पुग्गलधम्मदसा[1] ते,
सङ्घमिमं सरणत्थमुपेहि[2] ॥"

अर्थ—

१–"जसले उत्तम कुरा भन्दछन्, जो महापुरुषहरूमध्येमा श्रेष्ठ पुरुष हुन्, जो कृतकृत्य र पारपुगिसकेका छन्, जो वलवीर्य सम्पन्न तथा सुन्दर स्थानमा पुगिसकेका छन्—ती शाक्यमुनि भगवान् बुद्धको शरणमा जाऊ।

२–"राग रहित, तृष्णा रहित, शोक रहित, असंस्कृत (=कुनै पनि कारणहरूद्वारा नबनिएको) तथा अप्रतिकूल र सुमधुर भएको तथा निपुण र सुविभक्त भएको धर्मको शरणमा जाऊ।

३–"जहाँ दानदिंदा महत्फल हुन्छ र जो विशुद्ध भएका चारजोर पुद्गलहरू अथवा आठजना पुद्गलहरू हुन् तथा जसले धर्मलाई देखिसकेका छन्—ती सङ्घको शरणमा जाऊ।"

यसरी भगवान्ले शरणजाने तरिका बताउनु भएपछि छत्तमाणवकले पनि सोही अनुसार बुद्ध, धर्म तथा सङ्घको शरणजाने वचन प्रकट गर्दै यसो भन्यो—

१. स्याममा: 'पुग्गलधम्मद्दसा'।
२. विमा. व. पा. पृ. ८०–८१: छत्तमाणवकविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "यो वदतं पवरो मनुजेसु,
सक्यमुनि भगवा कतकिच्चो ।
पारगतो बलविरियसमङ्गी,
तं सुगतं सरणत्थमुपेमि ।।

२. "रागविरागमनेजमसोकं,
धम्ममसङ्खतमप्पटिकूलं ।
मधुरमिमं पगुणं सुविभत्तं,
धम्ममिमं सरणत्थमुपेमि ।।

३. "यत्थ च दिन्नमहप्फलमाहु,
चतूसु सुचीसु पुरिसयुगेसु ।
अट्ठ च पुग्गलधम्मदसा ते,
सङ्घमिमं सरणत्थमुपेमि ।।"

अर्थ –

१–"जसले उत्तम कुरा भन्दछन्, जो महापुरुषहरूमध्येमा श्रेष्ठ पुरुष हुन्, जो कृतकृत्य र पारपुगिसकेका छन्, जो बलवीर्य सम्पन्न तथा सुन्दर स्थानमा पुगिसकेका छन्—ती शाक्यमुनि भगवान् बुद्धको शरणमा जानेछु ।

२–"राग रहित, तृष्णा रहित, शोक रहित, असंस्कृत तथा अप्रतिकूल र सुमधुर भएको तथा निपुण र सुविभक्त भएको धर्मको शरणमा जानेछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३–"जहाँ दानदिँदा महत्फल हुन्छ र जो विशुद्ध भएका चारजोर पुद्गलहरू अथवा आठजना पुद्गलहरू हुन् तथा जसले धर्मलाई देखिसकेका छन्—ती सङ्घको शरणमा जानेछु[१] ।"

यसरी भगवान्ले बताउनु भएका गाथाहरू आफूले पनि भनेर उभिइरहेको छत्तमाणवकलाई पञ्चशीलको फलानिसंसका बारेमा पनि प्रकाश पार्नुभई त्यसको समादान गर्ने विधिका कुराहरू पनि बताउनु भयो । उसले पनि त्यसलाई भगवान्ले बताउनु भए अनुसार प्रसन्नचित्तले समादान गरी "भन्ते ! अब म जानेछु" भनी त्रिरत्नका गुणहरू अनुस्मरण गर्दै उ बाटो लागेर गयो ।

"स्वर्गलोकमा उत्पन्न हुनकोनिमित्त यसलाई यति नै पर्याप्त छ" भन्ने सोच्नुभई भगवान् बुद्ध पनि जेतवनमा फर्कनु भयो[२] ।

उता त्रिरत्नको गुणानुस्मरण गर्दै चित्त प्रसन्न भएको माणवकको चित्तमा "त्रिशरणको शरणमा गएँ" भन्ने चेतनाको हेतुद्वारा उत्पन्न प्रसन्नचित्तको साथसाथै उसको चित्त शीलमा पनि प्रतिष्ठित भएको थियो र यसरी उ त्रिरत्नकै अनुस्मरण गर्दै बाटोलागि रहेको वेलामा उसलाई चोरहरूले भेट्टाए । तर चोरहरूको वास्तै नराखी त्रिरत्नकै गुणानुस्मरण गर्दै उ गयो । अनि चोरहरूमध्ये झाडीमा लुकिरहेको एक चोरले वीष चोपी राखेको वाँणले हानी उसलाई उहीं ठहरै पारिदियो । अनि धनको पोको लिई उ आफ्ना साथीहरूसँगै फर्क्यो । मरणभई

१. विमा. व. अ. क. पृ. १८६: छत्तमाणवकविमानवण्णना ।

२. विमा. व. अ. क. पृ. १८७: छत्तमाणवकविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माणवक नीदबाट विउझेको जस्तै गरी—तीस योजन प्रमाणको कनक-विमानमा एकहजार अप्सराहरूले परिवृत्त भई, साठी गाडाहरूमा अटाउने आभरणहरूले प्रतिमण्डित भई—त्रयस्त्रिंश भवनमा उत्पन्न भयो। उसको विमानको तेज वीस योजनभन्दा पनि टाढासम्म फैलिइन्थ्यो। वाटामा मरेको माणवकलाई देखेर सेतव्यवासीहरू सेतव्यमा गई उसका आमा-वावुहरूलाई र उक्कट्ठा जानेहरूले उक्कट्ठा-गई पुष्करसाती ब्राह्मणलाई समाचार सुनाए। यो समाचार सुनेर उसका आमा-वावुहरू ज्ञातिबन्धुहरूका साथमा र पुष्करसाती ब्राह्मण उसका परिवारहरू साथमा लिई विरह गर्दै त्यहाँ गए। धेरैजसो सेतव्य, उक्कट्ठा तथा इच्छानङ्गलका[1] मानिसहरू पनि त्यहाँ भेलाभए। त्यहाँ एक ठूलो समागम भयो। अनि माणवकका आमा-वावुहरूले बाटोको एक छेउमा चिता बनाई उसको शरीरलाई अन्तिम संस्कार गर्नथाले[2]।

त्यतिखेरै भगवान्ले यस्तो सोच्नुभयो—

"म त्यहाँ गएको खण्डमा मलाई वन्दना गर्नकोनिमित्त छत्त-माणवक आउने छ। उ आएपछि उसले गरेका कर्मसम्वन्धीका कुराहरू बताउन लगाई प्रत्यक्षरूपले कर्मफलका कुराहरू देखाई धर्मोपदेश गर्नेछु। यसद्वारा महाजनहरूकोनिमित्त धर्माभिसमय लाभ हुनेछ।"

---

१. 'इच्छानङ्गल' भन्ने उक्कट्ठा नगरको वाहिरको एक गाउँ हो। हेर लेखकको बु. ब्रा. पृ. २८२; सुत्त. नि. अ. क. पृ. ३७९: वासेट्ठ-सुत्तवण्णना; पपं. सू. III. पृ. २९६: वासेट्ठसुत्तवण्णना।

२. विमा. व. अ. क. पृ. १८७: छत्तमाणवकविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यति सोच्नु भई विशाल भिक्षुसङ्घका साथ भगवान् त्यस ठाउँमा पुग्नुभई छवर्ण बुद्धरश्मीहरू[1] फैलाई एक रुखमनि बस्नुभयो। अनि आफ्नो श्रीसम्पत्ति देखेर छत्तमाणवकले पनि प्रत्यवेक्षणा गर्दा— "बुद्धको शरणमा गएको र पञ्चशीलमा प्रतिष्ठित भएको आदि कारणले गर्दा—यस्तो श्रीसम्पत्ति पाइएको हो" भन्ने कुरा थाहापाई आश्चर्यित भई भगवान्प्रति उत्पन्न भएको ठूलो गौरव र भक्तिको कारणले गर्दा— 'अहिले नै गएर भगवान्लाई र भिक्षुसङ्घलाई वन्दना गर्नेछु र त्रिरत्नका गुणवखानहरू पनि महाजनहरूलाई प्रकट गर्नेछु" भन्ने लागेपछि कृतज्ञताको कारणद्वारा त्यो अरण्यप्रदेश जम्मै आलोकित पारी विमान तथा विशाल परिवारहरू सहित देख्नेगरी विमानमा आई विमानबाट ओर्ल्हीं भगवान् छेउ गई वहाँको श्रीचरणमा शीरले ढोगी अभिवादन गरी दुइहात जोरी विन्तिगरी छत्तमाणवक देवपुत्र एक छेउमा उभिइरह्यो। यो देखेर –"को रहेछ यो –जो दुइहातजोरी उभिइरहेछ ? देव हो कि अथवा ब्रह्मा हो ?" भन्ने आश्चर्य लागेपछि सबै मानिसहरू बुद्धछेउ गएर वहाँलाई परिवृत्त गरी बसे। अनि त्यसवखत छत्तमाणवक देवपुत्रद्वारा उसले अघि गरेका पुण्यकर्म सम्बन्धका कुराहरू प्रकट गराउने विचार गरी उसँग प्रश्नसोध्दै भगवान्ले यस्तो भन्नुभयो[2] —

---

१. छवर्ण बुद्ध रश्मी भनेका कस्ता हुन् भन्ने कुरा लेखकको बु. श्रा–१. पृ. ३५ को पाददटिप्पणीमा उल्लेख भएको छ।

२. विमा. व. अ. क. पृ. १८७–८८: छत्तमाणवकविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "न तथा तपति नभे[१] सुरियो[२],
चन्दो च न भासति न फुस्सो।
यथा अतुलमिदं महप्पभासं,
को नु त्वं तिदिवा महि[३] उपागमा[३]॥

२. "छिन्दन्ति[४] रंसी[५] पभङ्करस्स[५],
साधिकवीसतियोजनानि[६] आभा।
रत्ति[७] पि[७] तथा दिवं करोति,
परिसुद्धं विमलं सुभं विमानं॥

३. "वहुपदुमविचित्रपुण्डरीकं[८],
वोकिण्णं कुसुमेहि नेकचितं[९]।

---

१. स्याम, रोमन र सिंहलमा: 'नभस्मि'।
२. वर्मीमा: 'सूरियो'।
३–३. स्याम र रोमनमा: 'महिमुपागमि'।
४. सिंहल, स्याम र रोमनमा: 'छिन्दति च'।
५–५. स्याममा: 'रंसिपभाकरस्स'; सिंहलमा: 'रंसिपभङ्करस्स'; रोमनमा: 'रंसि पभंकरस्स'।
६. सिंहलमा: 'साधिक वीसतियोजनानि'।
७–७. सिंहलमा, स्याममा: 'रत्तिम्पि च'; रोमनमा: 'रत्तिम्पि चे'।
८. स्याममा: 'वहूपदुम…'; सिंहलमा: '…विचित्त'।
९. स्याम र रोमनमा: 'नेकविचित्तं'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरजविरजहेमजालछन्नं[१],
आकासे तपति यथा पि सुरियो[२] ॥

४. "रत्तम्बरपीतवससाहि[३],
अगरुपियङ्गु चन्दनुस्सदाहि[४] ।
कञ्चनतनुसन्निभत्तचाहि,
परिपूरं गगनं व तारकाहि ॥

५. "नरनारियो बहुकेत्थनेकवण्णा,
कुसुमविभूसिताभरणेत्थ सुमना ।
अनिलपमुञ्चिता पवन्ति सुरभि[५],
तपनियवितता[६] सुवण्णछन्ना[६] ॥

---

१. सिंहल र स्याममा: '…जालच्छन्नं' ।

२. बर्मिमा: 'सरियो' ।

३. सिंहल र रोमनमा: '…वाससाहि'; स्याममा: 'रत्तकम्बलपीत-वाससाही' ।

४. स्याममा र रोमनमा: 'अगलूपियङ्गुकचन्दनुस्सदाहि' ।

५. स्याम र रोमनमा: 'सुरभिं' ।

६–६. सिंहलमा: 'तपनीयवितता सुवच्छादना'; स्याम र रोमनमा: 'तपनीयचित्तता सुवण्णछदना' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. "किस्स संयमस्स[1] अयं विपाको,
केनासि कम्मफलेनिधूपपन्नो ।
यथा च ते अधिगतमिदं विमानं,
तदनुपदं[2] अवचासि[2] इङ्घ पुट्ठो'ति[3] ॥"

अर्थ –

१–"जस्तो अनुपम तथा महाप्रभा तिम्रो फैलिइरहेछ त्यस्तो तेज आकाशमा सूर्य, चन्द्र तथा पुष्य ताराको पनि छैन; देवलोकबाट मनुष्यलोकमा आउने तिमी कोह्वौ ?

२–"वीस योजनभन्दा पनि बढी सूर्यको रश्मीलाई तिम्रो प्रकाशले ढाक्छ, रात पनि दिन जस्तो पार्छ, तिम्रो विमान यस्तो परिशुद्ध तथा निर्मल छ ।

३–"सूर्य जस्तै चम्किने तिम्रो विमान धेरै विचित्र पद्मपुण्डरी-कादि फूलहरूद्वारा तथा अरू पनि अनेक फूलहरूद्वारा सजाइएका छन्; सफासुग्घर तथा परिशुद्ध हेमजालहरू पनि लगाइएका छन्; तिम्रो विमान आकाशमा सूर्य फैं टल्किरहेछ ।

४–"राता र पहेंला वस्त्रहरू लगाइएका अगरु काठको सुगन्ध, प्रियंगू फूलका मालाहरू र चन्दनको लेप लगाइएका धेरैंजसो कञ्चन

१. सिहलमा: 'समदमस्स'; स्याम र रोमनमा: 'कम्मस्स' ।
२–२. स्याम र रोमनमा: 'तदनुरूपं अवहसि' ।
३. विमा. व. पा. पृ. ८१: छत्तमाणवकविमानवत्यु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरहरू भएका गायिकाहरू आकाशमा ताराहरू भरिए झैं भरिएका छन् ।

५–"कुसुमहरूद्वारा सुशोभित भएका तथा सुन्दर मनोरम्य आभरणहरूद्वारा विभूषित भएका अनेक वर्णका धेरै नरनारीहरू त्यहाँ छन्; उनीहरूबाट आएको वायुमण्डल रमणीय तथा सुगन्धित छ अनि उनीहरूको चुल्ठोमा राखिएका सुवर्ण माला आदिहरूका आवाजहरू मानो पञ्चतूर्यनादका आवाजहरू झैं छन् ।

६–"के संयम गरेर तिमीले यो विपाक पाएका ह्वौ ? के कर्मद्वारा तिमी यहाँ उत्पन्न भएका ह्वौ ? कसरी तिमीले यो विमान पाएका ह्वौ ? यथार्थ कुरा बताऊ; - म सोध्दछु ।"

यसपछि देवपुत्रले यी गाथाहरू सुनाये—

"सयमिध[१] पथे समेच्च माणवेन,
सत्थानुसासि अनुकम्पमानो ।
तव रतनवरस्स धम्मं सुत्वा,
करिस्सामी ति च[२] ब्रवित्थ छत्तो[३] ॥"

१. सिंहल, स्याम र रोमनमा: 'यमिध' ।

२. स्याम र रोमनमा: 'च इति' ।

३. विमा. व. पा पृ. ८२: छत्तमाणवकविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ –

"स्वयं ब्राह्मण माणवकले यसै महामार्गमा तपाइसँग भेटेको थियो र तपाइ शास्ताले उसलाई अनुकम्पाराखी धर्मोपदेश गर्नुभएको थियो; अनि रत्नहरूमध्ये उत्तम धर्मरत्नको कुरा सुनी छत्रले 'म धर्म पालन गर्नेछु' भनी भनेको थियो ।"

यति कुरा संक्षेपमा सुनाई छत्तमाणवक देवपुत्रले विस्तारपूर्वक कुराहरू प्रकाश पार्दै अगाडि यस्तो भन्यो[१]—

१. "जिनवर पवरं[२] उपेहि[३] सरणं,
धम्मं चा पि तथेव भिक्खुसङ्घं ।
नो ति पठमं अवोचहं[४] भन्ते,
पच्छा ते वचनं तथेवकासिं ॥

२. "मा च पाणवधं विविधं[५] चरस्सु[५] असुचिं ।
न हि पाणेसु असञ्ञतं अवण्णयिंसु सप्पञ्ञा ।
नो ति पठमं अवोचहं भन्ते,
पच्छा ते वचनं तथेवकासिं ॥

---

१. विमा. व. अ. क. पृ. १९२: छत्तमाणवकविमानवण्णना ।
२. स्याम र रोमनमा: 'जिनपवरं' ।
३. सिंहल, स्याम, रोमनमा: 'उपेमि' ।
४. सिंहल, स्याम, रोमनमा: 'अवोचाहं' ।
५–५. स्याम र रोमनमा: 'विविधमाचरस्सु' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "मा च परजनस्स रक्खितं पि,
आदातब्बममञ्ञियो[1] अदिन्नं ।
नो ति पठमं अवोचहं भन्ते,
पच्छा[2] वचनं[2] तथेवकासिं ।।

४. "मा च परजनस्स रक्खितायो,
परभरिया[3] अगमा अनरियमेतं ।
नो ति पठमं अवोचहं भन्ते,
पच्छा ते वचनं तथेवकासिं ।।

५. "मा च वितथं अञ्ञथा अभाणि[4],
न हि मुसावादं अवण्णयिंसु सप्पञ्ञा ।
नो ति पठमं अवोचहं भन्ते,
पच्छा ते वचनं तथेवकासिं ।।

६. "येन च पुरिसस्स अपेति सञ्ञा,
तं मज्जं[5] परिवज्जयस्सु सब्बं ।

१. सिहलमा: 'ममञ्ञिय' ।
२-२. सिंहल र रोमनमा: 'ते वचनं' ।
३. स्याम र रोमनमा: 'परभरियायो' ।
४. स्याम र रोमनमा: 'अभणि' ।
५. स्याममा: 'वज्जं' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नो ति पठमं अवोचहं भन्ते,
पच्छा ते वचनं तथेवकासि ।।

७. "स्वाहं इध पञ्च सिक्खा करित्वा,
पटिपज्जित्वा तथागतस्स धम्मे ।
द्वेपथमगमासि चोरमज्झे,
ते मं तत्थ वधिंसु भोगहेतु ।।

८. "एत्तकमिदं अनुस्सरामि कुसलं,
ततोपरं न मे विज्जति अञ्ञं ।
तेन सुचरितेन कम्मुनाहं,
उप्पन्नो[१] तिदिवेसु कामकामी ।।

९. "पस्स खणमुहुत्तसञ्ञमस्स,
अनुधम्मप्पटिपत्तिया[२] विपाकं ।
जलमिव यससा समेक्खमाना[३],
बहुका[४] मं पिहयन्ति[४] हीनकम्मा[५] ।।

१. सिहल, स्याम, रोमनमा: 'उपपन्नो' ।
२. सिहल, स्याम, रोमनमा: 'अनुधम्मपटिपत्तिया' ।
३. स्याम र रोमनमा: 'पेक्खमाना' ।
४–४. स्याम र रोमनमा: 'बहुकामा पिहयन्ति' ।
५. स्याम र रोमनमा: 'हीनकम्मा' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०. "पस्स कतिपयाय देसनाय,
सुगतिञ्चम्हि गतो सुखं च पत्तो ।
ये च ते सततं[१] सुणन्ति धम्मं,
मञ्ञे ते अमतं फुसन्ति खेमं ।।

११. "अप्पं[२] पि[२] कतं महाविपाकं,
विपुलं होति तथागतस्स धम्मे ।
पस्स कतपुञ्ञताय छत्तो,
ओभासेति पथविं यथा पि सुरियो ।।

१२. "किमिदं कुसलं किमाचरेम,
इच्चेके हि समेच्च मन्तयन्ति ।
ते मयं पुनरेव[३] लद्धमानुसत्तं[३],
पटिपन्ना विहरेमु[४] सीलवन्तो ।।

१३. "बहुकारी अनुकम्पको च[५] सत्था[५],
इति मे सति अगमा दिवा दिवस्स ।

---

१. स्याम र रोमनमा: 'सततं च' ।
२–२. सिंहल, स्याम, रोमनमा: 'अप्पकम्पि' ।
३–३. स्याम र रोमनमा: 'पुनदेव लद्धा मानुस्सत्तं' ।
४. स्याम र रोमनमा: 'विचारेमु' ।
५–५. स्याम र रोमनमा: 'मे सत्था' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वाहं उपगतोम्हि सच्चनामं,
अनुकम्पस्सु पुन पि सुणेमु[1] धम्मं[2] ।।"

अर्थ—

१–" 'जिनवर प्रवर बुद्धको शरणमा जाऊ तथा धर्मको र सङ्घको पनि शरणमा जाऊ' भनी भन्नुहुँदै तपाइले मसँग 'त्रिशरण भनेको थाहाछ के ?' भनी सोध्नुभयो; अनि मैले थाहा छैन' भनी जवाफ दिएँ । त्यसपछि तपाइको वचनलाई मननगरी म बुद्धको, धर्मको तथा सङ्घको पनि शरणमा गएँ ।

२–"विविध प्रकारका प्राणीहिंसा गर्ने असूचिबाटामा नलाग, सप्राज्ञहरूले प्राणीप्रति असंयत हुनेहरूको अर्थात् प्राणीहिंसा गर्नेहरूको प्रशंसा गरेकाछैनन्—'के तिमीलाई यस्तो कुरा थाहाछ के ?' भनी सोध्नु हुँदा प्रथमतः 'थाहाछैन' भनी मैले जवाफ दिएँ अनि त्यसपछि तपाइको वचनलाई मननगरी 'प्राणीहिंसा गर्दिन' भनी शील ग्रहण गरें ।

३–"अर्कालि रक्षागरिराखेको, दिन नचाहेको वस्तु नदिइकनै त्यसै नलेऊ – 'के तिमीलाई यस्तो गर्नुहुन्न भन्ने कुरा थाहाछ के ?' भनी सोध्नुहुँदा प्रथमतः 'थाहाछैन' भनी मैले जवाफ दिएँ अनि त्यसपछि तपाइको वचनलाई मननगरी 'नदिएको वस्तुलाई लिनेछैन' भनी शील ग्रहण गरें ।

४–"अर्कालि सुरक्षागरी जोगाइ राखेका परस्त्रीहरूमा नलाग,

---

१. सिंहलमाः 'सुणोम'; स्याम र रोमनमाः 'सुणोमि' ।
२. विमा. व. पा. पृ. ८२–८४: छत्तमाणवकविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो गर्नु अनार्यता हो—'के तिमीलाई यस्तो गर्नुहुन्न भन्ने कुरा थाहाछ के ?' भनी सोध्नुहुँदा प्रथमतः 'थाहाछैन' भनी मैले जवाफ दिएँ अनि त्यसपछि तपाइको वचनलाई मननगरी 'परस्त्रीगमन गर्नें छैन' भनी शील ग्रहण गरें ।

५–"अ-तथ्य र अन्यथा कुरा नगर; झूटोकुरोलाई सप्राज्ञहरू प्रशंसा गर्दैनन्—"यस्तो बोल्नुहुन्न भन्ने कुरा तिमीलाई थाहाछ के ?' भनी सोध्नुहुँदा प्रथमतः 'थाहाछैन' भनी मैले जवाफ दिएँ अनि त्यसपछि तपाइको वचनलाई मननगरी 'झूटो कुरो बोल्ने छैन' भनी शील ग्रहण गरें ।

६–"जसले गर्दा पुरुषको सबै होसहरू दूर भएर जान्छन्—त्यस्तो मद्य-पानबाट दूर रहू—'यस्तो कुरा तिमीलाई थाहाछ के ?' भनी सोध्नुहुँदा प्रथमतः 'थाहाछैन' भनी मैले जवाफ दिएँ अनि त्यसपछि तपाइको वचनलाई मननगरी 'मद्यपान गर्ने छैन' भनी शील ग्रहण गरें ।

७–"सो म यसै बाटामा पञ्चशील ग्रहणगरी, तथागतको धर्ममा प्रतिपद् गरी चोरहरू भएको दुइ सिमानाको बाटामा गएँ अनि धनसम्पत्तिको लोभको कारणले गर्दा मलाई उनीहरूले मारे ।

८–"यतिमात्रै कुशलकर्मको अनुस्मरण म गर्दछु, योभन्दा अरू कुशलकर्म गरेको मलाई ज्ञान छैन; उही सुचरित कर्मको प्रभावद्वारा म स्वर्गलोकमा इच्छा गरेको पाउने भई उत्पन्न भएको हुँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९–"एकछिन एक मुहूर्त संयम गरेको र धर्मानुसार प्रतिपद् गरेको कर्मको फल हेर्नुहोस् ! मभन्दा हीन कायमा (= लोकमा) उत्पन्न भएका धेरै देवताहरूले मेरो यो ज्वलित यशलाई देखेर उनीहरू ईर्ष्या गर्छन् अर्थात्—'यस्तो ज्वलित यश सम्पत्ति कसरी पाउन सकौंला' भन्ने कामना गर्छन् ।

१०–"हेर्नुहोस् ! तपाइका केही उपदेशहरू सुनेर सुगतिमा पुगेर मैले सुख पनि पाएँ; जसले तपाइको धर्मलाई सँधैंभरी सुन्दछन् – लाग्छ कि – उनीहरूले कुनै भय नभएको अमृतलाई पाउँछन् ।

११–"तथागतको धर्ममा थोरै गरेको कर्मको फल पनि महान हुन्छ, हेर्नुहोस् ! कृतपुण्य छत्त जसले सूर्यले झैं पृथ्वीमा आभा फैलाउँछ ।

१२–"कस्तो कुशल होला ? कस्तो चरण होला ? भनी यहाँ केही पुरुषहरू एकत्रित भई बडो कठीनतापूर्वक सोचविचार गर्छन् – हामी त पुनः मनुष्यत्वमा आई शीलवान् भई वस्नेछौं ।

१३–"मेरोनिमित्त शास्ता बहूपकारी तथा अनुकम्पिक हुनुहुन्छ भन्ने स्मरण गरेर नै सार्थक (सत्य) नाम हुनुभएका तपाइकहाँ दिनमै म आएको हुं; ममाथि अनुकम्पा राख्नुहोस् र फेरि पनि धर्मका कुराहरू सुन्नपाऊँ ।"

यसरी उपरोक्त कुराहरू जम्मै कृतज्ञता र धर्मश्रवणमा अतृप्त-भाव देखाउँदै देवपुत्रले यसो भनेको हो । अनि देवपुत्रको र त्यहाँ भेला भएका परिषद्को मनोभावनालाई बुझ्नु भई भगवान्ले उनीहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनुपूर्विकथा[१]हरू सुनाउनु भयो। यसपछि जब उनीहरूको चित्त उपयुक्त देखनुभयो तब वहाँले आफैले पाएको (सामुक्कंसिकं) धर्मोपदेश अर्थात् चतुसत्यका कुराहरू सुनाउनु भयो। उपदेशको अन्तमा देवपुत्र र उसका आमा-बाबुहरू स्रोतापत्ति-फलमा प्रतिष्ठित भए। विशाल जनसमूहले पनि धर्माभिसमय लाभगरे। अनि प्रथम फलमा अर्थात् स्रोतापत्तिफलमा प्रतिष्ठित भएको देवपुत्रले उत्तरोत्तर फलको अपेक्षा र गौरवभाव देखाउँदै तथा त्यो उत्तरोत्तर फल प्राप्तगर्ने आकांक्षा प्रकट गर्दै "ये चिध पजहन्ति कामरागं" भन्ने अवशान गाथा भने[२]—

१४. "ये[३] चिध[३] पजहन्ति कामरागं,
भवरागानुसयञ्च पहाय मोहं।
न च ते पुनमेन्ति[४] गब्भसेय्यं,
परिनिब्बानगता हि सीतिभूता'ति[५] ॥"

अर्थ—

१४—"जसको कामराग संयोजन हट्छ उसको भवराग संयोजन

१. आनुपूर्वीकथा भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. ब्रा. पृ. १८१; बु. म. पृ. १०; बु. रा. पृ. ३६ तथा बु. गृ. पृ. ३६ मा उल्लेख भएका छन्।

२. विमा. व. अ. क. पृ. १९४: छत्तमाणवकविमानवण्णना।

३–३. सिंहल, स्याम र रोमनमाः 'येध'।

४. स्याममाः 'उपेन्ति'; रोमनमाः 'मुपेन्ति'।

५. विमा. व. पा. पृ. ८४: छत्तमाणवकविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि हट्छ र मोह संयोजन पनि उच्छिन्न हुन्छ। अनि सो पुरुष पुनः गर्भवासमा आउँदैन र परिनिर्वाणपछि शीतलता प्राप्तगर्छ अर्थात् कुनै प्रकारका डाह र जलनहरू उसमा रहँदैनन्।"

यसरी आफू स्रोतापन्न भएको कुरा प्रकाश पारी अनुपादिशेष निर्वाण[१] धातुको टुप्पोसम्मका कारणहरू सुनाई भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी भिक्षुसङ्घलाई पनि सम्मान देखाई आफ्ना आमा-बाबुहरूसँग सोधी सो देवपुत्र देवलोकमै फर्केर गयो। शास्ता पनि आसनबाट उठी भिक्षुसङ्घहरूको साथ फर्केर जानुभयो। माणवकका आमा-बाबुहरू तथा पुष्करसाती ब्राह्मण सहित सबै मानिसहरू भगवान्को अनुगमन गरी फर्केर गए। जेतवनमा पुगिसकेपछि यो छत्त (=छत्र) माणवक विमानका कुराहरू जम्मै विस्तारपूर्वक भगवान्ले उपस्थित परिषद्लाई सुनाउनु भयो। उपदेश महाजनहरूको-निमित्त सार्थक भएको थियो[२]।

---

१. 'अनुपादिशेष निर्वाण' भनी राग, द्वेष, मोह सहित सबै प्रकारका क्लेशहरू निरुद्ध भएको अवस्थालाई भनिएको हो।

२. विमा. व. अ. क. पृ. १९४: छत्तमाणवकविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४. तिलदक्खिणाविमानकथा

एक समय भगवान् श्रावस्तीमा बसिरहनु भएको थियो। त्यस समय राजगृहमा एक गर्भिणी स्त्री तेल बनाउनकोनिमित्त तिल पखालेर घाँममा सुकाइरहेकी थिई। सो स्त्रीको आयु भने सोही दिनमै क्षीण भई च्युतहुने अर्थात् मरणहुने भएको थियो र उसको कर्मानुसार उ नरकमा उत्पन्नहुने स्थितिमा पनि थिई। अनि भगवान्‌ले प्रत्यूष समयमा लोकमा हेरिरहनु भएको वेलामा दिव्यचक्षुद्वारा उसलाई देख्नु भई यस्तो सोच्नुभयो—

"यो स्त्री आजै मरेर नरकमा उत्पन्न हुनेछ, अतः उसको तिल-भिक्षा ग्रहणगरी उसलाई स्वर्गपरायण गराइदिनु पर्‍यो।"

यति सोच्नुभई क्षणभरमै भगवान् श्रावस्तीबाट राजगृह गई, पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहणगरी राजगृहमा भिक्षाटन् गर्दै क्रमैसँगै उसको घरद्वारमा पुग्नुभयो। भगवान्‌लाई देखेर सो स्त्रीको मनमा प्रीति-सौमनस्य उत्पन्नभयो। अनि हतरपत्त आसनबाट उठी दुइहात जोरी अरू कुनै दानदिने वस्तुहरू नदेखेर हात-खुट्टा पखाली सोही सुकाइ राखेका तीलहरू थुप्रोपारी त्यसैबाट अँजुलीले भगवान्‌को पात्र भरी राखी उसले भगवान्‌लाई वन्दना गरी। अनि भगवान्‌ले उसमाथि अनुकम्पाराखी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"सुखी होऊ" भनी आशिर्वाद दिई फर्केर जानुभयो । त्यस रात बितेपछि प्रत्यूष समयमा उसको मृत्युभयो र **त्रयस्त्रिंश भवनमा** बाह्र योजन भएको **कनकविमानमा** नीदबाट बिउझेको झैं उ उत्पन्न भई ।

आयुष्मान् **महामौद्गल्यायन** देवचारिका गर्दागर्दै — **त्रयस्त्रिंश भवनमा** एकहजार अप्सराहरूले परिवृत्त भएकी महान देवऋद्धिद्वारा चम्किरहेकी सो देवपुत्रीकहाँ गई यस्तो सोध्नु भयो[१]—

१. "अभिक्कन्तेन वण्णेन,...[२]

२. "केन ते तादिसो वण्णो,...[३]

३. "पुच्छामि तं देवि,...[४]"

अथ—

१–"हे देवते ! सुन्दर रूप धारणगरी सर्वदिशातिर तेज फैलाउँदै शुक्रतारा झैं तिमी बसीरहेकी छचौ ।

२–"कसरी तिम्रो त्यस्तो वर्ण भएको हो ? कसरी तिमीलाई यस्तो सिद्ध भएको हो ? तिमीले मनपराएका भोगसम्पत्तिहरू पनि उत्पन्न भएका देखिन्छन् ।

---

१. विमा. व. अ. क. पृ. ४३: तिलदक्खिणाविमानवण्णना; नालन्दा पालिले चाहि 'तिलदक्खिण...' उल्लेख गरेको छ ।

२. बाँकी पदहरू माथि पृ. ८ मा झैं दोहऱ्याई पढ्नू ।

३–४. यहाँका बाँकी पदहरू माथि पृ. ९ मा झैं दोहऱ्याई पढ्नू । विमा. व. पा. पृ. १३: तिलदक्खिणविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३–"हे महानुभाव सम्पन्ना देवी ! म सोद्धछु कि—मनुष्यछँदा तिमीले के पुण्यकर्म गऱ्यौ ? कसरी तिमी यस्ती तेजिली भयौ ? कसरी तिम्रो शरीरको तेज सर्वदिशातिर प्रकाश भएको हो ?"

अनि यसै सम्बन्धमा धर्मसंग्राहकहरू भन्दछन्—

'मौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवता खुशी भई—जुन कर्मको फलद्वारा उसले त्यो सम्पत्ति पाएकी हो सो कुरा बताउँदै यस्तो भनी[१] ।"

१. "अहं मनुस्सेसु मनुस्सभूता,
पुरिमाय जातिया मनुस्सलोके ।

२. "अद्दसं विरजं बुद्धं, विप्पसन्नमनाविलं ।
आसज्ज दानं अदासिं, अकामा तिलदक्खिणं ।
दक्खिणेय्यस्स बुद्धस्स, पसन्ना सेहि पाणिभि ॥

३. "तेन मे तादिसो वण्णो, तेन मे इध मिज्झति ।
उप्पज्जन्ति च मे भोगा, ये केचि मनसो पिया ॥

४. "अक्खामि ते भिक्खु महानुभाव,
मनुस्सभूता यमकासि पुञ्ञं ।
तेनम्हि एवं जलितानुभावा,
वण्णो च मे सब्बदिसासु पभासती'ति[२] ॥"

---

१. विमा. व. पा. पृ. १४: तिलदक्खिणविमानवत्थु ।
२. विमा. व. पा. पृ. १४: तिलदक्खिणविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

१–२–"अघिल्लो जन्ममा मनुष्यलोकमा मनुष्य भई बसिरहेको वेलामा मैले निर्मल तथा सुप्रसन्न हुनुभएका बुद्धलाई देखेर वहाँमाथि ममता राखी उतनाघरी नै मैले वहाँलाई तीलहरू दानदिएँ; दाक्षिणेय हुनुभएका बुद्धलाई दानदिँदा मैलें आफ्नै हातले प्रसन्नतापूर्वक दानदिएको थिएँ ।

३–"त्यसैंको प्रभावद्वारा मेरो यस्तो शरीर-वर्ण भएको हो, त्यसैंको प्रभावद्वारा यहाँ मेरा इच्छाहरू सिद्ध भएका हुन्, त्यसैंको प्रभावद्वारा मलाई मनपरेका वस्तुहरू पनि लाभ भएका हुन् ।

४–"हे महानुभावसम्पन्न भिक्षु ! मनुष्यलोकमा छँदा जुन पुण्यकर्म मैले गरेकी थिएँ सो बताएँ; त्यसै कर्मको प्रभावद्वारा तेजिलो शरीर भएको हो र त्यसैंको प्रभावद्वारा मेरो शरीरको तेज सर्वदिशातिर प्रकाश भएको हो ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१५. दद्दल्लविमानकथा

एक समय भगवान् श्रावस्तीमा बसिरहनु भएको थियो। त्यस समय नाल[1] भन्ने गाउँमा रेवत स्थविरको उपस्थाक एक कुटुम्बिकका दुइ छोरीहरू थिए। तीमध्ये एउटीको नाम भद्रा र अर्कीको नाम सुभद्रा थियो। भद्रा चाहिं पतिकुलमा गइन्। उनी श्रद्धालु तथा बुद्धिमानी थिइन् तर बाँझी भइन्। अनि एकदिन उनले आफ्नो स्वामीलाई यसो भनिन्—

"हे स्वामी ! मेरी कान्छी बहिनी सुभद्रा भन्ने छन्, उनलाई ल्याउनुहोस्। यदि उनले पुत्र जन्माएको खण्डमा मेरो पनि सो पुत्रनै हुनेछ। यो कुलवंश पनि नाश हुने छैन।"

यो कुरा सुनी उसले त्यस्तै गऱ्यो। अनि भद्राले सुभद्रालाई अर्ति दिइन्—

"सुभद्रे ! विभाजन गरिकन दानदेऊ, धर्मचर्यामा अप्रमादिनी होऊ। यसरी जीवन बिताएमा दृष्टधार्मिक र सम्परायिक-अर्थ तिम्रो हातमा हुनेछ।"

---

१. नादिक र नालक भन्ने पाठान्तर पनि पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनको अतिमारही उनले (सुभद्राले) भनेबमोजिम प्रतिपत्तिमा बसी एकदिन सुभद्राले आयुष्मान् रेवत समेत गरी आठजना भिक्षुहरूलाई निम्त्याइन्। अनि 'सुभद्राले बढी पुण्यसंचय गरून्' भन्ने विचार गरी सङ्घबाट उद्देश्य गराई सातजना भिक्षुहरूलिई स्थविर उनको घरमा जानुभयो। उनी अत्यन्त प्रसन्न भई आयुष्मान् रेवतलाई र अन्य भिक्षुहरूलाई प्रणीत खादय-भोज्यहरू आफ्नै हातले सन्तर्पित गरिन्। अनि अनुमोदन गरिसकेपछि स्थविर फर्केर जानुभयो। केहिदिन पछि सुभद्रा पनि मृत्यु भई निर्माणरति देवताहरूको स्थानमा उत्पन्न भइन्। भद्रा चाहिं पुद्गलहरूमा दानदिई मृत्युपछि शक्र देवेन्द्रकी परिचारिका भई उत्पन्न भइन्। अनि सुभद्राले आफ्नो दिव्यसम्पत्तिलाई हेरी "के कर्मद्वारा म यहाँ उत्पन्न भएकी रहिछु ?" भनी आवर्जन गर्दा—"भद्राको अति-उपदेशमा रही सङ्घगत दानको फलद्वारा यी सम्पत्तिहरू प्राप्त भएका हुन्" भन्ने कुरा थाहापाए पछि – "भद्रा चाहिं कहाँ उत्पन्न भएकी रहिछन्" भनी विचारगरी हेर्दा—"शक्र देवेन्द्रकी परिचारिका भई उत्पन्न भएकी रहिछन्" भन्ने कुरो बुझी अनुकम्पापूर्वक उनी भद्राको विमानमा गइन्। अनि उनलाई भद्राले यस्तो भनिन्[१] —

१. "दद्दल्लमाना वण्णेन, यससा[२] च यसस्सिनी।
सब्बे देवे तावतिंसे, वण्णेन अतिरोचति ॥

---

१. विमा. व. अ. क. पृ. ११९–२०: दद्दल्लविमानवण्णना।

२. स्याममा: 'यसस्सा'; रोमनमा: 'यस्ससा'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. "दस्सनं नाभिजानामि, इदं पठमदस्सनं ।
कस्मा काया नु आगम्म, नामेन भाससे ममं'ति[१] ।।

अर्थ—

१–"झल् झल् झल्किरहेको वर्णले टल्किई यशद्वारा यशस्विनी भएर सबै त्रयस्त्रिंश देवताहरूभन्दा पनि तिमी रूपवर्णमा अति तेजिली छचौ ।

२–"तिमीलाई मैले अघि देखेकी थिइन यही पहिलो भेट हो; कुन देवलोकबाट तिमी आएकी ह्वौ ? र किन तिमीले मलाई 'भद्रा' भनी मेरो नाम लिई बोलाएकी ह्वौ ?"

सुभद्रा भन्दछिन्—

१. "अहं भद्दे सुभद्दासि, पुब्बे मानुसके भवे ।
सहभरिया च ते आसि, भगिनी च कनिट्ठिका[२] ।।

२. "सा अहं कायस्सभेदा[३], विप्पमुत्ता ततो चुता ।
निम्मानरतीनं[४] देवानं[४], उपपन्ना सहव्यतं[५]'ति[६] ।।"

---

१. विमा. व. पा. पृ. ५२: दद्दल्लविमानवत्थु ।
२. स्याममा: 'कनिट्टिका' ।
३. स्याम र रोमनमा: 'भेदाय' ।
४–४. स्याम र रोमनमा: 'निम्मानरतीदेवानं' ।
५. सिंहल र रोमनमा: 'सहव्यतन्ति' ।
६. विमा. व. पा. पृ. ५२: दद्दल्लविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

१–"हे भद्रे ! अघि म मनुष्यलोकमा सुभद्रा थिएँ; म तिम्री सौतेनी पनि थिईं तथा कान्छी बहिनी पनि थिईं ।

२–"सो म कायबाट च्युत भई, त्यहाँबाट मुक्त भई मृत्युपछि निर्माणरती देवताहरूकहाँ उत्पन्न भएँ ।"

भद्रा भन्दछिन्—

१. "पहूतकतकल्याणा, ते देवे यं ति पाणिनो ।
येसं त्वं कित्तयिस्ससि, सुभद्दे जातिमत्तनो ।।

२. "अथ[1] त्वं केन वण्णेन, केन वा अनुसासिता ।
कीदिसेनेव दानेन, सुब्बतेन यसस्सिनी ।।

३. "यसं एतादिसं पत्ता, विसेसं विपुलमज्झगा ।
देवते पुच्छिताचिक्ख, किस्स कम्मस्सिदं फलं'ति[2] ।।"

अर्थ—

१–"हे सुभद्रे ! जुन देवलोकमा उत्पन्न भएँ भनी तिमीले बयान गर्छ्यौ—त्यो निर्माणरति देवलोकमा त प्रसस्त पुण्यगरेका मानिसहरू मात्र उत्पन्न हुन सक्छन् ।

१. सिहल, स्याम, रोमनमा: 'कथं' ।
२. विमा. व. पा. पृ. ५२: दद्दल्लविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"अतः कुन किशिमको पुण्यद्वारा अथवा कसको अनुशासनमा बसेर अथवा कुन प्रकारको दानद्वारा तथा कुन प्रकारको व्रतद्वारा तिमी यशवती भयौ ?

३–"के गरेर तिमीले यो विशेषता प्राप्तगर्‍यौ र के गरेर तिमीले यो विपुलता प्राप्तगर्‍यौ ? हे देवते ! म तिमीसँग सोध्दछु कि—यो केको फलहो ?"

सुभद्रा भन्दछिन् –

१. "अट्ठेव पिण्डपातानि, यं दानं अददं पुरे ।
दक्खिणेय्यस्स सङ्घस्स, पसन्ना सेहि पाणिभि ।।

२. "तेन मे तादिसो वण्णो, तेन मे इध मिज्झति ।
उप्पज्जन्ति च मे भोगा, ये केचि मनसो पिया ।।

३. "अक्खामि ते देवि महानुभावे,
मनुस्सभूता यमहं अकासिं ।
तेनम्हि एवं जलितानु भावा,
वण्णो च मे सब्बदिसा पभासती'ति[१] ।।"

अर्थ—

१–"जो मैले अघि आठजना दाक्षिणेय भिक्षुसङ्घलाई अति प्रसन्न चित्तगरी आफ्नैं हातले दानदिएकी थिएँ – त्यसैको प्रभावद्वारा यस्तो फल पाएकी हुँ ।

१. विमा. व. पा. पृ. ५२: दद्दल्लविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"त्यसैको प्रभावद्वारा यस्तो शरीर-वर्ण भएकी हुँ, त्यसैको प्रभावद्वारा यहाँ मेरा इच्छाहरू सिद्ध भएका हुन्, त्यसैको प्रभावद्वारा मनपरेका वस्तुहरू पनि लाभ भएका हुन् ।

३–"हे महानुभाव सम्पन्ना देवी ! मनुष्यलोकमा छँदा जुन पुण्यकर्म मैले गरेकी थिएँ सो बताएँ; त्यसै कर्मको प्रभावद्वारा तेजिलो शरीर भएको हो र त्यसैको प्रभावद्वारा मेरो शरीरको तेज सर्वदिशातिर प्रकाश भएको हो ।"

भद्रा भन्दछिन् –

१. "अहं तया बहुतरेभिक्खू, सञ्ञते ब्रह्मचारयो[1] ।
तप्पेसि अन्नपानेन, पसन्ना सेहि पाणिभी ।।

२. "तया बहुतरंदत्वा, हीनकायूपगा अहं ।
कथं त्वं अप्पतरं दत्वा, विसेसं विपुलमज्झगा ।
देवते पुच्छिताचिक्ख, किस्स कम्मस्सिदं फलं'ति[2] ।।

अर्थ –

१–"तिमीलेभन्दा मैले धेरै संयमी तथा ब्रह्मचारीहरूलाई प्रसन्नचित्त राखी आफ्नै हातले अन्न-पानहरूद्वारा सन्तर्पित गरेकी थिएँ ।

१. सिहल र स्याममा: 'ब्रह्मचारिनो'; रोमनमा: 'ब्रह्मचारियो' ।
२. विमा. व. पा. पृ. ५२: दद्दल्लविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"तिमीलेभन्दा धेरैंलाई दानदिएर पनि म हीनतर देवलोकमा उत्पन्न भएँ; मैलेभन्दा अल्पतर भिक्षुहरूलाई दानदिएकी तिमीले यस्तो विशेषता कसरी पायौ ? यो कुन कर्मको फल हो ? हे देवी ! मेरो प्रश्नको उत्तर देऊ ।"

सुभद्रा भन्दछिन्—

१. "मनोभावनीयो[1] भिक्खु, सन्दिट्ठो मे पुरे अहु ।
ताहं भत्तेन निमन्तेंसि, रेवतं अत्तनट्ठमं ।।

२. "सो मे अत्थपुरेक्खारो, अनुकम्पाय रेवतो ।
सङ्घे देही ति मंवोच, तस्साहं वचनं करिं ।।

३. "सा दक्खिणा सङ्घगता, अप्पमेय्ये[2] पतिट्ठिता ।
पुग्गलेसु तया दिन्नं, न तं तवमहप्फलं'ति[3] ।।

अर्थ –

१–"अघि मैले चित्तहर्षित पार्ने तथा महान गुणसम्पन्न भिक्षुहरूलाई देखें, अनि मैले रेवत स्थविर सहित ती भिक्षुहरूलाई निम्त्याएँ ।

२–"अनि रेवत स्थविरले दानको फल महत्फल गराइदिनकोनिमित्त अनुकम्पापूर्वक मलाई 'सङ्घमा दान देऊ' भनी भन्नुभयो र मैले पनि त्यस्तै गरें ।

---

१. सिहल, स्याम र रोमनमा: 'मनोभावनियो' ।

२. स्याम र रोमनमा: 'अप्पमेय्या' ।

३. विमा. व. पा. पृ. ५३: दद्दल्लविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३–"त्यो दान सङ्घगत दान थियो र अप्रमाण गुणहुनेहरूमाथि प्रतिष्ठित गरेको थिएँ; तिमीले पुद्गलहरूलाई दिएकी थियौ, त्यसैले तिम्रो दानको फल महत्फल नभएको हो।"

सुभद्राले यस्तो भनेपछि उनको कुरालाई स्वीकार्दै भद्राले पुनः यसो भनिन्—

"इदानेवाहं जानामि, सङ्घे दिन्नं महप्फलं।
साहं गन्त्वा मनुस्सत्तं, वदञ्ञू वीतमच्छरा।
सङ्घे दानानि[1] दस्सामि[1], अप्पमत्ता पुनप्पुनं'ति[2]॥"

अर्थ—

"सङ्घमा दिने दानको फल महत्फलदायी हुँदो रहेछ भन्ने कुरा अब मैले बुझें, अब मनुष्यत्वमा गएर तिम्रो कुरो सुनेर मात्सर्यता रहित भई अप्रमत्ता भई फेरि फेरि सङ्घमा दानदिने छु।"

यसपछि सुभद्रा आफ्नो ठाउँमा फर्केर गइन्।

अनि त्रयस्त्रिंश भवन जम्मै आलोकद्वारा ढाकी आफ्नो आलोक प्रकाश पारी आएकी सुभद्रा देवपुत्रीलाई देखेर तथा उनीहरूका बीचमा भएका कुराकानी पनि सुनेर सुभद्रा अन्तर्धान भएर जानेवित्तिकै 'यी को रहिछन्?' भनी भन्दै शक्र देवेन्द्रले भद्रासँग यस्तो सोधे[3]—

१–१. स्याममा: 'दानं दस्सामिहं'; रोमनमा: 'दानं दस्सामहं'।
२. विमा. व. पा. पृ. ५३: दद्दल्लविमानवत्थु।
३. विमा. व. अ. क. पृ. १२२: दद्दल्लविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"का एसा देवता भद्दे, तया मन्तयते सह ।
सब्बे देवे तावतिंसे, वण्णेन अतिरोचती'ति[१] ।।"

अर्थ –

"भद्रे ! तिमीसँग कुरागर्ने ती देवपुत्री को हुन् ? जो कि त्रयस्त्रिंशका सबै देवताहरूभन्दा पनि तेजिली छिन् ?"

अनि भद्रा भन्दछिन् –

"मनुस्सभूता देविन्द, पुब्बे मानुसके भवे ।
सहभरिया च मे आसि, भगिनी च कनिट्ठिका ।
सङ्घे दानानि दत्वान, कतपुञ्ञा विरोचती'ति[२] ।।

अर्थ –

"हे देवेन्द्र ! पूर्वजन्ममा मनुष्यलोकमा मनुष्य छँदा उ मेरी सौतेनी र कान्छी बहिनी पनि थिई, सङ्घमा दानदिएको पुण्यको प्रभावले गर्दा उ तेजिली भएकी हो ।"

अनि शक्र देवेन्द्रले उनलाई सङ्घगत दानदिएको महत्वको सम्बन्धमा प्रकाशपार्दै धर्मोपदेश गरे । त्यसैले यस्तो भनिएको हो[३]–

---

१. विमा. व. पा. पृ. ५३: दद्दल्लविमानवत्थु ।

२. विमा. व. पा. पृ. ५३: दद्दल्लविमानवत्थु ।

३. विमा. व. अ. क. पृ. १२३: दद्दल्लविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "धम्मेन पुब्बे भगिनी, तया भद्दे विरोचति[१] ।
यं सङ्घम्हि[२] अप्पमेय्ये[२], पतिट्ठापेसि दक्खिणं ॥

२. "पुच्छितो हि मया बुद्धो, गिज्झकूटम्हि[३] पब्बते ।
विपाकं संविभागस्स, यत्थ दिन्नं महप्फलं ॥

३. "यजमानानं मनुस्सानं, पुञ्ञपेक्खान पाणिनं ।
करोतं[४] ओपधिकंपुञ्ञं, यत्थ दिन्नं महप्फलं ॥

४. "तं मे बुद्धो वियाकासि, जानं कम्मफलं सकं ।
विपाकं संविभागस्स, यत्थ दिन्नं महप्फलं ॥

५. "चत्तारो च पटिपन्ना, चत्तारो च फले ठिता ।
एस सङ्घो उजुभूतो, पञ्ञा सील समाहितो[५] ॥

६. "यजमानानं मनुस्सानं, पुञ्ञपेक्खान पाणिनं ।
करोतं ओपधिकं पुञ्ञं, सङ्घे दिन्नं महप्फलं[६] ॥

---

१. स्याम र रोमनमा: 'विरोचसि' ।
२–२. सिहल, स्याम र रोमनमा: 'सङ्घस्मि' ।
३. स्याममा: 'गिज्झकुटस्मि'; रोमनमा: 'गिज्झकूटस्मि' ।
४. स्याममा: 'करोन्तं' ।
५. स्याम र रोमनमा: 'पुञ्ञसीलसमाहितो' ।
६. सं. नि. I. पृ. २३४ यजमानसुत्तं, सक्कसंयुत्तं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. "एसो हि सङ्घो विपुलो महग्गतो,
एसप्पमेय्यो उदधीव सागरो ।
एते हि सेट्ठा नरवीरसावका[1],
पभङ्करा धम्ममुदीरयन्ती[2] ॥

८. "तेसं सुदिन्नं सुहुतं सुयिट्ठं,
ये सङ्घमुद्दिस्स ददन्ति दानं ।
सा दक्खिणा सङ्घगता पतिट्ठिता,
महप्फला लोकविदून[3] वण्णिता ॥

९. "एतादिसं यञ्ञमनुस्सरन्ता[4],
ये वेदजाता विचरन्ति लोके ।
विनेय्य मच्छेरमलं समूलं,
अनिन्दिता सग्गमुपेन्ति ठानं'ति[5] ॥"

अर्थ—

१–"हे भद्रे ! तिम्री भगिनीले अघिल्लो जन्ममा जुन अप्रमाण

---

१. सिहल र रोमनमा: 'नरविरियसावका' ।
२. स्याममा: 'धम्मकथं उदीरयन्ति'; रोमनमा: 'धम्मकथमुदीरयन्ति' ।
३. स्याममा र रोमनमा: 'लोकविदूहि' ।
४. स्याम र रोमनमा: 'पुञ्ञमनुस्सरन्ता' ।
५. विमा. व. पा. पृ. ५३–५४: दद्दल्लविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुण हुने सङ्घप्रति दानदिएकी थिइन्—त्यसैको कारणले गर्दा नै अहिले उनी प्रभावशाली तथा तेजिली भएकी हुन्—यो धर्मता नै हो ।

२–"एक दिन गृद्धकूट पर्वतमा मैले भगवान्सँग 'कहाँ दानदिंदा दानविभाजनको फल महान हुन्छ ?' भनी सोधेको थिएँ ।

३–" 'पुण्यको इच्छागरी सांसारिक पुण्यकर्म गर्नेहरूकोनिमित्त कहाँ दानदिंदा महत्फल हुन्छ ?' भन्ने कुरा पनि मैले बुद्धको अगाडि सोधेको थिएँ ।

४–"अनि त्यस त्यस पुरुषको कर्म र कर्मफललाई जान्नसक्ने बुद्ध भगवान्ले यस्तो जवाफ दिनुभयो—

५–" 'मार्गमा पुग्ने चारजना र फलमा पुग्ने चारजनालाई—ऋजुभएका तथा प्रज्ञा र शीलले परिपूर्ण भएका सङ्घ भन्दछन् ।

६–" 'पुण्यको इच्छागरी दानदिने मानिसहरूकोनिमित्त तथा सांसारिक पुण्यकर्म गर्ने मानिसहरूकोनिमित्त सङ्घमा दिएको दानको फल महत्फलदायी हुन्छ ।'

७–"यो सङ्घ नै विपुल तथा महान छ, यो सङ्घ नै महासागरको पानी जस्तै अप्रमेय छ, यो सङ्घ नै नरवीर हुनुभएका बुद्धका श्रावकहरू हुन्—जसले ज्ञानको आलोक प्रकाश पार्छन् ।

८–"जसले सङ्घलाई उद्देश्यगरी दानदिन्छ उसले राम्ररी दानदिएको हुन्छ, राम्ररी सत्कार गरेको हुन्छ तथा राम्ररी यज्ञ गरेको हुन्छ; सङ्घमा प्रतिष्ठित गराइएको त्यो दानको फल महत्फलदायी हुन्छ र यसैलाई लोकविद् हुनुभएका बुद्धले पनि प्रशंसा गर्नुभएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९–"यसरी सङ्घमा दिएको दानको अनुस्मरणगरी जो प्रसन्न भई लोकमा विचरण गर्छ—उसले मात्सर्य मलको जरोसमेत उखेल्न सक्छ र प्रशंसित भई स्वर्गमा पनि पुग्नसक्छ ।"

अनि आयुष्मान् **महामौद्गल्यायन** देवचारिका गर्दै शक्र देवेन्द्रकहाँ पुग्दा उनले दद्दल्लविमानका जम्मै कुराहरू स्थविरलाई सुनाए । जुन कुराहरू पछि स्थविरले भगवान्लाई सुनाउनुभयो । अनि यसै कुरालाई लिएर **भगवान् बुद्धले** उपस्थित परिषद्लाई धर्मोपदेश गर्नुभयो । जुन धर्मोपदेश महाजनहरूकोनिमित्त सार्थक भएको थियो[१] ।

---

१. विमा. व. अ. क. पृ. १२५: दद्दल्लविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६. द्वारपाल[1] विमानकथा

एक समय भगवान् राजगृहस्थित वेणुवनमा बस्नुभएको थियो। त्यसवखत एक उपासकले सङ्घकोनिमित्त नित्य चारवटा भोजन दिने गर्थ्यो। उसको घर शहरको पुछारमा रहेकोहुँदा चोरहरूको भयले गर्दा घरको दैलो सँधैं जसो बन्द गरिराख्दथ्यो। कहीले कहीले दैलो थुनिराखेको कारणले गर्दा भिक्षुहरू भिक्षा नपाई त्यसैं फर्केर जान्थे।

एकदिन उपासकले आफ्नी भार्यासँग सोध्यो—

"भद्रे ! आर्यहरूकोनिमित्त सम्मानपूर्वक भोजन दिइन्छ के ?"

अनि उसले भनी—"एकदिन आर्यहरू आउनु भएन।"

"के कारणले त ?

"शायद दैलो थुनिएको कारणले हुनसक्छ।"

यो सुनेर विरक्तलागी उपासकले एक पुरुषलाई "आजदेखि तिमी दैलोमा पाले बस र जब आर्यहरू आउनुहुनेछ तब वहाँहरूलाई घरमा भित्र्याई वहाँहरूको हातवाट भिक्षापात्र मागिलिई आसन

१. अट्ठकथामा: 'द्वारपालक' उल्लेख भएको छ। विमा. व. अ. क. पृ. १९७.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वछ्याउने आदि समयोचित कर्तव्य पालन गर" भनी द्वारपाल राख्यो। "हुन्छ" भनी उसले त्यस्तै गर्नथाल्यो र यस्तो गर्दा गर्दा भिक्षुहरूकहाँ धर्मसुनी मनमा उत्पन्न भएको श्रद्धाको साथै कर्मफलको विश्वासको कारणले गर्दा त्रिशरणमा प्रतिष्ठित भई पञ्चशील पालनगरी अत्यन्त भक्तिपूर्वक भिक्षुहरूको उपस्थान गऱ्यो। पछि नित्य भोजन दिने उपासकको मृत्युभई उ यामा[1] लोकमा उत्पन्न भयो। द्वारपाल चाहि सेवाशुश्रूषा र दानानुमोदनादि गरेको कर्मको प्रभावद्वारा मृत्युपछि त्रयस्त्रिंशमा उत्पन्न भयो। उसलाई मणी स्तम्भहरू भएका सातशय कूटागारहरूले सुशोभित भएका वैदूर्यका कोठाहरू भएका बाह्र योजनको कनकविमान उत्पन्न भयो।

अनि देवचारिका गर्दै त्रयस्त्रिंश भवनमा पुग्नु भएको आयुष्मान् महामौद्गल्यायनले उसलाई देखेर उसँग यी गाथाहरूद्वारा प्रश्न सोध्नुभयो[2]—

१. "उच्चमिदं मणिथूणं विमानं,
समन्ततो द्वादस योजनानि।
कूटागार सत्तसता उलारा,
वेलुरियथम्भा रुचकत्थता सुभा॥

२. "तत्थच्छसि पिवसि खादसि च,
दिब्बा च वीणा पवदन्ति वग्गुं।

---

१. त्रयस्त्रिंशभन्दा माथिल्लो लोक।

२. विमा. व. अ. क. पृ. १९७: द्वारपालकविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिव्वा रसा कामगुणेत्थ पञ्च,
नारियो च नच्चन्ति सुवण्णछन्ना ॥

३. "केन ते तादिसो वण्णो,...[१]

४. "पुच्छामि तं देव महानुभाव,...[२]"

अर्थ –

१–"मणीहरू जडित यो विमान अग्लो छ—जसको चारैतिरबाट बाह्र बाह्र योजन छ र जसमा मनोरमणीय राम्रा राम्रा स्तम्भहरू छन् र कोठाहरूमा सुवर्णका फलेकहरू पनि वछ्याइ राखेका छन् ।

२–"त्यसमा बसेर तिमी खान्छौ पनि पिउँछौ पनि; मधुर स्वरले दिव्यमय वीणाहरूका आवाजहरू पनि सुनिन्छन् र यहां दिव्य-पञ्चकामगुणहरू पनि छन् अनि सुवर्णमय नारीहरू पनि नाचिरहेका छन् ।

३–"कसरी तिम्रो त्यस्तो वर्ण भएको हो ? कसरी तिमीलाई यस्तो सिद्ध भएको हो ? तिमीले मनपराएका भोगसम्पत्तिहरू पनि उत्पन्न भएका देखिन्छन् ।

४–"हे महानुभावसम्पन्न देव ! म सोद्धछु कि—मनुष्य छँदा तिमीले के पुण्यकर्म गऱ्यौ ? कसरी तिमी यस्तो तेजिलो भयौ ? कसरी तिम्रो शरीरको तेज सबैदिशातिर प्रकाश भएको हो ?"

१–२. यहाँका बाँकी पदहरू माथि पृ. ३ मा उल्लेख भए वमोजिम दोहऱ्याई पढ्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनि यसै सम्बन्धमा धर्मसंग्राहकहरू भन्दछन्—

"सो देवपुत्तो अत्तमनो, मोग्गल्लानेन पुच्छितो ।
पञ्हं पुट्ठो वियाकासि, यस्स कम्मस्सिदं फलं[3] ।।"

अर्थ—

"मौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवपुत्र खुशी भई—जुन कर्मफलद्वारा त्यस्तो सम्पत्ति पाएको हो त्यो कुरा बताउँदै उसले यस्तो भन्यो ।"

१. "दिब्बं ममं[2] वस्ससहस्समायु,
वाचाभिगीतं मनसा पवत्तितं ।
एत्तावता ठस्सति पुञ्ञकम्मो,
दिब्बेहि कामेहि समङ्गिभूतो ।।

२. "तेन मे तादिसो वण्णो, तेन मे इधमिज्झति ।
उप्पज्जन्ति च मे भोगा, ये केचि मनसो पिया ।।

३. "अक्खामि[3] ते भिक्खु महानुभाव,
मनुस्सभूतो यमकासि पुञ्ञं[3] ।

---

१. विमा. व. पा. पृ. ८५: द्वारपालविमानवत्थु ।
२. स्याम र रोमनमाः 'मम' ।
३–३. सिंहल, स्याम र रोमनमाः छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेनम्हि एवं जलितानुभावो,
वण्णो च मे सब्बदिसा पभासती'ति[३] ।।"

अथ —

१—"मैले त केवल वचनद्वारा आउनुहोस्, बस्नुहोस् आदि मात्र भनेको थिएँ र आर्यहरूमाथि उत्पन्न भएको प्रसन्नचित्त तथा श्रद्धामात्र मेरो मनमा प्रवर्तित थियो ! दानदिनकोनिमित्त मसँग केही नभएको हुँदा मैले कुनैं दान दिएको छैन । यत्तिकै कर्मको प्रभावद्वारा म दिव्यकाम सुखले युक्त भएको छु तथा मेरो दिव्यआयु एकहजार वर्ष छ ।

२—"त्यसैको प्रभावद्वारा मेरो यस्तो शरीर-वर्ण भएको हो, त्यसैको प्रभावद्वारा यहाँ मेरा इच्छाहरू सिद्ध भएका हुन्, त्यसैको प्रभावद्वारा मलाई मनपरेका भोगसम्पत्तिहरू पनि लाभ भएका हुन् ।

३—"हे महानुभावसम्पन्न भिक्षु ! मनुष्यलोकमा छँदा जुन कर्म मैले गरेको थिएँ सो बताएँ, त्यसै कर्मको प्रभावद्वारा मेरो शरीर तेजिलो भएको हो र त्यसैको प्रभावद्वारा मेरो शरीरको तेज सर्वदिशातिर प्रकाश भएको हो ।"

---

३. विमा. व. पा. पृ. ८६: द्वारपालविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७. दीपविमानकथा

एक समय भगवान् श्रावस्तीमा बसिरहनु भएको अवस्थामा धेरै उपासकोपासिकाहरू एक उपोसथको दिनमा उपोसथिक भई भोजनको समयभन्दा अगाडि नै यथाशक्य दानदिई, समयमै भोजनगरी शुद्धवस्त्र लगाई शुद्ध-उत्तरासङ्ग ओढी हातमा सुगन्धित फूलमालाहरू तथा धूपहरू लिई भोजनोपरान्त विहारमा गई मनोभावनीय (=आदरणीय) भिक्षुहरूको उपासना गरी सन्ध्या समयमा धर्मोपदेश पनि सुने। विहारमै बस्ने इच्छागरी धर्मोपदेश सुनिरहँदा रहँदै सूर्य अस्ताई अन्धकार भयो। अनि तिनीहरूमध्ये एक स्त्रीले— अँध्यारो परेको देखी "बत्ती राखिदिनु पर्‍यो" भन्ने विचार गरी आफ्नो घरबाट बत्तीहरू ल्याउन लगाई धर्माशनको वरिपरि बत्तीहरू राखी उज्यालोपारी धर्मोपदेश सुनी। ती बत्ती प्रदान गर्न पाएकोमा उ अत्यन्त प्रसन्न तथा प्रमुदिता भई वन्दना गरी घर फर्केर गई। त्यसपछि मृत्युभई उ त्रयस्त्रिंश भवनको जोतिरस-विमानमा उत्पन्न भई। उसको शरीरको वर्ण अति उज्यालो तथा राम्रो थियो र अरू देवताहरूलाई जिती दशदिशा आलोकित पारी उ बस्दथी।

आयुष्मान् महामौद्गल्यायन देवचारिका गर्दा गर्दै— सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवतालाई चन्द्र सूर्यले झैं दशदिशा आलोकितपारी एकहजार अप्सराहरू-द्वारा परिवृत्त भई—बसीरहेकी देखेर उसँग यस्तो सोध्नुभयो[१]—

१. "अभिक्कन्तेन वण्णेन, यात्वं तिट्ठसि देवते ।
ओभासेन्ती दिसा सब्बा, ओसधी विय तारका ॥

२. "केन ते तादिसो वण्णो, केन ते इध मिज्झति ।
उप्पज्जन्ति च ते भोगा, ये केचि मनसो पिया ॥

३. "केन त्वं विमलोभासा, अतिरोचसि देवता[२] ।
केन ते सब्बगत्तेहि, सब्बा ओभासते दिसा[३] ॥

४. "पुच्छामि तं देवी महानुभावे,
मनुस्सभूता किमकासि पुञ्ञं ।
केनासि एवं जलितानुभावा,
वण्णो च ते सब्बदिसा पभासती'ति[४] ॥"

अर्थ—

१—"हे देवते ! सुन्दर रूप धारणगरी, सबै दिशातिर तेज फैलाउँदै शुक्रतारा झैं तिमी बसीरहेकोछ्यौ ।

---

१. विमा. व. अ. क. पृ. ४०–४१: दीपविमानवण्णना ।
२. सिंहल, स्याम र रोमनमा: 'देवते' ।
३. स्याम र रोमनमा: 'ओभासरे' ।
४. विमा. व. पा. पृ. १२: दीपविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"कसरी तिम्रो त्यस्तो वर्ण भएको हो ? कसरी तिमीलाई यस्तो सिद्ध भएको हो ? तिमीले मनपराएका भोगसम्पत्तिहरू पनि उत्पन्न भएका देखिन्छन् ।

३–"कसरी अरू देवताहरूभन्दा तिमी विमलाभास भएकी ह्वौ ? के कारणद्वारा सबैदिशातिर तिम्रो शरीरबाट तेज फैलिइरहेको हो ?

४–"हे महानुभावसम्पन्ना देवी ! म सोध्दछु कि—मनुष्य छँदा तिमीले के पुण्यकर्म गऱ्यौ ? कसरी तिमी यस्ती तेजिली भयौ ? कसरी तिम्रो शरीरको तेज सबैदिशातिर प्रकाश भएको हो ?"

अनि यसै सम्बन्धमा धर्मसंग्राहकहरू भन्दछन्—

"मौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवता खुशी भई—जुन कर्मको फलद्वारा त्यो सम्पत्ति पाएकी हो सो कुरा बताउँदै उसले यस्तो भनी[1]—"

१. "अहं मनुस्सेसु मनुस्सभूता,
पुरिमाय जातिया मनुस्सलोके ।
तमन्धकारम्हि तिमीसिकायं,
पदीपकालम्हि अदासि[2] दीपं[2] ॥

२. "यो अन्धकारम्हि तिमीसिकायं,
पदीपकालम्हि ददाति दीपं ।
उप्पज्जति जोतिरसं विमानं,
पहूतमल्यं वहुपुण्डरीकं ॥

१. विमा. व. पा. पृ. १२: दीपविमानवत्थु ।

२–२. सिहल, स्याम र रोमनमा: 'अदं पदीपं' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "तेन मे तादिसो वण्णो, तेन मे इध मिज्झति ।
उप्पज्जन्ति च मे भोगा, ये केचि मनसो पिया ॥

४. "तेनाहं विमलोभासा, अतिरोचामि देवता ।
तेन मे सब्बगत्तेहि, सब्बा ओभासते दिसा ॥

५. "अक्खामि[१] ते भिक्खु महानुभाव,
मनुस्सभूता यमकासि पुञ्ञं[१] ।
तेनम्हि एवं जलितानुभावा,
वण्णो च मे सब्बदिसा पभासती'ति[२] ॥"

अर्थ –

१–"अघिल्लो जन्ममा मनुष्यलोकमा म मनुष्य छँदा रातपरी अँध्यारो भयो र बत्तीबाल्ने वेलामा मैले बत्ती दान दिएकी थिएँ ।

२–"जसले रात परेको वेलामा, अँध्यारो परेको वेलामा तथा बत्ती बाल्ने वेलामा बत्ती दान दिन्छ—उसले धेरै पुण्डरीक फूलहरू भएको 'जोतिरस-विमान' पाउन सक्छ ।

३–"त्यसैको प्रभावद्वारा मेरो यस्तो वर्ण भएको हो, त्यसैको प्रभावद्वारा यहां मैले चिताए बमोजिम सिद्ध भएको हो, त्यसैको प्रभावद्वारा मलाई मनपर्दा वस्तुहरू पनि लाभ भएका हुन् ।

१–१. यति पदहरू स्याम-पुस्तकमा छैनन् ।
२. विमा. व. पा. पृ. १३: दीपविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४–"त्यसैले म अरू देवताहरूभन्दा पनि विमलाभास भएकी हुँ, त्यसैको प्रभावद्वारा सबैदिशातिर मेरो शरीरबाट तेज फैलिइरहेको हो ।

५–"हे महानुभाव सम्पन्न भिक्षु ! मनुष्यलोकमा छँदा जुन पुण्यकर्म मैले गरेकी थिएँ सो बताएँ; त्यसै कर्मको प्रभावद्वारा तेजिलो शरीर भएको हो र त्यसैको प्रभावद्वारा मेरो शरीरको तेज सबैदिशातिर प्रकाश भएको हो ।"

त्यसपछि मौद्गल्यायन स्थविरले जुन कुरा सोध्नु भएको थियो सो कुराको अर्थ बताइसकेपछि सोही कुराको कारणमा बताइएका दानादिका उपदेशद्वारा उसको चित्त उपयुक्त भएको बुझ्नु भई महामौद्गल्यायन स्थविरले उसलाई चतुसत्यका कुराहरू प्रकाशपार्नु भयो । सत्यको उपदेश सुनाइसक्नु भएपछि सो देवपुत्री परिवार सहित स्रोतापत्ति-फलमा प्रतिष्ठित भई । त्यसपछि स्थविर त्यहाँबाट फर्केर आउनुभई घटेका कुराहरू जम्मै भगवान्‌लाई सुनाउनुभयो । अनि भगवान्‌ले सोही कुरालाई लिएर उपस्थित परिषद्‌लाई विस्तारपूर्वक धर्मोपदेश गर्नुभयो । त्यो धर्मोपदेश महाजनहरूकोनिमित्त सार्थक भएको थियो । उपदेश सुनेका महाजनहरूले त्यहाँदेखि विशेष गरी प्रदीप दान गर्ने कुरामा ध्यानदिन थाले[१] ।

---

१. विमा. व. अ. क. पृ. ४३: दीपविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८. नागविमानकथा

एक समय भगवान् बुद्ध वाराणशीको ऋषिपतन मृगदावनमा बस्नुभएको थियो । त्यस समय वाराणशी वासिनी श्रद्धासम्पन्ना तथा शीलसम्पन्ना एक उपासिकाले भगवान्को उद्देश्य गरी एकजोर वस्त्र बुन्नलगाई राम्ररी सफागरी भगवान्को छेउमा गएर भगवान्को चरणकमलमा सो वस्त्र राखी यस्तो विन्तिगरी—

"भन्ते ! भगवान्ले यो एकजोर वस्त्र अनुकम्पापूर्वक स्वीकार गर्नुहोस्—जो मेरोनिमित्त दीर्घकालसम्मको लागि हित र सुख हुनेछ ।"

भगवान्ले स्वीकार गर्नुभयो र उसको उपनिश्रय सम्पत्ति देखेर उसलाई धर्मोपदेश पनि गर्नुभयो । धर्मश्रवणपछि उ स्रोतापत्ति-फलमा प्रतिष्ठित भई । त्यसपछि भगवान्लाई वन्दना तथा प्रदक्षिणा गरी उ घर फर्की । केही समय नबित्दै मृत्युभई यसुत्तरा भन्ने नामले उ त्रयस्त्रिंश लोकमा उत्पन्न भई । उ शक्र देवराजाकी प्रिया तथा मनापिनी थिई । उसको पुण्यको प्रभावद्वारा हेमजाल प्रतिच्छन्न उत्तम हात्ती उत्पन्न भयो । त्यसको काँधमा मणीमय मण्डपको बीचमा राम्ररी बछ्याइराखेको रत्नमय आसन पनि उत्पन्न भयो । त्यसको दुइ दाह्रामा कमलका फूलहरूले भरिभराउ भएका दुइ पुष्करिणी पनि उत्पन्न भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस पुष्करिणीका पद्मकर्णिकाहरू माथि बसेका, हातमा पञ्चतूर्यादि लिएका देवकन्याहरू नाच्छन् पनि गाउँछन् पनि ।

शास्ता इच्छानुसार वाराणशीमा बस्नुभएपछि जहाँ श्रावस्ती हो त्यहाँ चारिकागर्दै जानुभयो र क्रमशः श्रावस्तीमा पुगी जेतवनमा बस्नुभयो ।

अनि आफूले अनुभूत गरेका दिव्यसम्पत्तिहरू देखेर सो देवताले त्यस्को कारण विचार गरी हेर्दा—शास्तामा एकजोर वस्त्र प्रदान गरेको हो भन्ने कुरा थाहापाएपछि मनमा उत्पन्न भएको प्रीतिसौमनस्यको कारणले गर्दा भगवान्प्रति उसको महत् श्रद्धा उत्पन्न भयो । अनि भगवान्लाई वन्दना गर्ने मनसाय लिई रातको याम बितिसकेपछि हात्तीमा चढी आकाशबाट आई हात्तीबाट ओर्ल्ही भगवान्लाई वन्दना गरी दुइहात जोरी उ एक छेउमा उभिइरही ।

त्यसवखत भगवान्को नगीच बसिरहनु भएका आयुष्मान् वङ्गीसले भगवान्को स्वीकृति लिई उसँग यस्तो सोध्नुभयो[१]—

१. "अलङ्कता मणिकञ्चनाचितं[२],
सोवण्णजालचितं[३] महन्तं ।

१. विमा. व. अ. क. पृ. १४५–४६: नागविमानवण्णना ।
२. स्याममा: 'कनक कञ्चनाचितं'; रोमनमा: 'मणिकनक कञ्चनाचितं' ।
३. वर्मीमा: 'सुवण्णजालचितं' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिरूय्ह गजवरं सुकप्पितं,
इधागमा वेहायसं[1] अन्तलिक्खे ॥

२. "नागस्स दन्तेसु दुवेसु निम्मिता,
अच्छोदका[2] पदुमिनियो सुफुल्ला ।
पदुमेसु च[3] तुरियगणा[3] पभिज्जरे,
इमा च नच्चन्ति मनोहरायो ॥

३. "देविद्धिपत्तासि महानुभावे,
मनुस्सभूता किमकासि पुञ्ञं ।
केनासि एवं जलितानुभावा,
वण्णो च ते सब्बदिसा पभासती'ति[4] ॥

अर्थ—

१–"मणीकाञ्चनहरू जडिएका सर्वप्रकारका आभरणहरू लगाई महान विचित्र सुवर्णजालहरूले सजाइएका उत्तम हात्तीमा चढी आकाशबाट तिमी यहाँ आयौ ।

२–हात्तीका दुवै दाह्राहरूमा निर्मित—निर्मल पानीले भरिएका पद्मफूलहरूले शोभायमान भएका दुइ पुष्करिणीहरूमा तूर्यगणहरू बाह्लयहरूको आवाजको बीचमा मनोहरढंगले नाच्दछन् ।

---

१. सिंहल, स्याम र रोमनमा: 'वेहासयं' ।
२. सिंहलमा: 'अच्छोदिका' ।
३–३. स्याममा: 'तूरियगणा'; वर्मीमा: 'च तूरियगणा' ।
४. विमा. व. पा. पृ. ६१–६२: नागविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३–"देवऋद्धि भएका महानुभावसम्पन्ना तिमीले मनुष्यलोकमा छँदा के पुण्य गर्‍यौ ? कुन कारणले तिम्रो यस्तो ज्वलित प्रभाव भएको हो ? सबैदिशातिर तिम्रो वर्ण पनि फैलिदैछ ।"

यसरी सोधिएपछि देवताले यस्तो भनी—

१. "वाराणसियं उपसङ्कमित्वा,
बुद्धस्सहं[1] वत्थयुगं अदासिं ।
पादानि वन्दित्वा[2] छमा निसिदिं,
वित्ता[3] चहं[3] अञ्जलिकं अकासिं ॥

२. "बुद्धो च मे कञ्चनसन्निभत्तचो,
अदेसयि समुदयदुक्खनिच्चतं ।
असङ्खतं दुक्खनिरोधसस्सतं[4],
मग्गं अदेसयि[5] यतो विजानियं[6] ॥

१. स्याम र रोमनमाः 'बुद्धस्सा' ।
२. सिंहल र रोमनमाः 'वन्दित्व' ।
३–३. स्याममाः 'चित्तावतं'; सिंहलमाः 'वित्त वहं'; रोमनमाः 'वित्तावतं' ।
४. स्याम र रोमनमाः 'दुक्खनिरोधसच्चं' ।
५. सिंहलमाः 'अदेसेसि' ।
६. रोमनमाः 'विजानिस्सं'; नालन्दा पालिमाः 'विमानिस्सं' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "अप्पायुकी कालकता ततो चुता,
उपपन्ना तिदसगणं[१] यसस्सिनी ।
सक्कस्सहं[२] अञ्ञतरा पजापति,
यसुत्तरा नाम दिसासु विस्सुता'ति[३] ॥"

अर्थ –

१–"वाराणशीको ऋषिपतनमा गई मैले बुद्धलाई एक जोर वस्त्र दानदिएँ, वहाँको चरणकमलमा वन्दना गरी भुइमा बसें अनि प्रसन्न भई दुइहात जोरी वहाँलाई नमस्कार पनि गरें ।

२–"काञ्चनवर्ण हुनुभएका वहाँले मलाई दुःख, दुःखसमुदय र त्यसको अनित्यताको बारेमा उपदेश गर्नुभयो । अनि असंस्कृत भएको निर्वाण र निर्वाणगामिनी मार्गको बारेमा पनि उपदेश गर्नुभयो— जुन धर्महरूलाई मैले साक्षात्कार पनि गरें ।

३–"अनि अल्पायुकताको कारणले गर्दा त्यहाँबाट च्युत भई म यशस्विनी भई देवगणहरूमा उत्पन्न भएँ र शक्रका प्रजापतिहरूमध्ये एक भएँ र यसुत्तरा भन्ने मेरो नाम सर्वदिशातिर प्रख्यात भयो ।"

---

१. स्याममा: 'नितसानं'; रोमनमा: 'तिदसानं' ।
२. सिंहल, स्याम र रोमनमा: 'सक्कस्साहं' ।
३. विमा. व. पा. पृ. ६२: नागविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६. नावाविमानकथा

एक समय भगवान् धेरै भिक्षुहरू साथमालिई जनपद चारिका गर्दै कोशल जनपद्को थूण भन्ने ब्राह्मण गाउँमा[1] जानुभयो। त्यसवखत थूण ब्राह्मण गाउँका ब्राह्मणहरूले यस्तो सुने—

"श्रमण गौतम हाम्रो गाउँमा आउँदैछन्।"

अनि बुद्धधर्म प्रति प्रसन्न नहुने, मिथ्यादृष्टिक तथा मात्सर्य स्वभावका ती थूण गाउँका ब्राह्मणहरूले यस्तो सोचे—

"यदि श्रमण गौतम यस गाउँमा आई दुइ चारदिन बसेको खण्डमा यस गाउँका सबैंजसो मानिसहरूलाई उनले आफ्नो वशमा राख्नसक्छन् र ब्राह्मण धर्मले प्रतिष्ठा पाउन सक्ने छैन।"

यसरी सोचेर उनीहरूले भगवान्लाई त्यहाँ नराख्ने विचार गरी अथवा जस्तो गर्दा भगवान् त्यहाँ बस्न नसक्ने हो त्यस्तो गर्ने उपाय

---

१. उदान पालिको 'उदपान सूत्र' मा चाहिं 'थूण भन्ने मल्लहरूको ब्राह्मण गाउँ' भनी उल्लेख भएको छ। पृ. १५९, चूलवग्गो–७. यो थूण गाउँ कोशल राज्य अन्तर्गत मल्लहरूको गाउँ हो भनी D. P. P. I. पृ. १०४२ मा डा. मललसेकरले उल्लेख गरेका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोची—नदीका तीर्थस्थानहरूमा राखिराखेका डुङ्गाहरू अन्ततिर लगे, पूलहरूमा जान नसक्ने गरिदिए तथा पानी-मण्डप तया शालाहरू पनि परिभोग गर्न नहुने गरिदिए। यौटा पानीको कुवा बाहेक अरू सबै कुवाहरूमा घाँस र परालहरू राखी छोपिदिए। यसैलाई लिएर उदान-पालिले पनि यस्तो उल्लेख गरेको छ—

"अनि थूण गाउँका ब्राह्मण गृहपतिहरूले श्रमण मुण्डकले पानी खान नपाऊन् भनी कुवामा घाँस र परालहरू राखी छोपिदिए[1]।"

उनीहरूको ती विकारतालाई जान्नु भई उनीहरू प्रति अनुकम्पा राख्नु भई भगवान् बुद्ध भिक्षुहरू सहित आकाशमार्गबाट नदी पार गरी क्रमशः थूण ब्राह्मण गाउँमा आइपुग्नु भयो। अनि वहाँ बाटाको एकापट्टिको एक रुखमनि बिच्छ्याइराखेको आसनमा बस्नुभयो। त्यसवखत केही पँधेर्नीहरू भगवान्‌को नजिकबाट जाँदै थिए। त्यस गाउँका मानिसहरूले—"यदि श्रमण गौतम यहाँ आएमा उनको

१. उदा. पा. पृ. १५९: उदपानसुत्तं, चूलवग्गो–७, अ. क. पृ. २५६. उदानट्ठकथानुसार (पृ. २६५) जब थूण गाउँका ब्राह्मणहरूले माथि उल्लेख भए अनुसार पानी नखुवाउने निश्चय गरे तब उनीहरूले त्यसवखत रहेको एकमात्र पानीखाने कुवाबाट एकहप्तासम्मको लागि पानी बसारी सो कुवामा घाँस र परालहरू राखी छोपि दिएका थिए। त्यस कुवामा बाहेक अरू कुवाहरूमा पानी सुकेको थियो भनी उल्लेख भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्युत्गमनादि गरी स्वागत नगर्ने तथा घरमा आउने उनका कुनै पनि श्रावकलाई कुनै भिक्षा पनि नदिने" भन्ने आदि कराल गरेका थिए[१]।

त्यस गाउँको एक ब्राह्मणकी दाशीले गाग्रोमा पानी लिएर गइरहेकी वेलामा भिक्षुसङ्घहरुद्वारा परिवृत्त भई बसिरहनु भएका बुद्ध भगवान्‌लाई उसले देखी। हिडाइको कारणबाट वहाँहरू थकित तथा प्यासी भइरहेको कारण पनि उसले बुझी। अनि उसले प्रसन्नता-पूर्वक वहाँहरूलाई पानी दिने इच्छा गरी। त्यसवखत उसले—"यद्यपि यी गाउँलेहरूले श्रमण-गौतमलाई कुनै प्रकारले स्वागतसम्म पनि नगर्ने भन्ने कराल गरेका छन्। तथापि यस्ता पुण्यक्षेत्र तथा दाक्षिणेयसम्पत्ति पाएर पनि मैले पानीमात्र दिएर भएपनि आफ्नो शरण बनाउन सकिन भने कहिले म यस्तो दुःखी जीवनबाट पारतर्न सकूँला? अतः मेरा मालिक तथा अरू सबै गाउँलेहरूले चाहे मलाई पिटुन् चाहे मारुन् तर मैले यस्ता पुण्यक्षेत्रहरूलाई पानी त अवश्य नै पियाउने नै छु" भन्ने दृढ निश्चय गरी अरू पँधेर्नीहरूले रोक्दा रोक्दै पनि उसले आफ्नो जीवन नै सर्मापित गरी टाउकोबाट गाग्रो झिकी दुइहातले गाग्रो एक छेउमा राखी —मनमा उठेको महत प्रीतिसौमनस्य लिई भगवान्‌कहाँ गई पञ्चाङ्ग-वन्दना गरी भगवान्‌लाई पानीद्वारा निम्त्याई। उसको प्रसन्नचित्तलाई हेरी उसमाथि अनुग्रह गर्दै भगवान्‌ले पानी छानी हातखुट्टा धोई पानी पनि पिउनुभयो। तर गाग्रोमा भने पानी घटेको थिएन। यो देखेर उ झन् प्रफुल्लित भई अर्को भिक्षुलाई पनि उसले पानी दिई। यस्तै प्रकारले उसले एक एक जनालाई गरी सबै भिक्षुहरूलाई पानी दिई। तथापि

---

१. विमा. व. अ. क. पृ. ३६: नावाविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाग्रोको पानी भने कत्तिपनि घटेको थिएन। यो देखेर उ अत्यन्त प्रसन्न भई पूर्णघट लिएर घरतिर लागी[१]।"

उसले पानी दिएको कुरा उसका मालिक ब्राह्मणले सुनेर— "यसले गाउँलेहरूको करारलाई भङ्ग गरी र मलाई पनि निन्दनीय गराइदिई" भन्ने लागेपछि क्रोधले आगो जस्तो भई मुरमुरिई उसलाई भुइमा पछारी हातखुट्टाले खूब कुट्यो। सोही कुटाइको कारणबाट उसको जीवनको अन्त भई उ त्रयस्त्रिंश भवनमा उत्पन्न भई। उसको पुण्यको प्रभावद्वारा कल्पवृक्ष जस्तो शोभायमान भएको एक विशाल विमान उत्पन्न भयो। त्यस विमानलाई घेरालगाई मोतीको जाल र चाँदीका वालुवाहरू छरिएका तथा नदीको सेतो तीर भएको, नदीमा शीतल-निर्मल मणिजस्तै पानी बगिरहेको नदी पनि उत्पन्न भयो। यो नदीको दुवै किनारमा उद्यानहरूले सुशोभित ठाउँ ठाउँका पुष्करिणी-हरूमा पञ्चरंगी पद्मपुष्पहरूद्वारा प्रतिमण्डित भएका डुङ्गाहरू पनि उत्पन्न भए। उ त्यहाँ दिव्यसम्पत्तिको सुखानुभव गर्दै बस्नथाली[२]।

अनि भगवान्ले आयुष्मान् **आनन्दलाई** आमन्त्रण गर्नुभयो—

"आनन्द! तिमीले मलाई कुवाबाट पानी ल्याऊ।"

स्थविरले—"भन्ते! **थूण गाउँका मानिसहरूले** कुवालाई फोहर पारेका छन् (दूसितो)। अतः पानी ल्याउन सकिँदैन" भनी भन्नुभयो।

---

१. विमा. व. अ. क. पृ. ३७: नावाविमानवण्णना।

२. विमा. व. अ. क. पृ. ३७: नावाविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोश्रो र तेश्रो पटक पनि भगवान्ले आनन्दलाई 'पानील्याऊ' भनी अह्राउनु भयो।

अनि तेश्रो पटकमा भगवान्को पात्र लिई आनन्द स्थविर कुवातिर जानुभयो। आनन्द स्थविर कुवातिर जाँदा जाँदै डोरी राखेर तान्नुपर्ने[१] कुवाको पानी कुवा भरिएर चारैतिर बग्नथाल्यो। सबै घाँस र परालहरू आपसेआफ बगेर गए। यसरी बढ्दै आएको पानीले गाउँका अरू सुकेका पोखरी तथा कुवाहरू सबै भरिए। मानो वर्षा भएको जस्तै सबै ठाउँहरूमा पानी पानी भयो[२]। यो आश्चर्य तथा अद्भूत प्रातिहार्य देखेर आश्चर्य तथा चकीत परी भगवान्कहाँ गई गाउँका ब्राह्मणहरूले भगवान्सँग क्षमा मागे। ब्राह्मणहरूले आफूले गरेका अपराधलाई अपराधकोरूपमा भगवान्सँग क्षमा माग्ने वित्तिकै[३] पानीको बाढी साम्यभएर गयो भन्ने कुरा नावाविमानवण्णनाले, उल्लेख गरेको छ। त्यसपछि उनीहरूले भगवान् र भिक्षुसङ्घकोनिमित्त बस्ने ठाउँहरूको व्यवस्थामिलाई भोलिकोनिमित्त भोजनद्वारा निम्तो

---

१. उदा. अ. क. पृ. २६७: उदपानसुत्तवण्णना, चूलवग्गो–७.

२. उदा. अ. क. पृ. २६६–६७: उदपानसुत्तवण्णना, चूलवग्गो–७ यहाँनिर उदानअट्ठकथाले विस्तृत वर्णन गरेको छ। 'पानी पानी भई सबै ठाउँमा पानी भरिएको कुनै देव ऋद्धि वा बुद्धको ऋद्धि-द्वारा नभई पुण्य ऋद्धिद्वारा त्यसो भएको हो' भन्ने कुरापनि उहीं पृ. २६७ मा उल्लेख भएको पाइन्छ।

३. उदा. अ. क. पृ. २६७.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाग्रोको पानी भने कत्तिपनि घटेको थिएन । यो देखेर उ अत्यन्त प्रसन्न भई पूर्णघट लिएर घरतिर लागी[१] ।"

उसले पानी दिएको कुरा उसका मालिक ब्राह्मणले सुनेर— "यसले गाउँलेहरूको करालाई भङ्ग गरी र मलाई पनि निन्दनीय गराइदिई" भन्ने लागेपछि क्रोधले आगो जस्तो भई मुरमुरिई उसलाई भुइमा पछारी हातखुट्टाले खूब कुट्यो । सोही कुटाइको कारणबाट उसको जीवनको अन्त भई उ त्रयस्त्रिंश भवनमा उत्पन्न भई । उसको पुण्यको प्रभावद्वारा कल्पवृक्ष जस्तो शोभायमान भएको एक विशाल विमान उत्पन्न भयो । त्यस विमानलाई घेरालगाई मोतीको जाल र चाँदीका वालुवाहरू छरिएका तथा नदीको सेतो तीर भएको, नदीमा शीतल-निर्मल मणिजस्तै पानी बगिरहेको नदी पनि उत्पन्न भयो । यो नदीको दुवै किनारमा उदयानहरूले सुशोभित ठाउँ ठाउँका पुष्करिणी-हरूमा पञ्चरंगी पद्मपुष्पहरूद्वारा प्रतिमण्डित भएका डुङ्गाहरू पनि उत्पन्न भए । उ त्यहाँ दिव्यसम्पत्तिको सुखानुभव गर्दै बस्नथाली[२] ।

अनि भगवान्ले आयुष्मान् **आनन्दलाई** आमन्त्रण गर्नुभयो—

"**आनन्द** ! तिमीले मलाई कुवाबाट पानी ल्याऊ ।"

स्थविरले—"भन्ते ! **थूण गाउँका मानिसहरूले** कुवालाई फोहर पारेका छन् (दूसितो) । अतः पानी ल्याउन सकिँदैन" भनी भन्नुभयो ।

---

१. विमा. व. अ. क. पृ. ३७: नावाविमानवण्णना ।

२. विमा. व. अ. क. पृ. ३७: नावाविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोश्रो र तेश्रो पटक पनि भगवान्ले आनन्दलाई 'पानील्याऊ' भनी अह्राउनु भयो ।

अनि तेश्रो पटकमा भगवान्को पात्र लिई आनन्द स्थविर कुवातिर जानुभयो । आनन्द स्थविर कुवातिर जाँदा जाँदै डोरी राखेर तान्नुपर्ने[1] कुवाको पानी कुवा भरिएर चारैतिर बग्नथाल्यो । सबै घाँस र परालहरू आपसेआफ बगेर गए । यसरी बढ्दै आएको पानीले गाउँका अरू सुकेका पोखरी तथा कुवाहरू सबै भरिए । मानो वर्षा भएको झैं सबै ठाउँहरूमा पानी पानी भयो[2] । यो आश्चर्य तथा अद्भूत प्रातिहार्य देखेर आश्चर्य तथा चकीत परी भगवान्कहाँ गई गाउँका ब्राह्मणहरूले भगवान्सँग क्षमा मागे । ब्राह्मणहरूले आफूले गरेका अपराधलाई अपराधकोरूपमा भगवान्सँग क्षमा माग्ने वित्तिकै[3] पानीको बाढी साम्यभएर गयो भन्ने कुरा नावाविमानवण्णनाले, उल्लेख गरेको छ । त्यसपछि उनीहरूले भगवान् र भिक्षुसङ्घकोनिमित्त बस्ने ठाउँहरूको व्यवस्थामिलाई भोलिकोनिमित्त भोजनद्वारा निम्तो

१. उदा. अ. क. पृ. २६७: उदपानसुत्तवण्णना, चूलवग्गो–७.

२. उदा. अ. क. पृ. २६६–६७: उदपानसुत्तवण्णना, चूलवग्गो–७ यहाँनिर उदानअट्ठकथाले विस्तृत वर्णन गरेको छ । 'पानी पानी भई सबै ठाउँमा पानी भरिएको कुनै देव ऋद्धि वा बुद्धको ऋद्धि-द्वारा नभई पुण्य ऋद्धिद्वारा त्यसो भएको हो' भन्ने कुरापनि उहीं पृ. २६७ मा उल्लेख भएको पाइन्छ ।

३. उदा. अ. क. पृ. २६७.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समेत गरे। दोश्रो दिनमा महादानको तयारी गरी बुद्ध सहित भिक्षुसङ्घलाई भोजन गराई भोजन कार्य सिद्धिएपछि थूण गाउँका सबै ब्राह्मण गृहपतिहरू भगवान्को उपासन गर्दै बसे।

त्यसवखत त्यो देवताले आफूले पाएको श्रीसम्पत्तिमाथि प्रत्य-वेक्षणा गरी हेर्दा "पानी दिएको कारणद्वारा त्यस्तो फल पाएको हो" भन्ने कुरा बुझी उसको मनमा अपार प्रीति तथा सौमनस्य उत्पन्न भयो। अनि उसले "अवश्य पनि अहिल्यै नै भगवान्को दर्शन गर्न जानुपऱ्यो" भन्ने सोची "सम्यक् प्रतिपन्नहुनेहरू माथि दिएको थोरै दानको फल महान् हुँदो रहेछ भन्ने कुरा पनि मनुष्यलोकमा प्रकट गर्नेछु" भनी उत्साहित भई—सहस्र अप्सराहरूद्वारा परिवृत्त भई, उद्यान तथा नदी सहितको विमानलाई महति देवऋद्धि तथा महति देवानुभावद्वारा महाजनहरूले देख्दादेख्दै विमानबाट ओर्ली भगवान् छेउ गई अभिवादन गरी दुइहात जोरी उभिइरही। अनि भगवान्ले उसैद्वारा त्यस परिषद्लाई कर्मफलका कुराहरू प्रत्यक्ष बताउन लगाउने विचार गरी उसलाई यस्तो भन्नुभयो[१]।

१. "सुवण्णच्छदनं नावं, नारि आरुय्ह तिट्ठसि।
ओगाहसि पोक्खरणिं, पदुमं छिन्दसि पाणिना॥

२. "कूटागार निवेसा ते, विभत्ता भागसो मिता।
दद्दल्लमाना आभन्ति, समन्ता चतुरोदिसा॥

---

१. विमा. व. अ. क. पृ. ३८: नावाविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "केन ते तादिसो वण्णो,...[१]

४. "पुच्छामि तं देवि महानुभावे,...[२]

अर्थ—

१—"हे नारी ! तिमी सुनले मोरेको डुङ्गामा वस्दछ्यौ जसको चारैतिर पुष्करिणीहरू छन् र जसबाट पद्मका फूलहरू टिप्दछ्यौ ।

२—"ठीकसँग भाग लगाई विभाजन गरिएको कूटागारमा तिमी वस्दछ्यौ जुन चारैदिशातिर टल्टल्ती टल्कनको साथै प्रकाश पनि आइरहेछ ।

३—"कसरी तिम्रो त्यस्तो वर्ण भएको हो ? कसरी तिमीलाई यस्तो सिद्ध भएको हो ? तिमीले मनपराएका भोगसम्पत्तिहरू पनि उत्पन्न भएका देखिन्छन् ।

४—"हे महानुभाव सम्पन्ना देवी ! म सोध्दछु कि—मनुष्य छँदा तिमीले के पुण्यकर्म गर्‍यौ ? कसरी तिमी यस्ती तेजिली भयौ ? कसरी तिम्रो शरीरको तेज सर्वदिशातिर प्रकाश भएको हो ?"

यसरी भगवान्‌ले चारवटा गाथाहरूद्वारा प्रश्न सोध्नुभयो । अनि यसै सम्बन्धमा सङ्गीतिकारहरू भन्दछन्—

१—२. माथि पृ. ९ मा उल्लेख भए बमोजिं यहाँका बाँकी पदहरू दोहर्‍याई पढ्नू । विमा व.पा. पृ. ११: ततियनावाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"सा देवता अत्तमना, सम्बुद्धेन पुच्छिता ।
पञ्हं पुट्ठा वियाकासि, यस्स कम्मस्सिदं फलं[१] ।।"

अर्थ—

"सम्बुद्धद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवता खुशी भई—जुन कर्मको फलद्वारा त्यो सम्पत्ति पाएकी हो सो कुरा बताउँदै उसले यस्तो भनी ।"

१. "अहं मनुस्सेसु मनुस्सभूता,
पुरिमाय जातिया मनुस्सलोके ।
दिस्वान भिक्खू तसिते किलन्ते,
उट्ठाय पातुं उदकं अदासिं ।।

२. "यो वे किलन्तान पिपासितानं,
उट्ठाय पातुं उदकं ददाति ।
सीतोदका तस्स भवन्ति नज्जो,
पहूतमल्या बहुपुण्डरीका ।।

३. "तं आपगा अनुपरियन्ति सब्बदा,
सीतोदका वालुकसन्थता नदी ।
अम्बा च साला तिलका च जम्बुयो,
उद्दालका पाटलियो च फुल्ला ।।

१. विमा. व. पा. पृ. ११: ततियनावाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. "तं भूमिभागेहि उपेतरूपं,
विमानसेट्ठं भुससोभमानं ।
तस्सीध कम्मस्स अयं विपाको,
एतादिसं पुञ्ञकता लभन्ति ।।

५. "कूटागार निवेसा मे, विभत्तां भागसो मिता ।
दद्दल्लमाना आभन्ति, समन्ता चतुरो दिसा ।।

६. "तेन मे तादिसो वण्णो, तेन मे इध मिज्झति ।
उप्पज्जन्ति च मे भोगा, ये केचि मनसो पिया ।।

७. "अक्खामि ते वुद्ध महानुभाव,
मनुस्सभूता यमकासि पुञ्ञं ।
तेनम्हि एवं जलितानुभावा,
वण्णो च मे सव्वदिसा पभासति ।
एतस्स कम्मस्स फलं[१] ममेदं[१],
अत्थाय[२] बुद्धो उदकं अपायी[३]'ति[१] ।।"

१–१. स्याम र रोमनमा: 'अयं विपाको' ।
२. स्याम र रोमनमा: 'उट्ठाय' ।
३. स्याम र रोमनमा: 'अपासि' ।
२. विमा. व. पा. पृ. ११–१२: ततियनावाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

१–"अघिल्लो जन्ममा म मनुष्यलोकमा मनुष्य भएको वेलामा थकित तथा प्यासी भएका भिक्षुहरूलाई देखेर उनीहरूलाई मैले पानी दिएँ।

२–"जसले थकित तथा प्यासी भएकालाई पानीदिन्छ उसले धेरै मालाहरू सहित पुण्डरीकहरूले सुशोभित तथा शीतल पानी भएको नदी पाउँछ।

३–"त्यो शीतल पानी भएको नदी चारैतिर सँधै बग्दछ र त्यसको तीरमा बालुवाहरू छरिएका हुन्छन् – आँप, साल तथा जमुना आदिका रुखहरू पनि हुन्छन् अनि उद्दालक र पाटली भन्ने फूलहरूले पनि सजिएको हुन्छ।

४–"त्यस्तो भूमिभागमा रहेको विमान अतिसुन्दर हुन्छ; सोही पानी दानको कारणद्वारा मैले यस्तो पाएकी हुँ; पुण्य गर्नेले यस्तै पाउँदछन्।

५–"गजूर भएको मेरो घरलाई ठीकसँग विभाजन गरिएको छ, चारैदिशातिर टल्कनुको साथै प्रकाश पनि आइरहेछ।

६–"सोही पुण्यको प्रभावद्वारा मेरो यस्तो शरीर-वर्ण भएको हो, त्यसैको प्रभावद्वारा चिताए बमोजिम मैले यहाँ भोगसम्पत्तिहरू पनि पाएकी हुँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७–"हे महानुभावसम्पन्न बुद्ध ! मनुष्य छँदा जुन पुण्यकर्म गरेको थिएँ सो कुरो मैले बताएँ; त्यसैको प्रभावद्वारा मेरो यस्तो ज्वलित प्रभाव भएको हो र मेरो तेज पनि सर्वदिशातिर फैलिएको हो । यही पुण्यफल दिलाइदिनकोनिमित्त तथा मेरो हितकोनिमित्त बुद्ध भगवान्‌ले मैले दिएको पानी पिउनु भएको हो ।"

यसप्रकार प्रसन्न हुने सो देवतालाई भगवान्‌ले आफैंले पाएको धर्मको उपदेश गर्नुभई चतुसत्यका कुराहरू प्रकाश पार्नुभयो । उपदेशको अन्त्यमा सो देवता स्रोतापत्ति-फलमा प्रतिष्ठित भई । त्यहाँ भेला-भएका परिषद्‌लाई पनि धर्मोपदेश सार्थक नै भएको थियो[१] ।

---

१. विमा. व. अ. क. पृ. ४०: नावाविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

१–"अघिल्लो जन्ममा म मनुष्यलोकमा मनुष्य भएको वेलामा थकित तथा प्यासी भएका भिक्षुहरूलाई देखेर उनीहरूलाई मैले पानी दिएँ।

२–"जसले थकित तथा प्यासी भएकालाई पानीदिन्छ उसले धेरै मालाहरू सहित पुण्डरीकहरूले सुशोभित तथा शीतल पानी भएको नदी पाउँछ।

३–"त्यो शीतल पानी भएको नदी चारैतिर सँधै बग्दछ र त्यसको तीरमा बालुवाहरू छरिएका हुन्छन् — आँप, साल तथा जमुना आदिका रुखहरू पनि हुन्छन् अनि उद्दालक र पाटली भन्ने फूलहरूले पनि सजिएको हुन्छ।

४–"त्यस्तो भूमिभागमा रहेको विमान अतिसुन्दर हुन्छ; सोही पानी दानको कारणद्वारा मैले यस्तो पाएकी हुँ; पुण्य गर्नेले यस्तै पाउँदछन्।

५–"गजूर भएको मेरो घरलाई ठीकसँग विभाजन गरिएको छ, चारैदिशातिर टल्कनुको साथै प्रकाश पनि आइरहेछ।

६–"सोही पुण्यको प्रभावद्वारा मेरो यस्तो शरीर-वर्ण भएको हो, त्यसैको प्रभावद्वारा चिताए बमोजिम मैले यहाँ भोगसम्पत्तिहरू पनि पाएकी हुँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७-"हे महानुभावसम्पन्न बुद्ध! मनुष्य छँदा जुन पुण्यकर्म गरेको थिएँ सो कुरो मैले बताएँ; त्यसैको प्रभावद्वारा मेरो यस्तो ज्वलित प्रभाव भएको हो र मेरो तेज पनि सर्वदिशातिर फैलिएको हो। यही पुण्यफल दिलाइदिनकोनिमित्त तथा मेरो हितकोनिमित्त बुद्ध भगवान्‌ले मैले दिएको पानी पिउनु भएको हो।"

यसप्रकार प्रसन्न हुने सो देवतालाई भगवान्‌ले आफैंले पाएको धर्मको उपदेश गर्नुभई चतुसत्यका कुराहरू प्रकाश पार्नुभयो। उपदेशको अन्त्यमा सो देवता स्रोतापत्ति-फलमा प्रतिष्ठित भई। त्यहाँ भेला-भएका परिषद्‌लाई पनि धर्मोपदेश सार्थक नै भएको थियो[१]।

---

१. विमा. व. अ. क. पृ. ४०: नावाविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०. पीठविमानकथा

एक समय भगवान् श्रावस्तीस्थित अनाथपिण्डिकको जेत-वनाराममा विहार गरिहनुभएको वेलामा—प्रसेनजित् कोशल राजाले बुद्धप्रमुख भिक्षुसङ्घलाई एक हप्तासम्म अशदृश-दान[1] दिएको देखेर अनाथपिण्डिक महाश्रेष्ठीले पनि तीनदिनसम्म र विशाखा महाउपासिकाले पनि महादान दिएपछि यो अशदृश-दानको बयान सारा जम्बुद्वीपमा प्रख्यात हुँदै गयो। अनि महाजनहरूका बीचमा यस्तो कुरा चलन थाल्यो --

"केत, यसरी महान भोगसम्पत्तिहरू परित्याग गरेर दिएको दानको पुण्यफल मात्र महत्फल हुन्छ कि अथवा आ-आफ्ना गच्छे अनुसार परित्याग गरी दिएको दानको फल पनि महत्फल हुनसक्छ ?"

यो कुरा सुनेर भिक्षुहरूले भगवान्लाई सुनाए। अनि त्यसवखत भगवान्ले यस्तो भन्नुभयो --

---

१. 'अशदृश-दान' भनेको कस्तो हो भन्ने कुरा सुमं. वि. II. पृ. ४६३: महागोविन्दसुत्तवण्णनामा वर्णित गरिएको छ र धम्म. प. अ. क. पृ. ४२७: असदिसदानस्सवत्थु; लोकवग्गमा पनि वर्णित गरिएको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"भिक्षु हो ! दातव्य-सम्पत्तिहरू विशाल हुँदैमा दानको फल महान हुने होइन । बरु चित्तप्रसाद-सम्पत्ति र क्षेत्रसम्पत्तिद्वारा दानको फल महान हुन्छ । अतः एक मुठी कनिका भए पनि, एक टुक्रा कपडा भए पनि, तृण-सन्थरण वा पर्ण-सन्थरण भए पनि अथवा गौंतमा भिजाइएको हरितकी भए पनि – अतिप्रसन्न चित्त राखी दाक्षिणेयमा दान दिएको खण्डमा—त्यो पनि महत्फलतर र महाप्रभावशाली तथा महाविस्फारक हुनसक्छ[१] ।"

त्यसैले शक्र देवेन्द्रले यस्तो भनेका हुन्—

"नत्थि चित्ते पसन्नम्हि, अप्पिका नाम दक्खिणा ।
तथागते वा सम्बुद्धे, अथ वा तस्स सावके'ति[२] ।।"

अर्थ—

"तथागत सम्यक् सम्बुद्ध अथवा वहाँका श्रावकहरूमा प्रसन्न-चित्त राखी दिएको दान-चित्तको फल कम हुन सक्दैन ।"

जब यो कुरा सारा जम्बुद्वीपमा फैलिएर गयो तब मानिसहरूले श्रमण-ब्राह्मण, गरीब, बटुवा तथा याचकहरूलाई यथाशक्ति दानदिन थाले । कसैले आँगनहरूमा पानी राखे तथा कसैले दलान-कोठाहरूमा

१. विमा. व. अ. क. पृ. ४: पीठविमानवण्णना ।

२. यो गाथा जा. अ. क. I. पृ. १७१: खदिरङ्गारजातकं, नं. ४० मा र विमा. व. पा. पृ. ७०: पीठविमानवत्थु मा उल्लेख भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आसनहरू बछ्याए। यस्तो अवस्थामा राम्रो हाउ-भाउ भएको सुसंयमी —हात खुट्टाको चलन-बलन संयम भएको हेर्न र बोल्नमा सुसंयमी भएको, शारीरिक ईर्यापथहरूमा शान्तदान्त भएको—एक पिण्डचारिका गर्ने स्थविर भिक्षाटन् गर्दै भोजनको समय नजिक आएपछि एक घरको छेउमा पुगे। त्यहाँ श्रद्धासम्पन्ना एक कुलकी छोरीले स्थविरलाई देखेर —मनमा उठेको गौरवले गर्दा महत् प्रीति-सौमनस्य उत्पन्न गरी— स्थविरलाई निम्त्याई घरभित्र लगिसकेपछि पञ्चाङ्ग वन्दना गरी आसनको रूपमा आफ्नो पीरा (पीठ) राखी त्यसमाथि एक असल पहेँलो कपडा पनि बछ्याइ दिईं। स्थविर त्यसमा बसेपछि "अहो! मैले पुण्यक्षेत्र पाएँ" भनी प्रसन्नचित्त गरी यथाशक्य आहारद्वारा स्थविर-लाई सन्तर्पित गरी। पंखाले पनि हम्किन थाली। भोजनपछि आसन-दान र भोजन-दान सम्बन्धी धर्मोपदेश गरी स्थविर फर्केर गए।

आफूले दिएको त्यो दान र ती धर्मोपदेशका कुराहरू फेरि फेरि सम्झिदा शरीरभरी फैलिएर गएको प्रीति-प्रामोद्यको कारणले गर्दा उसले सो बछ्याइ दिएको आफ्नो पीराको आसन पनि स्थविरलाई नै चढाई। अनि केही दिन पछि कुनै रोगको कारणबाट परलोक भई र उ त्रयस्त्रिंश भवनमा बाह्र योजन भएको कनकविमानमा उत्पन्न भई। उसका एकहजार परिवार अप्सराहरू पनि भएका थिए। पीराको आसन-दानको फलद्वारा एक योजन भएको **कनक-आसन** उत्पन्न भयो। यो वेगसम्पन्न आकाशमा जाने कनक-आसन कूटागार जस्तै (घर जस्तै) थियो। त्यसैले यसको नाम **'पीठ-विमान'** रहन गयो। पहेँलो कपडा बिछ्याइदिएको कर्मको प्रभावद्वारा सो **'पीठ-विमान'** को वर्ण पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनको जस्तै भएको थियो। महत् प्रीतिले दान दिएको कर्मको प्रभावले गर्दा सो विमान वेगसम्पन्न थियो। दाक्षिणेयको इच्छा अनुसार सन्तुष्टपारी दान दिएको प्रभावले गर्दा सो विमान इच्छा गरेको ठाउँमा जान-सक्दथ्यो। प्रसन्नताको सम्पत्ति पनि महान भएको हुँदा सो विमान पनि प्रसन्नजनक तथा अति शोभनीय थियो[१]।

एक उत्सवको दिनमा—देवताहरू आ-आफ्ना दिव्यानुभावहरू देखाउँदै उद्यान-क्रीडा गर्नकोनिमित्त गइरहेको वेलामा सो देवता पनि दिव्य-वस्त्र लगाई दिव्याभरणहरूले विभूषिता भई एकहजार अप्सराहरूले परिवृत्त भई आफ्नो भवनबाट निस्की त्यो पीठ-विमानमा बसी महान देव-ऋद्धि तथा महान श्रीशौभाग्यले युक्तभई चन्द्र-सूर्यले झैं प्रकाश फैलाई उद्यानतिर गई। त्यसवखत देवलोकको चारिका गर्दै त्रयस्त्रिंश भवनमा पुग्नु भएका आयुष्मान् महामौद्गल्यायनले सो देवताको नजिक आफूलाई देखाउनु भयो। अनि सो देवताले वहाँलाई देखेर मनमा उत्पन्न भएको प्रसन्नता र गौरवको कारणले गर्दा फट्ट आसनबाट ओर्ल्हीं स्थविर छेउ गई पञ्चाङ्ग वन्दना गरी हात जोरी उभिई रही।

यद्यपि स्थविरले—उसले र अरूले गरेका कुशलाकुशल कर्म-सम्बन्धी कुराहरू यथाकर्मोपग-ज्ञानद्वारा हातमा राखेको अमलालाई जाने झैं प्रज्ञावलद्वारा प्रत्यक्षरूपले जान्न सक्नुहुन्छ तथापि उत्पन्न हुने-वित्तिकै धर्मसिद्धिको कारणद्वारा धेरैंजसो देवताहरूले 'कहाँबाट च्युतभई म यहाँ उत्पन्न भएको हुँ' भन्ने कुरा र 'कस्तो कुशल-कर्म गरेर

१. विमा. व. अ. क. पृ. ५: पीठविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैले यस्तो सम्पत्ति पाएको हुँ' भनी अतीत जन्मका कुराहरू तथा आफूले संचय गरेका कर्मसम्बन्धका कुराहरू जान्न सक्छन् । त्यसैले उसैद्वारा आफ्नो कर्मका कुराहरू प्रकाश गराउन लगाई यसद्वारा देव सहित मनुष्यलोकलाई कर्मफल सम्बन्धी कुराहरूको प्रत्यक्षीकरण गराउने इच्छा गरी वहांले उसँग यसरी सोध्नुभयो[१]—

१. "पीठं ते सोवण्णमयं उलारं,
मनोजवं गच्छति येनकामं ।
अलङ्कते मल्यधरे[२] सुवत्थे,
ओभाससि विज्जुरिवब्भकूटं ।।

२. "केन ते तादिसो वण्णो, केन ते इध मिज्झति ।
उप्पज्जन्ति च ते भोगा, ये केचि मनसो पिया ।।

३. "पुच्छामि तं देवि, महानुभावे,
मनुस्सभूता किमकासि पुञ्ञं ।
केनासि एवं जलितानुभावा,
वण्णो च ते सब्बदिसा पभासती'ति[३] ।।"

---

१. विमा. व. अ. क. पृ. ६: पीठविमानवण्णना ।

२. स्याममा: 'माल्यधरे' ।

३. विमा. व. पा. पृ. ३: पठमपीठविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

१–"जसरी मनको वेग इच्छागरेको ठाउँमा पुग्छ त्यसरी नै तिम्रो यो सुवर्णमय विशाल पीठ-[1]विमान पनि पुग्नसक्छ; तिमी पनि राम्रा वस्त्रहरू लगाई अलंकृतभई मालाहरू लगाई आकाशमाथि बिजुली चम्के झैं चम्किदै छयौ ।

२–"कसरी तिम्रो त्यस्तो वर्ण भएको हो ? कसरी तिमीलाई यस्तो सिद्ध भएको हो ? तिमीले मनपराएका भोगसम्पत्तिहरू पनि उत्पन्न भएका देखिन्छन् ।

३–"हे महानुभावसम्पन्ना देवी ! म सोध्दछु कि—मनुष्य छँदा तिमीले के पुण्यकर्म गऱ्यौ ? कसरी तिमी यस्ती तेजिली भयौ ? कसरी तिम्रो शरीरको तेज सर्वदिशातिर प्रकाश भएको हो ?"

अनि धर्मसंग्राहकहरू भन्दछन्—

"सा देवता अत्तमना, मोग्गल्लानेन पुच्छिता ।
पञ्हं पुट्ठा वियाकासि, यस्स कम्मस्सिदं फलं[2] ।।"

---

१. पालि भाषामा 'पीठ' को अर्थ—काठको टुक्रा, पसल अथवा बजार, बलीदिने ठाउँ, वेतको मेच, खाट तथा काठको पीरा आदि हुन्छन् । यहाँ चाहि पीरा (=आसन) भन्ने अर्थ हो । विमा. व. अ. क. पृ. ७: पीठविमानवण्णना ।

२. विमा. व. पा. पृ. ३: पठमपीठविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

"मौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवता खुशी भएर—जुन कर्मको फलद्वारा त्यो सम्पत्ति पाएकी हो सो कुरा बताउँदै उसले यस्तो भनी—"

१. "अहं मनुस्सेसु मनुस्सभूता,
अब्भागतानासनकं अदासिं ।
अभिवादयिं अञ्जलिकं अकासिं,
यथानुभावं च अदासि दानं ॥

२. "तेन मे तादिसो वण्णो, तेन मे इध मिज्झति ।
उप्पज्जन्ति च मे भोगा, ये केचि मनसो पिया ॥

३. "अक्खामि ते भिक्खु महानुभाव,
मनुस्सभूता यमकासि पुञ्ञं ।
तेनम्हि एवं जलितानुभावा,
वण्णो च मे सब्बदिसा पभासती'ति[१] ॥"

अर्थ—

१—"मनुष्यलोकमा मनुष्य भइरहेको वेलामा मैले अभ्यागतहरूलाई आसन दिएँ, अभिवादन गरें, हातजोरी नमस्कार गरें तथा यथाशक्य दान पनि दिएँ ।

१. विमा. व. पा. पृ. ३–४: पठमपीठविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"त्यसैको प्रभावद्वारा मेरो यस्तो शरीर-वर्ण भएको हो, त्यसैको प्रभावद्वारा यहाँ मेरा इच्छाहरू सिद्ध भएका हुन्, त्यसैको प्रभावद्वारा मलाई मनपरेका वस्तुहरू पनि लाभ भएका हुन् ।

३–"हे महानुभावसम्पन्न भिक्षु! मनुष्यलोकमा छँदा जुन पुण्यकर्म मैले गरेको थिएँ सो बताएँ; त्यसै कर्मको प्रभावद्वारा तेजिलो शरीर भएको हो, त्यसैको प्रभावद्वारा मेरो शरीरको तेज सबैदिशातिर प्रकाश भएको हो ।"

यसरी सो देवताले प्रश्नको उत्तर सुनाएपछि आयुष्मान् महा-मौद्गल्यायनले उसलाई विस्तारपूर्वक धर्मोपदेश गर्नुभयो । यो उपदेश परिवार सहित सो देवताकोनिमित्त सार्थक भएको थियो । त्यसपछि मनुष्यलोकमा आई स्थविरले भगवान्‌लाई सबै कुराहरू सुनाउनुभयो र यसै कुरालाई लिएर भगवान्‌ले उपस्थित परिषद्‌लाई धर्मोपदेश गर्नुभयो[१] ।

---

१. विमा. व. अ. क. पृ. २०: पीठविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२१. फलदायकविमानकथा

एक समय भगवान् बुद्ध राजगृहको वेणुवनमा वस्नुभएको थियो। त्यस समय राजा बिम्बिसारको मनमा असमयमा आँप खाने इच्छा उत्पन्न भयो र राजाले यो कुरा बगैंचेलाई भने—

"हे पुरुष ! मलाई आंप खाने इच्छा भएको छ। अतः मलाई आँप ल्याइदेऊ।"

बगैंचे भन्दछ—

"देव ! यसवखत आंपको बगैंचामा आँपहरू छैनन्। यदि तपाइले केही समयसम्म पर्खनसक्नु हुन्छ भने मैले त्यस्तो उपाय गर्नेछु जसद्वारा आँपहरू फल्नेछन्।"

"हे पुरुष ! त्यसोभए त्यस्तै गर" भनी राजाले भने।

अनि बगैंचे बगैंचामा गई आंपको रुखको फेदको धूलो माटो झिकी त्यसमा त्यस्तो माटो छर्‍यो र त्यस्तो पानीदियो जसबाट चिरकाल नबित्दै आँपका रुखका पातहरू जम्मै झरेर गए। त्यसपछि उसले त्यो माटो हटाई फारुसको कसर मिसिएको प्राकृतिक धूलो माटो राखी राम्ररी पानी दियो। अनि केही दिनमै आँपको रुखमा मुजुरा र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि फूलहरू फुल्नथाले। अनि एक रुखमा सर्वप्रथम रातारङ्गले रँगाएका जस्ता रङ्ग भएका तथा सुगन्धित र स्वादिला चारवटा आँपहरू झुण्डिएका देखापरे। त्यसपछि बगैंचेले ती चारवटा पाकेका आँपहरू टिपी राजालाई दिन्छु भनी लगिरहेको वेलामा—बीच बाटामा आयुष्मान् महामौद्गल्यायनलाई भिक्षाटन् गइरहेको देखेर उसले यस्तो सोच्न थाल्यो—

"यी आँपका फलहरू उत्तम छन्। यी आँपहरू यी आर्यलाई दिनेछु। हो, यसो गर्नलि मलाई राजाले मार्न पनि सक्छन् अथवा देशबाट निकाला पनि गर्नसक्छन्। यसो गर्दा चाहे मलाई मारून्, चाहे देशबाट निकाला गरून् तर मैले यी आँपहरू दिने नै छु। राजालाई दिंदा केवल यसै जीवनमा मात्र मैले पूजासम्मानको रूपमा केही फल पाउन सक्नेछु। तर आर्यलाई दिएको खण्डमा मैले यसै जीवनमा र परजीवनमा पनि अप्रमाण फल पाउन सक्नेछु।"

यति सोचेर आफ्नो ज्यानको समेत माया नलिई आँपका फलहरू स्थविरलाई चढाई उहींबाटै उ राजाकहाँ गई उसले राजालाई वृत्तान्त कुरा विन्तिगऱ्यो। अनि राजाले उसले सुनाएको कुरा साँचो हो वा होइन भन्ने बुझ्न राजपुरुषहरूलाई आज्ञादिए[१]।

स्थविरले ती फलहरू भगवान्लाई चढाउनुभयो। भगवान्ले तीमध्ये एउटा सारिपुत्र स्थविरलाई, एउटा महामौद्गल्यायन स्थविरलाई, एउटा महाकाश्यप स्थविरलाई दिनुभयो र एउटा

१. विमा. व. अ. क. पृ. २३१: फलदायकविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफैंले खानुभयो। भगवान्ले आँपहरू बाँडीदिनुभएको कुरा राजपुरुषहरूले राजालाई विन्तिगरे।

यो कुरा सुनेर—"यो पुरुष साँच्चैकै बुद्धिमानी रहेछ जसले आफ्नो ज्यानको समेत माया नगरी प्राणको बाजी लगाई पुण्यकमाउने काममा लाग्यो। यसले आफूले गरेको परिश्रमलाई उचित स्थानमा लगायो" भनी खुशी भई उसलाई एउटा गाउँ र वस्त्रहरू पुरस्कार दिई—"हे पुरुष! जुन पुण्य तिमीले आँप दान दिएर पायौ त्यो पुण्य मलाई पनि देऊ" भनी राजाले भने।

उसले—"महाराज! खुशीसाथ दिन्छु, खुशीसाथ पुण्य लिनुहोस्" भनी भन्यो।

त्यसपछि सो बगैंचे मरेर त्रयस्त्रिंश लोकमा उत्पन्नभयो। उसकोनिमित्त सातशय गजुरहरूले प्रतिमण्डित भएको सोह्र योजनको कनकविमान उत्पन्न भयो। देवचारिकामा जानुभएका आयुष्मान् महामौद्गल्यायनले उसलाई देखेर उसँग यस्तो सोध्नुभयो[१]।

१. "उच्चमिदं मणिथूणं विमानं,
समन्ततो सोलस[२] योजनानि।

१. विमा. व. अ. क. पृ. २३१: फलदायकविमानवण्णना।

२. स्याममा: 'द्वादस'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कूटागार सत्तसता उलारा,
वेलुरियथम्भा[१] रुचकत्थता[२] सुभा ॥

२. "तत्थच्छसि पिवसि खादसि च,
दिब्बा च वीणा पवदन्ति वग्गुं ।
अट्ठट्ठका सिक्खिता साधुरूपा,
दिब्बा च कञ्ञा तिदसचरा[३] उलारा ।
नच्चन्ति गायन्ति पमोदयन्ति ॥

३. "देविद्धिपत्तोसि महानुभावो,
मनुस्सभूतो किमकासि पुञ्ञं ।
केनासि एवं जलितानुभावो,
वण्णो च ते सब्बदिसा पभासती'ति[४] ॥

अर्थ—

१—"मणीहरू जडित यो विमान अग्लो छ जसको चारैतिरबाट सोह्र सोह्र योजनहरू र सातशय कूटागारहरू पनि छन् जसमा मनोरमणीय राम्रा राम्रा स्तम्भहरू भएका ठूला ठूला कोठाहरूमा सुवर्णका फलेकहरू पनि वछ्याइएका छन् ।

१. स्याम र रोमनमा: 'वेलुरियत्थम्भा' ।
२. स्याममा: 'रुचिरत्थता' ।
३. रोमनमा: 'तिदसावरा' ।
४. विमा. व. पा. पृ. १०१-०२: फलदायकविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"त्यसमा बसेर तिमी खान्छौ पनि पिउँछौ पनि मधुर स्वरले दिव्यमय वीणाहरू पनि बजाइन्छन् चौसट्ठी जना सुशिक्षिता राम्रा राम्रा देवकन्याहरू पनि छन् जो नाच-गान गरी प्रमुदिता छन् ।

३–"देवऋद्धि भएका महानुभावसम्पन्न तिमीले मनुष्य छँदा के पुण्यकर्म गऱ्यौ ? कुन कारणद्वारा तिम्रो यस्तो ज्वलित प्रभाव भएको हो ? सबैदिशातिर तिम्रो तेज पनि फैलिदैछ ।"

अनि यसै सम्बन्धमा सङ्गीतिकारहरू भन्दछन्—

"मौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवता खुशी भई—जुन कर्मको फलद्वारा त्यो सम्पत्ति पाएको हो सो कुरा बताउँदै उसले यसो भन्यो[१] ।"

१. "फलदायी फलं विपुलं लभति,
दद[२]मुजुगतेसु पसन्नमानसो ।
सो हि पमोदति[३] सग्गगतो[३] तिदिवे,
अनुभोति च पुञ्ञफलं विपुलं ॥

२. "तवेवाहं[४] महामुनि, अदासिं चतुरोफले ।

१. विमा. व. पा. पृ. १०२: फलदायकविमानवत्थु ।
२. सिंहलमा: 'मज्जुगतेसु' ।
३–३. स्याममा: 'मोदति सग्गप्पत्तो'; सिंहलमा: 'मोदतिसग्गगतो' ।
४. सिंहल र स्याममा: 'तथेवाहं' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "तस्मा हि फलं अलमेव दातुं,
निच्चं मनुस्सेन सुखत्थिकेन ।
दिब्बानि वा पत्थयता सुखानि,
मनुस्ससोभग्गतमिच्छता[१] वा[१] ॥

४. "तेन मे तादिसो वण्णो,...[२]

५. "अक्खामि ते भिक्खु महानुभाव,...[३]"

अर्थ—

१—"ऋजु भएका श्रावकमाथि चित्त प्रसन्न गरी दिएको फल-दानको फल यस्तै विपुल हुन्छ; अनि उ पुण्यफल अनुमोदन गर्दै स्वर्गमा गई प्रमुदित हुन्छ ।

२—"हे महामुनि ! तपाइलाई नै मैले चारवटा फलहरू दिएको थिएँ ।

३—"मनुष्य सौभाग्यताको इच्छा गरी अथवा दिव्यसम्पत्तिको प्रार्थना गरी—सँधै सुख चाहने मानिसहरूले फल-दानदिनु असल हो ।

४—"त्यसैको प्रभावद्वारा मेरो यस्तो वर्ण भएको हो, त्यसैको प्रभावद्वारा यहाँ मैले चिताए अनुसार सिद्ध भएको हो, त्यसैको प्रभाव-द्वारा मलाई मनपरेका वस्तुहरू पनि लाभ भएका हुन् ।

१—१. स्याममा: 'मनुस्ससोभाग्यतमिच्छिता वा ति' ।
२—३. यहाँका बाँकी पदहरू माथि पृ. १० मा लेखे बमोजि दोहऱ्याई पढ्नू । विमा. व. पा. पृ. १०२: फलदायकविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५–"हे महानुभावसम्पन्न भिक्षु ! मनुष्यलोकमा छँदा जुन पुण्यकर्म मैले गरेको थिएँ सो बताएँ; त्यसै कर्मको प्रभावद्वारा मेरो शरीर तेजिलो भएको हो र त्यसैको प्रभावद्वारा मेरो शरीरको तेज सर्वदिशातिर प्रकाश भएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२२. भिक्खादायिकाविमानकथा

एक समय भगवान् श्रावस्तीस्थित जेतवनमा बस्नुभएको थियो। त्यस समय उत्तर मथुरा (उत्तर मधुरा) मा एक आयुक्षीण भएकी स्त्री थिई। उ मृत्युपछि अपायमा उत्पन्न हुन सक्दथी।

एकदिन प्रत्यूष समयमा महाकरुणासमापत्ति ध्यानबाट उठ्नुभई लोकमा हेरिरहनु भएको वेलामा भगवान् बुद्धले सो स्त्रीलाई अपायमा उत्पन्न हुनसक्ने कुरा थाहापाउनु भयो। अनि करुणाद्वारा उत्साहित हुनुभई उसलाई सुगतिमा प्रतिष्ठित गराइदिने उद्देश्य लिई भगवान् एक्लै श्रावस्तीबाट मथुरामा जानुभयो। त्यहाँ पुगेपछि पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी नगर बाहिर भिक्षाटन्कोनिमित्त जानुभयो। त्यसवखत सो स्त्रीले घरमा खाना तयारपारी एकठाउँमा राखी गाग्रोलिई पधँरामा गई नुहाइ-धुवाइ गरी गाग्रोमा पानी लिई उ आफ्नो घरतिर लागी। त्यसवखत उसले बीच बाटामा भगवान्लाई देखी। भगवान्लाई देखेर "भन्ते! भिक्षा पाउनुभयो के?" भनी भगवान्सँग सोध्दा भगवान्ले "पाउनेछु" भनी भन्नुभएको कुरा सुनी— भगवान्ले भिक्षा नपाएको कुरा बुझी गाग्रो भुइमा राखी भगवान् छेउ गई सम्मानपूर्वक वन्दना गरी "भन्ते! मैले भिक्षा-भोजन चढाउने छु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वीकार गर्नुहोस्" भनी उसले विन्तिगरी। भगवान्ले तूष्णीभावद्वारा स्वीकार गर्नुभयो[1]।

अनि भगवान्ले स्वीकार्नु भएको कुरा बुझी उ अगाडिबाटै घरमा गई भुइ बढारी, पानी छर्की, सफासुग्घरपारी तथा भुइमा आसन वछ्याई भगवान्को आगमनको प्रतीक्षामा उभिइरही। भगवान् घरभित्र पसी वछ्याइराखेको आसनमा वस्नुभयो। त्यसपछि उसले वडो सम्मानपूर्वक भगवान्लाई भोजन गराई। भोजन सिद्धिएपछि भगवान्ले उसलाई अनुमोदना धर्मोपदेश गरी फर्कर जानुभयो। भगवान्को अनुमोदना धर्मोपदेश सुनी अत्यधिक प्रीतिसौमनस्य अनुभव गरी भगवान्लाई आँखाले देखुञ्जेल्सम्म हेर्दै बुद्धारम्मण प्रीति लिई हातजोरी उ उभिइरही। त्यसपछि उसको मृत्युभयो र उ त्रयस्त्रिंश भवनमा उत्पन्न भई। एकहजार अप्सराहरू उसका परिवारहरू भए।

अनि देवचारिका गर्दै जाँदा सो देवतालाई महत् दिव्यानुभाव तथा महत् दिव्यविभूतिको अनुभव गरिरहेको देखेर निम्न गाथाहरूद्वारा उसले गरेको पुण्यकर्मको कुरा सोध्नुहुँदै आयुष्मान् महामौद्गल्यायनले यस्तो भन्नुभयो[2]—

१. विमा. व. अ. क. पृ. ९४: भिक्खादायिकाविमानवण्णना।
२. विमा. व. अ. क. पृ. ९४–९५: भिक्खादायिकाविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "अभिक्कन्तेन वण्णेन,...[१]

२. "केन ते तादिसो वण्णो,...[२]

३. "पुच्छामि तं देवि महानुभावे,...[३]"

अर्थ—

१—"हे देवते ! सुन्दर रूप धारण गरी सर्वदिशातिर तेज फैलाउँदै शुक्रतारा झैं तिमी बसीरहेकीछ्यौ ।

२—"कसरी तिम्रो त्यस्तो वर्ण भएको हो ? कसरी तिमीलाई यस्तो सिद्ध भएको हो ? तिमीले मनपराएका भोगसम्पत्तिहरू पनि उत्पन्न भएका देखिन्छन् ।

३—"हे महानुभावसम्पन्ना देवी ! म सोध्दछु कि—मनुष्य छँदा तिमीले के पुण्यकर्म गऱ्यौ ? कसरी तिमी यस्ती तेजिलो भयौ ? कसरी तिम्रो शरीरको तेज सर्वदिशातिर प्रकाश भएको हो ?"

अनि यसै सम्बन्धमा धर्मसंग्राहकहरू भन्दछन्—

"मौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवता खुशी भई—जुन कर्मको फलद्वारा त्यो सम्पत्ति पाएकी हो सो कुरा बताउँदै उसले यस्तो भनी[४]—।"

१-२-३. यहाँका बाँकी पदहरू माथि पृ. ८ र ९ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू । विमा व. पा. पृ. ३३: पठमभिक्खादायिका-विमानवत्थु ।

४. विमा. व. पा. पृ. ३३: पठमभिक्खादायिकाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "अहं मनुस्सेसु मनुस्सभूता,
पुरिमाय जातिया मनुस्सलोके ।
अद्दसं विरजं बुद्धं, विप्पसन्नमनाविलं,
तस्स अदासहं भिक्खं, पसन्ना सेहि पाणिभि ।।

२. "तेन मे तादिसो वण्णो, तेन मे इध मिज्झति ।
उप्पज्जन्ति च मे भोगा, ये केचि मनसोपिया ।।

३. "अक्खामि ते भिक्खु महानुभाव,
मनुस्सभूता किमकासि पुञ्ञं ।
तेनम्हि एवं जलितानुभावा,
वण्णो च मे सब्बदिसासु पभासती'ति[1] ।।"

अर्थ—

१—"अघिल्लो जन्ममा मनुष्यलोकमा म मनुष्य छँदा मैले विरज हुनुभएका, अति प्रसन्न तथा निर्मल हुनुभएका बुद्धलाई देखें अनि मैले प्रसन्नतापूर्वक आफ्नै हातले वहाँलाई भिक्षादान दिएँ ।

२—"त्यसैको प्रभावद्वारा मेरो यस्तो शरीर-वर्ण भएको हो, त्यसैको प्रभावद्वारा यहाँ मेरा इच्छाहरू सिद्ध भएका हुन्, त्यसैको प्रभावद्वारा मलाई मनपरेका वस्तुहरू पनि लाभ भएका हुन् ।

३—"हे महानुभावसम्पन्न भिक्षु ! मनुष्यलोकमा छँदा जुन पुण्यकर्म मैले गरेकी थिएँ सो बताएँ; त्यसै कर्मको प्रभावद्वारा तेजिली शरीर

१. विमा. व. पा. पृ. ३३–३४: पठमभिक्खादायिकाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको हो र त्यसैको प्रभावद्वारा मेरो शरीरको तेज सबैदिशातिर प्रकाश भएको हो ।"

अनि आयुष्मान् महामौद्गल्यायनले परिवार सहित ती देवतालाई धर्मोपदेश गरी फर्केर आएर भगवान्लाई त्यो प्रवृत्ति जम्मै सुनाउनुभयो । भगवान्ले सोही कुरालाई कारण बनाई उपस्थित परिषद्लाई धर्मोपदेश गर्नुभयो । त्यो धर्मोपदेश देवसहित मनुष्यलोकलाई सार्थक भएको थियो[१] ।

---

१. विमा. व. अ. क. पृ. ९५: भिक्खादायिकाविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३. मट्टकुण्डलीविमानकथा

एक समय भगवान् श्रावस्तीको जेतवनमा बसिरहनु भएको थियो। त्यस समय श्रावस्तीमा एक आढ्य तथा महाधनी ब्राह्मण थियो। उ अश्रद्धालु अप्रसन्न तथा मिथ्यादृष्टिक थियो। उसले कसैलाई पनि केही दिँदैनथ्यो। कसैलाई पनि केही नदिने भएको हुनाले नै उसलाई 'अदिन्नपुब्बक' को नामले लोकजनहरूले चिन्दथे[१]। उसको एक पुत्र पनि थियो। एकदिन उसकोनिमित्त कुण्डली बनाउन आवश्यक पर्‍यो र सुनारलाई बनाउन लगाउँदा ज्यालादिन पर्ला भनी उसले आफैंले सुन पिटी कुण्डली बनाइदियो। त्यहाँदेखि उसको पुत्रको नाम नै 'मट्टकुण्डली' भन्ने रहन गएको हो[२]। मिथ्यादृष्टि, लोभी तथा कन्जूसको कारणले गर्दा तथागतलाई अथवा तथागतका श्रावकहरूलाई उ हेर्न पनि चाहन्नथ्यो। यतिमात्र होइन उसको पुत्रलाई पनि उसले— "तात! श्रमण गौतम तथा उनका श्रावकहरूकहाँ नजानू" भनी सिकाउँदथ्यो[३]।

---

१. विमा. व. अ. क. पृ. २५९: मट्टकुण्डलीविमानवण्णना।

२. धम्म. प. अ. क. पृ. १२–१३: मट्टकुण्डलीवत्थु, यमकवग्गो–१.

३. विमा. व. अ. क. पृ. २५९: मट्टकुण्डलीविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोह्र वर्षको उमेरमा पुग्दा मट्टकुण्डलीलाई पण्डुरोग लाग्यो। अनि उसकी आमाले उसलाई हेर्दै—"हे ब्राह्मण! तिम्रो छोरालाई रोग लागेको छ औषधी गराऊ" भनी भनी। यो सुनेर—"हे स्त्री! यदि वैदच बोलाएर ल्याएको खण्डमा उनलाई भात-वेतन दिनपर्ने हुन्छ। वैदच बोलाउने कुरा निकाली तिमी मेरो धन खर्च गराउन खोज्दछचौ" भनी ब्राह्मणले भन्यो।

"त्यसोभए के गर्छौ त?" भनी ब्राह्मणीले सोध्दा "जस्तो गर्दा धनखर्च हुन्न त्यसो गर्नेछु" भनी जवाफ दिई ब्राह्मण कुनै एक वैदचकहाँ गई "फलाना रोगलाई तपाइहरू के औषधी गर्नुहुन्छ?" भनी सोध्दा उसले "कुनै एक रुखको बोक्रो पकाई पियाउँछु" भनी भनेको सुनी उसले पनि त्यस्तै गऱ्यो। यस्तो गर्दागर्दै माणवको रोग झन् झन् बढेर आयो र असाध्य हुनथाल्यो। मट्टकुण्डली झन् झन् कमजोर भएर गएको देखेपछि बल्ल बल्ल एक वैदचलाई बोलाएर ल्यायो। वैदचले उसको रोग निको नहुने कुरा बुझी - "मेरो एउटा काम छ, अतः अरू कुनै वैदचलाई बोलाई औषधी गराऊ" भनी वैदच फर्केर गयो। त्यसपछि ब्राह्मणले 'माणव मर्ने छ' भन्ने कुरा बुझी "माणवलाई हेर्नेकोनिमित्त आउने जानेहरूले कोठाभित्रका श्रीसम्पत्तिहरू देखलान्" भन्ने विचार गरी माणवलाई कोठाबाहिर दलानमा ल्याई राख्यो[१]।

यिनै कुराहरूलाई विमानवत्थु अट्ठकथाले यसरी उल्लेख गरेको छ।

१. धम्म. प. अ. क. पृ. १३: मट्टकुण्डलीवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"माणव बिरामी भएपछि धन खर्च होला भन्ने डरले गर्दा औषधी नगरी आखिरी अवस्थामा वैद्य बोलाएर ल्यायो र औषधी गरेर निकोपार्न नसक्ने कुरा बुझी वैद्य फर्केर गयो। त्यसपछि माणवलाई बाहिर ल्याएर राख्यो[१]।"

त्यसै रातको प्रत्यूष समयमा महाकरुणा समापत्ति ध्यानबाट उठी लोकमा हेरिरहनु भएको वेलामा भगवान् बुद्धले सो मट्टकुण्डलीको आयु क्षीण भएको तथा उ मरणपछि नरकमा उत्पन्न हुनसक्ने कुरा पनि देख्नुभयो। अनि फेरि आफू त्यहाँ गएको खण्डमा आफूमाथि उसले प्रसन्नचित्त राख्ने छ र मृत्युपछि उ त्रयस्त्रिंश देवलोकमा उत्पन्न हुनसक्ने छ भन्ने कुराको साथै त्यसपछि देवलोकबाट आई मसानमा रोइरहेको आफ्नो पिताकहाँ गई उसलाई विरक्तपार्ने छ भन्ने कुरा पनि थाहापाउनु भयो। अनि सो देवपुत्र र उसको पिता पनि आफूकहाँ आउने छन् अनि महाजनहरू पनि एकत्रित हुनेछन् र त्यसवखत मैले धर्मोपदेश गर्दा महाधर्माभिसमय[२] पनि हुनेछ भन्ने कुरा समेत वहाँले ज्ञात गर्नुभयो। यति कुरा थाहापाउनु भएपछि भगवान् बुद्ध पूर्वाण्ह समयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी महान् भिक्षुहरूका साथ श्रावस्तीमा

---

१. विमा. व. अ. क. पृ. २५९: मट्टकुण्डलीविमानवण्णना।

२. धम्मपदट्ठकथाले चौरासीहजार प्राणीहरूले धर्माभिसमय लाभ गर्ने छन् र मट्टकुण्डली र उसको पिताले स्रोतापत्ति-फल पाउने छन् भन्ने कुरा उल्लेख गरेको छ। पृ. १४: मट्टकुण्डलीवत्थु, यमकवग्गो–१.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भिक्षाटनार्थ जानुहुँदै मट्टकुण्डली माणवको पिताको घर नजिक उभिई वहाँले छवर्ण बुद्धरश्मी फैलाउनु भयो[१]।

भित्तातिर हेरेर[२] सुतिरहेको मट्टकुण्डलीले आफूलाई हेर्न गराउनकोनिमित्त छवर्ण[३] बुद्धरश्मीको कीरण जब भगवान्‌ले फैलाउनु भयो तब उसले 'के रहेछ यो ?' भनी फर्की यताउति हेर्दा—दान्त हुनुभएका, संयत हुनुभएका, शान्त इन्द्रिय हुनुभएका, बत्तीसमहापुरुषलक्षणहरू[४] र असीत्यानुव्यञ्जनहरूले[५] सुशोभित हुनुभएका, व्यामप्रभा[६] रश्मीको तेजद्वारा प्रद्योत हुनुभएका, अनुपम बुद्धश्रीद्वारा अचिन्तेय हुनुभएका तथा बुद्धानुभावद्वारा प्रकाशमान हुनुभएका भगवान् बुद्धलाई देख्यो। यो देखेर उसको मनमा—"बुद्ध नै यहाँ आइपुग्नु भएको हो क्यारे—जसको रूपसम्पत्ति यस्तो छ, जसको आफ्नो तेजद्वारा सूर्यको तेजलाई पनि धमिलो पार्न सक्छ, जसको मनोरम्यताको प्रभावद्वारा चन्द्रमालाई पनि मलिन पार्न सक्छ, जसले आफ्नो शान्तदान्त भावद्वारा सबै श्रमण ब्राह्मणहरूलाई जित्न सक्छ; शान्तेन्द्रिय हुनेको

---

१. विमा. व. अ. क. पृ. २६०: मट्टकुण्डलीविमानवण्णना।

२. धम्म. प. अ. क. पृ. १४.

३. छ वर्ण रश्मी भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. श्रा. च. भाग–१. पृ. ३५ को पादटिप्पणीमा हेर्नू।

४. हेर लेखकको बु. व्रा. पृ. १६८ मा।

५. हेर लेखकको बु. श्रावि. च–१. पृ. ४७९ को पादटिप्पणीमा।

६. शरीरको चारैतिर भएको प्रभालाई 'व्यामप्रभा' भन्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभाव यस्तै हुन्छ ! अवश्य पनि वहाँ नै लोकका अग्रपुरुष हुनुहुन्छ । मलाई नै अनुकम्पा राख्नुभई वहाँ यहाँ आउनु भएको हो" भन्ने जस्तो लागेपछि अपार प्रीति र सौमनस्य अनुभव गर्दै प्रसन्नमुद्राले दुइहात जोरी नमस्कार गर्दै माणव फेरि सुत्यो। यो देखेर "स्वर्गोत्पत्तिको लागि यसको-निमित्त यति नै पर्याप्त छ" भन्ने विचार गर्नुभई भगवान् फर्केर जानुभयो । उ पनि प्रीति-सौमनस्यलाई नछोडिकनै मृत्यु भई त्रयस्त्रिंश लोकमा बाह्र योजनिक[1] विमानमा उत्पन्नभयो ।

मट्टकुण्डली मरेपछि उसको बाबुले गर्नुपर्ने दाहसंस्कार गऱ्यो र भोलिपल्ट उ मसानमा गई "हे मट्टकुण्डली ! हे मट्टकुण्डली !! कहाँ गयौ मेरो एकलौटे पुत्र !!" भन्दै रुँदै विलापगर्दै चिता घुम्नथाल्यो । उता देवलोकमा उत्पन्न भएको देवपुत्रले आफ्नो श्रीसम्पत्तिलाई हेरी "कहाँबाट म यहाँ आइपुगेको रहेछु ? मैले त कुनै कुशलकर्म गरेको छैन" भनी विचार गरी हेर्दा—आफ्नो पूर्वजन्ममा मरणको समयमा भगवान् बुद्धमाथि उत्पन्न भएको चित्तप्रसादको कारण र वहाँलाई भक्तिपूर्वक हातजोरी नमस्कार गरेको कर्मको प्रभावद्वारा हो भन्ने कुरा बुझी "अहो ! महानुभाव सम्पन्न बुद्ध भगवान् !!" भन्दै उसको मनमा तथागत प्रति बडो ठूलो प्रसन्नता उत्पन्न भयो। अनि अदिन्नपुब्बक ब्राह्मण के गर्दै रहेछन् भन्नेतिर विचार गरी हेर्दा—उसले उ मसानमा गई रोइरहेको कुरा देखेर "अघि यिनले मलाई औषधी मात्र पनि गरेनन् ।

---

१. विमा. व. अ. क. पृ. २६०: मट्टकुण्डलीविमानवण्णना ।
धम्म. प. अ. क. पृ. १४ ले भने तीस योजनिक भनी लेखेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिले भने मसानमा गई रोइरहेछन्, अब गएर यिनलाई विरक्त गराई कुशलपथमा राखिदिनेछु" भन्ने सोची उत्तिखेरै देवलोकबाट आई मट्टकुण्डलीकै जस्तै रूप धारण गरी "हा चन्द्र, हा सूर्य !" भन्दै रुँदै कराउँदै उ आफ्नो पिताको नगिच गई एक ठाउँमा बस्यो। "अहो ! मट्टकुण्डली आयो। यो किन रोइरहेको रहेछ" भन्ने लागेपछि उसले गाथाद्वारा उसँग सोध्यो[1]।

"अलङ्कतो मट्टकुण्डली[2],
मालधारी[3] हरिचन्दनुस्सदो।
वाहा पग्गय्ह कन्दसि,
वनमज्झे किं दुक्खितो तुवं'ति[4] ॥

अर्थ –

"हे मट्टकुण्डली ! माला लगाई हरिचन्दनको लेप लगाई तथा अलंकृत भई यो वनको बीचमा तिमी किन रुँदैछौ ? तिमीलाई के दुःख पऱ्यो ?"

---

१. विमा. व. अ. क. पृ. २६०–६१: मट्टकुण्डलीविमानवण्णना।

२. नालन्दा पालिमा: 'मट्ठकुण्डली'।

३. सिंहल र स्याममा: 'मालाधारी'।

४. विमा. व. पा. पृ. ११८: मट्ठकुण्डलीविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवपुत्र भन्दछ—

"सोवण्णमयो पभस्सरो,
उप्पन्नो रथपञ्जरो मम ।
तस्स चक्कयुगं न विन्दामि,
तेन दुक्खेन जहामि[१] जीवितं'ति[२] ॥"

अर्थ—

"फल्फल् फल्किने सुवर्णमय रथ मैले पाएको छु तर त्यसका दुइचक्काहरू भने छैनन्—त्यसैको दुःखले म रोइरहेको हुँ र त्यसैको कारणले म मर्ने पनि छु ।"

ब्राह्मण भन्दछ—

"सोवण्णमयं मणिमयं,
लोहितकमयं[३] अथ रूपियमयं[४] ।

---

१. सिहलमा: 'जहिस्सं'; स्याम र रोमनमा: 'जहिस्सामि' ।
२. विमा. व. पा. पृ. ११८.
३. सिहलमा: 'लोहितङ्कमयं'; स्याममा: 'लोहितङ्गमयं' ।
४. सिहलमा: 'रूपियामयं' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचिक्ख मे[१] भद्दमाणव,
चक्कयुगं पटिपादयामि[२] ते'ति[३] ।।"

अर्थ—

"हे भद्र माणव ! कस्तो चक्का चाहन्छौ भन—सुनको, मणीको, चाँदीको अथवा रातो मुगाको—जस्तो तिमी चाहन्छौ त्यस्ता चक्काहरू म बनाइदिनेछु, नरोऊ ।"

"सो माणव तस्स पावदि—
'चन्दिमसुरिया[४] उभयेत्थदिस्सरे ।
सोवण्णमयो रथो मम,
तेन चक्कयुगेन सोभती'ति[५] ।।"

अर्थ –

"अनि माणव उसलाई भन्दछ—'मेरो सुनको रथको लागि आकाशमा देखिने चन्द्र-सूर्यका दुइवटा चक्काहरू मात्र सुहाउँछन्, त्यसैले म चन्द्र-सूर्य नै चाहन्छु ।"

---

१. स्याममा: 'मे तुवं' ।

२. सिंहल र स्याममा: 'पटिलाभयामि' ।

३. विमा. व. पा. पृ. ११८: मट्ठकुण्डलीविमानवत्थु ।

४. वर्मीमा: 'चन्दिसूरिया' ।

५. विमा. व. पा. पृ. ११८.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मण भन्दछ —

"वालो खो त्वं असि माणव,
यो त्वं पत्थयसे अपत्थियं ।
मञ्ञामि तुवं मरिस्ससि,
न हि त्वं लच्छसि चन्दिमसुरिये'ति[१] ।।"

अर्थ—

"हे माणव ! मलाई लाग्छ कि तिमी मूर्ख ह्वौ; जुन् तिमी अप्रार्थनीय वस्तुको प्रार्थना गर्छौ; त्यो चन्द्र-सूर्य मरेर गए पनि तिमीले पाउनसक्ने छैनौ ।"

देवपुत्र भन्दछ—

"गमनागमनं पि दिस्सति,
वण्णधातु उभयत्थ वीथिया ।
पेतो[२] कालकतो न दिस्सति,
को निध[३] कन्दतं वाल्यतरो'ति[४] ।।"

---

१. विमा. व. पा. पृ. ११८.

२. सिहल र स्याममा: 'पेतोपन' ।

३. स्याममा: 'नीध' ।

४. विमा. व. पा. पृ. ११९: मट्ठकुण्डलीविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ –

"जसको गमनागमन पनि देखिन्छ, जसको आउने जाने बाटो पनि दुवैतिर देखिन्छ; किन्तु मरेर पितृ भएको प्राणीको रूप देखिदैन, अतः देखिने वस्तुको लागि रुने पुरुष मूर्ख होला कि अथवा नदेखिने वस्तुको लागि रुने पुरुष मूर्ख होला ?—यी मध्ये को अधिक मूर्ख होत ?"

ब्राह्मण भन्दछ—

"सच्चं खो वदेसि माणव,
अहमेव कन्दतं बाल्यतरो ।
चन्दं विय दारको रुदं,
पेतं कालकताभिपत्थयि'ति[१] ।।"

अर्थ –

"हे माणव ! तिम्रो कुरो साँच्चो हो, जो नदेखिने वस्तुकोनिम्ति रुँदैछु—म नै अधिक मूर्ख हुँ; देखिने चन्द्र-सूर्यको कारणमा रुने बालक-भन्दा पनि नदेखिने पितृको कारणमा रुने म नै मूर्खतर हुँ ।"

यति भनेर पुत्रको कुरालाई प्रशंसा गर्दै ब्राह्मणले पुनः यस्तो भन्यो[२]—

१. विमा. व. पा. पृ. ११९.

२. विमा. व. अ. क. पृ. २६२: मट्टकुण्डलीविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "आदित्तं वत मं सन्तं, घतसित्तं व पावकं ।
वारिना विय ओसिञ्चं, सब्बं निब्बापये दरं ॥

२. "अब्बही[1] वत मे सल्लं, सोकं हृदयनिस्सितं ।
यो मे सोकपरेतस्स, पुत्तसोकं अपानुदि ॥

३. "स्वाहं अब्बूल्हसल्लोस्मि, सीतिभूतोस्मि[2] निब्बुतो ।
न सोचामि न रोदामि, तव सुत्वान माणवा'ति ॥"

अर्थ—

१–"मेरो हृदयमा घिउ राखेको आगो झैं बलिरहेको शोकाग्नि-लाई पानीले आगो निभाइदिए झैं तिमीले मेरा सबै मानसिक दुःखलाई निभाइदियौ ।

२–"मेरो हृदयको शोकरूपी काँढोलाई तिमीले झिकिदियौ; पुत्र-वियोगको कारणले गर्दा शोकमा परिरहेको मलाई तिमीले मेरो शोक हटाइदियौ ।

३–"हे माणव ! तिम्रो कुरा सुनिसकेपछि अब ममा भएको शोकरूपी काँढो छैन, शोकरूपी आगो निभिसक्यो, अब म शीतल भएको छु; अब मैले शोक पनि गर्ने छैन ।

यसपछि माणवले माणवरूप छाडी देवरूप धारण गरेर देखाएपछि ब्राह्मणले यसरी सोध्यो[3]—

---

१. स्याममा: 'अब्बल्हं'; रोमनमा: 'अब्बूल्हो' ।

२. स्याममा: 'सीतभूतोस्मि' ।

३. विमा. व. अ. क. पृ. २६३: मट्टकुण्डलीविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"देवता नुसि गन्धब्बो, अदु[१] सक्को पुरिन्ददो।
को वा त्वं कस्स पुत्तो, कथं जानेमु तं मयं'ति[२] ।।"

अर्थ—

"तिमी देवता ह्वौ वा गन्धर्व ह्वौ अथवा शक्र देवेन्द्र ह्वौ ? तिमी को ह्वौ र कसको पुत्र ह्वौ भनी कसरी मैले जानूँ ?"

ब्राह्मणको प्रश्न सुनी देवपुत्रले यस्तो भन्यो—

"यं च कन्दसि यं च रोदसि,
पुत्तं आलाहने सयं दहित्वा[३] ।
स्वाहं कुसलं करित्वा[४] कम्मं,
तिदसानं सहव्यतं[५] गतो[५]'ति[६] ।।"

अर्थ –

"जो तिमीले आफ्नो मृत-पुत्रलाई मसानमा स्वयं जलाई जसको

१. सिहलमा: 'आदु'; स्याममा: 'आदू' ।
२. विमा. व. पा. पृ. ११९: मट्ठकुण्डलीविमानवत्थु ।
३. स्याममा: 'डहित्वा' ।
४. स्याममा: 'करित्वान' ।
५–५. सिहलमा: 'सहव्यतं पत्तो'; स्याममा र रोमनमा: 'सहव्यतं पत्तो' ।
६. विमा. व. पा. पृ. ११९.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणमा तिमी रुँदैछौ, विलाप गर्दै छौ—सो म कुशलकर्म गरी देवलोकमा उत्पन्न भएँ ।"

ब्राह्मण भन्दछ—

"अप्पं वा वहुं वा नाद्दस्साम,
दानं ददन्तस्स सके अगारे ।
उपोसथकम्मं वा तादिसं,
केन कम्मेन गतोसि देवलोकं'ति[१] ॥

अर्थ—

"थोरै वा धेरै तिमीले आफ्नो घरमा दानदिएको मैले देखेको छैन, कुनै उपोसथ व्रत पालन गरेको पनि मैले देखिन, अनि कसरी अथवा के गरेर तिमी देवलोकमा उत्पन्न भयौ ?"

देवपुत्र भन्दछ—

१. "आवाधिकोहं दुक्खितो गिलानो,
आतुररूपोम्हि[२] सके निवेसने ।
वुद्धं विगतरजं वितिण्णकङ्खं,
अद्दक्खि सुगतं अनोमपञ्ञं ॥

१. विमा. व. पा. पृ. ११९.
२. स्याममाः 'आतूररूपोम्हि' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. "स्वाहं मुदितमनो पसन्नचित्तो,
अञ्जलिं अकरिं तथागतस्स।
ताहं कुसलं करित्वान कम्मं,
तिदसानं सहब्यतं गतो'ति[१] ॥"

अर्थ—

१–"आफ्नो घरमा रोगले पीडित भई दुःखी भइरहेको वेलामा मैले शंका नभएका, क्लेश नभएका, निर्वाणमा पुगेका तथा अनुपम प्रज्ञा भएका बुद्धलाई देखें।

२–"अनि मुदितमन लिई प्रसन्नचित्त राखेर मैले तथागतलाई दुइहात जोरी विन्तिगरी नमस्कार गरें—सोही कुशलकर्मको प्रभावद्वारा देवलोकमा उत्पन्न भएको हुँ।"

उसको कुरा सुन्दासुन्दै ब्राह्मणको ज्यूभरी प्रीतिले भरिएर आयो र आफूलाई अनुभव भएको प्रीतिको बारेमा कुरा प्रकट गर्दै ब्राह्मणले यस्तो भन्यो[२]—

"अच्छरियं वत अब्भुतं[३] वत[४],
अञ्जलिकम्मस्स[५] अयमीदिसो विपाको।

---

१. विमा. व. पा. पृ. ११९–२०: मट्टकुण्डलीविमानवत्थु।

२. विमा. व. अ. क. पृ. २६४.

३. स्याममा: 'अब्भूतं'।

४. सिहलमा छैन।

५. स्याममा: 'अञ्जलीकम्मस्स'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहं पि मुदितमनो पसन्नचित्तो,
अज्जेव बुद्धं सरणं वजामी'ति[१] ।।"

अर्थ –

"अहो आश्चर्य ! अहो अद्भूत !! नमस्कार मात्रको यस्तो फल !!! म पनि मुदित भई प्रसन्नचित्तले आजै बुद्धको शरणमा जानेछु ।"

त्यसपछि ब्राह्मणलाई शरणागमनमा र शीलमा नियुक्त गर्दै देवपुत्रले यस्तो भन्यो[२]—

१. "अज्जेव बुद्धं सरणं वजाहि,
धम्मं च सङ्घं च पसन्नचित्तो ।
तथेव सिक्खाय पदानि पञ्च,
अखण्डफुल्लानि समादियस्सु ।।

२. "पाणातिपाता विरमस्सु खिप्पं,
लोके अदिन्नं परिवज्जयस्सु ।
अमज्जपो मा[३] च मुसा भणाहि,
सकेन दारेन च होहि तुट्ठो'ति[४] ।।"

---

१. विमा. व. पा. पृ. १२०: मट्ठकुण्डलीविमानवत्थु ।
२. विमा. व. अ. क. पृ. २६४: मट्टकुण्डलीविमानवण्णना ।
३. स्याममा: 'नो' ।
४. विमा. व. पा. पृ. १२०.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

१–"आजै प्रसन्नचित्त गरी बुद्धको शरणमा जाऊ, आजै धर्मको शरणमा र सङ्घको शरणमा जाऊ, त्यस्तै गरी यी पाँच शिक्षालाई पनि अखण्डरूपले पालन गर ।

२–"प्राणीहिंसालाई चाँडै त्याग, चोरीकामबाट आफूलाई दूर राख, मद्यपान नगर, झूटाकुरा पनि नगर अनि आफ्नै पत्नीमाथि सन्तोष भई परदार सेवन पनि नगर ।"

उसको वचनलाई शिरोपरगर्दै ब्राह्मण यसो भन्दछ –

१. "अत्थकामोसि मे यक्ख,
हितकामोसि देवते ।
करोमि तुय्हं वचनं,
त्वंसि आचरियो ममाति ।।

२. "उपेमि सरणं बुद्धं, धम्मं चापि अनुत्तरं ।
सङ्घं च नरदेवस्स, गच्छामि सरणं अहं ।।

३. "पाणातिपाता विरमामि खिप्पं,
लोके अदिन्नं परिवज्जयामि ।
अमज्जपो नो च मुसा भणामि,
सकेन दारेन च होमि तुट्ठो'ति[१] ।।"

---

१. विमा. व. पा. पृ. १२०: मट्ठकुण्डलीविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ –

१–"हे यक्ष ! हे देव ! तिमी मेरा हितैषी ह्वौ, तिमीलाई आचार्यमानी म तिम्रो वचन पालन गर्नेछु ।

२–"म बुद्धको शरणमा जानेछु, अनुत्तर धर्मको पनि शरणमा जानेछु र नरदेवहरूमध्ये श्रेष्ठ सङ्घको पनि शरणमा जानेछु ।

३–"चाँडै नै प्राणीहिंसालाई त्याग्नेछु, चोरी कामबाट आफूलाई दूर राख्नेछु, मदयपान पनि गर्नेछैन र झूटाकुरा पनि गर्नेछैन—अनि स्वपत्नीमाथि सन्तोष भई परदार सेवन पनि गर्नेछैन ।"

यसपछि "ब्राह्मण प्रति गर्नुपर्ने कर्तव्य मैले पूरागरिसकें अब उनी स्वयं बुद्धकहाँ जानेछन्" भन्ने विचार गरी देवपुत्र उहीं अन्तर्धान भएर गयो[1] ।

भगवान् बुद्धमाथि उत्पन्न भएको महत् श्रद्धाको कारणले र देवपुत्रद्वारा उत्साहित भएको कारणले गर्दा—"श्रमण गौतमकहाँ जानेछु" भन्ने कल्पना गरी ब्राह्मण उहींबाटै विहारतिर लाग्यो[2] । यो

१. धम्म. प. अ. क. पृ. १६: मट्टकुण्डलीवत्थुमा भने ब्राह्मणलाई 'अब तिमी बुद्धकहाँ गई प्रश्न सोध, दानदेऊ' भन्ने आदि कुराहरू पनि उल्लेख भएको छ ।

२. धम्म. प. अ. क. पृ. १६: मट्टकुण्डलीवत्थुमा चाहिं उ विहारमा नगई आफ्नो घरमा फर्की बुद्धलाई निम्त्याई प्रश्न सोधेका कुराहरू लेखिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखेर "यी ब्राह्मण अहिलेसम्म बुद्धकहाँ गएनन् तर आज पुत्रशोकको कारणले गर्दा यिनी बुद्धकहाँ जाँदैछन्; त्यहाँ कस्तो धर्मोपदेश हुनेछ होला" भन्ने कौतुहलता लागी महाजनहरू पनि उसको पछि पछि लागेर गए भन्ने कुरा विमानवत्थुअट्ठकथा मट्टकुण्डलीवण्णनाले लेखेको छ । अनि बुद्धकहाँ पुगी वहाँसँग कुशलवार्ता गरिसकेपछि ब्राह्मणले यस्तो सोध्यो—

"भो गौतम ! कुनै दान नदिई, कुनै शील पालन नगरी, केवल तपाइमाथि प्रसन्न भएर मात्र कुनै पुरुष स्वर्गपुग्न सक्छ के ?"

भगवान् भन्नुहुन्छ—

"हे ब्राह्मण ! आजको प्रत्यूष वेलामा मट्टकुण्डली देवपुत्रले आफू देवलोकमा उत्पन्न भएको कारण तिमीलाई बताएको होइन ?"

अनि यसै वेलामा मट्टकुण्डली देवपुत्र पनि आफ्नो विमान सहित आई सबैले देख्ने गरी विमानबाट ओर्ल्ही भगवान्लाई अभिवादन गरी एक छेउमा उभिइरह्यो[1] । त्यसपछि भगवान्ले त्यस परिषद्लाई देवपुत्रले अघि गरेको सुचरित्रको कुरा सुनाई परिषद्को चित्त कुशल तथा मृदु भएको बुझ्नुभई आफैंले पाएको (सामुक्कंसिकं) चतुसत्यका कुराहरूको धर्मोपदेश गर्नुभयो । देशनाको अन्तमा देवपुत्र, ब्राह्मण तथा

---

१. धम्म. प. अ. क. पृ. १७: मट्टकुण्डलीवत्थुमा चाहिं ब्राह्मणको प्रश्न-पछि भगवान्ले 'मट्टकुण्डली देवपुत्र यहाँ आऊन्' भन्ने अधिष्ठान गर्नुभएको थियो भनी लेखिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपस्थित परिषद् सहित चौरासीहजार प्राणीहरूले धर्माभिसमय प्राप्तगरे[1] ।

---

१. धम्म. प. अ. क. पृ. १९: मट्टकुण्डलीवत्थुले चाहिं किटानकासाथ देवपुत्र र ब्राह्मणले स्रोतापत्तिफल लाभ गरे र चौरासीहजार प्राणीहरूले पनि धर्माभिसमय लाभ गरे भनी उल्लेख गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४. मण्डूकविमानकथा

एक समय भगवान् चम्पा[1] स्थित गग्गरा[2] पुष्करिणीको तीरमा बसिरहनु भएको थियो। एकदिन प्रत्यूष समयमा बुद्धलाई अभ्यास भए-अनुसार महाकरुणासमापत्ति ध्यानमा तल्लीन भई त्यसबाट उठिसक्नु भएपछि विनयन गर्नसक्ने सत्वहरूलाई हेर्नुहुँदा भगवान् बुद्धले ध्यान-दृष्टिद्वारा यस्तो देख्नुभयो—

"आज संध्या समयमा धर्मदेशना गरिरहने वेलामा एउटा भ्यागुतो मेरो धर्मस्वरमा आकर्षित भई आवाज सुनिरहँदा अर्काको

---

१. चम्पा भन्ने नगर अङ्गदेशको राजधानी हो। चम्पा भन्ने नगर हाल भागलपुरबाट २४ माइल पूर्वस्थित चम्पापुर र चम्पानगर भन्ने दुइवटा गाउँहरू हुन् र यी दुइगाउँहरू चम्पानदी अथवा आधुनिक 'चाँदन' नदीको क़िनारमा पर्दछ भनी बु. भा. भू. पृ. ३५१ ले उल्लेख गरेको छ।

२. गग्गरा भन्ने राजमहिषीद्वारा बनाइएको पोखरी भएको हुँदा 'गग्गरा पुष्करिणी' भन्ने यसको नाम रहन गएको हो। यस पोखरीको चारैतिर पञ्चरङ्गी फूलहरू भएको विशाल चम्पक वन थियो। पपं. सू. III. पृ. १: कन्दरकसुत्तवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणद्वारा मरेपछि उ देवलोकमा उत्पन्न हुनेछ। अनि उ महान परिवारहरूका साथ सबैले देख्ने गरी मकहाँ आउने छ। अनि त्यहाँ धेरैलाई धर्माभिसमय लाभ हुनेछ।"

यसरी देख्नु भएपछि पूर्वाण्हसमयमा चीवर पहिरी, पात्र-चीवर ग्रहण गरी महत् भिक्षुसङ्घका साथ चम्पा नगरमा भिक्षाटन् गरी भिक्षुहरूलाई पनि भिक्षा सुलभ गराई भोजनोपरान्त विहारभित्र पसी भिक्षुहरू प्रति गर्नुपर्ने कर्तव्य पालन गरी भिक्षुहरू आ-आफ्ना दिवा-स्थानमा गइसकेपछि **गन्धकुटीमा** गई फलसमापत्ति सुखद्वारा दिवासमय बिताई संध्याको समयमा चारै परिषद्हरू भेला भएपछि सुन्दर गन्धकुटी-बाट निस्की समयानुकूल प्रातिहार्यद्वारा पुष्करिणीको तीरमा रहेको धर्मसभामण्डपमा बसी— मनोशिलामा बसी निर्भीकरुपले केशरसिंह गर्जे फैं अष्टाङ्गयुक्त **ब्रह्मस्वर**[१] निकाली अचिन्तेय बुद्धानुभाव तथा अनुपम बुद्धलीलाले धर्मोपदेश गर्न थाल्नुभयो[२]।

त्यसैवखत एक भ्यागुतो पोखरीबाट निस्केर आई **'धर्मभन्दैछन्'** भन्ने धर्मसंज्ञाद्वारा स्वरमा आकर्षित भई (सरे निमित्तं गण्हन्तो) परिषद्को एक छेउमा बस्यो। त्यसैवखत बाछा हेर्ने एक गोपाल वालक —शास्तालाई धर्मोपदेश गरिरहेको र परिषद्हरूले पनि बडो शान्तपूर्वक धर्मोपदेश सुनिरहेको देखेर—आकर्षित भई त्यस ठाउँमा आई लौरोटेकी

१. अष्टाङ्गिक ब्रह्मस्वर भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. रा. पृ. १०८ मा र बु. ब्र. पृ. ३३९ मा उल्लेख भएको छ।

२. विमा. व. अ. क. पृ. १७४: मण्डूकदेवपुत्तविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उभिईरह्यो। उसको लौरो भ्यागुताकै टाउकोमाथि टेकिन गएको थियो र यसैकारणद्वारा धर्मसंज्ञा र प्रसन्नचित्त लिएर मर्नेवित्तिकै उ त्रयस्त्रिंश देवलोकमा बाह्र योजन भएको कनकविमानमा उत्पन्न भयो। अनि नीदबाट बिउँझेको जस्तो भई आफूलाई अप्सरासङ्घद्वारा परिवृत्त भएको देखेर—"म यहाँ कहाँबाट उत्पन्न भएको रहेछु ?" भनी विचार गरीहेर्दा अघिल्लो जन्मको कुरा स्मरण गरी—"अरे ! म जस्तो भ्यागुतोले पनि यहाँ उत्पन्न भई यस्तो संम्पत्ति पाएको ! के कर्म मैले गरेको रहेछु ?" भनी विचार गरेर हेर्दा—बुद्धको धर्मस्वरमा आकर्षित भएको बाहेक अरू कुनै पनि कर्म देखेन। अनि उ उत्ताघरी विमान सहित आएर विमानबाट ओर्ल्ही महाजनहरूले हेर्दाहेर्दै महत् परिवारका साथ तथा महान् दिव्यानुभावद्वारा भगवान्कहाँ गई वहाँको चरणकमलमा शीरले ढोगी, दुइहात जोरी नमस्कार गर्दै उभिईरह्यो। उसलाई चिनेर पनि महाजनहरूलाई कर्मफलको परिचय र बुद्धको प्रभाव प्रत्यक्षीकरण गराउने उद्देश्यले त्यसवखत भगवान्ले यस्तो भन्नुभयो[१]—

"को मे वन्दति पादानि, इद्धिया यससा जलं।
अभिक्कन्तेन वण्णेन, सब्बा ओभासयं दिसा'ति[२]॥"

अर्थ—

"प्रभावशाली ऋद्धि भएको, यत्रो महान् परिवारहरू भएको,

१. विमा. व. अ. क. पृ. १७४: मण्डूकदेवपुत्तविमानवण्णना।
२. विमा. व. पा. पृ. ७७: मण्डूकदेवपुत्तविमानवत्थु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिरूप भएको तथा सर्वदिशाहरू प्रकाश पार्दै मेरो चरणमा ढोग्ने यो को हो ?"

भगवान्‌को यति कुरा सुनेर देवपुत्रले आफ्नो पूर्वजन्मको परिचय दिँदै यसो भन्यो[1]—

१. "मण्डूकोहं पुरे आसिं, उदके वारिगोचरो ।
तव धम्मं सुणन्तस्स, अवधी वच्छपालको ।।

२. "मुहुत्तं चित्तपसादस्स[2], इद्धिं पस्स यसं च मे ।
आनुभावं च मे पस्स, वण्णं पस्स जुतिं च मे ।।

३. "ये च ते दीघमद्धानं, धम्मं अस्सोसुं गोतम ।
पत्ता ते अचलट्ठानं, यत्थगन्त्वा न सोचरे[3] ।।"

अर्थ—

१–"अघिल्लो जन्ममा म पानीमा बस्ने पानीमा गोचर गर्ने भ्यागुतो भएको थिएँ, तपाइले ब्रह्मस्वरद्वारा भन्नुभएको मधुरस्वरलाई सुनीरहेको वेलामै वाछा हेर्ने एक गोपाल बालकले मलाई मारिदियो ।

२–"क्षणभर चित्तप्रसन्न गरेको कर्मको फलको प्रभाव हेर्नुहोस्

१. विमा. व. अ. क. पृ. १७५: मण्डूकदेवपुत्तविमानवण्णना ।
२. सिंहलमा: 'चित्तप्पसादस्स' ।
३. विमा. व. पा. पृ. ७७: मण्डूकदेवपुत्तविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कस्तो छ, मेरो महानुभावता, मेरो रूपसम्पत्ति तथा मेरो तेज कस्तो छ हेर्नुहोस् ।

३–"हे गौतम ! जसले तपाइको धर्मलाई दीर्घकालसम्म सुन्दछन् अवश्य पनि उनीहरू अचलस्थानमा पुग्नेछन् र जहाँ गएर उनीहरूले शोकगर्नु पर्ने छैन ।"

त्यसपछि भगवान्ले उपस्थित परिषद्को उपनिश्रय-सम्पत्ति हेरेर विस्तारपूर्वक धर्मोपदेश गर्नुभयो । उपदेशको अन्तमा त्यो देवपुत्रले स्रोतापत्तिफल प्राप्तगऱ्यो । चौरासीहजार प्राणीहरूलाई पनि धर्माभिसमय लाभ भएको थियो । अनि भगवान्लाई वन्दना गरी भिक्षुसङ्घलाई पनि नमस्कार गरी सो देवपुत्र आफ्ना परिवारहरू सहित देवलोकमै फर्केर गयो[1] ।

१. विमा. व. अ. क. पृ. १७६: मण्डूकदेवपुत्तविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५. मल्लिकाविमानकथा

धर्मचक्र-प्रवर्तनादिदेखि लिएर[1] सुभद्रपरिव्राजकलाई[2] विनयन गरी बुद्धकृत्य सिध्याई कुशीनगरका मल्लराजाहरूका 'उपवत्तन' भन्ने शालोद्यानमा दुइ शालवृक्षको बीचमा वैशाख पूर्णिमाको प्रत्यूष समयमा अनुपादिशेष निर्वाणधातुमा भगवान् परिनिर्वाण भइसक्नु भएपछि त्यहाँ देवमनुष्यहरूले लोकनाथको शरीरलाई पूजा गरिरहेका थिए ।

त्यसवखत कुशीनगरमा बसिरहेकी—बन्धुल-मल्लिकाकी भार्या, मल्लराजपुत्री-मल्लिका[3] भन्ने उपासिका श्रद्धालु तथा प्रसन्ना

---

१. धर्मचक्र-प्रवर्तन सम्वन्धी कुराहरू लेखकको बु. श्रा. च–१. पृ. १६२ मा उल्लेख भएका छन् ।

२. सुभद्र परिव्राजक सम्वन्धी केही कुराहरू लेखको बु. प. पृ. १६–१८ मा उल्लेख भएका छन् ।

३. यी मल्लिका भन्ने को हुन् भन्ने विषय सम्वन्धी संक्षेप कुराहरू लेखकको बु. रा. पृ. १५८ मा उल्लेख भएका छन् र विस्तृत कुराहरू धम्म. प. अ. क. पृ. १७४–७६: विडुडभवत्थु, पुप्फवग्ग–४ मा उल्लेख भएका पाइन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिइन् । विशाखा महाउपासिकाको[१] जस्तै यिनको पनि 'महालता-पसाधन[२]' भन्ने आभरण थियो। अनि उनले सो 'महालतापसाधन' आभरणलाई सुगन्धित पानीले धोई, राम्रो सफा कपडाले पुछी, अरू पनि पुष्पगन्ध मालाहरू साथमा लिई भगवान्को शरीरमा पूजा गरिन्[३] । यही यहाँ संक्षेप कुरा हो । विस्तृत कुराहरू चाहिं धम्मपदट्ठकथामा[४] उल्लेख भएका छन् । अनि मृत्यु भएपछि उनी त्रयस्त्रिंश देवलोकमा उत्पन्न भइन् । त्यस पूजाको प्रभावद्वारा अन्य जनहरूभन्दा उनले असाधारण तथा विशाल दिव्यसम्पत्ति पाएकी थिइन् । उनको वस्त्रा-लंकार विमानहरू सप्तरत्नहरूले चम्किएका थिए । विशेषरूपले सुवर्णप्रभा भएको अत्यन्त तेजिलो तथा सर्वदिशातिर आसिञ्चन गर्ने सुवर्णरसधार जस्तै स्फुरित थियो । अनि देवचारिका गर्दै जाँदा उनलाई देखेर आयुष्मान् नारद उनकहाँ जानुभयो । वहाँलाई देखेर वन्दना गरी दुइहात जोरी उनी उभिइरहिन् । त्यसपछि उनीसँग वहाँले यस्तो सोध्नुभयो[५]—

---

१. विशाखा महाउपासिका भन्ने को हुन् भन्ने कुरा लेखकको बु. म. भा–१. पृ. १९ मा लेखिएको छ ।

२. 'महालतापसाधन' भन्ने आभरणको परिचय लेखकको बु. म. भा–१. पृ. ३४ मा लेखिएको छ ।

३. यो कुरा दी. नि. अ. क. I. पृ. ४१९: महापरिनिब्बाणसुत्तवण्णनामा पनि छ ।

४. पृ. १७४: विडुडभवत्थु, पुप्फवग्ग ४.

५. विमा. व. अ. क. पृ. १३२: मल्लिकाविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "पीतवत्थे पीतधजे, पीतालङ्कारभूसिते ।
पीतन्तराहि वग्गूहि, अपिलन्धा व सोभति ।।

२. "का[१] कम्बुकायूरधरे[१], कञ्चनावेलभूसिते ।
हेमजालकसञ्छन्ने[२], नानारतनमालिनी ।।

३. "सोवण्णमया लोहितङ्गमया च[३],
मुत्तामया वेलुरियमया[४] च ।
मसारगल्ला सहलोहितङ्गा[५],
पारेवतक्खीहि[६] मणीहि चित्तता ।।

४. "कोचि कोचि एत्थ मयूरसुस्सरो,
हंसस्स रञ्ञो करवीकसुस्सरो ।
तेसं सरो सुय्यति[७] वग्गुरूपो,
पञ्चङ्गिकं तूरियमिवप्पवादितं[८] ।।

१–१. स्याम र रोमनमा: 'काकम्बकायूरधरे' ।
२. सिंहलमा: 'हेमजालकपच्छन्ने' ।
३. सिंहलमा, स्याम र रोमनमा: 'लोहितङ्कमया' ।
४. सिंहल, स्याम र रोमनमा: 'वेलुरियामया' ।
५. सिंहलमा: 'सहलोहितङ्का'; स्याम र रोमनमा: 'सहलोहितका' ।
६. सिंहलमा: 'पारावतक्खीहि' ।
७. सिंहलमा: 'सूयति' ।
८. सिंहल, स्याम, रोमनमा: 'तुरियमिव...' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. "रथो च ते सुभो वग्गु[१], नानारतनचित्तितो[२] ।
नानावण्णाहि[३] धातूहि[४], सुविभत्तो व सोभति ।।

६. "तस्मिं रथे कञ्चनबिम्बवण्णो[५] ।
या[६] त्वं[६] ठिता भाससि मं पदेसं ।
देवते पुच्छिताचिक्ख, किस्स कम्मस्सिदं फलं'ति[७] ।।"

अर्थ—

१–"पीत वस्त्र, पीत ध्वज तथा पीतालङ्कारद्वारा भूषिता तिम्रो सुन्दर पीतवर्ण यी आभरण विना पनि शोभायमान नै छ ।

२–"काञ्चनलता र हेमजालहरूले सिंगारिएको तथा अनेकौं रत्नहरूका चूरी र बाजूहरू लगाइराखेको तिम्रो वर्ण शोभायमान छ ।

३–"सुवर्ण, लालमणी, मोती, वैदूर्य, मसारगल्ल तथा परेवाको आँखा जस्तै मणीहरूद्वारा चित्रित छयौ ।

---

१. स्याममा: 'वग्गू' ।
२. स्याममा: 'नानारतनचित्तङ्गो' ।
३. स्याममा: 'नानावणीहि' ।
४. रोमनमा: 'धातुहि' ।
५. स्याम र रोमनमा: 'काञ्चनबिम्बवण्णो' ।
६–६. स्याममा: 'यत्थ' ।
७. विमा. व. पा. पृ. ५६–५७: मल्लिकाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४–"त्यसबाट मयूर, हंसराज तथा कोइलीको आवाजहरू जस्तै आवाज निस्कन्छ अनि पञ्चाङ्गिक तूर्यनादको आवाज पनि सुनिन्छ ।

५–"नाना रत्नहरू जडित, नाना धातुहरूद्वारा सुविभाजित तिम्रो रथ पनि शोभायमान नै छ ।

६–"सो रथ काञ्चनबिम्बवर्ण छ जहाँ बसी तिमीले यो प्रदेश जम्मै प्रकाश पार्दछ्यौ । हे देवते ! म सोध्दछु कि—के कर्मको फल-द्वारा तिमीले यस्तो पाएकी ह्वौ ?"

अनि सो देवता भन्दछिन्—

१. "सोवण्णजालं[1] मणिसोण्णचित्तितं[2],
मुत्ताचितं[3] हेमजालेन छन्नं ।
परिनिब्बुते गोतमे अप्पमेय्ये,
पसन्नचित्ता अहमाभिरोपयिं ।।

२. "ताहं कम्मं करित्वान, कुसलं बुद्धवण्णितं ।
अपेतसोका सुखिता, सम्पमोदामनामया'ति[4] ।।"

---

१. रोमनमा: 'सोवन्नजालं' ।

२. सिंहल, स्याम र रोमनमा: 'मणिसोण्णचित्तं' ।

३. स्याममा: 'मुत्ताचित्तं' ।

४. विमा. व. पा. पृ. ५७: मल्लिकाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ—

१–"मणिसुवर्णादिद्वारा चित्रित सुवर्ण जाल र ठाउँ ठाउँमा मोतीहरू जडित हेमजालले छोपिएको जुन यो विमान हो—त्यो उही पुण्यको प्रभावको फल हो—जो मैले अप्रमेय हुनुभएका गौतम बुद्ध परिनिर्वाण भइसकेपछि वहाँको शरीरमा पूजाको भावले प्रसन्नतापूर्वक (आभरण) चढाएँ।

२–"बुद्ध भगवान्‌द्वारा वर्णित कुशलकर्म गरेर आज म सुखी भई शोक दूर गरी तथा प्रमुदिता पनि भएकी छु।"

देवताले भने बमोजिम सङ्गीतिको समयमा आयुष्मान् नारदले उपरोक्त कुराहरू धर्मसंग्राहकहरूलाई सुनाउनु भएको थियो र सोही अनुसार वहाँहरूले संग्रहमा सम्मिलित गर्नुभएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२६. यवपालकविमानकथा

एक समय भगवान् राजगृहको वेणुवनमा बस्दै हुनुहुन्थ्यो। त्यसवखत राजगृहमा एक गरीब केटो जौको खेत हेर्दथ्यो। एकदिन उसले बिहानकोनिम्ति कुल्माष-खाना पाएपछि "खेतमा गई खाना खानेछु" भन्ने विचार गरी उ कुल्माष-खाना लिई जौको खेतमा गई एक रुखमनि बस्यो। त्यसैवेला बाटामा गइरहेका एक क्षीणास्रवी स्थविर भोजनको समय भएपछि त्यस ठाउँमा आइपुगी जौपालक केटो बसिरहेको रुखनिर गए। जौपालक केटोले वेला विचार गरी "भन्ते! भोजनार्थ आहार पाउनुभयो के?" भनी सोध्यो। स्थविर चूपलागेर बसे। अनि उसले—स्थविरले भोजन नपाएको - कुरा बुझी "भन्ते! भोजनको समय भइसक्यो भिक्षाटन् गरेर भोजन गर्न सकिन्न, ममाथि अनुकम्पा राख्नुभई यो कुल्माष-खाना खानुहोस्" भनी विन्तिगरी स्थविरलाई कुल्माष-खाना प्रदानगऱ्यो। उसमाथि अनुकम्पा गर्दै स्थविरले सो कुल्माष-खाना उसले देख्ने गरी खाई अनुमोदन गरी फर्कर गए। "अहा! मैले यस्ता सुपात्रलाई कुल्माष-खाना दिन पाएँ!" भनी त्यो केटोको चित्त अति प्रसन्न भयो। त्यसपछि मृत्युभई उ त्रयस्त्रिंश भवनमा सोह्र योजन भएको कनकविमानमा उत्पन्नभयो। अनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवचारिका गर्दै जाँदा आयुष्मान् महामौद्गलयायनले उसलाई देखेर यी गाथाहरूद्वारा प्रश्न सोध्नुभयो[1]—

१. "उच्चमिदं मणिथूनं विमानं,
समन्ततो द्वादस योजनानि ।
कूटागारा सत्तसता उलारा,
वेलुरियथम्भा रुचकत्थतासुभा ॥

२. "तत्थछसि पिवसि खादसि च,...[2] ॥

३. "देविद्धि पत्तोसि महानुभावो,...[3] ॥

अर्थ—

१—"मणिहरू जडित यो विमान अग्लो छ, जसको चारैतिरबाट सोह्र सोह्र योजन छ, सातशय ठूला ठूला कूटागारहरू पनि छन् जसमा वैदूर्यका स्तम्भहरू र सुनका फलेकहरू छापिएका कोठाहरू पनि छन् ।

२—"त्यसमा बसेर तिमी खान्छौ पनि पिउँछौ पनि; मधुरस्वरले दिव्यमय वीणाहरू पनि बजाइन्छन्, चौसट्ठी जना सुशिक्षिता राम्रा राम्रा देवकन्याहरू पनि छन् जो नाच-गान गरेर प्रमुदिता हुन्छन् ।

१. विमा. व. अ. क. पृ. २३५–३६: यवपालकविमानवण्णना ।
२–३. यहाँका बाँकी पदहरू फलदायकविमान पृ. १९१ मा उल्लेख भए बमोजि दोहऱ्याई पढ्नू । विमा. व. पा. पृ. १०४: यव-पालकविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३–"देवऋद्धि भएको महानुभावसम्पन्न तिमीले मनुष्यलोकमा छँदा के पुण्यकर्म गर्‍यौ ? कुन कारणद्वारा तिम्रो यस्तो ज्वलित प्रभाव भएको हो ? सर्वदिशातिर तिम्रो वर्ण पनि फैलिदै छ ।"

अनि यस सम्वन्धमा सङ्गीतिकारहरू भन्दछन्—

"महामौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवता खुशी भई—जुन कर्मको फलद्वारा त्यस्तो सम्पत्ति पाएको हो त्यो कुरा बताउँदै उसले यस्तो भन्यो[१] ।"

१. "अहं मनुस्सेसु मनुस्सभूतो, अहोसिं यवपालको ।
अद्दसं विरजं भिक्खुं, विप्पसन्नमनाविलं ।।

२. "तस्स अदासहं भागं, पसन्नो सेहि पाणिभि ।
कुम्मासपिण्डं दत्वान, मोदामि नन्दने वने ।।

३. "तेन मे तादिसो वण्णो,...[२]

४. "अक्खामि ते भिक्खु महानुभाव,...[३]"

अर्थ—

१–"मनुष्यलोकमा मनुष्य छँदा म जौपालक थिएँ, त्यसवखत मैले विप्रसन्न, निर्मल तथा निक्लेशी एक भिक्षुलाई देखें ।

---

१. विमा. व. पा. पृ. १०४: यवपालकविमानवत्थु ।
२–३. माथि पृ. १० मा उल्लेख भए झैं दोहर्‍याई पढ्नू । विमा. व. पा. पृ. १०४: यवपालकविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"अनि वहाँलाई मैले आफ्नो भाग कुल्माष-पिण्ड प्रसन्नचित्त लिई आफ्नै हातले प्रदान गरें—सोही कुल्माष-पिण्डदान दिएको पुण्यको प्रभावद्वारा आज म नन्दन-वनमा नन्दित भएको हुँ ।

३–"त्यसैको प्रभावद्वारा मेरो यस्तो शरीर-वर्ण भएको हो, त्यसैको प्रभावद्वारा यहाँ मेरा इच्छाहरू सिद्ध भएका हुन्, त्यसैको प्रभावद्वारा मलाई मनपरेका वस्तुहरू पनि लाभ भएका हुन् ।

४–"हे महानुभावसम्पन्न भिक्षु ! मनुष्यलोकमा छँदा जुन पुण्य-कर्म मैले गरेको थिएँ सो बताएँ; त्यस कर्मको प्रभावद्वारा मेरो शरीर तेजिलो भएको हो र त्यसैको प्रभावद्वारा मेरो शरीरको तेज सर्वदिशातिर प्रकाश भएको हो ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२७. रज्जुमालाविमानकथा

एक समय भगवान् बुद्ध श्रावस्तीस्थित जेतवनमा बस्दै हुनुहुन्थ्यो । त्यस समयमा गया गाउँकी एक ब्राह्मणकी छोरीलाई सोही गाउँकै एक ब्राह्मण-पुत्रलाई दिएको हुँदा उ पतिकुलमा गई त्यस घरकी मालिकनी भई बसी । त्यस घरकी दाशीकी छोरीलाई उ देखि सहन्नथी । उसलाई देख्योकि क्रोधले मुरमुरिई गालिगर्थी, परिभाष-गर्थी र मुड्कीले पनि हान्थी । जब उ तन्नेरी भई काम-धाम गर्न सक्ने भई तब उसलाई कुहिनाले तथा मुड्कीले पनि पिट्दथी । पूर्वजन्मको वैरभावको कारणले गर्दा नै यस्तो गर्दथी भनी विमानवत्थु अट्ठकथाले[1] उल्लेख गरेको छ ।

त्यो दाशीपुत्री कश्यप बुद्धको पालामा मालिक्नी थिई र हाल मालिक्नी भएको ब्राह्मणी त्यसवखत दाशी भएकी थिई । त्यसवखत सो मालिक्नीले दाशीलाई जहिले पनि माटोको डल्लो, लट्ठी तथा मुड्कीले हान्दथी । मालिक्नीको यस प्रक्रियाबाट विरक्तिई यथावल दानादि पुण्यकर्म गरी दाशीले "अनागत समयमा म मालिक्नी वनी यसमाथि प्रभूत्व जमाउन पाऊँ" भनी उसले प्रार्थना गरी । त्यसपछि उ त्यहाँबाट च्युत भई

१. पृ. १६६: रज्जुमालाविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारमा यताउता घुम्दै-फिर्दै वर्तमान बुद्धको पालामा माथि उल्लेख भए अनुसार गया गाउँको एक ब्राह्मणकुलमा जन्मेर पछि पतिकुलमा गई उ मालिक्नी बनी । अर्की चाहिं उसकी दाशी हुन पुगी । यही वैर-भावको कारणले गर्दा ब्राह्मणीले दाशीलाई हैरान गरी सताएकी हो । यसरी हैरानी गरी दुःखदिंदा कहिलेकाहिं विनाकारणमा नै चुल्ठो समाती हात-खुट्टाले बेस्करी कुट्दथी । चुल्ठोमात्र समाती लुछने हुनाले एकदिन दाशी नाउकहाँ गई मुण्डन गरेर आई । अनि मालिक्नीले भनी—"अरे दुष्ट दाशी ! चुल्ठो काटेर मुक्तहुन सकौंला भनी तैंले नठान" भनी उसको टाउकोमा डोरीले बेरी डोरी समाती टाउको निहुर्याई खूबसँग पिट्नथाली । उसको टाउकोमा बेरिएको डोरी फिक्न पनि दिन्नथी । यहाँदेखि सो दाशीको नाम नै 'रज्जुमाला' अर्थात् डोरीकोमाला भन्ने रहनगयो[१] ।

अनि एकदिन पूर्वाण्ह समयमा महाकरुणासमापत्तिध्यानबाट उठी लोकमा हेरिरहनु भएको बेलामा रज्जुमालामा स्रोतापत्ति-फलको उपनिश्रय-सम्पत्ति भएको र सो ब्राह्मणी त्रिशरण सहित शीलमा प्रतिष्ठित हुनसक्ने कुरा देखनुभई शास्ता श्रावस्तीबाट गया गाउँमा छ वर्ण-बुद्धरश्मीहरू फैलाई एक जङ्गलको रुखमनि बस्नुभयो । दिनदिनै सो ब्राह्मणीले त्यस्तरी शास्तीदिने हुँदा "दुःखपूर्वक यसरी यस घरमा जीवन बिताइरहनुभन्दा मर्नु नै वेश" भन्ने विरक्तिले गर्दा रज्जुमाला पनि सोही दिनमै गाग्रो लिई पानी लिनजाने बहाना गरी घरबाट निस्की

१. विमा. व. अ. क. पृ. १६६: रज्जुमालाविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रमशः जङ्गलमा पसी बुद्ध भगवान् बसिरहनु भएको रुख नजिक एक रुखको शाखामा डोरी बाँधी, पासो लगाई आफूलाई झुण्डचाउने विचारले यताउती हेर्दा—प्रसन्न मुख लिई बडो शान्तदान्त मुद्राले छ वर्ण बुद्ध-रश्मीहरू फैलाउँदै रुखमनि बसिरहनु भएको कारुणिक बुद्ध भगवान्लाई उसले देखी। देखेर बुद्धगौरवको कारणद्वारा आफ्नो हृदय आर्कषित भई—"के त भगवान्ले म जस्ती दरिद्रीलाई धर्मोपदेश गर्नुहुने छ? जुन उपदेश सुनेर म यस दरिद्री जीवनबाट मुक्तहुन सकूँ?" भनी सोच्नथाली।

भगवान्ले उसको सोचाइलाई जान्नुभई "रज्जुमाले!" भनी भन्नुभयो।

यो आवाज सुनेर अमृतद्वारा अभिषिक्ता भएको जस्तो लागी उसको जम्मै शरीरमा प्रीति फैलिएर गयो र उ भगवान्कहाँ गई वन्दना गरी एक छेउमा उभिई। त्यसपछि भगवान्ले उसलाई क्रमैसँगै आनुपूर्विकथा[१] सुनाएर पछि चतुसत्यका कुराहरू पनि सुनाउनु भयो। उपदेश सुनेर उ स्रोतापत्ति-फलमा प्रतिष्ठित भई।

"रज्जुमाला यत्तिकैले अनुगृहित हुनेछ; अब उ कसैबाट पनि पीडित हुनसक्ने छैन" भन्ने विचार गरी शास्ता पनि जङ्गलबाट निस्की गया गाउँ नजिक एक रुखमनि बस्न जानुभयो[२]।

१. आनुपूर्विकथा भनेको कस्तो हो भन्ने कुरा लेखकको बुद्धकालीन ग्रन्थहरूमा हेर्नू।

२. विमा. व. अ. क. पृ. १६६–६७: रज्जुमालाविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रज्जुमाला पनि आफूलाई कसैले हिंसा गर्न नसक्ने स्थितिमा पुगी, आफ्नो क्षान्ती, मैत्री तथा दयादिगुणहरूमा प्रतिष्ठित भएको कारणले गर्दा—"ब्राह्मणीले चाहे कुटोस् चाहे हैरान गरोस् चाहे जेसुकै गरोस्" भन्ने विचार लिई गाग्रोमा पानी लिई घरफर्की। घरको दैलोमा बसिरहेको मालिकले उसलाई देखेर—"पानी लिन गएकी तिमी आज धेरैबेर लगाएर आयौ, तिम्रो मुखवर्ण अति प्रसन्न छ, आज तिम्रो स्वभावमा पनि परिवर्तन देखिन्छ, यो के कारण हो ?" भनी सोध्यो। अनि उसले जम्मै कुराहरू सुनाई। उसको कुरा सुनेर ब्राह्मण खुशी भई घरभित्र पसी बुहारीलाई यस्तो भन्यो—

"रज्जुमालामाथि तिमीले केही गर्न पाउने छैनौ।"

यति भनेर अतिप्रसन्न भई उ शास्ताकहाँ गई वन्दना गरी सादर-पूर्वक कुशलवार्ता गरी शास्तालाई निम्त्याई आफ्नो घरमा ल्याएर उसले प्रणीत खाद्य-भोज्यद्वारा वहाँलाई सन्तर्पित गर्‍यो। भोजन सिध्याएर भगवान्ले एक छेउमा पात्र राखेपछि भगवान्को छेउमा गई ब्राह्मण एक छेउमा बस्यो। उसको बुहारी पनि आई भगवान्लाई वन्दना गरी एक छेउमा बसी। गया गाउँका ब्राह्मण-गृहपतिहरू पनि यो प्रवृत्ति सुनेर भगवान्कहाँ आई वन्दना गरी एक छेउमा बसे। तीमध्ये केहीले भगवान्-सँग कुशलवार्ता गरी एक छेउमा बसे। अनि शास्ताले रज्जुमाला र ब्राह्मणीले पूर्वजन्ममा गरेका कुराहरू विस्तारपूर्वक बताउनु भई उपस्थित परिषद्लाई अनुकूल हुनेगरी धर्मोपदेश गर्नुभयो। यो कुरा सुनेर ब्राह्मणी पनि उपस्थित महाजनहरू पनि त्रिशरणमा र शीलमा प्रतिष्ठित भए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि भगवान् आसनबाट उठी श्रावस्तीमै फर्केर जानुभयो[१] ।

अनि रज्जुमालालाई ब्राह्मणले पुत्रीस्थानमा राख्यो । त्यहाँदेखि उसकी बुहारीले पनि रज्जुमालालाई प्रियचक्षुले हेरी जीवनभरसम्म मनपराई स्नेह गरी बसी । रज्जुमालाको मृत्यु भएपछि उ त्रयस्त्रिंशमा उत्पन्न भई । एकहजार अप्सराहरू उसका परिवार भए । उ साठी गाडाजतिका दिव्य-आभरणहरूले विभूषिता भई एकहजार अप्सराहरूले परिवृत्त भई नन्दन-वन आदि ठाउँहरूमा महत् दिव्यसम्पत्तिको अनुभव गर्दै प्रमुदिता भई बस्नथाली ।

अनि देवचारिका गर्दै जाँदा आयुष्मान् महामौद्गल्यायनले उसलाई महान् दिव्यानुभाव र महान् देवऋद्धिद्वारा विद्योत भएको देखेर उसले गरेका कर्मका कुराहरू सोध्दै यी गाथाहरू भन्नुभयो[२] —

१. "अभिक्कन्तेन वण्णेन, या त्वं तिट्ठसि देवते ।
हत्थपादे[३] च विग्गय्ह, नच्चसि सुप्पवादिते ॥

२. "तस्सा ते नच्चमानाय, अङ्गमङ्गेहि सब्बसो ।
दिब्बा सद्दा निच्छरन्ति, सवनीया मनोरमा ॥

३. "तस्सा ते नच्चमानाय, अङ्गमङ्गेहि सब्बसो ।
दिब्बा गन्धा पवायन्ति, सुचिगन्धा मनोरमा ॥

---

१. विमा. व. अ. क. पृ. १६७: रज्जुमालाविमानवण्णना ।
२. विमा. व. अ. क. पृ. १६७–१६८: रज्जुमालाविमानवण्णना ।
३. सिहल, स्याम र रोमनमा: 'हत्थेपादे' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. "निवत्तमाना कायेन, या वेणीसु पिलन्धना ।
तेसं सुय्यति[1] निग्घोसो, तुरिये[2] पञ्चङ्गिके यथा ।।

५. "वटंसका वातधुता[3], वातेन सम्पकम्पिता ।
तेसं सुय्यति निग्घोसो, तुरिये पञ्चङ्गिके यथा ।।

६. "या[4] पि ते सिरस्मि[4] माला, सुचिगन्धा मनोरमा ।
वाति गन्धो दिसा सब्बा, रुक्खो मञ्जूसको[5] यथा ।।

७. "घायसे तं सुचिगन्धं, रूपं पस्ससि अमानुसं ।
देवते पुच्छिताचिक्ख, किस्स कम्मस्सिदं फलं'ति[6] ।।

अर्थ—

१–"हे देवते ! तिमी सुन्दर रूप लिई हातखुट्टावि चलाई सुन्दर ढंगले नाच्दैछ्यौ, तिम्रो नाच अनुसार मधुर वाद्य पनि बजाइँदै छ ।

२–"तिमी नाच्दा तिम्रा सबै अङ्गप्रत्यङ्गहरूवाट दिव्य-स्वरहरू निस्किन्छन् जुन् श्रवणीय तथा मनोरम्य छन् ।

---

१. सिहलमा: 'सूयति' ।
२. वर्मीमा: 'तूरिये' ।
३. स्याममा: 'वातधूता' ।
४–४. स्याम र रोमनमा: 'सा पि ते सिरसि' ।
५. सिहल र रोमनमा: 'मञ्जुस्सको' ।
६. विमा. व. पा. पृ. ७४: रज्जुमालाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३–"तिमी नाच्दा तिम्रा सबै अङ्गप्रत्यङ्गहरूबाट दिव्य-गन्ध वास आउँछ जुन् मनोरम्य छ ।

४–"तिमी घुम्दा जुन तिम्रो चुल्ठोमा आभरणहरू छन् तिनीहरू-बाट पञ्चाङ्गिक तूर्यनादको आवाज सुनिन्छ ।

५–"तिम्रा कानका कुण्डलहरू मन्दवायुले हल्लाउँदा त्यसबाट जुन आवाज सुनिने हो त्यो पनि पञ्चाङ्गिक तूर्यनाद जस्तै छ ।

६–"जुन् तिम्रा शीरमा सुन्दर तथा सुगन्धित मालाहरू छन् तिनी-हरूबाट मञ्जूसक वृक्षको वासना जस्तै सर्बदिशातिर वासना आउँछ ।

७–"तिम्रो शरीरबाट सुमधुर वासना आउँछ, तिम्रो रूपवर्ण अमानुषीय छ; हे देवते ! म सोध्न चाहन्छु कि के कर्मको यो फल हो ?"

स्थविरद्वारा यसरी सोधिएपछि सो देवताले आफ्नो पूर्वजन्म सम्बन्धीका कुराहरू बताउँदै यी गाथाहरू भनी[१]—

१. "दासी अहं पुरे आसिं, गयायं ब्राह्मणस्सहं[२] ।
अपुञ्ञा अलक्खिका, रज्जुमाला ति मं विदु[३] ॥

१. विमा. व. अ. क. पृ. १६८: रज्जुमालाविमानवण्णना ।

२. बर्मीमा: 'ब्रह्मणस्सहं' ।

३. स्याम र रोमनमा: 'विदू' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. "अक्कोसानं वधानं च, तज्जनाय च उग्गता[1] ।
कुटं गहेत्वा निक्खम्म, अगच्छिं[2] उदहारिया[2] ॥

३. "विपथे कुटं निक्खिपित्वा, वनसण्डं उपागमिं ।
इधेवाहं मरिस्सामि, को[3] अत्थो[3] जीवितेन मे ॥

४. "दल्हं[4] पासं करित्वान, आसुम्भित्वान[5] पादपे ।
ततो दिसा विलोकेसिं, को नु खो वनमस्सितो ॥

५. "तत्थद्दसासिं सम्बुद्धं, सब्बलोकहितं मुनिं ।
निसिन्नं रुक्खमूलस्मिं, झायन्तं अकुतोभयं ॥

६. "तस्सा मे अहु संवेगो, अब्भुतो[6] लोमहंसनो ।
को नु खो वनमस्सितो, मनुस्सो उदाहु देवता ॥

---

१. सिंहल, स्याम र रोमनमा: 'उक्कता' ।

२–२. सिंहलमा: 'गच्छिं उदकहारिया'; स्याममा: 'आगच्छिं उदकहारिया'; रोमनमा: 'अगच्छिं उदकहारिया' ।

३–३. स्याम र रोमनमा: 'कीवत्थो पि' ।

४. स्याम र रोमनमा: 'दल्ह' ।

५. स्याम र रोमनमा: 'आलम्बित्वान' ।

६. स्याममा: 'अब्भूतो' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. "पासादिकं पसादनीयं, वना निब्बनमागतं[१] ।
दिस्वा मनो मे पसीदि, नायं यादिसकीदिसो[२] ।।

८. "गुत्तिन्द्रियो झानरतो, अवहिग्गतमानसो[३] ।
हितो सब्बस्स लोकस्स, बुद्धो अयं[४] भविस्सति ।।

९. "भयभेरवो दुरासदो, सीहो व गुहमस्सितो[५] ।
दुल्लभायं दस्सनाय, पुप्फं ओदुम्बरं यथा ।।

१०. "सो मं मुदूहि वाचाहि, आलपित्वा तथागतो ।
रज्जुमाले ति मंवोच, सरणं गच्छ तथागतं ।।

११. "ताहं गिरं सुणित्वान, नेलं अत्थवतिं सुचिं ।
सण्हं मुदुं च वग्गुं च, सब्बसोकापनूदनं ।।

१२. "कल्लंचित्तं च मं ञत्वा, पसन्नं सुद्धमानसं ।
हितो सब्बस्स लोकस्स, अनुसासि तथागतो ।।

---

१. सिहलमा: 'निब्बानमागतं' ।

२. स्याम र रोमनमा: 'यादिसिकीदिसो' ।

३. स्याम र रोमनमा: 'अवहिगतमानसो' ।

४. सिहलमा: 'सोयं' ।

५. स्याममा: 'गूहनिस्सितो'; रोमनमा: 'गुहनिस्सतो' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३. "इहं दुक्खं ति मंवोच, अयं दुक्खस्स सम्भवो ।
दुक्खनिरोधो[1] मग्गो[1] च, अञ्जसो अमतोगधो ।।

१४. "अनुकम्पकस्स कुसलस्स, ओवादम्हि अहंठिता ।
अज्झगा अमतं सन्ति, निब्बानं[2] पदमच्चुतं ।।

१५. "साहं अवट्ठितापेमा, दस्सने अविकम्पिनी ।
मूलजाताय सद्धाय, धीता बुद्धस्स ओरसा ।।

१६. "साहं रमामि कीलामि, मोदामि अकुतोभया ।
दिब्बमालं[3] धारयामि, पिवामि मधुमद्दवं[4] ।।

१७. "सट्ठितुरिय सहस्सानि[5], पटिवोधं करोन्ति मे ।
आलम्वो गग्गरो भीमो, साधुवादी च संसयो ।।

१८. "पोक्खरो च सुफस्सो च, वीणामोक्खा च नारियो ।
नन्दा चेव सुनन्दा च, सोणदिन्ना सुचिम्हिता ।।

१-१. स्याम र रोमनमा: 'अयं दुक्खनिरोधो' ।

२. सिंहलमा: 'निव्वाण' ।

३. सिंहलमा: 'दिव्बंमालं' ।

४. स्याम र रोमनमा: 'मधभद्धुवं ।

५. सिंहलमा: 'सट्ठि तुरिय…'; बर्मीमा: 'सट्ठि तूरिय…' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९. "अलम्बुसा मिस्सकेसी च, पुण्डरीकातिदारुणी[१] ।
एणिफस्सा[२] सुफस्सा च, सुभद्दामुदुवादिनी[२] ॥

२०. "एताचञ्ञा च सेय्यासे, अच्छरानं पवोधिका[३] ।
ता मं कालेनुपागन्त्वा, अभिभासन्ति देवता ॥

२१. "हन्द नच्चाम गायाम, हन्द तं रमयामसे ।
नयिदं अकतपुञ्ञानं, कतपुञ्ञानमेविदं ॥

२२. "असोकं नन्दनं रम्मं, तिदसानं महावनं ।
सुखं अकतपुञ्ञानं, इध नत्थि परत्थ च ॥

२३. "सुखं च कतपुञ्ञानं, इध चेव परत्थ च ।
तेसाहं सहव्यकामानं[४], कत्तव्बं[५] कुसलं वहुं ।
कतपुञ्ञा हि मोदन्ति, सग्गे भोगसमङ्गिनो ॥

---

१. सिंहलमा: 'चारुणी' ।

२–२. स्याममा: 'एणिपस्सा सपस्सा च सुभद्दा मुदुकावदी'; सिंहलमा: 'एणिपस्सा…'; रोमनमा: 'एणिपस्सा सुपस्सा च सुभद्दा मुदावादी' ।

३. स्याम र रोमनमा: 'पवोधिया' ।

४. सिंहल र रोमनमा: 'सहव्यकामानं' ।

५. स्याम र रोमनमा: 'कातब्बं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४. "वहूनं[1] वत अत्थाय, उप्पज्जन्ति तथागता ।
दक्खिणेय्या मनुस्सानं, पुञ्ञक्खेत्तानमाकरा ।
यत्थ कारं करित्वान, सग्गे मोदन्ति दायका'ति[2] ।।"

अर्थ –

१–"अघिल्लो जन्ममा गया भन्ने गाउँको एक ब्राह्मणकुलमा म दाशी थिईं र अपुण्यवान् तथा अलक्षिनी रज्जुमाला भन्ने नामकी थिएँ ।

२–"गाली, पिटाई, तर्जनादि दुःख सहन नसकी एकदिन म गाग्रो लिई पानी लिनभनी गएँ ।

३–" 'बांचेर के प्रयोजन, यहीं मर्नेछु' भन्ने विचारले बाटाको एकातिर गाग्रो छाडी म जङ्गलभित्र पसें ।

४–"अनि रुखको शाखामा बलियो गरी डोरीले पासो बाँधी — 'वनमा कोही छन् कि ?' भनी मैले चारैतिर हेरें ।

५–"त्यसवखत मैले त्यहाँ ध्यानमुद्रामा रुखमनि बसिरहनु भएका कुनै भय नभएका तथा जगतोद्धार गर्ने सम्बुद्धलाई देखें ।

६–"वहाँलाई देखेर—'यस वनमा वसिरहने यी पुरुष मनुष्य हुन् कि देवता हुन् ?' भन्ने लागेपछि उत्तिखेरै ममा लज्जा र भय (त्रास) सहित विरक्ति उत्पन्नभयो र अद्‌भूतरूपले रोमाञ्चित पनि हुन थाल्यो ।

१. सिहल, स्याम र रोमनमा: 'वहुन्नं' ।
२. विमा. व. पा. पृ. ७४–७६: रज्जुमालाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७–"क्लेशरूपी जङ्गलबाट निर्वाणरूपी-निर्जङ्गलमा बसिरहनु भएको बुद्धको प्रासादिक (=चित्तप्रफुल्लित पार्ने) रूप देखेर 'यो यस्ता त्यस्ता (मामुली) पुरुष होइनन्' भन्ने जस्तो लागेपछि मेरो मनमा अपार प्रफुल्लता उत्पन्नभयो ।

८–"वहाँका इन्द्रियहरू शान्त र संयत छन्, वहाँ ध्यानरत हुनुहुन्छ, वहाँको मन बाहिर जाँदैन, वहाँ सर्वलोकको हितैषी बुद्ध नै हुनुहुन्छ ।

९–१०–"अनि कुनै पनि भयभैरवबाट न डराउने गुफामा वस्ने सिंह जस्तै तथा दुर्लभ दर्शनीय उदुम्बर वृक्षको फूल जस्तै हुनुभएका बुद्धले मलाई मृदुवचनद्वारा सम्बोधन गर्नुहुँदै यसो भन्नुभयो— 'रज्जुमाले ! तथागतको शरणमा जाऊ' ।

११–"वहाँको निर्दोषपूर्ण, अर्थवती, सूक्ष्म, मृदु, मनोरम्य तथा सुमधुर आवाज सुनेर मेरा सारा शोकहरू दूर भएर गए ।

१२–"अनि मेरो चित्त प्रसन्न तथा उपयुक्त भएको बुझ्नु भई— सर्वको हितैषी हुनु भएका – तथागतले मलाई यसरी उपदेश गर्नुभयो—

१३–" 'यो दुःख हो, यो दुःखको हेतु हो, यो दुःखनिरोध हुने बाटो हो र जुन बाटोमा लाग्नाले अमृतमा पुग्नसकिन्छ' ।

१४–"अनि दक्ष तथा अनुकम्पक हुनुभएका बुद्धको अति-बुद्धिमा बसी मैले अमृतमय उत्तम निर्वाण-शान्ति पदलाई अवबोध गरें ।

१५–'अनि म त्रिरत्न प्रति दृढ विश्वासिनी भएँ, बुद्धदर्शनमा अकम्पित भएँ र श्रद्धाको जरो बसाली बुद्धकै औरस पुत्री पनि भएँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६–"अब म यहाँ रमण गरी, क्रीडा गरी तथा भयरहित दिव्य-मालाहरू लगाई रसरंगको रसास्वाद पिइरहेकी छु ।

१७–"आलम्ब, गग्गर, भीम, साधुवादी. संसयहरू जस्ता साठीहजार तूर्यवादनहरूले मेरो चित्त प्रतिबोध गराउँछन् ।

१८–१९–"पोक्खरा, सुफस्सा, वीणामोक्खा, नन्दा, सुनन्दा, सोणदिन्ना, अलम्बुसा, मिस्सकेसी, पुण्डरीका, दारुणी, एणिफस्सा, सुफस्सा तथा सुभद्दा जस्ता मृदुवादिनीहरूले वीणा बजाई नृत्यहरू देखाउँछन् ।

२०–"यिनीहरू बाहेक अरुहरू पनि नाच्ने अप्सराहरू आई समय समयमा नाच-गान गरी मलाई खुशी पार्छन् ।

२१–"हामीहरू नाच्न चाहन्छौं, हामीहरू गाउन चाहन्छौं, हामी तपाइको चित्तलाई प्रसन्न पार्न चाहन्छौं भन्दै उनीहरू समय समयमा आई मलाई रमाइलो पार्छन्; पुण्य नगर्नेले यस्तो सुख पाउँन सक्दैन, पुण्य गर्नेले मात्र पाउँन सक्छ ।

२२–"देवताहरूका अशोक नन्दनवन तथा महावनहरू रमणीय छन्; पुण्य नगर्नेले इहलोक र परलोकमा पनि सुख पाउँदैन ।

२३–"पुण्य गर्नेले इहलोक र परलोकमा पनि सुख पाउँछ, त्यस्तो ठाउँमा जान्कोनिमित्त धेरै कुशल कर्महरू गर्नुपर्छ; पुण्य गर्नेहरू नै स्वर्गीय भोगसम्पत्ति भएको ठाउँमा पुग्न सक्छन् ।

२४–"धेरैको हितसुखकोनिम्ति तथागत लोकमा उत्पन्न हुनुहुन्छ; वहाँ मनुष्यहरूको दाक्षिणेय हुनुहुन्छ, वहाँले मनुष्यहरूकोनिमित्त पुण्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्र हुने आर्यपुरुषहरू बनाइदिनु हुन्छ—जुन पुण्यक्षेत्रमा पुण्यकार्य गरी दायकहरू स्वर्गमा मुदित हुन्छन् ।"

त्यसपछि आफूले सोधेका र देवताले बताएका कुराहरू जम्मै मनुष्यलोकमा आई आयुष्मान् महामौद्गल्यायनले भगवान्लाई सुनाउनु भयो । अनि भगवान्ले यसै कुरालाई कारण बनाई उपस्थित परिषद्लाई धर्मोपदेश गर्नुभयो । यो उपदेश महाजनहरूकोनिमित्त सार्थक नै भएको थियो[१] ।

---

१. विमा. व. अ. क. पृ. १७३: रज्जुमालाविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२८. लताविमानकथा

एक समय भगवान् बुद्ध श्रावस्तीको जेतवनमा बसिरहनु भएको थियो। त्यसवखत श्रावस्तीवासी एक उपासककी लता भन्ने छोरी थिइन्। उनी पण्डिता, व्यक्ता तथा मेधाविनी थिइन्। पतिकुलमा गएपछि उनी—लोग्ने, सासु, ससुराहरूको मनापचारिणी, प्रियवादिनी तथा परिजनहरूको संग्रह गर्न समर्था तथा घरका परिवारहरूका अभिभार निभाउने काममा दक्षा, अक्रोधिनी, शीलाचारसम्पन्ना, दानदिने कार्यमा तत्पर, अखण्ड पञ्चशील पालन गर्ने तथा उपोसथको दिनहरूमा अप्रमत्ता थिइन्।

उनको मृत्यु भएपछि उनी वैश्रवण महाराजाकी छोरी भई उत्पन्न भइन् र लता नै उनको नाम रहनगयो। उनका अरू पनि सज्जा, पवरा, अच्चिमति तथा सुता भन्ने चार बहिनीहरू थिए। ती पाँचै जनालाई शक्र देवराजाले लगी उनीहरूलाई नर्तकी स्त्रीको स्थानमा राखी परिचारिकाहरू बनाए। लता चाहिं विशेषत नृत्य-गीतमा दक्षा थिइन्।

एकदिन उनीहरू भेलाभई सुखपूर्वक बसिरहेको वेलामा उनीहरूको बीचमा संगीत निपुणताको बारेमा विवाद उठ्यो। अनि उनीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै वैश्रवण महाराजाकहाँ गई "तात ! हामीहरूको बीचमा कुनचाहिं नृत्यमा कुशला र दक्षाछे ?" भनी सोधे। अनि वैश्रवणले यस्तो जवाफ दिए[१]—

"पुत्री हो ! तिमीहरू अनोतप्तदहको तीरमा देवसमागममा गई संगीत प्रदर्शन गर, उहीं तिमीहरूको विशेषता प्रकटहुने छ।"

अनि उनीहरूले त्यस्तै गरे।

त्यहाँ लताको नृत्य देखेर देवपुत्रहरू आफ्नो स्वभावमा बस्न सकेनन्। प्रहर्षण उत्पन्न भई आश्चर्य तथा अद्भूत मानी निरन्तर साधुकार दिई हर्षध्वनी प्रकट गर्दै "वाह, वाह !" गरी फेटा आकाशमा पयाकी पयाकी गद्गद् गरेको आवाजद्वारा हिमाल पर्वत कम्पित भएको झैं महान् उल्लास हुनथाल्यो। अरुहरू नाच्दा चाहिं शिशिर कालमा कोकिलहरू चूपलागे झैं चूपलागेर बसे। यसरी यस संगीत प्रदर्शनमा लताको विशेषता प्रकटभयो। अनि ती देवपुत्रीहरूमध्ये सुता देवपुत्रीको मनमा यस्तो लाग्यो—

"के कर्म गरेर यी लताले हामीहरूमाथि यसरी प्रभूत्व जमाएकी रहिछिन् र के कर्म गरेर यिनी हामीहरूभन्दा वर्ण तथा यशमा विशिष्टतर भएकी रहिछिन् ?"

यति सोचेर सुताले उनीसँग सोधिन्। उनले पनि कारणहरू जम्मै बताइदिइन्। जुन कुराहरू जम्मै देवचारिका गर्दै आउनु भएका

१. विमा. व. अ. क. पृ. १०५: लताविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयुष्मान् महामौद्गल्यायनलाई वैश्रवण महाराजाले सुनाए। त्यसपछि प्रश्नको शुरुदेखि लिएर सबै कुराहरू बताउँदै स्थविरले भगवान्-लाई यसो भन्नुभयो[1] —

१. "लता च सज्जा पवरा च देवता,
अच्चिमति[2] राजवरस्स सिरीमतो।
सुता च रञ्ञो वेस्सवणस्स धीता,
राजीमती धम्मगुणेहि सोभिता[3] ॥

२. "पञ्चेत्थ नारियो आगमंसु न्हायितुं,
सीतोदकं[4] उप्पलिनिं सिवं नदिं।
ता तत्थ न्हायित्वा[5] रमेत्वा[5] देवता,
नच्चित्वा[6] गायित्वा[6] सुता लतं ब्रवि[7] ॥

---

१. विमा. व. अ. क. पृ. १०६: लताविमानवण्णना।

२. सिहलमा: 'अच्चिमुखी'; स्याम र रोमनमा: 'अच्छिमुती'।

३. बर्मीमा: 'सोभथ'।

४. सिहलमा: 'सीतोदिकं'।

५–५. सिहलमा: 'न्हायित्व रमेत्व'; स्याम र रोमनमा: 'न्हायित्व-रमित्वा'।

६–६. सिहलमा: 'नच्चित्व गायित्व'।

७. सिहलमा: 'ब्रुवी'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "पुच्छामि तं उप्पलमालधारिनि[१],
आवेलिनि[२] कञ्चनसन्निभत्तचे[३] ।
तिमिरतम्बक्खि[४] नभेव सोभने,
दीघायुकी केन कतो यसो तव ।।

४. "केनासि भद्दे पतिनो पियतरा,
विसिट्ठकल्याणितरस्सु[५] रूपतो ।
पदक्खिणा नच्चगीतवादिते,
आचिक्ख नो त्वं नरनारिपुच्छिता'ति[६] ।।"

अर्थ—

१–"चातुर्महाराजाका राजाका राजा देवराजा शक्रका सुन्दरीहरू वैश्रवणकी छोरीहरू **लता, सज्जा, पवरा, अच्चिमति**[७] तथा सुताहरू शोभनीय र धर्मगुणी छन् ।

---

१. सिहलमा र रोमनमा: 'उप्पलमालधारिणी' ।
२. सिहलमा: 'आवेलिनी' ।
३. स्याम र रोमनमा: 'काञ्चनसन्निभत्तचे' ।
४. सिहलमा: 'तिमीरतम्बक्खि'; स्याम र रोमनमा: 'पीतरत्ताम्बक्खि' ।
५. स्याम र रोमनमा: 'कल्याणितस्स' ।
६. विमा. व. पा. पृ. ३९–४०: लताविमानवत्थु ।
७. सिहलमा: 'अच्चिमुखि' उल्लेख भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"यी पाँचै नारीहरू अनोतप्तदहबाट निस्केको शीतल पानी भएको नदीमा नुहाउन गए; नुहाइ-धुवाइ गरी यिनीहरू आफ्नो पिताको आज्ञानुसार नाच-गान गरिसकेपछि सुताले लतासँग सोधिन्—

३–"उत्पलका मालाहरू लगाएकी रत्नमय तथा काञ्चनका फूलहरू लगाएकी ताम्रवर्ण तथा कालो आँखा भएकी आकाश जस्तै निर्मल भएकी तिमीले यो यश कसरी पायौ ?

४–"भद्रे ! के गरेर मालिकहरूको प्रियतर बन्यौ, के गरेर विशिष्ट कल्याणरूपिणी बन्यौ, कसरी तिमी नृत्य-गीतमा दक्षा भयौ ? तिम्रो बारेमा सबै नरनारीहरूले सोध्दछन् — के गरेर यस्तो भएकी ह्वौ ? बताऊ ?"

(लता भन्दछिन्—)

१. "अहं मनुस्सेसु मनुस्सभूता,
उलारभोगे कुले सुणिसा अहोसिं ।
अक्कोधना भत्तुवसानुवत्तिनी,
उपोसंथे अप्पमत्ता अहोसिं ॥

२. "मनुस्सभूता दहरा अपापिका[1],
पसन्नचित्ता पतिमाभिराधयिं ।
सदेवरं सस्ससुरं[2] सदासकं,
अभिराधयिं तम्हि कतो यसो मम ॥

१. स्याम र रोमनमा: 'अपाविका' ।
२. स्याम र रोमनमा: 'सस्सुरं' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "पुच्छामि तं उप्पलमालधारिनि[1],
आवेलिनि[2] कञ्चनसन्निभत्तचे[3] ।
तिमिरतम्बक्खि[4] नभेव सोभने,
दीघायुकी केन कतो यसो तव ।।

४. "केनासि भद्दे पतिनो पियतरा,
विसिट्ठकल्याणितरस्सु[5] रूपतो ।
पदक्खिणा नच्चगीतवादिते,
आचिक्ख नो त्वं नरनारिपुच्छिता'ति[6] ।।"

अर्थ—

१–"चातुर्महाराजाका राजाका राजा देवराजा शक्रका सुन्दरीहरू वैश्रवणकी छोरीहरू लता, सज्जा, पवरा, अच्चिमति[7] तथा सुताहरू शोभनीय र धर्मगुणी छन् ।

---

१. सिंहलमा र रोमनमा: 'उप्पलमालधारिणी' ।
२. सिंहलमा: 'आवेलिनी' ।
३. स्याम र रोमनमा: 'काञ्चनसन्निभत्तचे' ।
४. सिंहलमा: 'तिमीरतम्बक्खि'; स्याम र रोमनमा: 'पीतरत्ताम्बक्खि' ।
५. स्याम र रोमनमा: 'कल्याणितस्स' ।
६. विमा. व. पा. पृ. ३९–४०: लताविमानवत्थु ।
७. सिंहलमा: 'अच्चिमुखि' उल्लेख भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"यी पाँचै नारीहरू अनोतत्तदहबाट निस्केको शीतल पानी भएको नदीमा नुहाउन गए; नुहाइ-धुवाइ गरी यिनीहरू आफ्नो पिताको आज्ञानुसार नाच-गान गरिसकेपछि सुताले लतासँग सोधिन्—

३–"उत्पलका मालाहरू लगाएकी रत्नमय तथा काञ्चनका फूलहरू लगाएकी ताम्रवर्ण तथा कालो आँखा भएकी आकाश जस्तै निर्मल भएकी तिमीले यो यश कसरी पायौ ?

४–"भद्रे ! के गरेर मालिकहरूको प्रियतर बन्यौ, के गरेर विशिष्ट कल्याणरूपिणी बन्यौ, कसरी तिमी नृत्य-गीतमा दक्षा भयौ ? तिम्रो बारेमा सबै नरनारीहरूले सोध्दछन् — के गरेर यस्तो भएकी ह्वौ ? बताऊ ?"

(लता भन्दछिन्—)

१. "अहं मनुस्सेसु मनुस्सभूता,
उलारभोगे कुले सुणिसा अहोसिं ।
अक्कोधना भत्तुवसानुवत्तिनी,
उपोसथे अप्पमत्ता अहोसिं ॥

२. "मनुस्सभूता दहरा अपापिका[1],
पसन्नचित्ता पतिमाभिराधयिं ।
सदेवरं सस्ससुरं[2] सदासकं,
अभिराधयिं तम्हि कतो यसो मम ॥

१. स्याम र रोमनमा: 'अपाविका' ।

२. स्याम र रोमनमा: 'सस्सुरं' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "पुच्छामि तं उप्पलमालधारिनि[1],
आवेलिनि[2] कञ्चनसन्निभत्तचे[3] ।
तिमिरतम्बक्खि[4] नभेव सोभने,
दीघायुकी केन कतो यसो तव ।।

४. "केनासि भद्दे पतिनो पियतरा,
विसिट्ठकल्याणितरस्सु[5] रूपतो ।
पदक्खिणा नच्चगीतवादिते,
आचिक्ख नो त्वं नरनारिपुच्छिता'ति[6] ।।"

अर्थ—

१–"चातुर्महाराजाका राजाका राजा देवराजा शक्रका सुन्दरीहरू वैश्रवणकी छोरीहरू लता, सज्जा, पवरा, अच्चिमति[7] तथा सुताहरू शोभनीय र धर्मगुणी छन् ।

---

१. सिहलमा र रोमनमा: 'उप्पलमालधारिणी' ।
२. सिहलमा: 'आवेलिनी' ।
३. स्याम र रोमनमा: 'काञ्चनसन्निभत्तचे' ।
४. सिहलमा: 'तिमीरतम्बक्खि'; स्याम र रोमनमा: 'पीतरत्ताम्बक्खि' ।
५. स्याम र रोमनमा: 'कल्याणितस्स' ।
६. विमा. व. पा. पृ. ३९–४०: लताविमानवत्थु ।
७. सिहलमा: 'अच्चिमुखि' उल्लेख भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"यी पाँचै नारीहरू अनोतप्तदहबाट निस्केको शीतल पानी भएको नदीमा नुहाउन गए; नुहाइ-धुवाइ गरी यिनीहरू आफ्नो पिताको आज्ञानुसार नाच-गान गरिसकेपछि सुताले लतासँग सोधिन्—

३–"उत्पलका मालाहरू लगाएकी रत्नमय तथा काञ्चनका फूलहरू लगाएकी ताम्रवर्ण तथा कालो आँखा भएकी आकाश जस्तै निर्मल भएकी तिमीले यो यश कसरी पायौ ?

४–"भद्रे ! के गरेर मालिकहरूको प्रियतर बन्यौ, के गरेर विशिष्ट कल्याणरूपिणी बन्यौ, कसरी तिमी नृत्य-गीतमा दक्षा भयौ ? तिम्रो बारेमा सबै नरनारीहरूले सोध्दछन् — के गरेर यस्तो भएकी ह्वौ ? बताऊ ?"

(लता भन्दछिन्—)

१. "अहं मनुस्सेसु मनुस्सभूता,
उलारभोगे कुले सुणिसा अहोसिं ।
अक्कोधना भत्तुवसानुवत्तिनी,
उपोसथे अप्पमत्ता अहोसिं ।।

२. "मनुस्सभूता दहरा अपापिका[1],
पसन्नचित्ता पतिमाभिराधयिं ।
सदेवरं सस्ससुरं[2] सदासकं,
अभिराधयिं तम्हि कतो यसो मम ।।

---

१. स्याम र रोमनमा: 'अपाविका' ।

२. स्याम र रोमनमा: 'सस्सुरं' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "साहं तेन कुसलेन कम्मुना,
चतुब्भि ठानेहि[१] विसेसमज्झगा।
आयुं च वण्णं च सुखं बलं च,
खिड्डारतिं[२] पच्चनुभोमनप्पकं ॥

४. "सुतं नु तं भासितं यं अयं लता,
यं नो अपुच्छिम्ह[३] अकित्तयि नो[३]।
पतिनो किरम्हाकं विसिट्ठं[४] नारीनं[४],
गती च तासं[५] पवरा च देवता ॥

५. "पतीसु धम्मं पचराम[६] सब्बा,
पतिब्बता यत्थ[७] भवन्ति इत्थियो।

---

१. स्याम र रोमनमा: 'ठानेसु'।

२. स्याम र रोमनमा: 'खिड्डं रतिं'।

३–३. स्याममा: 'अपुच्छिम्ह अकित्तियो नो'; रोमनमा: '...अकित्तयीनो'।

४–४. स्याममा: 'विसिट्ठा नारिनं'; रोमनमा: 'विसिट्ठा नारीनं'; सिंहलमा: 'विसिट्ठ नारिनं'।

५. स्याम र रोमनमा: 'नेसं'।

६. स्याममा: 'परिचराम'।

७. स्याम र रोमनमा: 'यथा'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पतीसु धम्मं पचरित्वा[1] सञ्ञा,
लच्छामसे भासति यं अयं लता ॥

६. "सीहो यथा पब्बतसानुगोचरो,
महिन्धरं पब्बतमावसित्वा ।
पसय्ह हन्त्वा[2] इतरे चतुप्पदे,
खुद्दे मिगे खादति मंसभोजनो ॥

७. "तथेव सद्धा इध अरियसाविका,
भत्तारं निस्साय पतिं अनुब्बता ।
कोधं वधित्वा अभिभुय्य[3] मच्छरं[3],
सग्गम्हि सा मोदति धम्मचारिनी'ति[4] ॥"

अर्थ—

१—"मनुष्यलोकमा मनुष्य छँदा विशाल भोगसम्पत्ति हुने एक कुलकी म बुहारी भएकी थिएँ; म अक्रोधिनी थिएँ, पतिको वशमा बस्ने विनीता थिएँ अनि उपोसथका दिनहरूमा अप्रमादिनी भएकी थिएँ ।

२—"मनुष्य छँदा म अपापिनी तरुणी थिएँ, प्रसन्नचित्त लिई मैले पतिलाई खुशी पार्दथें, देवर सहित सासु ससुरा तथा दाशहरूलाई पनि

१. "स्याममा: 'परिचराम' ।
२. स्याम र रोमनमा: 'गन्त्वा' ।
३–३. स्याम र रोमनमा: 'अनुभुय्य मच्छेरं' ।
४. विमा. व. पा. पृ. ४०–४१: लताविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्त बुझाउन सक्तथें — त्यसै कर्मको प्रभावद्वारा मलाई यो यश प्राप्त भएको हो ।

३–"त्यसै कुशलकर्मको प्रभावद्वारा मैले चार ठाउँमा विशेषता पाएकी हुँ जस्तै — आयुमा, वर्णमा, सुखमा तथा वलमा— र क्रीडारतिको अनुभव पनि खूब गर्दछु ।

४–" 'जुन कुरा हामीहरूले लतासँग सोध्यौं त्यसको सही उत्तर हामीले सुन्यौं' भनी तीन बहिनीहरू भन्दछन्—हामी स्त्रीजातिहरूको-निमित्त पति नै विशिष्ट रहेछन् र उनीहरू नै हाम्रो शरण, गति तथा प्रवरदेव रहेछन् ।

५–"अतः हामी सबैले पति प्रतिको सबै कर्तव्य-धर्महरू पालन गरौं र जुन कर्तव्य-धर्महरू पालन गर्नालि पतिव्रता भइने छ; पति प्रति गर्नुपर्ने कर्तव्य-धर्महरू सबै पालन गरेर नै हामीले यी लताले भने जस्तै सबै सम्पत्तिहरू पाउनसक्ने छौं ।

६–"जस्तै महिन्धर पर्वतमा बस्ने सिंहले पर्वत-जङ्गलमा गोचर गरी अरू चतुष्पद स्याना मृगादिहरूलाई मारेर मांस खान्छन्—

७–"त्यस्तै यहाँ आर्यश्राविका पतिको आश्रय लिई पतिको अनुलोम चर्यागरी— क्रोधलाई वधगरी तथा मात्सर्यतालाई जिती धर्म-चारिणी बनी—स्वर्गमा मुदित हुन्छे ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२९. विहारविमानकथा

एक समय भगवान् बुद्ध श्रावस्तीस्थित जेतवनमा वस्नु भएको थियो। त्यसवखत विशाखा महाउपासिका एक उत्सवको दिनमा उद्यानमा घुम्नकोनिमित्त सहायिका र परजनहरूले उत्साहित गरेका हुनाले राम्ररी नुहाई, सुगन्धित लेपहरू लगाई, सुभोजन भोजन गरी नौकोटी मूल्यजाने 'महालतापसाधन[1]' भन्ने आभरण लगाई पाँचशय सहायिकाहरूद्वारा परिवृत्त भई महान् ऐश्वर्यका साथ घरबाट निस्की उद्यानतिर गइन्। यसरी उद्यानतिर गइरहेको वेलामा उनको मनमा—"तरुणीहरूले जस्तै यो तुच्छ क्रीडा गरेर मलाई के लाभ हुन्छ र? वरु विहारमा गई भगवान्लाई र मनोभावनीय (सम्माननीय) आर्यहरूलाई वन्दना गरी धर्म सुनेको खण्डमा मेरो कल्याण हुनेछ" भन्ने कल्पना उठ्यो। यसै कल्पनानुसार विहारमा गई एक छेउमा लागी 'महालतापसाधन' आभरण फुकाली दाशीको हातमा दिई भगवान्लाई वन्दना गरी एक छेउमा बसिन्। भगवान्ले उनलाई उपदेश सुनाउनुभयो। अनि धर्मश्रवणपछि भगवान्लाई प्रदक्षिणा गरी मनो-

---

१. 'महालतापसाधन' भन्ने आभरण कस्तो थियो भन्ने कुरा लेखकको बु. म. भाग–१. पृ. ३२–३५ मा उल्लेख भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावनीय भिक्षुहरूलाई पनि वन्दना गरी विहारबाट निस्केर अलिपर गइसकेपछि **विशाखाले** दाशीसँग—"हे जे ! आभरण ल्याऊ, लगाउनेछु" भनी भनिन् । उसले त्यसलाई पोकोपारी एक ठाउँमा राखी विहारमा यताउता घुमी फर्कने वेलामा बिर्सेकी हुँदा—"आर्या ! एकछिन पर्खनुहोस् ल्याउनेछु" भनी विहारतिर फर्केर जान खोजी । अनि **विशाखाले**—"हे जे ! यदि विहारमा राखेर बिर्सेको हो भने विहारकै-निमित्त परित्याग गर्नेछु" भनी भनिन् र पुनः विहारमा गई भगवान्‌लाई वन्दना गरी आफु पुनः आएको कारण बताउँदै उनले यसो भनिन्—

"भन्ते ! त्यो मेरो आभरणको मूल्यद्वारा विहार बनाउनेछु, अनुकम्पापूर्वक भगवान्‌ले यसलाई स्वीकार गर्नुहोस् ।"

तूष्णीभावद्वारा भगवान्‌ले स्वीकार गर्नुभयो । अनि **विशाखाले** त्यो आभरणको मूल्यस्वरूप नौकोटी एकलाख (९,०१,००,०००) दिइन्[1] ।

विहार बनाउने कामको हेर-देख आयुष्मान् **महामौद्गलयायन**-द्वारा भएको थियो र वहाँकै निर्देशनमा भित्ताहरू, स्तम्भहरू, तुलाहरू (=मूसिहरू), कर्णिकाहरू, द्वारहरू, ढोकाहरू, झ्यालहरू तथा घरका अरू अङ्गप्रत्यङ्गहरू ठीकसँग सुविभक्त गरी बनाइएको थियो । रंग-रोगनका कामहरू पनि अत्यन्त मनोरम्य थिए । भित्ताहरूमा कलापूर्ण

---

१. विशाखा भन्ने कस्ती थिइन् र यिनले कसरी विहार बनाइन् भन्ने आदि क्रमानुकूल कुराहरू लेखकको बु. म. भाग–१. पृ. १९ मा 'विशाखामहाउपासिका' शीर्षक अन्तरगत वर्णित भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ढंगले माला तथा लताहरूका चित्रहरू पनि चित्रित गरिएको थियो। बडो सफा भएको मणिजस्तै टल्किने भूमिभागहरू विमानहरू जस्तै थिए। जमिन तलामा पाँचशय (५००) कोठाहरू र माथिल्लो तलामा पाँचशय (५००) कोठाहरू गरी जम्मा एकहजार (१०००) कोठाहरूले सुसज्जित थियो। बुद्ध भगवान् र भिक्षुसङ्घहरू बस्न योग्य महाप्रासाद र त्यसलाई सुहाउने गरी अन्य एकहजार पारिवारिक प्रासादहरू र त्यसलाई पनि सुहाउने गरी अरू कुटी, मण्डप तथा चङ्क्रमण स्थानहरू पनि बनाइएका थिए। यी सबै कामहरू नौ महीनामा सिद्धिएको थियो। विहार निर्माणको काम सिद्धिएपछि विहार महोत्सवकोनिमित्त नौकोटी खर्च गरिएको थियो[1]। यस बीच, एकदिन पाँचशय सहायिकाहरूसँग प्रासादमाथि गई प्रासाद आदिको श्रीसम्पत्ति देखेर सौमनस्य उत्पन्न भएकी विशाखाले सहायिकाहरूलाई यस्तो भनिन्[2]—

"यस्ता प्रासादहरू बनाएर जुन पुण्य मैले पाएँ त्यसलाई अनुमोदन गर; म तिमीहरूलाई पत्तिदान[3] (= प्राप्तिदान) दिन्छु।"

---

१. यस सम्बन्धका अरू कुराहरू बु. म. भाग–१. पृ. ५७ देखि हेर्नू।

२. विमा. व. अ. क. पृ. १५०–५१: विहारविमानवण्णना।

३. 'पत्तिदान' भनेको आफूले कुनै वस्तुहरू दान दिई त्यसबाट पाएको कुशल वा पुण्यलाई 'पत्ति' अर्थात् 'प्राप्त भएको' भन्दछन्। अनि त्यो प्राप्त भएको पुण्यलाई पनि दानदिनुलाई 'पत्तिदान' अर्थात् 'प्राप्तिदान' भनिएको हो। 'पत्तिदान' को शब्दार्थ हो—प्राप्त भएको पुण्यलाई दानदिनु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"अहो साधु ! अहो साधु !!" भन्दै उनीहरू सबैले प्रसन्न भई अनुमोदन गरे ।

त्यसमध्ये एउटी महिलाले सो पत्तिदान सम्बन्धका कुरा विशेषरूपले मनमा राखेकी थिई । त्यसपछि उ चाँडै नै देहान्त भई त्रयस्त्रिशमा उत्पन्न भई । उसको पुण्यको प्रभावद्वारा अनेक कूटागारहरू, उद्यानहरू तथा पुष्करिणीहरू आदिद्वारा प्रतिमण्डित सोह्र सोह्र योजन उँचाई चौडाई तथा लम्बाई भएको, शय योजन प्रभा फैलिएको आकाशचारी विशाल विमान उत्पन्न भयो । एकहजार अप्सराहरूका साथ विमान सहित उ आवत-जावत गर्दथी[१] —

विशाखा महाउपासिका चाहिं विपुल परित्याग तथा श्रद्धासम्पत्तिको कारणद्वारा मरणपछि निर्माणरती देवलोकमा उत्पन्न भई सुनिर्मित[२] देवराजाकी अग्रमहिषीत्व हुन पुगिन् भनी विमानवत्थु

---

१. विमा. व. अ. क. पृ. १५१: विहारविमानवण्णना ।

२. सुनिर्मित देवहरू कुन तहमा रहेछन् भन्ने कुरा लेखकको त्रु. ब्र. भाग—१. पृ. ४८९ मा हेर्नू । दी. नि. अ. क. I. पृ. २७३: महापदानसुत्तवण्णनाको भनाइ अनुसार विशाखा महाउपासिकाको आयु १२० वर्ष थियो । यदि यसो हो भने उनको देहान्त बुद्धको परिनिर्वाण पछि भएको कुरा सिद्ध हुन आउँछ । यसै कुरालाई ध्यानमा राखी मैले बु. म. भाग—१. पृ. ९४ मा विशाखाको देहान्त भगवान्को परिनिर्वाणपछि भएको हो भन्ने कुरा उल्लेख गरेको हुँ । शायद यसै कारणले होला अनुरुद्ध स्थविरले देवचारिका गरिरहेको वेलामा विशाखाकी सहायिकालाई भेट्नुभएको कुरा यहाँ उल्लेख भएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अट्ठकथाले[1] उल्लेख गरेको छ ।

अनि एकदिन आयुष्मान् अनुरुद्ध देवचारिका गर्दै जाँदा विशाखाकी सहायिका सो देवपुत्रीलाई त्रयस्त्रिंशमा उत्पन्न भएको देखनुभई वहाँले उसँग यसरी प्रश्न सोध्नुभयो[2]—

१. "अभिक्कन्तेन वण्णेन, या त्वं तिट्ठसि देवते ।
ओभासेन्ति दिसा सब्बा, ओसधीविय तारका ।।

२. "तस्सा ते नच्चमानाय, अङ्गमङ्गेहि सब्बसो ।
दिब्बासद्दा निच्छरन्ति, सवनीया मनोरमा ।।

३. "तस्सा ते नच्चमानाय, अङ्गमङ्गेहि सब्बसो ।
दिब्बागन्धा पवायन्ति, सुचिगन्धा मनोरमा ।।

४. "विवत्तमाना कायेन, या वेणीसु पिलन्धना ।
तेसं सुय्यति निग्घोसो, तुरिये[3] पञ्चङ्गिके यथा ।।

५. "वटंसका वातधुता[4], वातेन सम्पकम्पति ।
तेसं सुय्यति निग्घोसो, तुरिये पञ्चङ्गिके यथा ।।

---

१. विमा. व. अ. क. पृ. १५१: विहारविमानवण्णना ।
२. विमा. व. अ. क. पृ. १५१: विहारविमानवण्णना ।
३. बर्मीमा: 'तूरिये' ।
४. स्याममा: 'वातधूता' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. "या पि ते सिर्रस्मि[१] माला, सुचिगन्धा मनोरमा ।
वाति गन्धो दिसासब्बा, रुक्खो मञ्जूसको यथा ।।

७. "घायसे तं सुगन्धं, रूपं पस्ससि अमानुसं ।
देवते पुच्छिताचिक्ख, किस्स कम्मस्सिदं फलं'ति[२] ।।"

अर्थ —

१–"हे देवते ! जो तिमी सुन्दररूप धारण गरी शुक्रताराले सबै दिशातिर प्रकाश फैलाए झैं प्रकाश फैलाई बस्दछ्यौ—

२–"सो तिमी नाच्दा तिम्रा सबै अङ्गप्रत्यङ्गहरूबाट दिव्य-स्वर निस्किन्छ जुन श्रवणीय तथा मनोरम्य छ ।

३–"सो तिमी नाच्दा तिम्रा सबै अङ्गप्रत्यङ्गहरूबाट दिव्य-गन्ध वासना आउँछ जुन मनोरम्य छ ।

४–"सो तिमी घुम्दा तिम्रो चूल्ठोमा जुन आभरणहरू छन् त्यसबाट पञ्चाङ्गिक तूर्यनादको आवाज सुनिन्छ ।

५–"सो तिम्रा कानका कुण्डलहरू मन्दवायुले हल्लाउँदा त्यसबाट जुन आवाज सुनिने हो त्यो पनि पञ्चाङ्गिक तूर्यनादको आवाज जस्तै छ ।

६–"सो तिम्रो शीरमा सुन्दर तथा सुगन्धित जुन मालाहरू छन् त्यसबाट सबैदिशातिर मञ्जूसक वृक्षको वासना जस्तै वासना आउँछ ।

---

१. स्याम र रोमनमा: 'सिरसि' ।

२. विना. व. पा. पृ. ६४–६५: विहारविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७–"सुगन्धको वासना आइरहेको तिम्रो रूप अमानुषीय देखिन्छ, हे देवते ! म सोध्न चाहन्छु कि के कर्मको यो फल हो ?"

अनि सो देवताले यसरी उत्तर दिई—

१. "सावत्थियं मय्हं[१] सखी भदन्ते,
सङ्घस्स कारेसि महाविहारं ।
तत्थप्पसन्ना अहमानुमोदिं[२],
दिस्वा अगारं च पियं च मेतं ॥

२. "तायेव मे सुद्धानुमोदनाय,
लद्धं विमानब्भुतदस्सनेय्यं[३] ।
समन्ततो सोलसयोजनानि,
वेहायसं गच्छति इद्धिया ममा ॥

३. "कूटागारा निवेसा मे, विभत्ता भागसो मिता ।
दद्दल्लमाना आभन्ति, समन्ता सतयोजनं ॥

४. "पोक्खरञ्ञो च मे एत्थ, पुथुलोमनिसेविता ।
अच्छोदका विप्पसन्ना, सोण्णवालुकसन्थता ॥

---

१. स्याम र रोमनमा: 'मय्ह' ।
२. स्याममा: 'अहमनुमोदिं' ।
३. स्याममा: 'विमानब्भूतदस्सनेय्यं' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. "नानापदुमसञ्छन्ना, पुण्डरीकसमोतता ।
सुरभी सम्पवायन्ति, मनुञ्ञा[१] मालुतेरिता ।।

६. "जम्बुयो पनसा ताला, नालिकेरवनानि च[२] ।
अन्तोनिवसनेजाता, नानारुक्खा अरोपिमा[३] ।।

७. "नानातूरियसङ्घुट्ठं[४], अच्छरागणघोसितं ।
यो पि मं सुपिने पस्से, सो पि वित्तो सिया नरो ।।

८. "एतादिसं अब्भुतदस्सनेय्यं[५], विमानं सब्बसोपभं[६] ।
मम कम्मेहि निब्बत्तं, अलं पुञ्ञानि कातवे'ति[७] ।।

अर्थ—

१–"भदन्त ! श्रावस्तीवासी मेरी सखी विशाखाले सङ्घको-निमित्त महाविहार बनाइदिइन्; ती बनाइएका घरहरू देखेर त्यसमाथि प्रसन्न भई मैले अनुमोदन गरेकी थिएँ ।

---

१. स्याम र रोमनमा: 'मनुञ्ञ' ।
२. स्याममा: 'नालिकेरावनानि' ।
३. स्याममा: 'अरोपिता' ।
४. सिहल र स्याममा: 'नानातुरियसङ्घुट्ठ''; रोमनमा: '···सङ्घुत्थं' ।
५. सिहलमा: 'अब्भुतं दस्सनीयं'; स्याममा: 'अब्भूतदस्सनेय्यं' ।
६. सिहलमा: 'सब्बतोपभं' ।
७. विमा. व. पा. पृ. ६५: विहारविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"सोही शुद्ध अनुमोदनको प्रभावद्वारा मैले यो अद्भूत तथा दर्शनीय विमान पाएकी हुँ जुन सोह्र योजन छ र आफ्नै ऋद्धिद्वारा आकाशमा पनि जानसक्छ ।

३–"म वस्ने कूटागारहरू ठीकसँग सुविभाजन गरी बनाइएका छन् र जसको प्रकाश शय योजन टाढासम्म झल्झल्ती झल्किन्छ ।

४–"दिव्यमाछाहरू युक्त पुष्करिणी पनि छ जस्को पानी निर्मल तथा स्वच्छ छ अनि त्यसको किनारमा सुवर्णमय बालुवाहरू छरिएका छन् ।

५–"अनेक रङ्गविरङ्गी कमलका फूलहरू फुलिरहेका छन् जसको मनमोहक सुवास मन्दहवाद्वारा आइरहेछ ।

६–"जमुनाका रुखहरू, केराका बोटहरू, तालका वृक्षहरू तथा नरीवलका रुखहरूले भरिएको वनजङ्गलको बीचमा वस्ने घरहरू छन् ।

७–"अनेकप्रकारका तूर्यहरूको आवाजको बीचमा अप्सराहरू नाच-गान गर्छन् र जो म स्वप्न देख्छु—त्यो पनि आनन्ददायी नै देख्दछु ।

८–"यस्तो अद्भूत दर्शनीय मेरो विमान सर्वदिशातिर चम्किन्छ जो मेरो पुण्यको प्रभावद्वारा प्रादुर्भाव भएको हो; अतः पुण्यहरू गर्नु बढिया छ ।"

यसपछि विशाखा उपासिका कहाँ उत्पन्न भइन् भन्ने कुरा मन्त्र लगाउने विचार गरी स्थविरले यस्तो भन्नुभयो[1]—

---

१. विमा. व. अ. क. पृ. १५३: विहारविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"तायेव ते सुद्धनुमोदनाय,
लद्धं विमानब्भुतदस्सनेय्यं ।
या चे सा दानमदासि नारी,
तस्सा गतिं ब्रूहि कुहिं उप्पन्ना सा'ति[१] ।।

अर्थ—

"जुन शुद्ध मनले अनुमोदन गरेको प्रभावद्वारा तिमीले यस्तो अद्‌भूत तथा दर्शनीय विमान पायौ भने जसले स्वयं विहारदान दिइन् ती नारी (विशाखा) को गति बताउ त उनी कहाँ उत्पन्न भइन् ?"

अनि स्थविरले सोध्नुभएको प्रश्नको उत्तरदिँदै उसले यसो भनी –

१. "या सा अहु मय्हं सखी भदन्ते,
सङ्घस्स कारेसि महाविहारं ।
विञ्ञातधम्मा सा अदासि दानं,
उप्पन्ना निम्मानरतीसु देवेसु ।।

२. "पजापती तस्स सुनिम्मितस्स,
अचिन्तिया[२] कम्मविपाका तस्स[२] ।

१. विमा. व. पा. पृ. ६६: विहारविमानवत्थु ।
२–२. सिहलमा: 'अचिन्तियो कम्मविपाको तस्सा'; स्याम र रोमनमा: 'कम्मविपाक तस्सा' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यमेतं पुच्छसि कुहिं उप्पन्ना सा ति,
तं[1] ते[1] वियाकासि अनञ्ञथा अहं[2] ।।"

अर्थ—

१–"भदन्त ! जो ती मेरी सखी (विशाखा) थिइन् उनले सङ्घकोनिमित्त महाविहार बनाएकी थिइन् र धर्मावबोध गर्ने (=स्रोतापन्ना) उनले जुन विहार बनाएकी थिइन् त्यो विहार बुद्धप्रमुख भिक्षुसङ्घमा प्रदान गरेकी थिइन् र त्यसैको प्रभावद्वारा उनी निर्माणरती लोकमा उत्पन्न भइन् ।

२–"त्यहाँ उनी सुनिर्मित देवराजाकी प्रजापतिको रूपमा उत्पन्न भइन् र उनको कर्मविपाक अचिन्तेय छ[3] र जुन कुरा तपाइले 'उनी कहाँ उत्पन्न भइन् ?' भन्ने विषयमा प्रश्न सोध्नुभयो त्यसको उत्तर यथासत्य बताएँ।"

१–१. स्याम र रोमनमा: 'भन्ते' ।

२. विमा. व. पा. पृ. ६६: विहारविमानवत्थु ।

३. दी. नि. अ. क. II. पृ. ५३२: सक्कपञ्हसुत्तवण्णनाले उल्लेख गरे अनुसार शक्रदेवेन्द्र, अनाथपिण्डिक-देवपुत्र र विशाखा-देवपुत्री— यी तीनै जनाको दिव्य-आयु एकतीसहजार कल्प छ। कामभोगीहरूमध्येमा यी तीनजनाले जस्तै स्वर्गीय सुखभोग गर्ने अरू कुनै छैनन् भन्ने कुरा पनि उक्त पृष्टमै उल्लेख भएको छ। यसै कुरालाई ध्यानमाराखी यहाँ 'अचिन्तेय' भनिएको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसरी उसले त्यो कुरा थाहापाई त ? भन्ने विषयमा—जस्तै—माथि पृ. १४२ दद्दल्लविमान-१५ मा सुभद्रा देवपुत्री भद्रा देवपुत्रीको विमानमा गएकी थिइन् त्यसरी नै विशाखा देवपुत्री पनि आफ्नी साथी देवपुत्रीकहाँ गएकी थिइन् र त्यसैले उसले उनको गतिको कुरो थाहापाएकी हो भनी विमानवत्थु अट्ठकथाले[१] पष्टरूपमा उल्लेख गरेको[२] छ।

यसपछि अरुहरूलाई पनि दानकार्यहरूमा नियुक्त गर्ने दिशातिर स्थविरको ध्यान आकर्षित गर्दै देवपुत्रीले स्थविरलाई निम्न धर्मका कुराहरू सुनाई[३]।

१. "तेनहञ्ञेपि समादपेथ,
सङ्घस्स दानानि ददाथ वित्ता।
धम्मं च सुणाथ पसन्नमानसा,
सुदुल्लभो लद्धो मनुस्सलाभो।।

२. "यं मग्गं मग्गाधिपती अदेसयि,
ब्रह्मस्सरो[४] कञ्चनसन्निभत्तचो।
सङ्घस्स दानानि ददाथ वित्ता,
महप्फला यत्थ भवन्ति दक्खिणा।।

१. पृ. १५४: विहारविमानवण्णना।
२. विमा. व. अ. क. पृ. १५४: विहारविमानवण्णना।
३. विमा. व. अ. क. पृ. १५४: विहारविमानवण्णना।
४. स्याममा: 'ब्रह्मसरो'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "ये पुग्गला अट्ठ सतं पसत्था,
चत्तारि एतानि युगानि होन्ति ।
ते दक्खिणेय्या सुगतस्स सावका,
एतेसु दिन्नानि महप्फलानि ।।

४. "यं चत्तारो च पटिपन्ना, चत्तारो च फले ठिता ।
एस सङ्घो उजुभूतो, पञ्ञासीलसमाहितो ।।

५. "यजमानानं मनुस्सानं, पुञ्ञपेक्खान पाणिनं ।
करोतं[1] ओपधिकं पुञ्ञं, सङ्घे दिन्नं महप्फलं ।।

६. "एसो हि सङ्घो विपुलो महग्गतो[2],
एसप्पमेय्यो उदधीव सागरो ।
एतेहि सेट्ठा नरवीरसावका[3],
पभङ्करा धम्ममुदीरयन्ति ।।

७. "तेसं सुदिन्नं सुहुतं सुयिट्ठं,
ये सङ्घमुद्दिस्स ददन्ति दानं ।

---

१. स्याममा: 'करोन्तं' ।

२. स्याममा: 'महग्घतो' ।

३. स्याममा: 'नरवियसावका' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सा दक्खिणा सङ्घगता पतिट्ठिता,
महप्फला लोकविदून[1] वण्णिता ॥

८. "एतादिसं यञ्ञमनुस्सरन्ता[2],
ये वेदजाता विचरन्ति लोके ।
विनेय्य मच्छेरमलं समूलं,
अनिन्दितो सग्गमुपेति ठानं'ति[3] ॥"

अर्थ –

१–"त्यसैले सुदुर्लभ मनुष्यचोला लाभ गरेका मनुष्यहरूलाई सङ्घदान आदि दिने कार्यमा लगाउनुहोस् र प्रसन्नचित्तगरी धर्म सुन्ने काममा पनि नियुक्त गर्नुहोस् ।

२–"जुन मार्गका मार्गाधिपति हुनुभएका तथा काञ्चन शरीर हुनुभएका बुद्धले ब्रह्मस्वरले देशना गर्नुभएको मार्ग छ—त्यो मार्गमा लागेर सन्तुष्टभई सङ्घलाई दानादि देऊन्—जहाँ दानदिंदा दक्षिणाको फल महान् हुन्छ ।

३–"बुद्धादि आर्यहरूद्वारा प्रशंसित जुन चारजोर अथवा आठजना पुरुषहरू छन्—ती सुगतका श्रावकहरू नै दाक्षिणेय छन् र उनीहरूमा दिएको दानको फल महान् हुन्छ ।

१. स्याम र रोमनमा:'लोकविदूहि' ।
२. स्याम र रोमनमा: 'पुञ्ञमनुस्सरन्ता' ।
३. विमा. व. पा. पृ. ६६–६७: विहारविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४–"चारजना प्रतिपन्न भएका र चारजना फलमा प्रतिष्ठित भएका —यिनीहरू नै ऋजु भएका प्रज्ञाशीलले सम्पन्न भएका—सङ्घ हुन् ।

५–"सांसारिक पुण्यको कामना गरी दानदिने मनुष्यहरूकोनिमित्त त्यस्ता सङ्घमा दिएको दानको फल नै महान् हुन्छ ।

६–"यो सङ्घ नै विपुल तथा महर्घ छ, यो सङ्घ नै महासागरको पानी झैं अप्रमेयछ र नरवीर बुद्धका श्रावकहरूमध्येमा यिनै श्रावकहरू श्रेष्ठ छन्—जसले ज्योतिर्मय धर्मको प्रकाश पनि गर्दछन् ।

७–"अतः सङ्घलाई उद्देश्यगरी जसले दानदिन्छ सोही दान नै राम्ररी दिएको, राम्ररी संतर्पित गरेको तथा राम्ररी सम्मान गरेको हुन्छ र त्यसरी सङ्घमा प्रतिष्ठित गरिएको दानको फल नै महत्फलदायी हुन्छ —जुन कुरालाई बुद्धले पनि प्रशंसा गर्नुभएको छ ।

८–"यस्तै यस्ता पुण्यकर्महरूको अनुस्मरण गरी जो प्रमुदितभई यो लोकमा बस्दछन्—उनीहरू मात्सर्यमलहरूलाई निर्मूलपारी अनिन्दित-भई स्वर्गलोकमा पुग्न जान्छन् ।"

अरू कुराहरू माथि उल्लेख भए जस्तै हुन् । यहाँचाहिं आफूले र देवताले भनेका कुराहरू जम्मै आयुष्मान् अनुरुद्धले मनुष्यलोकमा आई भगवान्लाई सुनाउनुभयो । भगवान्ले यो कुरालाई कारण बनाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपस्थित परिषद्‌लाई धर्मोपदेश गर्नुभयो। यो देशना महाजनहरूको-निमित्त सार्थक भएको थियो[१]।

---

१. विमा. व. अ. क. पृ. १५६: विहारविमानवण्णना।

टिप्पणी—

माथि पृ. २६० को पादटिप्पणी मा लेखिएका कारणहरू-माथि र बु. म. भाग–१. पृ. ९४–९५ मा लेखिएका कारणहरूमाथि विचार गर्दा बुद्ध परिनिर्वाण भइसके पछि विशाखाको देहान्त भएको हो भन्ने कुरा प्रष्ट बुझिन्छ। यस सन्दर्भमा अनुरुद्ध स्थविरको देवचारिकाको घटना परिनिर्वाण पछिको हो भन्ने कुराको अनुमान गर्न सकिन्छ।

यदि विशाखाको आयु १२० वर्ष थियो भन्ने कुरालाई पन्छायौं भने यहाँ लेखिएको टिप्पणीको कुनै आवश्यकता हुन आउँदैन। दी. नि. अ. क. I. पृ. २७३: महापदानसुत्तवण्णनाले विशाखाको आयु १२० वर्ष भन्ने कुरो लेखेको हुँदा यहाँ यो चर्चा गर्न परेको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३०. सिरिमाविमानकथा

एक समय भगवान् बुद्ध राजगृहको वेणुवनमा बसिरहनु भएको थियो। त्यसवखत (उत्तराविमानमा[१] उल्लिखित) सिरिमा गणिका स्रोतापत्ति-फलमा प्रतिष्ठित भइसकेकी हुँदा[२] क्लिष्ट जीवनबाट दूरभई उनले सङ्घकोनिमित्त आठ सलाक[३] भोजन स्थापना गरेकी

---

१. यो 'उत्तराविमान' को कुरा लेखकको बु. म. भाग–१. पृ. २९५ मा उल्लेख भइसकेको छ।

२. यी सिरिमा कहीले स्रोतापत्ति-फलमा प्रतिष्ठित भएकी थिइन् भन्ने कुरा बु. म. पृ. २८७ मा उल्लेख भएको छ।

३. बुद्धका पालामा कुनै दाताले ४, कुनैले ८ भिक्षुहरूलाई निम्त्याउँदथ्यो। त्यसमध्ये नित्यप्रति भोजन दिनेहरू पनि थिए। यी नित्य-भोजन दिनेहरूले आ-आफ्ना नामहरू स्यानास्याना काठका टुक्राहरूमा लेखी भोजन निर्देशक भिक्षुलाई दिन्थे। यही काठको टुक्रोलाई 'सलाक' भनिन्छ। अनि काठका टुक्राहरू पाएर जो भोजनमा जान्छ यस्तो भोजनलाई 'सलाक-भोजन अथवा सलाक-दान' भन्दछन्। अतः सिरिमाले पनि आठजना भिक्षुहरूकोनिमित्त आफ्नो नाम लेखिएका आठवटा काठका टुक्राहरू अथवा सलाकहरू दिएकी थिइन्। त्यसैले 'आठ सलाक भोजन' भनी भनिएको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिइन् । शुरुदेखि नै उनको घरमा नित्यप्रति आठजना भिक्षुहरू आउँदथे । 'घिउ लिनुहोस्, दूध लिनुहोस् !' भन्दै उनले भिक्षुहरूको पात्रमा राखिदिन्थिन् । एक भिक्षुले प्राप्त गरेको भोजन दुइतीनजनालाई पनि पुग्दथ्यो । दिनदिनै सोह्र कर्षापण खर्च गरी भोजन दिइन्थ्यो[१] ।

अनि एकदिन एक भिक्षु उनको घरमा अष्टक भोजन गरी तीन योजन पर रहेको एक विहारमा गयो । अनि त्यहाँ सन्ध्या समयमा स्थविरको उपस्थानकोनिमित्त बसिरहेको सो भिक्षुसँग स्थविरले सोधे—

"आवुसो ! आज कहाँ भिक्षा प्राप्तगरी यहाँ आएका ह्वौ ?"

"सिरिमाको अष्टक भोजन प्राप्तगरी यहाँ आएको हुँ ।"

"आवुसो ! के त उनले मनपराउने गरी भिक्षा दिन्छिन् त ?"

"उनको भिक्षा-भोजनको वर्णन गर्न सकिन्न । अति प्रणीततर ढँगले भोजन दिन्छिन् । एकजनाले पाएको भोजन तीन चार जनालाई पनि पुग्छ । उनका दानवस्तुहरूभन्दा उनलाई हेर्न पाउनु नै श्रेयस्कर छ । "उनी यस्ती यस्ती छिन्" भनी उनको बयान सुनायो । अनि यो कुरा सुनेर उनलाई नदेखिकनै तथा कुरा सुन्नेवित्तिकै एक भिक्षुले उनमाथि स्नेह उत्पन्न गरी "त्यहाँ गएर उनलाई हेर्नपर्‍यो" भन्ने विचार गर्‍यो । अनि उसले सो भिक्षुलाई आफ्नो भिक्षुत्वको उमेर बताई सलाक पाउन सकिन्छ वा सकिन्न भन्ने सम्बन्धमा कुरा सोध्दा "आवुसो ! भोलि सङ्घस्थविर बनेर तिमीले त्यहाँ अष्टक भोजन पाउन सक्नेछौ" भनी भनेको कुरो सुनी उ उत्लाघरिमै पात्र-चीवरलिई बाटो लागेर गई

---

१. विमा. व. अ. क. पृ. ६०: सिरिमाविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोलिपल्ट अरुणोदयको समयमै सलाकदिने घरमा गई उभिइरह्यो र सलाक प्राप्तगरी सङ्घस्थविर बनेर सिरिमाको घरबाट अष्टक भोजन प्राप्तगर्‍यो ।

जो भिक्षु अघिल्लो दिनमा भोजन गरी फर्केर गयो त्यसै वेलादेखि सिरिमा बिरामी भइन् र आभरणहरू फुकाली पल्टिन् । अनि जब अष्टक भोजन प्राप्त गर्नकोनिमित्त आएका भिक्षुहरू देखे तब दाशीहरूले सिरिमालाई सूचित गरे । उनी गई आफ्नै हातले पात्र ग्रहण गर्ने अथवा भिक्षुहरूलाई बसाल्ने आदि काम गर्न नसक्ने भएको हुँदा उनले दाशीहरूलाई यस्तो भनिन् —

"अम्मे ! पात्र ग्रहण गरी आर्यहरूलाई आसनमा बसाली, यागु पियाई, खादचपदार्थहरू दिई भोजनको समयमा पात्रभरी भोजन राखिदेऊ ।"

"हुन्छ, आर्या" भनी उनीहरूले भिक्षुहरूलाई भित्र्याई यागु पियाई खाद्यपदार्थहरू दिई भोजनको समय भएपछि पात्रभरी भोजनराखी उनलाई खबर गरे । अनि उनले "मलाई समातेर लैजाऊ, आर्यहरूको वन्दना गर्न चाहन्छु" भनिन् । अनि उनीहरूलाई समात्न लगाई भिक्षुहरूकहाँ आइपुगेपछि थरथर काँपिएको शरीरद्वारा भिक्षुहरूलाई वन्दना गरिन् । उनलाई देखेर त्यो भिक्षुले यस्तो सोच्न थाल्यो—

"रोगी छँदा त यिनको रूप-शोभा यस्तो छ भने निरोगी रहँदा तथा सवै आभरणहरूद्वारा विभूषिता भएकी वेलामा यिनको रूपसम्पत्ति अरु कति शोभायमान तथा मनमोहक होला ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसैंवखत उसको मनमा अनेक कोटी वर्षहरूदेखि सञ्चित भइरहेका क्लेशहरू जम्मै उठेर आए र अज्ञानी भई खाना खान नसकी पात्र लिई विहारमा फर्की पात्र ढाकेर एक छेउमा राखी चीवरको एक कुना वछ्याई उ उहीं पल्टचो। त्यसवखत उसको एक भिक्षु साथीले उसँग खाना खानकोनिमित्त अनेक प्रार्थना गर्दा पनि उसलाई खाना खुवाउन सकेन। त्यसदिन उ निराहार नै रह्यो[१]।

त्यसैं दिनको संध्या समयमै सिरिमाको पनि देहान्त भयो। अनि राजाले (=बिम्बिसारले) शास्ताकहाँ खबर पठाए—

"भन्ते! जीवकको कान्छी बहिनी सिरिमाको देहान्त भयो।"

यो खबर सुनेर शास्ताले राजाकहाँ खबर पठाउनु भयो—

"महाराज! सिरिमाको शरीरलाई जलाउन पर्ने आवश्यकता छैन। खुला मसानमा सुताई कौवा आदिहरूले खान नपाउने गरी पालो-पहरा राख्न लगाउनुहोस्।"

राजाले त्यस्तै गरी राख्न लगाए। क्रमशः तीनदिन वित्यो। चौथो दिनमा शरीर सुन्निएर फूलेर आयो। नौद्वारहरूबाट पीपहरू बहन थाले। उनको शरीर जम्मै फुटेको भातको भाँडो जस्तै हुनथाल्यो। अनि राजाले नगरमा यसरी ऱ्यालि पिटाउन लगाए—

---

१. विमा. व. अ. क. पृ. ६१: सिरिमाविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"घरमा कुरुवा बस्ने बालकहरू बाहेक सिरिमालाई हेर्न नआउनेहरूलाई आठ कर्षापण (कहापण) दण्ड लाग्नेछ ।"

"बुद्ध प्रमुख भिक्षुसङ्घ सहित सिरिमालाई हेर्न आउनुहोस्" भनी बुद्धकहाँ पनि राजाले खबर पठाए । अनि शास्ताले "सिरिमालाई हेर्न जाऔं" भनी भिक्षुहरूलाई भन्नुभयो । त्यो युवक भिक्षु चौथोदिनमा पनि कसैको कुरा नसुनी निराहार नै भएर पल्टिरह्यो । खाना राखेको भिक्षा-पात्रको खाना पनि कुहिन थाल्यो । पात्रमा पनि खिया पर्न थाल्यो । अनि उसको सहायक भिक्षु आई—"आवुसो ! शास्ता सिरिमालाई हेर्न जाँदै हुनुहुन्छ" भनी कुरा सुनाउँदा निराहार भई बसिरहेको सो भिक्षु 'सिरिमा' को नाम सुन्ने बित्तिकै झट्ट उठेर बस्यो ।

"शास्ता सिरिमालाई हेर्न जाँदै हुनुहुन्छ, के तिमी पनि जान्छौ ?" भनी सोध्दा उसले "हो, म पनि जानेछु" भनी जवाफ दिई तुरुन्तै पात्रको भात फ्याकी पात्र धोएर थैलोमा राखी भिक्षुसङ्घका साथ उ पनि गयो[1] ।

मसानमा पुगेपछि भिक्षुसङ्घले परिवृत्त भई शास्ता एक छेउमा उभिइरहनु भयो । भिक्षुसङ्घ पनि राजपरिषद् पनि उपासक र उपासिका परिषद् पनि एक एक छेउमा उभिइरहे । अनि शास्ताले राजासँग यस्तो सोध्नुभयो

"महाराज ! यी को हुन् ?"

"भन्ते ! जीवककी बहिनी सिरिमा हुन् ।"

---

१. विमा. व. अ. क. पृ. ६१–६२: सिरिमाविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"यी सिरिमा हुन् ?"

"भन्ते ! हो ।"

"महाराज ! त्यसोभए एकहजार दिई सिरिमालाई लेऊन् भनी नगरमा ऋयालि पिटाउन लगाउनुहोस् ।"

राजाले त्यस्तै गराए । तर 'हाँ वा हुँ' भन्ने एकजना पनि भएनन् । अनि राजाले "भन्ते ! कोही पनि लिने छैनन्" भनी भगवान्-लाई सुनाए ।

"महाराज ! त्यसोभए आधामोल कम गर्नुहोस् ।"

राजाले 'पाँचशय कर्षापण दिई लेऊन्" भनी ऋयालि पिटाउन लगाए । तैपनि कसैले 'हाँ वा हुँ' गरेनन् । अनि "अढाइशय, दुइशय, शय, पचास, पच्चीस, बीस, दश, पांच, एक कर्षापण तथा आधा, एक चौथाई (पाद), मासक अनि एक कौडी (काकणिकं) दिएर सिरिमा-लाई लेऊन्" भनी ऋयालि पिटाउन लगाए । तैपनि कोही लिने नभए-पछि "सित्तैमै लेऊन्" भनी ऋयालि पिटाउन लगाए । तैपनि कसैले पनि 'हाँ वा हुँ' गरेनन् । अनि राजाले "भन्ते ! सित्तैमा लेऊ भन्दा पनि कोही लिने छैनन्" भनी भगवान्सँग विन्तिगरे । त्यसपछि शास्ताले— "भिक्षु हो ! हेर, महाजनहरूको स्त्रीप्रतिको प्रेम ! यसै नगरमा अघि एकहजार कर्षापणदिएर यिनलाई एकदिन पाउँदथ्यो अब सित्तैमा दिदा पनि कसैले चाहेनन् । आभरणहरूद्वारा अलंकृत त्यस्तोविघ्न राम्रो रूप—आज नौद्वारहरूमा व्रणहरू भएका तथा तीनशय हाडहरूले जोडिएको, नित्य उत्रस्त भएको केवल मूर्ख महाजनहरूद्वारा अनेकविध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संकल्पित—त्यो अध्रुव आत्मभाव छिन्नभिन्न भयो" भन्ने दिशातिर आर्कषित पार्नुहुँदै **भगवान्‌ले**—

"यस्स चित्तकतं विम्बं, अरुकायं समुस्सितं।
आतुरं वहुसङ्कप्पं, यस्स नत्थि धुवंठिती'ति[1] ॥"

भनी गाथा सुनाउनुभयो।

उपदेशको अन्तमा **सिरिमामाथि** प्रतिवद्ध-चित्तहुने भिक्षु—छन्दरागलाई हटाई विपश्यना ध्यान बढाई अरहत्वमा पुग्यो र चौरासी-हजार प्राणीहरूकानिमित्त पनि धर्माभिसमय भएकोथियो[2]।

त्यसवखत **सिरिमा देवकन्या** आफ्नो वैभव श्रीसम्पत्तिलाई देखेर आफू आएको ठाउँलाई विचार गरी हेर्दा उनले भिक्षुसङ्घहरूद्वारा परिवृत्त भई भगवान्‌लाई पूर्वआत्मभावको आफ्नो शरीर नगिच उभिइ-रहनु भएको र महाजनहरू पनि भेला भइरहेका देखेर—पाँचशय देवकन्याहरूद्वारा परिवृत्त भई, पाँचशय रथहरूका साथ आई सबैले देख्नेगरी रथबाट ओर्ल्हीं परिवारहरू सहित भगवान्‌लाई वन्दना गरी दुइहात जोरी उभिइरहिन्।

त्यसवखत आयुष्मान् वङ्गीस भगवान्‌को नगिचमा हुनुहुन्थ्यो। अनि वहाँले **भगवान्‌सँग** "भगवान्! मलाई एउटा प्रश्न सोध्न मन-लाग्दछ" भनी भन्नुभयो। त्यसपछि **भगवान्‌ले** "**वङ्गीस!** सोधन"

१. धम्म. प. पा. गा. नं. १४७: जरावग्ग–११.

२. विमा. व. अ. क. पृ. ६२: सिरिमाविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनी भन्नुभएपछि आयुष्मान् बङ्गीसले सिरिमा देवपुत्रीसँग यसरी सोध्नुभयो[1]—

१. "युत्ता च ते परमअलङ्कता हया,
अधोमुखा अघसिगमा बली जवा ।
अभिनिम्मिता पञ्चरथासता च ते,
अन्वेन्ति तं सारथि चोदिता हया ।।

२. "सा तिट्ठसि रथवरे अलङ्कता,
ओभासयं जलमिव जोति पावको ।
पुच्छामि तं वरतनु अनोमदस्सने,
कस्मानु[2] काया अनधिवरं उपागमि[3] ।।"

अर्थ—

१–"आफ्नो पुण्यको प्रभावद्वारा निर्मित तिम्रा पाँचशय रथहरूमा अधोमुख पारी बसेका आकाशमा जानसक्ने बलवान् तथा परम अलंकृत अश्वहरू बाँधिएका छन् र ती रथहरू सारथीद्वारा उत्साहित गरिएका जस्तै गरी स्वयं आकाशमा जानसक्छन् ।

२–"बलिरहेको अग्निको ज्वाला जस्तै तेजिलो भई तिमी त्यस रथमा बस्दछयौ । हे उत्तम शरीर भएकी अनोमदर्शी ! तिमीसँग म

१. विमा. व. अ. क. पृ. ६२: सिरिमाविमानवण्णना ।
२. स्याम र रोमनमा छैन ।
३. विमा. व. पा. पृ. २०: सिरिमाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोध्न चाहन्छु कि—कुन देवलोकबाट तिमी अनुत्तर सम्यक् सम्बुद्धको उपासनार्थ यहाँ आएकी ह्वौ ?"

स्थविरद्वारा यस्तो सोधिएपछि उनले आफ्नो परिचय दिंदै यसो भनिन्[1]—

"कामग्गपत्तानं यमाहुनुत्तरं,
निम्माय निम्माय रमन्ति देवता ।
तस्मा काया अच्छरा कामवण्णिनी[2],
इधागता अनधिवरं नमस्सितु[3] ॥"

अर्थ—

"जुन लोकलाई कामभोगहरूको अग्रलोक भनिन्छ त्यो आफूलाई चाहेबमोजिम निर्माण गरी रमण गर्ने निर्माणरती देवलोकबाट—इच्छा गरे अनुसार रूप हुने म—यहाँ अनुत्तर सम्यक् सम्बुद्धलाई नमस्कार गर्न आएकी हुँ ।"

यसरी देवताले आफू निर्माणरती देवलोकबाट आएको कुरो सुनाएपछि उनका पूर्वजन्मका कुराहरू र त्यहाँ गरेका पुण्यका कुराहरू

---

१. विमा. व. अ. क. पृ. ६४: सिरिमाविमानवण्णना ।
२. स्याम र रोमनमा: 'कामवण्णनी' ।
३. विमा. व. पा. पृ. २०: सिरिमाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहित धर्मसम्बन्धी विश्वासका कुराहरू उनीबाट बताउन लगाउन स्थविरले पुनः यस्तो भन्नुभयो[1]—

१. "किं त्वं पुरे सुचरितमाचरीध,
केनच्छसि[2] त्वं अमितयसा सुखेधिता,
इद्धी[3] च ते अनधिवरा विहङ्गमा,
वण्णो च ते दसदिसा विरोचति ।।

२. "देवेहि त्वं परिवुता[4] सक्कता[4] चासि,
कुतो चुता सुगतिगतासि देवते ।
कस्स वा त्वं वचनकरानुसार्सनि[5],
आचिक्ख मे त्वं यदि बुद्धसाविका'ति[6] ।।"

अर्थ—

१–"तिमीमा आकाशचारी महान् ऋद्धि छ, तिम्रो वर्ण-प्रभा दशदिक्मा फैलिइन्छ, अघिल्लो जन्ममा तिमीले कस्तो सुचरित्र गरेकी थियौ र आज यहाँ यस्तो अमित यश (=परिवार) सुख पाएकी ह्वौ ?

---

१. विमा. त्र. अ. क. पृ. ६४: सिरिमाविमानवण्णना ।
२. स्याम र रोमनमा: 'केनासि' ।
३. सिहलमा: 'इद्धि' ।
४–४. स्याम र रोमनमा: 'परिवुतसक्कता' ।
५. स्याम र रोमनमा: 'वचनकरानुसासनी' ।
६. विमा. व. पा. पृ. २०: सिरिमाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२–"अघिल्लो जन्ममा तिमीले कसको अति-वुद्धि सुनेकी थियौ र कहाँबाट च्युतभई तिमी देवलोकमा उत्पन्न भएर देवगणहरूद्वारा परिवृत्त भई सत्कृत्य भएकी ह्वौ? मलाई बताऊ कि—के तिमी बुद्ध-श्राविका पनि भएकी थियौ?"

स्थविरले सोध्नु भएका कारणहरू बताउँदै उनले यी गाथाहरू भनिन्[1] —

१. "नगन्तरे नगरवरे सुमापिते,
परिचारिका राजवरस्स सिरिमतो।
नच्चे[2] गीते[2] परमसुसिक्खिता अहुं[3],
सिरिमा ति मं राजगहे अवेदिंसु॥

२. "वुद्धो च मे इसिनिसभो[4] विनायको,
अदेसयी[5] समुदयदुक्खनिच्चतं।
असङ्खतं दुक्खनिरोधसस्सतं[6],
मग्गं चिमं अकुटिलमञ्जसं सिवं॥

---

१. विमा. व. अ. क. पृ. ६५: सिरिमाविमानवण्णना।
२–२. स्याममा: 'नच्चहि गीतेहि'।
३. स्याममा: 'अहं'।
४. स्याम र रोमनमा: 'इसिसनिभो'।
५. स्याम र रोमनमा: 'अदेसयि'।
६. स्याम र रोमनमा: 'दुक्खनिरोधंसस्सतं'।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "सुत्वानहं अमतपदं असङ्खतं,
तथागतस्स नधिवरस्स सासनं ।
सीलेस्वहं परमसुसंवुता अहुं,
धम्मे ठिता नरवरबुद्धदेसिते[१] ॥

४. "ञत्वानहं[२] विरजपदं असङ्खतं,
तथागतेन नधिवरेन देसितं ।
तत्थेवहं समथसमाधिमाफुसं,
सायेव मे परमनियामता अहु ॥

५. "लद्धानहं अमतवरं बिसेसनं,
एकंसिका अभिसमये विसेसिया[३] ।
असंसया वहुजनपूजिता अहं,
खिड्डारतिं[४] पच्चनुभोमनप्पकं ॥

६. "एवं अहं अमतदसम्हि देवता,
तथागतस्स नधिवरस्स साविका ।

---

१. सिहलमाः 'नरवरबुद्धभासिते' ।
२. स्याम र रोमनमाः 'ञत्वान तं विरज पदं' ।
३. स्याम र रोमनमाः 'विसेसयि' ।
४. स्याम र रोमनमाः 'खिड्डं रतिं' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धम्मद्दसा पठमफले पतिट्ठिता,
सोतापन्ना न च पन[1] मत्थि दुग्गति ॥

७. "सा वन्दितुं अनधिवरं उपार्गाम,
पासादिके[2] कुसलरते च भिक्खवो ।
नमस्सितुं समणसमागमं सिवं,
सगारवा सिरिमतो धम्मराजिनो ॥

८. "दिस्वा मुनिं मुदितमनम्हि पीणिता,
तथागतं नरवरदम्मसारथिं[3] ।
तण्हच्छिदं[4] कुसलतरं विनायकं,
वन्दामहं परमहितानुकम्पकं'ति[5] ॥"

अर्थ—

१–"ऋषिगिरी, वैपुल्य, वेभार, पाण्डव, तथा गृद्धकूट

---

१. स्याममा: 'पुन' ।

२. स्याम र रोमनमा: 'पासादिते' ।

३. स्वाम र रोमनमा: 'नरवरधम्मसारथिं' ।

४. रोमनमा: 'तन्हच्छिदं' ।

५. विमा. व. पा. पृ. २०–२२: सिरिमाविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्वतहरूको घेराभित्र रहेको राम्ररी बनाइएको[१] **राजगृह** भन्ने श्रेष्ठ नगरमा—श्रीसमृद्ध प्राप्त राजा **बिम्बिसारकहाँ** म परिचारिका भएकी थिईं। नाच-गानमा परम सुशिक्षिता भएकी मलाई राजगृहवासीहरूले **'सिरिमा'** भनी चिन्दथे।

२–"**ऋषि-नृषभ**[२] हुनु भएका, विनायक हुनुभएका बुद्धले मलाई दुःख-सत्य, दुःख-समुदय-सत्य तथा त्यसको अनित्यता आदिहरूका उपदेशहरू सुनाउनु भएको थियो। त्यस्तै गरी कुनै पनि हेतुप्रत्ययद्वारा निष्पादन नभएको हुनाले 'असंस्कृत' भनिने,—सबै अवस्यामा तथ्य (=तथ)

---

१. विमा. व. अ. क. पृ. ६६: सिरिमाविमानवण्णनाले महागोविन्द पण्डितले बनाएको राजगृह हो भनी उल्लेख गरेको छ। तर यस सम्बन्धमा दी. नि. II. पृ. १६५ को महागोविन्दसुत्तं हेर्दा त्यसमा यो कुरा पाईंदैन। हेर, यो सूत्रको अनुवाद लेखकको बु. ब्र. भाग–१. पृ. ३४६–४७.

२. 'नृपभ' (=निसभ) भनी साँढेको नाइकेलाई भनिन्छ। शय साँढेको जेठोलाई उसभ (=वृषभ), हजार साँढेको जेठोलाई वसभ (=व्रषभ); ती सबैको जेठो—शुद्ध सेतो, सुन्दर, महाभार वहन गर्नसक्ने तथा शयकडौं वज्रपातको आवाजद्वारा पनि न डराउने अकम्पित, निर्भीकभई वस्ने साँढेलाई निसभ (=नृषभ) भनिन्छ। ऋषिहरूमध्येमा यस्तै अकम्पेय तथा निर्भीक गुण र स्वभाव भएको हुँनाले यहाँ बुद्ध भगवान्‌लाई 'ऋषि-नृषभ' भनिएकी हो। विमा. व. अ. क. पृ. ६७: सिरिमाविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भइरहने भएको हुँदा 'शिव' भनिने, अथवा अशिवत्वमा ल्याउने काम-रागादिको समुच्छेदन भएको हुँदा 'शिव' भनिने, सबैप्रकारका सांसारिक दुःखहरू नभएको हुँदा 'निरोध' भनिने, तथा क्लेशहरूलाई मार्दै जाने भएको हुनाले 'मार्ग' अथवा निर्वाणकामीहरूले जाने बाटो भएको हुनाले 'मार्ग' भनिने,—जसलाई दुवै अन्तहरूको बीचको भएकोले 'अकुटिल' भनिने – त्यो निर्वाणगामिनी सुन्दर मार्गको पनि उपदेश गर्नुभएको थियो ।

३–' सर्वश्रेष्ठ हुनुभएका तथागतको अमृतपद-असंस्कृत-निर्वाणको कुरो सुनेर नरवर बुद्धले देशना गर्नुभएको धर्मानुशासनमा बसेर तथा परमसुसंयमी भएर मैले शील-चर्या परिपूर्ण गरें ।

४–"सर्वश्रेष्ठ तथागतले देशना गर्नुभएको धर्म सुनेर विरज-असंस्कृत-निर्वाणपदलाई अवबोध गरें र समथ-समाधिलाई पनि साक्षात्कार गरें—अनि त्यो नै मेरोनिमित्त नैर्याणिक मार्ग लाभ हुनगयो ।

५–"एकान्तरूपले अभिसमय प्राप्तगरी अरुहरूलेभन्दा विशेष-रूपले श्रेष्ठ भएको अमृतपदलाई मैले प्राप्तगरें जसबाट ममा कुनै पनि शंका रहेनन् र बहुजन पूजिता पनि भएँ र क्रीडा-रतिहरूको अनुभव पनि घेरै गरें ।

६–"यसरी म सर्वश्रेष्ठ हुनुभएका तथागतकी श्राविका अमृतदर्शी देवताहुँ, म धर्मदर्शी हुँ, प्रथम-फलमा (=स्रोतापत्ति-फलमा) प्रतिष्ठिता हुँ तथा निर्वाणको स्रोतमा पुगेकी हुँ—त्यसैले मेरो दुर्गति पनि छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७–"सर्वश्रेष्ठ हुनुभएका प्रसन्न तथा कुशल-धर्ममा रत भएका भिक्षुहरूको, शिवं सुन्दरं भएका श्रमण समागमको तथा श्रीमान् धर्मराजाको सादर वन्दना गर्नकोनिमित्त यहाँ म आएकी हुँ ।

८–"नरवर पुरुषदम्यसारथी तथागत मुनिको दर्शन गरेर मेरो मन सारै प्रमुदित भएको छ; अतः म तृष्णारहित, कुशलरत तथा परम हितानुकम्पी हुनुभएका विनायकलाई वन्दना गर्दछु ।"

यसरी आफ्नो विश्वासको कुरा प्रकाशपार्दै रत्नत्रयमाथि आफ्नो प्रसन्नतालाई प्रकटगरी भगवान्‌लाई र भिक्षुसङ्घलाई वन्दना र प्रदक्षिणा गरी सिरिमा देवपुत्री देवलोकमै फर्केर गइन् । त्यसपछि भगवान्‌ले यसै घटनालाई लिएर धर्मोपदेश गर्नुभयो र देशनाको अन्तमा उक्त उत्कण्ठित भिक्षुले अरहत्व प्राप्तगऱ्यो । उपस्थित परिषद्‌कोनिमित्त पनि सो धर्मोपदेश सार्थक नै भएको थियो[1] ।

---

१. विमा. व. अ. क. पृ. ६९: सिरिमाविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३१. सुवण्णविमानकथा

एक समय भगवान् अन्धकविन्दमा[1] वसिरहनु भएको थियो। त्यसवखत श्रद्धासम्पन्न तथा वैभवसम्पन्न एक उपासकले उसको गाउँको नगिच एक मुण्डिक पर्वतमाथि सबै अङ्गहरूले सुसम्पन्न तथा भगवान् बुद्ध वस्नकोनिमित्त सुयोग्य पारी एक गन्धकुटी बनाई त्यहाँ भगवान्‌लाई बसाली सत्कारपूर्वक उपस्थान गर्नथाल्यो। आफू पनि सँधै शीलमा प्रतिष्ठित भई सुविशुद्धरूपले शील पालन गरी संयमी भई देहान्त पछि उ त्रयस्त्रिंश भवनमा उत्पन्न भयो। उसको कर्मानुभाव सूचक अनेक रत्नहरूका रश्मीहरू उठेका, विचित्र प्रकारका वेदिकाहरूले (डवली) घेरिएका, विविध विपुल अलङ्कारहरूद्वारा शोभायमान भएका, स्तम्भ भित्ता तथा भन्याङहरू ठीकसँग विभक्त गरेका तथा रमणीय बगैंचाहरू भएको काञ्चन पर्वतकोमाथि विमान उत्पन्न भयो। देवचारिका गर्दै जाँदा आयुष्मान् महामौद्गल्यायनले सो विमानलाई देखेर विमानवासी देवतासँग यी गाथाहरूद्वारा प्रश्न सोध्नुभयो[2]—

---

१. 'अन्धकविन्द' भन्ने ठाउँ राजगृहवाट ३ गाउत टाढा पर्छ। हेर लेखकको बु. प्रे. पृ. १५२ को पादटिप्पणीमा।

२. विमा. व. अ. क. पृ. २४३: सुवण्णविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "सोवण्णमये पव्वर्तास्मि, विमानं सब्वतोपभं ।
हेमजालपटिच्छन्नं[१], किङ्किणि[२] जाल कप्पितं ।।

२. "अट्ठंसा सुकता थम्भा, सब्बे वेलुरियामया ।
एकमेकाय अंसिया, रतना सत्त निम्मिता ।।

३. "वेलुरियसुवण्णस्स, फलिका रूपियस्स च ।
मसारगल्लमुत्ताहि, लोहितङ्गमणीहि[३] च ।।

४. "चित्रा मनोरमा भूमि, न तत्युद्धंसती[४] रजो ।
गोपाणसीगणा[५] पीता, कूटं धारेन्ति निम्मिता ।।

५. "सोपाणानि च चत्तारि, निम्मिता चतुरोदिसा ।
नानारतनगब्भेहि, आदिच्चो व विरोचति ।।

६. "वेदिया[६] चतस्सो तत्थ, विभत्ता भागसो मिता ।
दद्दल्लमाना आभन्ति[७], समन्ता चतुरो दिसा ।।

---

१. सिहलमा: 'हेमजालक पच्छन्नं' ।

२. स्याममा: 'किङ्कणिक'; रोमनमा: 'किङ्किणिक' ।

३. सिहलमा: 'लोहितङ्कमणीहि' ।

४. स्याममा: 'तत्युद्धंसते' ।

५. स्याममा: 'गोपाणसेगणा' ।

६. स्याम र रोमनमा: 'वेदिका' ।

७. स्याममा: 'आभेन्ति' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. "तस्मिं विमाने पवरे, देवपुत्तो[१] महाप्पभो[१] ।
अतिरोचति वण्णेन, उदयन्तो व भाणुमा ।।

८. "दानस्स ते इदं फलं, अथो सीलस्स वा पन ।
अथो अञ्जलिकम्मस्स, तं मे अक्खाहि पुच्छितो[२] ।।"

अर्थ—

१–"किङ्किणी जालहरू राखिएको हेमजालहरूले प्रतिच्छन्न भएको तथा सुवर्णमय पर्वतमा प्रभा फैलिइरहेको तिम्रो विमान छ ।

२–"त्यसमा आठकोणहरू भएका स्तम्भहरू सबै वैडूर्यमणीमय छन् र एक एक कोणमा सात सात रत्नहरू जडित छन् ।

३–"चाँदीका फलेकहरूमा वैडूर्यमणीहरू, मसारगल्ल मोतीहरू तथा लालमणीहरू आदि जडित छन् ।

४–"चित्रविचित्र भएको भुईंमा धूलो पनि लाग्दैन र पहेंला मुसीहरूद्वारा गजुर (कूट) थाम्नेगरी बनाइएको छ ।

५–"चारदिशामा चारवटा भन्याङहरू बनाइएका छन्, सूर्य जस्तै चम्किने अनेक रत्नमय कोठाहरू पनि छन् ।

६–"चार भागमा ठीकसँग भाग लगाइएका चारवटा वेदिकाहरू पनि छन्—जसको टलक टल्टल्ती चारैदिशातिर टल्किन्छ ।

१–१. स्याममा: 'देवपुत्ता महप्पभा' ।
२. विमा. व. पा. पृ. ११०: सुवण्णविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७–"हे महाप्रभाव भएका देवपुत्र ! अति प्रकाशमान भएका सूर्य उदयको चमक जस्तै चम्किदै तिमी त्यहाँ बस्दछौ ।

८–"म सोध्दछु कि—यो तिम्रो प्रभाव दानदिएको फल हो कि, शीलपालनको फल हो कि अथवा नमस्कारको फल हो ?—के को फल हो ? मलाई बताऊ ।"

अनि यसै सम्बन्धमा धर्मसङ्ग्राहकहरू भन्दछन्—

"मौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवपुत्र खुशी भई—जुन कर्मको फलद्वारा उसले त्यस्तो सम्पत्ति पाएको हो त्यो कुरा बताउँदै यस्तो भन्यो[१]—"

१. "अहं अन्धकविन्दस्मिं, बुद्धस्सादिच्चबन्धुनो ।
विहारं सत्थु[२] कारेसिं, पसन्नो सेहि[३] पाणिभि[३] ।।

२. "तत्थ गन्धं च मालं च, पच्चयं[४] च विलेपनं ।
विहारं सत्थु[५] अदासिं[५], विप्पसन्नेन चेतसा ।।
तेन मय्हं इदं लद्धं, वसं वत्तेमि नन्दने ।।

---

१. विमा. व. पा. पृ. ११०: सुवण्णविमानवत्थु ।
२. स्याममा: 'सत्थुनो' ।
३–३. स्याममा: 'सकेहि पाणिहि' ।
४. सिंहलमा: 'पच्चगं' ।
५–५. सिंहल र स्याममा: 'सत्थुनोदासिं' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. "नन्दने[१] च वने[३] रम्मे, नानादिजगणायुते ।
रमामि नच्चगीतेहि, अच्छराहि पुरेक्खतो[२]'ति[४] ।।"

अर्थ –

१–"आदित्यबन्धु हुनुभएका भगवान् बुद्धकोनिमित्त मैले अन्धकविन्दमा आफ्नै हातले प्रसन्नचित्त राखी एक विहार बनाइदिएँ ।

२–"सुगन्ध, माला, प्रत्यय तथा विलेपनहरू सहित सो विहार मैले शास्ताकोनिमित्त प्रदान गरेँ – त्यसैको प्रभावद्वारा नन्दन वनलाई वशमा राखी मैले यो सम्पत्ति पाएको हुँ ।

३–"त्यसैको प्रभावद्वारा नाना चराचुरिङ्गीहरूले भरिएको तथा रमणीय नन्दन वनमा नाच-गान तथा अप्सराहरूद्वारा रमाएको हुँ ।"

यसरी देवपुत्रले आफना कर्मका कुराहरू बताएपछि स्थविरले परिवार सहित सो देवपुत्रलाई धर्मोपदेश गर्नुभयो र मनुष्यलोकमा फर्केर जम्मै कुराहरू भगवान्लाई सुनाउनु भयो । भगवान्ले सोही कुरालाई कारण बनाई उपस्थित परिषद्लाई धर्मदेशना गर्नुभयो । यो देशना महाजनहरूकोनिमित्त सार्थक भएको थियो[४] ।

१–१. सिंहलमा: 'पवने'; स्याम र रोमनमा: 'पवरे' ।
२. स्याममा: 'पुरक्खितो' ।
३. विमा. व. पा. पृ. ११०: सुवण्णविमानकथा ।
४. विमा. व. अ. क. पृ. २४५: सुवण्णविमानवण्णना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३२. सूचिविमानकथा

एक समय भगवान् राजगृहको वेणुवनमा वस्नु भएको थियो। त्यस समय आयुष्मान् सारिपुत्रको चीवर सिउन पर्ने काम परेको थियो। त्यसकोलागि एक सियोको आवश्यक परेको थियो। अनि वहाँ राजगृहमा पिण्डचारिका गर्दै जाँदा एक नकर्मीको (कम्मारस्स) घरद्वारमा उभिनुभयो। यो देखेर नकर्मीले "भन्ते! के को आवश्यक छ ?" भनी सोध्यो।

"चीवर सिउन परेको छ, एक सियोको आवश्यकता छ।"

अनि नकर्मीले प्रसन्नतापूर्वक बनाइराखेका दुइवटा सियोहरू प्रदान गरी—"भन्ते! यदि फेरिपनि सियोको आवश्यकता परेमा मलाई भन्नुहोस्" भनी प्रार्थना गरी पञ्चाङ्ग वन्दना गर्‍यो। उसलाई अनुमोदना गरी स्थविर फर्केर जानुभयो। अनि केही समय पछि उ मृत्युभयो र त्रयस्त्रिंशमा उत्पन्न भयो। अनि आयुष्मान् महामौद्गल्यायन देवचारिका गर्दै सो देवपुत्रकहाँ पुग्दा वहाँले उसँग यो गाथाहरूद्वारा प्रश्नहरू सोध्नुभयो[1]—

१. विमा. व. अ. क. पृ. २००–०१: सूचिविमानवण्णना।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. "उच्चमिदं मणिथूणं विमानं,
समन्ततो द्वादस योजनानि ।
कूटागारा सत्तसता उलारा,
वेलुरियथम्भा रुचकत्थतासुभा ।।

२. "तत्थच्छसि पिवसि खादसि च,
दिब्बा च वीणा पवदन्ति वग्गुं ।
दिब्बा रसा कामगुणेत्थ पञ्च,
नारियो च नच्चन्ति सुवण्णछन्ना ।।

३. "केन ते तादिसो वण्णो,...[१]

४. "पुच्छामि तं देव महानुभाव,...[२]"

अर्थ—

१–"मणीहरू जडित यो विमान अग्लो छ—जसको चारैतिर बाह्र बाह्र योजनहरू छन् र जसमा मनोरमणीय राम्रा राम्रा स्तम्भहरू छन् र कोठाहरूमा सुवर्णका फलेकहरू पनि वछयाइ राखेका छन् ।

२–"त्यसमा बसेर तिमी खान्छौ पनि पिउँछौ पनि; मधुरस्वरले दिव्यमय वीणाहरूका आवाजहरू पनि सुनिन्छन् र यहाँ दिव्य पञ्च कामगुणहरू पनि छन्; सुवर्णमय नारीहरू पनि नाचिरहेका छन् ।

१–२. यहाँका बाँकी पदहरू माथि पृ. ३ मा लेखे बमोजि दोह्याई पढ्नू । विमा. व. पा. पृ. ८७: पठमसूचिविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३–"कसरी तिम्रो त्यस्तो वर्ण भएको हो ? कसरी तिमीलाई यस्तो सिद्ध भएको हो ? तिमीले मनपराएका भोगसम्पत्तिहरू पनि उत्पन्न भएका देखिन्छन् ।

४–"हे महानुभाव सम्पन्न देव ! म सोध्दछु कि—मनुष्यछँदा तिमीले के पुण्यकर्म गऱ्यौ ? कसरी तिमी यस्तो तेजिलो भयौ ? कसरी तिम्रो शरीरको तेज सर्वदिशातिर प्रकाश भएको हो ?"

अनि यसै सम्बन्धमा संगीतिकारहरू भन्दछन् –

"मौद्गल्यायनद्वारा सोधिएका प्रश्नहरू सुनी सो देवपुत्र खुशी भई – जुन कर्मद्वारा उसले त्यो सम्पत्ति पाएको हो त्यो कुरा बताउँदै यस्तो भन्यो[१]—"

१. "यं ददाति न तं होति,
यं चे दज्जा तं चेवसेय्यो ।
सूचि दिन्ना सूचिमेव सेय्यो ॥

२. "तेन मे तादिसो वण्णो, तेन मे इध मिज्झति ।
उप्पज्जन्ति च मे भोगा, ये केचि मनसो पिया ॥

३. "अक्खामि[२] ते भिक्खु महानुभाव,
मनुस्सभूतो यमकासि पुञ्ञं[२] ।

१. विमा. व. पा. पृ. ८८: पठमसूचिविमानवत्थु ।
२–२. सिहल, स्याम र रोमनमा छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेनम्हि एवं जलितानुभावो,
वण्णो च मे सब्बदिसा पभासती'ति[१] ॥"

अर्थ –

१–"जुन वस्तु दान दिइन्छ त्यही नै वस्तु पाइने होइन बल्कि क्षेत्रसम्पत्ति र चित्तसम्पत्तिको प्रभावद्वारा त्यसभन्दा पनि धेरै महानतर फल पाइन्छ — जस्तै – मैले सियो दिएको थिएँ तर त्योभन्दा धेरैगुणा श्रेयस्कर यो फल मैले पाएँ, अतः आफूमा जे दिनेवस्तु छ सोही वस्तु नै दिनु श्रेयस्कर छ; मैले सियो दिएको थिएँ त्यो नै मेरोनिमित्त श्रेयस्कर सिद्ध भयो ।

२–"त्यसैको प्रभावद्वारा मेरो यस्तो शरीर-वर्ण भएको हो, त्यसैको प्रभावद्वारा मेरो इच्छानुसार यहाँ सिद्ध भएको हो, त्यसैको प्रभावद्वारा मैले मनपराएका भोगसम्पत्तिहरू पनि पाएको हुँ ।

३–"हे महानुभाव सम्पन्न भिक्षु ! मनुष्यछँदा जुन पुण्यकर्म मैले गरेको थिएँ सो बताएँ, त्यसै कर्मको प्रभावद्वारा मेरो शरीर तेजिलो भएको हो, त्यसैको प्रभावद्वारा मेरो शरीरको तेज सर्वदिशातिर प्रकाश भएको हो ।"

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित
"बुद्धकालीन विमानकथा"
संग्रह–१०

१. विमा. व. पा. पृ. ८८: पठमसूचिविमानवत्थु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नामावली

अ

अङ्गदेशको राजधानी २१९
अच्चिमति २४९, २५२
अदिन्नपुब्बक २००, ब्राह्मण २०४
अन्धकविन्द ३३, ३७, २८९, २९३, मा २८९, २९३
अन्धकवेण्डु दाशपुत्र १०५, हरू १०५, हरूको १०५
अनाथपिन्डिकदेवपुत्र २६७
अनाथपिण्डिक महाश्रेष्ठीले १८०
अनुरुद्ध २६१, २७२, स्थविरले २६०, स्थविरको २७२, ले २७१
अनोतप्तदहको तीरमा २५०
अनोतप्तदहबाट २५३
अलम्बुसा २४७
अलोमा ८, लाई देखेर ११
अश्वक ९६, देशमा ९७, राजाले ९६, राजाकी ९७, राजाधिपतिको पुत्र १००
अशोक नन्दनवन २४७
अस्सक ९६
असदिसदानस्सवत्थु १८०
आनन्द स्थविर १७३
आनन्दलाई १७२, १७३, आमन्त्रण गर्नुभई ३३
आलम्ब २४७
आलवी नगरमा २१
इच्छानङ्गल १२२, का मानिसहरू १२२
उक्कट्ठा ११६, १२२, गई १२२, को ११६, मा जाँदैछु ११८, जानेहरूले १२२, तिर ११७, नगरको वाहिरको १२२
उज्जैन ५९, बाट ६१
उत्तर २२
उत्तर भन्ने एक माणव २४
उत्तरमधुरावासी १०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरविमान २०, वण्णना २२
उत्तराविमानमा २७३
उदपानसुत्तं १७०
उदपान सूत्र १६९
उदपानसुत्तवण्णना १७३
उदान अट्ठकथाले १७३
उदानपालिले १७०
उद्दालक १७८
उपवत्तन २२४
उपसागरकी १०५
उशीरध्वज ९६
उसीरद्धज ९६
ऋषिगिरी २८५
ऋषि-नृषभ २८६
ऋषिपतन मृगदायमा ८, १६४
एकक्कनिपातवण्णना ९६
एणिफस्सा २४७
ओक्काक कुलमा १०८

क

कजङ्गल ९५, ९६
कन्थकदेवपुत्र ३९, ४७, ४८
कन्थक अश्व हुँ ४५
कन्दरकसुत्तवण्णना २१९
कनकविमान १३८, १५५, १९०, मा ५२, ८१, १२२, १८२, २२१, २३०
कपिलवस्तुमा ४५
कलन्दकनिवापमा १२, २६, ४९
कश्यप बुद्धको पालामा २३४
काश्यप बुद्धको स्तुपमा ७४
काश्यप बुद्धको पालामा ६८, ६९, ७९, ९८
काश्यप बुद्धको शासनमा ९७
कुञ्जरविमानवत्यु ५५, ५६
कुञ्जरविमानवण्णना ५०, ५२, ५३, ५७
कुमार काश्यप २०, २१, द्वारा २३, स्थविरकहाँ २२
कुशीनगरका २२४
कुशीनगरमा २२४
कोशल जनपदको १६९
कोसिय १३

ख, ग, घ

खदिरङ्गारजातकं १८१
गग्गर २४७
गग्गरा २१९, पुष्करिणी २१९, पुष्करिणीको तीरमा २१९
गया २४५, गाउँकी २३४, गाउँको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक ब्राह्मण कुलमा २३५, गाउँका ब्राह्मण गृहपतिहरू २३७
गुत्तिल ५९, ६०, ६६, ले ६२, कथामा ७९, जातकं ५९, ६१, ६२, ६३, ६४, जातकले ६६, चरितकथा ५८, का आमाबावुहरूलाई ६१, का आमाबावुहरूले ६१, को घर ६१, को वीणावादन सुनेर ५९, को पालामा ७९
गुत्तिल आचार्य ६१, ६३, ६६, लाई हेर्न चाहन्थ्यौं ६७, सँग ६१, ले ६१, ६३, ७०, ७८
गुत्तिलविमान ७९, वत्थु ६४, ६५, ७१, ७२, ७३, ७७, ७८, ८२, ८४, ८६, वण्णना ५८, ५९, ६३, ६४, ६५, ६७, ७०, ७८, ७९, ८१
गृद्धकूट २८५, पर्वतमा १५२
गौतम २२३, बुद्ध ८९, बुद्धको चरणकमलमा वन्दना गरें ९३, बुद्धको चरणकमलमा वन्दना गर ८९, बुद्ध परि-निर्वाण भइसकेपछि २२९
घतजातक १०५

च

चण्डालीविमानवत्थु ८९, ९०, ९१, ९२, ९३, ९४
चण्डालीविमानवण्णना ८८, ९०, ९१
चम्पकवन २१९
चम्पा २१९, नदी २१९, नगरमा २१९, २२०, स्थित २१८, २१९
चम्पापुर २१९
चम्मक्खन्धकं ९६
चातुर्महाराजिक १६, २२, २५२, लोकमा २२
चातुर्महाराजाहरूले ३३
चाँदन नदीको किनारमा २१९
चूलरथविमानवत्थु ९९, १०१, १०२, १०३, १०५, १०६, १०७, १०८, १०९, १११, ११४
चूलरथविमानवण्णना ९६, १०३, ११०, १११, ११५
चूलवग्गो १६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ

छत्त ११६, १३४, माणवक ११७, १२२, ले ११७, ११९, १२३, माणवकलाई १२१, माणवक शरणमा गई ११७, माणवक विमानवत्थु ११९, १२६, १२७, १३२, १३५, १३६, माणवक देवपुत्र १२३, माणवक देवपुत्रले १२८, माणवक देवपुत्रद्वारा १२३

छत्तमाणवकविमानवण्णना ११८, १२१, १२२, १२३, १२८, १३५, १३६

छत्र ११६, ले १२८

छत्रलाई छाडेर ४६

ज

जम्बुद्वीप ३८, को अग्र नगर हो ६२, मा १८०, १८१

जरावग्ग २७९

जीवककी कान्छी बहिनी २७६

जेतवनमा १६५, १९५, २००, २३४, २४९, पुगिसकेपछि १३६, फर्कनु भयो १२१

जेतवनाराममा १८०

त

ततिय नावाविमानवत्थु १७६, १७७

तथागत २४७, २८८, ले २४६, को अमृतपद २८७, का श्रावकहरूलाई २००, प्रति २०४, लाई २१३, लाई वन्दना गर ८९, सम्यक् सम्बुद्ध १८१, को शरणमा जाऊ २४६

तपुस्सभल्लिकहरूले दिएको मधुपिण्ड ३३

त्रयस्त्रिंश १६, १४३, १५९, मा २७, ३४, २३८, २६०, भवनबाट ८३, देवताहरूकहाँ ३१, देवलोकमा २, ८, १४, २२, १६४, १९०, २०२, २०४, २२१, २२५

त्रयस्त्रिंश भवनमा ८, २७, ३९, ५२, ५३, ५८, ६८, ७९, ८०, ८१, ९७, ११०, १२२, १३८, १४८, १५५,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१७२, १८२, १८३, १९६, २३०, २८९
तिन्दुक ६९
तिम्बरु नारद ५९
तिम्बरुसक ६९
तिलदक्खिणाविमानवत्थु १३८, १३९
तुषित १६

थ

थूण १६९, गाउँ १६९, भन्ने ब्राह्मण गाउँछ ९६, भन्ने ब्राह्मण गाउँमा १६९, ब्राह्मण गाउँमा १७०, ब्राह्मण गाउँका ब्राह्मणहरूले १६९, गाउँका १७४, गाउँका ब्राह्मणहरूले १६९, १७०, गाउँका ब्राह्मण १७०, गाउँका मानिसहरूले १७२

द

दद्दल्लविमानको जम्मै कुराहरू १५३
दद्दल्लविमानवत्थु १४३, १४५, १४६, १४७, १४८, १४९, १५१, १५७
दद्दल्लविमानवण्णना १४२, १४८, १४९, १५३, १५५
दारुणी २४७
दीपविमानवत्थु १६१, १६२
दीपविमानवण्णना १६३
देवगर्भाको तरफबाट जन्मेको १०५
देवदत्तको कारणमा ५८
देवेन्द्र १४९

ध

धर्मसंग्राहकहरू ४, ९, २३, ३५, ४३, ५५, ८३, १३९, १५७, १६१, १८५, १९७, २९२, लाई ११५, २२९
धम्मपदट्ठकथा २२५, ले २०२

न

नन्दगोपा १०५
नन्दनवनमा ५२, ५३, ११४, २९३
नन्दन वनलाई २९३
नन्दनवनको विमानमा ९३
नन्दा २४७
नागविमानवत्थु १६६, १६८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नागविमानवण्णना १६५
नादिक १४१
नारद २२५, ले २२९
नाल १४१
नालक १४१
नावाविमानवण्णना १७१, १७२, १७३, १७४, १७९
निर्माणरति १६, देवहरूकहाँ १४, १४४, देवताहरूको स्थानमा १४२, देवलोकबाट २८१, देवलोकमा १३, १४४, २६७

प

पठम भिक्खादायिका विमानवत्थु १९४, १९७
पठम पीठविमानवत्थु १८५, १८६
पठम पीठविमानवण्णना १८४
पठम सूचिविमानवत्थु २९५, २९६, २९७
परनिर्मितवशवर्ती १६
पवरा २४९, २५२
प्रसेनजित् कोशल राजाले १८०
पाण्डव २८५
पायासिराजा २२, को २४, ले २२, लाई २१
पायासिराजञ्ञ २१
पायासिराजञ्ञसुत्तमा २१
पायासिविमानवत्थु २०, २३
पीठविमान १८२, १८५, मा बसी १८३, वत्थु १८१, वण्णना १८१, १८३, १८५, १८७
पुष्करसाती ११६, ११७, ब्राह्मण १२२, १३६, ब्राह्मणलाई १२२
पुण्डरीका २४७
पोक्खरा २४७
पोक्खरसाति ११६, ११७
पोतलि नगरमा ९६

फ

फलदायकविमानवत्थु १९१, १९२, १९३
फलदायकविमानवण्णना १८९, १९०

ब

बन्धुल-मल्लिकाको भार्या २२४
ब्रह्मदत्त राजाले ५९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विम्बिसारकहाँ २८६
विम्बिसारले ४९, २७६
विम्बिसारको मनमा १८८
बुद्ध—कहाँ गई प्रश्न सोध २१६, कहाँ २७७, कहाँ गएनन् २१७, कहाँ जाँदै छन् २१७, लाई देखें २१३, लाई ३७, को धर्मस्वरमा २२१, को अगाडि सोधेको थिएँ १५२, को शरणमा जान्छु १०९ को शरणमा जाऊ १३२, २१५, को शरणमा गएको १२३, को पात्र हो ३४, को पालामा ७९, ९५ को चरणकमलमा ९०, ले पनि प्रशंसा गर्नु भएको छ १५२, का पालामा २७३
बुद्ध भगवान् १०९, २३६, ले ८८, १५२, १७९, द्वारा २२९, लाई १७१, ३३६, कहाँ गई २३६
बुद्ध शास्ताकहाँ जानुहुन्छ भने ४६
बोधिसत्व ५९, ६४, ६५, लाई ६६, ले देख्नेगरी ६४

भ

भगवान् बुद्ध ८, ३३, ५८, ८०, ८८, १२१, १६४, १७०, १८८, २०२, २३४, २४९, २७३, २८९, को निमित्त २९३, कहाँ गई १७१, को शरणमा जाऊ ११९, को शरणमा जानेछु १२०, लाई ११७, लाई देख्यो २०३, ले ८३, १५३, १९५, २०२, २१९, माथि २०४, २१६
भगवान्‌को चरणकमलमा १६४
भगवान्‌को पात्र ३३
भगवान्‌को पेटमा ३३
भगवान्‌को रोग शान्त भएरगयो ३४
भगवान्‌को शरीरमा पूजागरी २२५
भगवान्‌ले यस्तो भन्नुभयो २२१
भगवान्‌ले २७९
भगवान्‌लाई १२३, २१७, वन्दना गराउन ८८, सुनाउनुभयो ५७
भद्रा १४१, १४२, १४३, को १४२, ले १४१, १४२,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४८, भन्दछिन् १४४, १४६, देवपुत्रीकोविमानमा २६८
भरतसिंह उपाध्यायले ९६
भागलपुरबाट २४ माइल पूर्वस्थित २१९
भिक्खादायिका विमानवण्णना १९६, १९९
भीम २४७

म

मट्टकुण्डली २००, २०१, २०३, २०४, २०५, ले २०३, लाई २०१, आयो २०५, देवपुत्र २१७, देवपुत्रले २१७, देवपुत्र यहाँ आऊन् २१७, वत्थु २००, २०१, २०२, २१६, २१७, वत्थुले २१८, विमानवत्थु २०५, २०७, २०८, २११, २१३, २१४, २१५, विमानवण्णना २००, २०२, २०३, २०४, २०९, २१०, २१४, २१७, को आयु क्षीण भएको २०२, कँ जस्तै रूप धारण गरी २०५
मण्डूकदेवपुत्तविमानवत्थु २२१, २२२
मण्डूकदेवपुत्तविमानवण्णना २२०, २२१, २२२, २२३
मथुरा १९५
मध्यप्रदेश ९५, ९६, बाट ९५
मललसेकरले १६९
मल्लराजपुत्री मल्लिका २२४
मल्लिका भन्ने को हुन् २२४
मल्लिकाविमानवत्थु २२८
मल्लिकाविमानवण्णना २२५
महाकच्चानस्स पञ्चवर परिदस्सना ९६
महाकात्यायन ९५, को समिपमा ९८
महाकाश्यप १२, १३, २०, ९१, ले १९, लाई १७, स्थविरलाई १८९, स्थविरले १५, कहाँ गई १४
महागोविन्द पण्डितले २८६
महागोविन्दसुत्त २८६
महागोविन्दसुत्तवण्णना १८०
महापदानसुत्तवण्णना २६०, ले २७२
महापरिनिब्बानसुत्तमा २०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महापरिनिब्बानसुत्तवण्णनामा २२५
महामौद्गल्यायन २, ८, २७, ३४, ३९, ५३, ५८, ७१, ८३, १३८, १५३, २४८, द्वारा ४३, १३९, १५७, २३२, ले ३१, ३८, ५७, ७९, ८०, ८८, ९४, १८३, १८६. १८७, १९०, १९९, २३१, २८९, ले फ्रँ ६८, ७०, लाई ९१, १८९, २५१, लाई देखेर ३९, स्थविरकहाँ ११०, कहाँ गई ९१, को उपस्थाक कुलमा २६, को कुरो सुनी ९०, स्थविरलाई दिएको दान २७, स्थविरलाई दान दिएँ २७, ले २३८
महालतापसाधन २२५, २५७
महाशाल गाउँ ९५
महासत्वले ६६, ६८
महासत्वसँग ६७
महिन्धर पर्वत २५६
मातलिलाई ६७
मिस्सकेसी २४७
मुण्डिक पर्वतमाथि २८९
मुसल लिई २७
मुसलले कुटिन् ३१
मूसिल ५९, ६३, ६५, ६६, को चित्त ६३, लाई ६१, ६५, ६७, ले ५९, ६०, ६१, ६३, ले भन्यो ६०, भन्ने गवैया ५९
मौद्गल्यायन ६८, द्वारा ५, १०, ३६, ५५, ८४, १६१, १८६, १९२, १९७, २९२, २९६, स्थविरले १६३

य

यवपालकविमानवत्यु २३१, २३२
यवपालकविमानवण्णना २३१
यसुत्तरा १६४, १६८
यामा १६
यामा लोकमा १५५

र

रज्जुमाला २३५, २३६, २३७, २४५, लाई २३८, ले २३६, माथि २३७, को मृत्युपछि २३८ विमानवत्यु २३९, २४५, विमान-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वण्णना २३५, २३६, २३८, २३९, २४०
रथविमान १११
राजगृह २८६, को १, १८८, २३०, २७३, २९४, स्थित १२, २६, ४९, ८०, १५४, बाट २८९, मा २६, २७, ४९, ५१, ५८, ८८, १३७, २३०, २९४, मा भिक्षाटनार्थ जानुभयो ८८, वासी ५०, ८०
रेवत १४२, लाई १४२, स्थविर १४७, स्थविरले १४७

ल

लता २४९, २५२, ले २५०, २५६, भन्दछिन् २५३, को नृत्य २५०, की विशेषता २५०, सँग सोध्यो २५६, विमानवत्थु २५२, २५५, विमानवण्णना २५०, २५१
लीकवग्गमा १८०

व

वङ्गीस २७९, ले १६५, २८०
वशवर्ती देवराजा ४१
वाराणशी १६४, को ८, १६४, का ५९, मा ८, ११, ५९, १६५, मा फर्केर जाँदा ६१, मा पुगेपछि ६१, वासी ६०, नगर ६२, फर्कने वेलामा ६०, को ऋषिपतनमा गई १६८
वासेट्ठसुत्तवण्णना १२२
विड्डभवत्थु २२४, २२५
विमानवत्थु अट्ठकथा २१७, ले ८३, २३४
विशाखा २६६, २६७, ले २६४, उपासिका २६५, को देहान्त २६०, २७२, महाउपासिकाको २२५, आयु २६०, २७२, महाउपासिकाले १८०, महाउपासिकालाई २६०, देवपुत्री २६७, २६८
विशाखाको सहायिका २६१
विहार विमानवण्णना २५९, २६१, २६५
विहारविमानवत्थु २६२, २६४, २६६, २६७, २७०
वीणामोक्खा २४७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विहारविमानवण्णना २५९, २६१, २६५

वेणुवनको १२, २६, ४९

वेणुवनमा १, ८०, १५४, १८८, २३०, २७३, २९४

वेभार २८५

वैपुल्य २८५

वैश्रवणले २५०

वैश्रवणकी छोरीहरू २५२

वैश्रवण महाराजाकहाँ गई २५०

वैश्रवण महाराजाले २५१

वैश्रवण महाराजाकी छोरी २४९

भई ६८, का ७०, की परिचारिका भई १४२, आई ६६

शाक्यमुनि ११९, १२०

शास्ता १०७, १०९, १६५, २७७, कहाँ गई ४७, २३७, को शरीरधातु ११४, मा १६५, ले २७७, २७८, को निमित्त प्रदान गरे २९३, कहाँ खबर पठाए २७६, लाई निम्त्याई २३७

शुद्धोदन राजाका पुत्र ४५

श

शक्रका १६८, २५२

शक्रले ६७

शक्रसँग ६७

शक्र देवराजाको १६४

शक्र देवराजाले २४९

शक्र देवेन्द्र ४६, ६४, ६६, २६७, को ६५, को आसन ६४, ले १३, १४, १६, १९, ६४, ६५, ६६, १४८, १४९, १८१, कहाँ पुग्दा १५३, का परिचारिकाहरू

श्र

श्रमण गौतम १६९, १७०, २००, कहाँ जानेछु २१६, लाई १७१

श्रावस्ती १६५, को २००, २४९, को जेतवनमा ११६, स्थित १८०, १९५, २३४, मा ३९, १३७, १४१, १५९, २००, २०२, बाट राजगृह गई १३७, बाट मयुरामा जानुभयो १९५, वासी २४९, बाट गया गाउँमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३५, मै फर्केर जानुभयो २३८

स

सवकपञ्हसुत्तवण्णनाले २६७
सङ्गीतिकारहरू १९२, २३२
सज्जा २४९, २५२
सम्बुद्धलाई देखें २४५
सम्यक् सम्बुद्धको २८१
सम्यक् सम्बुद्धलाई २८१
सम्यक् सम्बुद्धलाई नमस्कार गरी ९
सललवती ९५
साधुवादी २४७
सारिपुत्र ७, ५१, लाई १, स्थविरलाई १८९, को चीवर सिउन पर्ने काम २९४
सिरिमा २७३, २७७, २७८, २८६, लाई २७५, २७७, २७८, माथि २७९, बिरामी भइन् २७५, को घरमा २७५, को देहान्त २७६, को शरीरलाई २७६, देवकन्या २७९, देवपुत्री २८८, देवपुत्रीसँग २८०, विमानवत्थु २८०, २८१, २८२, २८५, विमानवण्णना २७४, २७६, २७७, २७९, २८६, २८८, २८९, गणिका २७३, लाई लेऊन् २७८, माथि प्रतिवद्ध चित्तहुने भिक्षु २७९
सुजात ९६, ९७, १००, ११४, राजकुमार ९७, राजकुमारलाई ९८
सुत्तनिपातवण्णना ६८
सुता २४९, २५२, देवपुत्रीको २५०, ले लतासँग सोधिन् २५३
सुनन्दा २४७
सुफस्सा २४७
सुभद्र परिव्राजकलाई २२४
सुभद्दा २४७
सुभद्रा १४१, १४४, १४८, लाई १४१, ले १४२, १४८, देवपुत्रीलाई १४८, भन्दछिन् १४३, १४५, १४७, देवपुत्री २६८
सिद्धार्थ ४५
सिंसपावन २१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनिर्मित देवहरू २६०
सुनिर्मित देवराजाको २६७
सुवण्णविमानकथा २९३
सुवण्णविमानवत्थु २९१, २९२
सुवण्णविमानवण्णना २८९, २९३
सूचिविमानवण्णना २९४
सेतकण्णिक भन्ने निगम ९५
सेतब्य २०, २१, ११६, १२२, बाट ११७, मा ११६, वासीहरू १२२, मा गई ११७, १२२
सेरिस्सक २२, विमान २२, विमानवण्णना २२
सोणदिन्ना २४७
संगीतिकारहरू ९०, २९६, ले ४७, ९१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दावली

अ

अकम्पित २८६
अकुटिल २८७
अकृतज्ञ हुनेछ ६१
अक्रोधिनी २४९, थिएँ २५५
अर्को राजकन्यालाई ९७
अक्ख १८
अखण्ड पञ्चशील २४९
अङ्गप्रत्यङ्गहरूबाट २३९, २६२
अङ्गविद्या ६१
अग्रपुरुष हुनुहुन्छ २०४
अग्रमहिषीको कोखमा ९७
अग्रमहिषीत्वको स्थानमा राखे ९७
अगाडितिर उभिइरही ८८
अघिल्लो जन्ममा १४०, १५१, १६२, २४५, २८२, २८३
अचलस्थानमा पुग्नेछन् २२३
अचिन्तेय छ २६७
अचिन्तेय हुनुभएका २०३
अजरामर छैनन् १०६
अजरामर भएका छैनन् १०६
अजरामर हुन सकूँला १०३
अजरामर हुन सक्दैनन् १०५
अजरामर हुन सकोल् १०५
अष्टक भोजन २७४, २७५, गरी २७४
अढाइशय २७८
अन्तर्धान भएर गयो २१६
अन्तःपुरमा लगी ११०
अस्तरण ५६
अन्तिम संस्कार १२२
अतीत समयमा ५९
अन्तेवासिक हो ६२
अन्धकारभयो १५९
अन्धा भएका ५९
अँध्यारो परेको देखी १५९
अँध्यारो परेको वेलामा १६२
अन्नदानद्वारा ५०
अन्न-पानहरूद्वारा १४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनागत समयमा २३४
अनागतांश ज्ञानद्वारा १०२
अनित्यताको बारेमा १६८
अनुपम १२६
अनुपादिशेषनिर्वाण १३६, धातुमा २२४
अनुमोदनको प्रभावद्वारा २६५
अनुमोदन गर २५९
अनुमोदन गरी २९४
अनुमोदन गरे २६०
अनुमोदन गरेको प्रभावद्वारा २६६
अप्रमेय छ २७१
अभ्यागतहरूलाई आसन दिएँ १८६
अभिवादन गर्दछु ८७
अभिवादन गरी ११६, ११७, १२३
अभिसम्बुद्ध भएको ९७
अभिषिक्त गर्ने इच्छा ११०
अभिषिक्त नभएका राजा २१
अभिषिक्त भएको जस्तो लागी २३६
अभिषेक पाएँ ४६
अमलालाई जाने कैं १८३
अमृतपदलाई २८७
अरण्य प्रदेश जम्मै १२३
अरण्यायतनमा ९५
अरहन्तहरू १०६
अरुणोदयको समयमै २७५
अलक्षिनी २४५
अलंकृत ४९, गरिराखेको ५३
अविदूरेनिदान ९६
अशदृश-दान १८०, को बयान १८०
अश्रद्धालु २६, ३०
अश्वहरू बाँधिएका छन् २८०
अ-शिवत्वमा २८७
अप्सराहरू २४७ आई ६६
असीत्यानुव्यञ्जनहरूले २०३
असंस्कृत ११९, १२०, १६८, २८६, निर्वाणपदलाई २८७
अहिवातक रोग १२
अज्ञातभेष धारण गरी १३

आ

आउने जाने बाटो २०९
आकर्षित भई २३६
आकाशचारी २६०, २८२
आकाशमा उभिई ६४
आकाशमा उभिइरहे ६६
आकाशमा जानसक्छन् २८०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकाशमा सूर्य झैं १२६
आकाशमार्गबाट १७०
आकाशबाट आई १६५
आँखा २५३, तिर्मिऱ्याउने १, बाट आँसु बघाउन थाले ९८, ले देखुञ्जेल्सम्म १९६
आँगनहरूमा १८१
आगो निभाइदिए झैं २१०
आचामं १५, १६ १८
आचार्य ६५, ६८, भनेको महान् हुन्छ ६३, पूजक हुँ ६५, भन्दा कम छैन ६३, लाई ६२, ११६, ११७, ले ११६
आठकोणहरू भएका २९१
आढ्य २००
आदित्यबन्धु हुनुभएका २९३
आधाभाग दानदिन्थी २६
आधामोल कम गर्नुहोस् २७८
आधारातको समयमा ४५
आनन्दको अनुभव भयो ३४
आनुपूर्विकथा १३५, २३६
आफ्नै हातले प्रदान गरें २३३
आँपका फलहरू १८९
आँपको रुखको छायाँमा ७
आँपका रुखहरूमा ७
आँपको रुखमनी १
आँपको रुखमा ६, १८८
आँपको बगैंचामा १
आँप खाने इच्छा १८८, उत्पन्नभयो १८८
आँप दान दिएर १९०
आँपहरू १८९, बाँडिदिनु भएको कुरा १९०
आभरण २२७, हरू ८३, हरू फुकाली २७५, को मूल्य-द्वारा २५८
आमा-बाबुहरू १२२, को वचन ६२, को उपासना गरी ६१, को पालन पोषण ५९, लाई १२२, लाई वन्दना गरी ११७, ले ११७
आर्यपुरुषहरू २४८
आर्यहरूद्वारा प्रशंसित २७०
आयु थोरै छ ११०
आयुमा २५६
आयुसंस्कार १०२
आलिङ्गन ९८
आलोकित पारी १२३
आवास दानद्वारा ५०
आश्वासन दिई ६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आसन तात्नाको कारण ६४
आसन-दानको फलद्वारा १८२
आसन-दानद्वारा ५०
आसन-दानदिन सक्नुपर्छ ५७
आसनबाट ओर्ल्हीं ५३, १८३

इ, ई, उ, ऋ

इन्द्रियहरू शान्त २४६
इहलोक १०१, र परलोकमा २४७
ईर्यापथहरूमा १८२
ईश्वर ह्वौ २९
उत्कण्ठित भिक्षुले अरहत्व प्राप्त गरे २८८
उखुको रस ६९
उखु दिएकी थिई ६९
उखु दिएकी थिएँ ७६
उत्तम वस्त्रदिने नारी ७२
उत्तर दिशातिर ९६
उत्तरोत्तर फल १३५
उद्यान १७६, मा २५७, मा गई ११०, मा गइरहेको थिएँ ३९, क्रीडा ५३, क्रीडा गर्नकोनिमित्त १८३, तिर गइन् २५७, हरू २६०
उदुम्बर वृक्षको फूल २४६
उपस्थाक ३३
उपस्थान गऱ्यो १५५
उपनिश्रय-सम्पत्ति हेरेर २२३
उपासना गरी १११
उपासनार्थ २८१
उपोसथको दिनहरूमा २४९, २५५
उपोसथव्रत ६९, पालन गर्ने ७४
उपासिका परिषद् २७७
उल्लङ्घन ६२
उत्सवको दिनमा ५३, १८३, २५७
ऋजु भएका श्रावकमाथि १९३
ऋद्धिद्वारा १७३
ऋषि-नृषभ २८६
ऋषिसप्तम ८९
ऋषिहरू १०६, मध्ये उत्तम ८९, मध्येमा २८६

ए, ओ, औ, अं

एउटी महिलाले २६०
एक कौडी २७८
एकजोर वस्त्र १६५, दानदिएँ १६८, बुन्न लगाई १६४
एक टुक्रा कपडा भएपनि १८१
एकतीसहजार कल्प २६७
एकतीसौं वर्षमा ९७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकमुठी कनिका भएपनि १८१
एकमुठो ५०, ७६, ७७
एक्लौटे पुत्र २०४
१२० वर्ष थियो २६०
एकहजार कोठाहरू सुसज्जित २५९
एकहजारको थैलो ५१
एकहजार कर्षापण दिएर २७८
एकहजार योजन १०९
एलालु ६९
एलालुक फल ७६
ओहरो दोहरो गर्दागर्दै ६४
औरस पुत्री पनि भएँ २४६
औंलाहरू ४५
औषधी ३३, ३४, को लागि ३३, को आवश्यक पर्दा मात्र ३४, गराऊ २०१, नगरी २०२, मात्र पनि गरेनन् २०४
अंशक ६९
अंसवट्टकं ७७

क, का

कर्कश ६१
कक्कारिकं ७६
कञ्जिकं ३३, ३४, ३७
कञ्जूसको कारणले गर्दा २००
कञ्जूसी ३०
कर्णिकारहरू २५८
कर्तव्य-धर्महरू २५६
कस्तो चक्का चाहन्छौ २०७
कनक आसन ५२, १८२
कपडा ५०, मा पोकोपारी ८०
कल्पवृक्ष जस्तै हो ५०
कर्मफलका कुराहरू १२२, १८४
कर्मसम्बन्धीका कुराहरू १२२, १८४
कम्मरपेटी दिएकी ६९
कराल गरेका छन् १७१
कराल गरेका थिए १७१
करालला‌ई भङ्गगरी १७२
कल्याण हुनेछ २५७
कर्ष १८
कार्षापण २७८, दण्डलाग्नेछ २७७
कहाँ दान दिंदा महत्फल हुन्छ १५२
काकणिकं २७८
काँक्रो ७६, दिएकी थिई ६९
काञ्चन पर्वतको माथि २८९
काञ्चनका फूलहरू २५३
काञ्चन बिम्बवर्ण २२८
काञ्चन लता २२७
कान्छी बहिनी १४९
कान्छी महारानीको कारणमा ९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काठका टुक्राहरूमा २७३
काठको टुक्रा १८५
काठको पीरा १८५
काँढो छँन २१०
कांध भाँचिएको हुनाले ३१
कांधमा आरोहण गरेको बुझेर ४६
काँधमा कुटी २७
कानका कुण्डलहरू २६२
कामभोगीहरूमध्येमा २६७
कामराग-संयोजन १३५
कामावचर १६
कायवन्धन दिएकी थिएँ ७७
कारुणिक २३६
कार्षापण झिकी ११७

कि, की, कु, कू, कृ

किङ्किणी जालहरू २९१
किन रुँदैछौ ४०५
क्रिडाकोनिमित्त भेला भए ५९
क्रीडा गरी २४७
क्रीडा गरेर मलाई के लाभ २५७
कुर्कुच्चाले ठोकेर ४५
कुटाइको कारणबाट १७२
कुटी २५९
कुटचो १७२
कुण्डलहरू २४०
कुण्डली बनाउन २००
कुण्डली बनाइदियो २००
कुन जनपदमा गई १०३
कुनै दान नदिई २१७
कुनै शील पालन नगरी २१७
कुमारीले प्रसन्नचित्त गरी २७
कुल्माष-खाना ८, ८१, २३०, प्रदानगऱ्यो २३०
कुल्माष-दान ८०
कुल्माष-पिण्ड ११, २३३
कुल्माष-भोजन ८०, ८१, ८६, चढायो ८१
कुलगृहकी छोरीले ५०
कुवा १७०, मा १७०, को पानी १७३, लाई १७२ भरिएर १७३, तिर जानुभयो १७३, हरूमा १७०, बाट १७०, १७३, बाट पानी ल्याई २
कुहिनाले २३४
कूटागार ४, ४०, ५२, मा १७४, हरू ४, २३१, २६५
कृतकृत्य ११९, १२०
कृतवेदी ४७, ९४
कृतज्ञ ९४, बन्नु १०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतज्ञतापूर्वक ८७
कृतज्ञी ४७

के, को, कौ, कं

के कर्मद्वारा १२७
के पुण्यकर्म गऱ्यौ १३९
केराका बोटहरू ४९
केशर ५१, छरी ५१
केशरसिंह २२०
कोइलीको आवाजहरू २२८
कोकिलहरू चूपलागे झैं २५०
कोठाहरू २३१, २९५, पनि छन् २९१
क्रोधले आगो जस्तो भई १७२
क्रोधले मुरमुरिई २३४
क्रोधी ७५
कौतुहलता लागी २१७
कंशवंशलाई सखाप पारेका थिए १०५

ख

खर्च होला भन्ने डरले २०२
खर्बुजा दिएकी थिई ६९
खर्बुजो ७६
खाट १८५
खाद्यपदार्थहरू दिई २७५
खाद्य-भोज्य २६, हरू ३४, ५०, ५९, १४२, द्वारा २३७
खाना १३, खाई १४, तयार पारी १९५, मा नून पनि छैन १३, खुवाउन सक्दैन २७६, पनि कुहिन थाल्यो २७७
खुट्टा पोल्ने १
खुट्टाहरू पखाल १००
खेतभित्र ८०
खेतमा गई खाना खानेछु २३०
खोले ३३, तथा कनिकाको भात २२

ग

गजुर जस्तो ४
गणिका २७३
गद्गद् भए ४६
गन्धकुटी बनाई २८९
गन्धकुटीबाट निस्की २२०
गन्धकुटीमा गई २२०
गन्धहरू ४२
गर्धनमा झुण्ड्याइ राखेका ५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गन्धर्व कुलमा ५९
गन्धर्व शिल्पमा पारङ्गतभएका थिए ५९
गन्धर्वाचार्य ५९, लाई ६०
गन्धब्बो ५९
गमनागमन पनि देखिन्छ २०९
गरीब १८१, केटो २३०
गवैया कुलमा ५९
गवैयालाई ५९
गाईले हानी ९१
गाईहरू ८०, ले ८६, एकत्रित पारी ८६, धपाउन ८१, चराउने ठाउँमा ८०
गाउँ १९०, ले हरूले १७१
गाग्रोको पानी १७२
गाग्रो छाडी २४५
गाग्रो झिकी १७१
गाग्रो भुइमा राखी १९५
गाग्रोमा १७१, पानी लिई १९५, २३७
गाग्रो लिई २३५, २४५
गायिकाहरू १२७
गाली २४५, गर्थो २३४
गीत गाउन लगाए ५९
गुड दिएकी थिई ६९
गुँद दिएकी थिएँ ७६
गुरुको पूजा ६५
गुरुदक्षिणा ११६, ११७, चढाऊँ ११६, दिनको लागि ११८
गुरुद्रोह गर्ने होइन ६५
गुरुमुष्टि नराखी ६२
गृष्मको अन्तिम महीनामा ६
गृष्मऋतुको १
गोपालक ८०, ८१
गोपाल वालक २२०, ले मलाई मारिदियो २२२
गोरेटो बाटो ६४

घ

घण्टाहरूको आवाज ५४
घरमा कुरुवा बस्ने वालकहरू बाहेक २७७
घरको दलो १५४
घरमा गई १९६
घरघरपिच्छे २७
घरपछाडितिर बस्न थाल्यो १२
घाममा १, सुकाइरहेकी थिई १३७
घाँस र परालहरू १७०, १७३, राखी १७०
घिउ राखेको आगो कैं २१०
घिउ लिनुहोस् २७४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घ्यू ५०, ५१, ५२
घोडाहरू १८, ३७, ११३
घोडीका रथहरू १८, ३७
घोर जङ्गलमा १००

च, चा, चि, ची

चङ्क्रमण स्थानहरू २५९
चक्रवर्ती राजाको महिषीत्व १८, ३७
चक्काहरू २०७
चण्डालनीले वन्दना गरी ९०
चण्डी ७५
चतुप्रत्ययद्वारा ११०
चतुसत्यका कुराहरू १३५, १६३, १७९, २३६, को धर्मोपदेश २१७
चन्द्रमा ३९, लाई पनि मलिन पार्न सक्छ २०३
चन्द्रसमान ८३
चन्द्र १२६, सूर्य २०८, सूर्यले ॐ १६०, १८३, सूर्यको कारणमा रुने २०९, सूर्यका दुइवटा चक्काहरू २०७
चँधुँवा टागी ५१
चप्पल दिएकी थिई ७०
चप्पल दिएकी थिएँ ७७
चरणकमलमा १११, १६८, २२१
चराचुरुङ्गीहरू ११४, द्वारा ७, ले भरिएको २९३
चलन-वलन १८२
चक्षुसम्पत्ति लाभ हुन सक्छ ५०
चाण्डालनी ८९, ले ९३, लाई ९१, बुढी ८८, लाई देख्नुभयो ८८
चाण्डाल पुक्कुसादि १०६
चाण्डलहरू बस्ने ठाउँको ८८
चाँदीका डोरीहरूले ११३
चाँदीका फलेकहरूमा २९१
चाँदीका रेखाहरू ११३
चामल ५०
चारजना प्रतिपन्न भएका २७१
चारजना फलमा प्रतिष्ठित भएका २७१
चारजोर अथवा आठजना २७०
चारजोर पुद्‌गलहरू ११९, १२१
चार बहिनीहरू थिए २४९
चारमहीना पछि ११०
चारवटा भोजन १५४
चारै परिषद्‌हरू २२०
चाहे कुटोस् २३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाहे मलाई मारुन् १८९
चाहे हैरान गरोस् २३७
चित्त प्रफुल्लित पार्ने २४६
चित्त बुझाउन सक्तथे २५६
चित्त प्रसन्न २४६, गरी १४
चित्तप्रसाद-सम्पत्ति १८१
चित्तसम्पत्ति ५०, को प्रभावद्वारा २९७
चित्रविचित्र भएको २९१
चित्रहरू २५९
चिता घुम्नथाले २०४
चिता बनाई १२२
चिन्तामणी जस्तै हो ५०
चीवर पहिरी १९५, २०२, २२०, ३३७

चु, चू

चुल्ठो काटेर २३५
चुल्ठोमा १२७, आभरणहरू छन् २४०
चुल्ठोमात्र समाती लुछ्ने हुनाले २३५
चुल्ठो समाती २३५
चुम्बन गरी ९८
चूरी २२७

चे, चै, चो, चौ

चेतनाको हेतुद्वारा १२१
चेलुक्खेप ६७
चेलुक्षेप ६७
चैत्यको पनि पूजागरे १११
चोरले १२१
चोरहरू १३३, को भयले १५४, ले ११७, ले मारेपछि ११७, ले भेट्टाए १२१
चोरी कामलाई त्याग्नेछु १०९
चोरी नगर्ने १०२
चौरासीहजार प्राणीहरूलाई २२३
चौरासीहजार प्राणीहरूले २१८

छ

छत्तीस देवविमानहरूमा ६८
छत्तीसवटी देवपुत्रीहरूलाई देखेर ५९
छत्तीस विमानका कथाहरू ७९
छत्तीस विमानहरूमा ५८
छनोट् पनि भइसकेपछि ९५
छवर्ण बुद्धरश्मी १२३, २०३, हरू १२३, को कीरण २०३, फैलाउनु भयो २०३, हरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फैलाई २३५, हरू फैलाउँदै २३६
छाता दिएकी थिईं ७०
छाता दिएकी थिएँ ७७

ज

जगतोद्धार गर्ने सम्बुद्धलाई २४५
जङ्गलको ११७
जङ्गलबाट निस्की २३६
जङ्गलभित्र पसे २४५
जङ्गलमा ९६, गई ९६, गए ६४, जान चाहन्छु ९८, पसी २३६, बसेर १०९
जनपद १०७, १०८
जराहरू मिलाई दानदिएँ ३७
जलाउन पर्ने आवश्यक छैन २७६
ज्यानको समेत माया नलिई १८९
ज्यानको समेत माया नगरी १९०
जाने अनुमति दिए ९८
ज्याला दिनपर्ला भनी २००
जिनलाई दर्शनगर्न जानेछु ४७
जिब्रोले चाटे ४६
जीरा ३७
जीवन नै समर्पित गरी १७१
जुन वस्तु दान दिइन्छ २९७
जोतिरस-विमान १५९
जौको खेत २३०
जौपालक केटो २३०, ले २३०
जौपालक थिएँ २३२

झ

झाडीमा ११७, लुकिरहेको १२१
झ्यालहरू २५८
झ्याली पिटाउन लगाए ६३, २७६
झ्याली पिटाउन लगाउनु होस् २७८
झुण्ड्याइराखेको देखेर ६१
झुण्ड्याउने विचारले २३६
झुण्डिएका देखांपरे १८९
झुण्डिएर मर्नेछु ६४
झूटा कुरा पनि गर्ने छैन २१६
झूटो कुरो बोल्ने छैन १३३
झूटो नबोल्ने १०२

ट, ठ

टण्टलापुर घाम ६, ले २
टाउको निहुऱ्याई ६६, २३५
टाउकोमा डोरीले बेरी २३५
टोपी ६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठहर पारि वियो १२१

ड, ढ

डढेको भात १२, १३, १४, १५, १६, १७, १८
डराउनु पर्दैन ६५
डराउने २४६
डुङ्गामा बस्दछ्यौ १७४
डुङ्गाहरू १७०, १७२
डोरी फ्रिकन पनि दिन्नथी २३५
डोरी बाँधी २३६
डोरीले पासो बाँधी २४५
डोरी समात्ती २३५
ढोकाहरू २५८
ढुसी परेको ८

त

तन्नेरी छ ६३
तपस्वीहरू १०६
स्तम्भ २८९, हरू २५८, २९१, २९५
तरुणी थिएँ २५५
तलामा २५९
ताडको पंखा ७७
ताम्रवर्णी नङ ४५, ४६
तार चुँडाली ६६
तार जम्मै खुकुलो पारी ६०
तार नभएको वीणावादन ६६
ताराहरू भरिए भैं १२७
तालका वृक्षहरू २६५
तिघ्राले च्यापी ४५
तिम्बरुका पातहरू ७७
तिम्बरुसकं ७६
तिम्बरुसकफल ७६
तिमी मूर्ख ह्वौ २०८
तिल १३७, भिक्षा ग्रहण गरी १३७
त्रिपासः ६६
त्रिरत्नका गुणबखानहरू १२३
त्रिरत्नका गुणहरू अनुस्मरण गर्दै १२१
त्रिरत्नकं अनुस्मरण गर्दै १२१
त्रिशरण ११८, का कुरा ११८, मा प्रतिष्ठित भई ११५, भनेको थाहाछ के १३२, र पञ्चशील भनेको जान्दछौ ? ११८
तीलहरू थुप्रोपारी १३७
तीलहरू दानदिएँ १४०
तूष्णी भावद्वारा १९६
तूर्यनादको आवाज ५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृणसन्थरण १८१
तृष्णा रहित ११९, १२०, २८८
तेल छानेको ३७
तेल बनाउनकोनिमित्त १३७

थ

थकावट मिटाई १, सकेपछि २
थकित ११७
थरथर काँपिएको शरीरद्वारा २७५
स्थविरलाई चढाई १८९

द

दरिद्री १५, १६, जीवनबाट मुक्त-हुन सकूँ २३६
दलान-कोठाहरूमा १८१
दलानमा ल्याई राख्यो २०१
दश २७८, औंला जोरी ५३, जना १०५
दक्षा २४९
दक्षिणदिशातिर ९५
दाजुभाईहरूलाई १०५
दातव्य वस्तुहरू ११७
दातव्य-सम्पत्तिहरू १८१
दान्त हुनुभएका २०३
दानका फल हुन् कि ४२
दानकार्यमा व्यस्त थिए २२
दानदिन इच्छा गर्ने २६
दानदिन थाले २२
दानदिने कार्य २५
दायकहरू स्वर्गमा मुदित हुन्छन् २४८
द्वारपाल राख्यो १५५
द्वारहरू २५८
दाशी २३५, थिईं २४५, पुत्री २३४, हुन पुगी २३५, भएकी थिएँ ७५, की छोरीलाई २३४, की छोरीहरूसँग १०५, को हातमा दिई २५७, लाई २३४, ले १७१
दाहसंस्कार गऱ्यो २०४
दाहामा १६४
दाक्षिणेय भिक्षुसङ्घलाई १४५
दाक्षिणेय हुनुहुन्छ २४७
दिव्य-आभरणहरूले विभूषिता भई २३८
दिव्य-आयु २६७
दिव्य-आहार १३
दिव्य-गन्ध २४०
दिव्यचक्षुद्वारा १३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिब्यपलंग ५२
दिब्य-माछाहरू २६५
दिब्य-रूपहरू ४२
दिब्य-वस्त्रहरू ५३
दिब्य-सम्पत्तिहरू ५२
दिब्य-सम्पत्ति पाएकी थिइन् २२५
दिब्य-स्वरहरू २३९
दिब्य-शब्दहरू ४२
दिब्य-हात्ती ५२
द्वीपहरू ३८
दुइ चक्काहरू २०६
दुइहात जोरी ९१, २०४, २२५, नमस्कार गर्दै २२१, विन्तीगरी नमस्कार गरे २१३
दुःखसत्य २८६
दुःख समुदय १६८, २८६
दुगाहा भई २७
दुश्शील ३०
दूध ५०, लिनुहोस् २७४
दृष्टधार्मिक र सम्परायिक १४१
दृष्टिगत विचारलाई ४८
देवऋद्धि ४९
देवकन्याहरू १६५, १९२
देवचारिका गर्दा ८, गर्दै १५९
देवचारिका गर्दै २, २७, ३४, ३९, ५८, ८१, १५१
देवताहरू ५३, ले ५८, ६८
देवता ह्वौ वा गन्धर्व ह्वौ २११
देवपुत्र ११४, ले ११३, ११५, १२७, १३५, भएको छ ९८
देवपुत्री ५३, हरूले ६८, लाई देखी २७, कहाँ गएकी थिइन् २६८
देवर सहित २५५
देवसमागममा २५०
देशबाट निकाला ९६
दैलो थुनिराखेको कारणले गर्दा १५४
दोणिनिम्मज्जनि ७७
द्रोणी ७७

ध

ध्वजापताकाहरू ४९
धनको पोको लिई ११७
धन खर्च गराउन खोज्दछ्यौ २०१
ध्वनी ६५
धनूष टेकी ९९
धनूषधारी १०५
धर्मका कुराहरू सुनेर ७९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मको शरणमा १०९, जाऊ ११९, जानेछु १२०
धर्मचक्र-प्रवर्तन २२४
धर्मचक्र-प्रवर्तनादिदेखि लिएर २२४
धर्मचक्षुलाई विशुद्धगरी ४८
धर्मचारिणी बनी २५६
धर्मरत्नको कुरा सुनी १२८
धर्मस्वरमा आकर्षित भई २१९
धर्मसम्बन्धी विश्वासका कुराहरू २८२
धर्मसंज्ञा २२१
धर्माभिसमय २१८, हुने कुरा ११७, लाभ हुनेछ १२२
धर्माशनको वरिपरि १५९
धरण १८
धातुको स्थापना २०
धातुलाई ११४
धातु विभाजन गरी ९५
धातु संविभाजन २०
धातुहरू स्थापना गरिसकेपछि ९५
ध्यानदृष्टिद्वारा ११७
ध्यानमुद्रामा २४५
धूपहरू १५९
धूलो लागेको यागु १४

न

नकर्मीको (कम्मारस्स) घरद्वारमा उभिनुभयो २९४
नकर्मीले २९४
नगर बनाइदिनेछु ९८
नगर प्रदक्षिणा गरे ४९
नर्तकी स्त्रीको स्थानमा राखी २४९
नन्दन-वन २३८, मा २३३
नदिइकन उ खान्नथी २६
नदिएको वस्तुलाई लिने छैन १३२
नदी १७२, १७४, १७८, मा १७२; पारगरी १७०, का तीर्थ-स्थानहरूमा १७०, को दुवै किनारमा १७२, को सेतो तीर १७२
नमस्कारको फल हो ४२
नमस्कार गर्दै २०४
नमस्कार गरेको कर्मको प्रभावद्वारा २०४
नमस्कार मात्रको यस्तो फल २१४
नयाँ कपडा वछ्याई ५१
नरकबाट बचाई १३, ८८
नरकमा उत्पन्न हुनेछ १३७
नरनारीहरू १२७
नराख्ने विचार गरी १६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नरीवलका रुखहरूले २६५
नक्षत्र क्रीडाको उत्सव मनाई ४९
नक्षत्र घोषणा ४९
नाउकहाँ गई २३५
नाच-गान ७, २३१, २९३, गरी ८३, १९२, २४७, को अगाडि ११४, गर्छन् २६५ गरिसकेपछि २५३, मा परम सुशिक्षिता २८६
नाच्छन् पनि गाउँछन् पनि २८
नाच्दैछयौ २३९
निक्ख १८, हरू ३७
नित्य-भोजन २७३
निर्भीक गुण २८६
निर्माणको काम सिद्धिएपछि २५९
निर्माणगरी रमण गर्ने २८१
निराहार २७७
निरोगी रहँदा २७५
निरोध २८७, समापत्ति १२
निर्वाणको स्रोतमा पुगेकी हुँ २८७
निर्वाणगामिनी २८७, मार्गको बारेमा १६८
निर्वाणरूपी-निर्जङ्गलमा २४६
निसभ २८६
नीदबाट बिउँझेको जस्तो भई २२१
नुहाइदिनेछु २, ७
नुहाइ-धुवाइ १९५, गरी २५३
नुहाउन चाहनुहुन्छ २
नृत्य-गीतमा २५३, दक्षा २४९
नृत्यमा कुशला र दक्षाछे २५०
नृषभ २८६
स्नेह उत्पन्न गरी २७४
स्नेह गरी बसी २३८
नैर्याणिक मार्ग २८७
नौकोटी २५९, मूल्यजाने २५७, एकलाख २५८
नौद्वारहरूबाट २७६
नौद्वारहरूमा व्रणहरू भएका २७८
नौमहीनामा सिद्धिएको थियो २५९

प

पगरी ६७
पञ्चकामगुणहरू १५६
पञ्चलाजपुष्पहरू छरी ४९
पञ्चतूर्यनादका आवाजहरू १२७
पञ्चशील ११८, ग्रहण गरी १३३, मा प्रतिष्ठित भई १२३, को फलानिसंसका बारेमा १२१, पालन गरी १५५
पञ्चाङ्ग वन्दना गरी ३९, ५३, ९०, १८२, १८३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चाङ्ग वन्दना गऱ्यो २९४
पञ्चाङ्गिक तूर्यनादको आवाज २२८, २६२
पचास २७८
पच्चीस २७८
पश्चीमदिशातिर ९६
पटुका ६९, ७७
पण्डिता २४९
पण्डुरोग लाग्यो २०१
पर्णशालामा ९८
पर्णसन्थरण १८१
पत्ति २५९, दान २५९, दानसम्बन्धका कुरा २६०
पतिकुलमा गई २३४
पतिकुलमा गएपछि २४९
पतिको अनुलोन चर्यागिरी २५६
पतिको वशमा बस्ने २५५
पतिलाई खुशी पार्दथें २५५
पतिव्रता २५६
पँधेर्नीहरू १७०, ले १७१
पँधेरामागई १९५
पद्मका पातहरू ५१, ५६
पद्मचूर्णहरू छरिएका ५४
पद्मनेत्र भएका ५४
पद्मपत्रहरू ५२, ले ५२
पद्मपत्रले ५१
पद्मफूल ५०, हरू ५१, ५२, हरूको आसन बनाई ५१, का मालाहरू ५६
पद्मसमान वर्ण ५४
पर जीवनमा पनि १८९
परस्त्री गमन गर्ने छैन १३३
परस्त्रीहरूमा नलाग १३२
परदार सेवन पनि नगर २१५
परदार सेवन पनि गर्ने छैन २१६
परलोक छ भन्ने कुरा २१
परलोकमा हितहुने १०१
परिचारिकाहरू बनाए २४९
परिनिर्वाण १०८, १०९, भइसके पछि २०, ९५, २७२, भइसक्नु भएपछि २२४, पछि २६०
परिभाष गर्यौ २३४
परुषभाषिनी ७५
परिवारहरूका अभिभार २४९
परेवाको आँखा जस्तै २२७
पल १८
पर्वत-जङ्गलमा २५६
पर्वतहरूको घेराभित्र रहेको २८६
स्पर्शहरू ४२
पसल १८५
पसिना बघाउँदै १

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहेंला वस्त्रहरू १२६
पहेंला कपडा १८२

पा

प्वाँखको पंखा ७०, ७७
पाँच अम्मल ६९, ७४
पाँच नारीहरू २५३
पाँच महीनामित्रै १०२, १०३, १०९
पाँचशय कर्षापण २७८
पाँचशय कोठाहरू २५९
पाँचशय रथहरूका साथ २७९
पाँचशय रथहरूमा २८०
पाँचशय सहायिकाहरूसँग २५९
पाटली १७८
पातहरू ७६, १८८
पात्र ३३, ३४, ग्रहण गरी २७५, चीवर ग्रहण गरी ८, १३, १९५, २०२, २२०, ३३७, चीवर लिई २७४, धोएर थैलोमा राखी २७७
पानी १०१, १७०, १७१, खान नपाऊन् १७०, छानी १७१, घटेको थिएन १७१, छर्को १९६, दान २, द्वारा निम्त्याई १७१, दिएँ ७५, १७८, दिएकी थिई ६९, दिएको कारणद्वारा १७४, दिने इच्छा गरी १७१, दियो १८८, नखुवाउने निश्चय गरे १७०, नराखेको दूधमा ५२, नहालेको दूधमा ५०, पनि चढाउने २, पनि चढायो २, पानी भयो १७३, पिएर १०१, पिउनु भएको हो १७९, भएको ४०, मा बसेर ७५, मा बस्ने २२२, मण्डप १७०, मा गोचर गर्ने २२२, मात्र दिएर भएपनि १७१, राखे १८१, ल्याऊ १७२, १७३, ल्याउन सकिँदैन १७२, लिन भनी गएँ २४५, लिन जाने बहाना गरी २३५, लिई १००, लिएर गइरहेकी १७१, ले नुहाइ दिएँ ७
पारतार्ने छु ४५
पार पुगिसकेका ११९, १२०
पाले बस १५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्यासी १७१, भएका भिक्षुहरूलाई १७८
पासो लगाई २३६

पि, पी

पिउनु भयो १७१
पिट्नथाली २३५
पिटाई २४५
पिट्नु १७१
पिण्डचारिका गर्ने स्थविर १८२
पिताकहाँ गई २०२
पिताको नगिच गई २०५
पितालाई ११७
पितृको कारणमा रुने २०९
पितृ भएको प्राणीको रूप देखिदैन २०९
पिप्ला ३७
पीठ १८२, १८५
पीडित हुन सक्ने छैन २३६
पीतवस्त्र २२७
पीतालङ्कारद्वारा भूषिता २२७
पीना दिएकी थिई ६९
पीपहरू बग्नथाल्यो २७६
पीरा ५०, १८२, को आसन १८२

पु, पू

पुष्करिणी ४०, १६४, २६५, हरू-मा १६६, १७२, को तीरमा २२०, हरू २६०
पुद्गलहरू हुन् ११९
पुछारमा १५४
पुण्यकर्महरूको अनुस्मरण गरी २७१
पुण्य गर्नेले २४७
पुण्य गर्नेहरू २४७
पुण्य नगर्नेले २४७
पुण्य सम्बन्धका कुराहरू १२३
पुण्यक्षेत्र १७, मा २४८
पुत्री स्थानमा राख्यो २३८
पुरस्कार दिई १९०
पुरुषदम्य सारथी २८८
पुष्य ताराको पनि छैन १२६
पूजाको भावले २२९
पूजागरें ११४
पूजा गरिरहेका थिए २२४
पूर्णघट लिएर १७२
पूर्णघडाहरू ४९
पूलहरूमा जान नसक्ने गरिदिए १७०
पूर्वजन्मका कुराहरू २८१
पूर्वजन्ममा गरेका कुराहरू २३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वजन्म सम्बन्धीका कुराहरू २४०
पूर्व-दक्षिण दिशातिर ९५
पूर्वदिशातिर ९५
पूर्वाण्ह समयमा ८, १३, १३०, २०२, २२०, २३५

पै, पो, पौ, पं

पैंतीसजना देवपुत्रीहरूसँग ७२
पोकोपार्न लगाई राखे ११७
पोकोपारी एक ठाउँमा राखी २५८
पोखरी १७३, २१९, बाट २२०
पौरुष ६१
पंखा ६९, दिएकी थिई ७०, दिएकी थिएँ ७७

प्र

प्रत्यन्त-प्रदेश ९५, ९६, को ९५
प्रतिपद्का कुराहरू १०२
प्रतिपद्को सम्बन्धमा १०२
प्रतिबद्ध चित्तहुने भिक्षु २७९
प्रत्यूष समयमा ११७, २१९
प्रत्यूष वेलामा २१७
प्रथम-फलमा २८७
प्रदर्शनी हुनेछ ६३
प्रदीपदानद्वारा ५०
प्रश्न सोध्न मनलाग्दछ २७९
प्रसन्नचित्त गरी २७, १८२
प्रसन्नचित्त राखी ३७
प्रसन्नचित्त राखेर २१३
प्रसन्नचित्त लिई २३३
प्रसन्नचित्तले १२१
प्रसन्न मुद्राले २०४
प्रसन्नता उत्पन्नभयो ३४
प्राणको वाजी लगाई १९०
प्राणीहिंसा गर्दिन १३२
प्राणीहिंसालाई १०९, त्याग्नेछु २१६, चाँडै त्याग २१५
प्राप्तिदान २५९
प्रातीहार्यद्वारा २२०
प्रासादमाथि गई २५९
प्रासादहरू २५९
प्रासादिक २४६
प्रियचक्षुले हेरी २३८
प्रियवादिनी २४९
प्रीति तथा सौमनस्य २
प्रीति-प्रामोदयको कारणले गर्दा १८२
प्रीति फैलिएर गयो २३६
प्रीति फैलिएको थियो ७
प्रीतिले भरिएर आयो २१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रीति र सौमनस्य अनुभव गर्दै २०४
प्रीति-सौमनस्य १३७, १८२, अनुभव गरी १९६, लाई नछोडिकनै २०४, लिई १७१

फ

फलदानदिनु असल हो १९३
फलदिने नारी ७३
फलहरू दिएको थिएँ १९३
फलफूलहरू ६९
फलमा पुग्ने चारजनालाई १५२
फलसमापत्ति सुखद्वारा २२०
फलेकहरू ४, ४०, १५६, १९१, २९५, छापिएको २३१
फारुसक भन्ने फल ६९
फारुसक फल ७६.
फारुसकं ७६
फारुसको कसर मिसिएको १८८
फुटेको भाँडो जस्तै २७६
फूटबल आदि खेलमा ६७
फूलका माला ६९, हरू १२६
फूलदिने नारी ७३
फूल दिएकी थिई ६९
फूलमालाहरू ५९, ८३, १५९
फूलहरू ७६, छरिएको आसन ५६, फुलनथाले १८९

ब

बगैंचा ४१, मा आँपहरू छैनन् १८८, हरू २८९, भित्र १
बगैंचे १८८, ले १८९, लाई भने १८८
वज्रपातको आवाजद्वारा २८६
बज़ार १८५
बटुवा १८१
बत्ती प्रदानगर्न पाएकोमा १५९
बत्तीदान दिएको थिएँ १६२
बत्ती राखिदिनुपर्‍यो १५९
बत्तीहरू राखी १५९
बत्तीहरू ल्याउन लगाई १५९
बत्तीसमहापुरुष लक्षणहरू २०३
बन्दगरि राख्दथ्यो १५४
बयरको रसमा ३४, पकाइएको ३७
बलमा २५६
बलवीर्य सम्पन्न १२०
बलीदिने ठाउँ १८५
ब्रह्मचारीहरूलाई १४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मचिन्तित १०६
ब्रह्मस्वर २२०, द्वारा २२२, ले २७०
बहुश्रुत बन्नु १०२
बाँचेर के प्रयोजन २४५
बाछो दौडेर आई ९०
बाजाहरू बजाई ४२
बाजूहरू २२७
बाटामा १३३, गई ११७
बाटाको एक छेउमा १२२
बाटो छेक्ने जस्तो गरी ८८
बाटोलागि रहेको वेलामा १२१
बाढी १७३
ब्यापारीहरू ६०
ब्यामप्रभा २०३
बालुवा ४०, छरी ४९, हरू १७२, छरिएको २६५
ब्राह्मण १०६, कुलमा २४५, गाउँ १६९, हरूले १७३, माणवक १६६, माणवकले १२८, गृहपतिहरू १७४, शील्पमा ११६, धर्मले प्रतिष्ठा पाउन सक्ने छैन १६९
बिउझेको जस्तै गरी १२२
बिजुली चम्के झैं १८५
बीच बाटामा ११७
बीस २७८
बुढा-बुढी ५९
बुढीको आयु ८८
बुढो छु ६३
बुद्धदर्शनमा अकम्पित भएँ २४६
बुद्ध-श्राविका पनि भएकी थियौ ? २८३
बुद्धिमानी १४१
बुहारी पनि आई २३७
बुहारी भएकी थिएँ ३०, २५५
बुहारीलाई यस्तो भन्यो २३७
बुहारीले पनि २३८
बेतको मेच १८५
बेथा लाग्यो ४६
बोटहरू २६५

भ

भयभैरवबाट २४६
भन्याङहरू २८९, २९१
भवराग संयोजन १३५
भ्यागुताकै टाउकोमाथि २२१
भ्यागुतो २१९, २२०, ले पनि २२१, भएको थिएँ २२२
भाँडामा बचेको १३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भातको पोको दानदिएँ ८६
भात-दानको फलको अगाडि ८
भात पयाकी २७७
भात-वेतन २०१, खाई १
भित्ता २८९, तिर हेरेर सुतिरहेको २०३, हरू २५८. फोरेर १२
भिक्षाटन् गरी २२०
भिक्षाटन् गरेर २३०
भिक्षाटन्कोनिमित्त १९५
भिक्षाटन् जानु भएको वेलामा २७
भिक्षा दानदिएँ १९८
भिक्षा नपाएको कुरा बुझी १९५
भिक्षा-पात्रमा १३
भिक्षा-भोजन १९५
भिक्षुसङ्घका साथ १२३
भिक्षुसङ्घलाई १११, १२३
भिक्षुसङ्घहरूद्वारा परिवृत्त भई २७९
भुइ बढारी १९६
भेरी ४२
भोगसम्पत्तिहरू १८५
भोजन समय भएको देखेर ८०
भोजनगर्न सकिन्न २३०
भोजन निर्देशक भिक्षुलाई २७३
भोजन राखिदेऊ २७५
भोजनार्थ आहार पाउनुभयो के ? २३०

म, मा

मकल ७६, दिएकी थिई ६९
मञ्जूसक वृक्षको वासना जस्तै २४०
मझ्यौला स्वरले ६०
मण्डप २५९, मा आउने छु ६६
मणीका थामहरू ३
मणीहरू जडित २३१, २९५
मणीहरूले ११३
मणी माणिक्यहरूले बनाइएको छ ४०
मन्त्र-विदया ११६
मन्त्रहरू १०६
मदयपान १०९, नगर २१५, गर्ने छैन १३३, बाट दूर रहने १०२
मन्दवायुले हल्लाउँदा २४०
मधु ५०, ५१, ५२, पायस ५२, पायस पकाई ५०
मनको वेग १८५
मनपरेका वस्तुहरू १४६
मनापचारिणी २४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मर्नुनै बेश २३५
मनुष्यलोकमा १७८, १८६, छँदा १५८, १६७, १८७, मनुष्य छँदा २५५
मनुष्य छँदा १४९, १७४, १७९, १८५, १९२
मनोभावनीय १५९, २५७
मनोरमणीय २९५
मयूर २२८
मरणभयो ४६
मरण हुनेछ ११०
मलाई वन्दना गर्ने ९२
मसानमा २०२, २७६, २७७, गई २०४, गई रोइरहे छन् २०५
महत्फलदायी हुन्छ १५२, २७१
महत्फलदायी हुँदो रहेछ १४८
महत्फल हुन्छ ११९, १२१
महत्फल हुनसक्छ १८०
महाकरुणाद्वारा ८८
महाकरुणा समापत्ति ८८, १९५, २०२, २१९, बाट उठी ११७, ध्यानबाट उठी २३५
महाजनहरू २१७
महाधनी ब्राह्मण २००
महाधर्माभिसमय पनि हुनेछ २०२
महाप्रासाद २५९
महापुरुषहरूमध्येमा श्रेष्ठ ११९, १२०
महाभार वहन गर्नसक्ने २८६
महामार्गमा १२८
महालता पसाधन २२५, २५७
महाविहार बनाएकी थिइन् २६७
महाशाल गाउँ ९५
महासत्वसँग ६७
महिन्धर पर्वत २५६
मार्ग २८७, मा पुग्ने चारजना १५२
मार्गाधिपति हुनुभएका २७०
माटाका भाँडा फैं ८९
माटो छर्‍यो १८८
माटो झिकी १८८
माटोको डल्लो २३४
माटो राखी १८८
माणवकलाई देखेर १२२
मार्न पनि सक्छ १८९
मारुन् १७१
मालाहरू २४०, २६२
मालिक्नी बनी २३५
मालिक्नी थिई २३४
मालिक्नी भई बसी २३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मालिक्नीले २३४
मासक २७८
मासको मालिकले ८०
मासको खेतभित्र ८०
मास खानकोनिमित्त ८६
मासा १८

मि, मु, मू, मृ

मिथ्यादृष्टिक २६
मुड्कीले पनि हान्थी २३४
मुड्कीले पनि पिट्दथी २३४
मुखवर्ण अति प्रसन्न छ २३७
मुजुरा १८८
मुण्डन गरेर आई २३५
मुदित मन लिई २१३
मुग्ध पार्नेछौ ६०
मुनिलाई ९३
मुरमुरिई १७२
मूर्ख २०९
मूसाले वीणा काट्दछ ६१
मूसीहरू २५८, द्वारा २९१
मृगलाई देखेनन् ९८
मृगलाई नदेखी तपाइलाई देखेर १००
मृगलाई लखेट्दा लखेट्दै ९८
मृगभेष धारण गरी ९८
मृगहरू खोज्दै १००
मृत-पुत्रलाई २११
मृत्युहुने छ १०३, १०९
मृदङ्ग ४२
मृदुवचनद्वारा २४६
मृषावाद १०९

मे, मै, मो

मेधाविनी २४९
मेरी आमा भएकी थियौ १४
मेरो शरणमा नजाऊ १०७
मैत्री २३७
मोति २२७, हरू जडित २२९, का आभरणहरू ८३

य

यथाकर्मोपग-ज्ञानद्वारा १८३
यश (=परिवार) २८२
यसै जीवनमा १८९
यागु ३३, ३७, ६९, पकाई ३४, दानको फलको अगाडि ३७, ३८, दिएकी थिएँ ७७, पियाई २७५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

याचकहरूलाई १८१
यान-वाहनद्वारा ५०
यो दुःख हो २४६
यो दुःखको हेतु हो २४६
यो दुःखनिरोध हुने बाटो हो २४६
यौटा तार चुँडालेर ६६

र

रङ्गमञ्चमा ६५
रङ्गविरङ्गी कमलका फूलहरू २६५
रथको धूरमा ११३
रथबाट ओर्ल्हीं १११, २७९
रथमा वस्ने ११३
रथमा चढी ११४
रथहरू २८०
रसहरू ४२
रसदिने नारी ७४
रागरहित ११९, १२०
राजकुमार ९६, ९८, १०१, १०७, १०८, ले १०६, लाई १०९, लाई आलिङ्गनगरी ११०
राजदरवारमा ६२, ६३
राज्य नै माग्छिन् ९८
राजपरिवारहरू सहित ६६
राजपरिषद् २७७
राजपुत्र ११४
राजमहिषी २१९
राजसभामा वसे ६६
राजाकहाँ लगी ६२
राजाका राजा २५२
राजाको अगाडि देखाउन चाहन्छु ६२
राजानुभाव ४९
राजालाई सूचित गरे ११०
राजाले ६३
राजाह्वौ ९९
रुखको बोक्रो पकाई २०१
रुखको शाखामा २३६, २४५
रुख नजिक २३६
रुखमनि ११७, बस्यो २३०, बस्नुभयो २३५, बस्न जानुभयो २३६, बसिरहनुभएका २३६, २४५
रुखहरू ४१, २६५
रुँदै कराउँदै २०५
रूप-शोभा २७५
रूपसम्पत्ति २७५
रोइरहेको कुरा देखेर २०४
रोग निको नहुने कुरा २०१
रोगले पीडित भई २१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोगी छँदा त २७५
रोटी चढाएको कुरा सुनाएँ ३१
रोटी चढाएँ ३१
रोटी दिएकी थिई ७०
रोटी दिएकी थिएँ ७७
रंगरोगनका कामहरू २५८
रंगीचंगी फूलहरू ४०

ल

लट्ठाहरू ४
लट्ठी २३४
लड्डु दिएकी थिई ७०
लड्डु दिएकी थिएँ ७७
लसुन ३७
लामञ्जक ३७
लालमणी २२७, हरू २९१
क्लिष्ट जीवनबाट २७३
क्लेशहरू २७६
क्लेश नभएका २१३
क्लेशरूपी जङ्गलबाट २४६
लोकनाथको शरीरलाई २२४
लोग्ने २४९
लौरो २२१. टेकी २२०

व

वर्णमा २५६
वर्तमान बुद्धको पालामा २३५
वस्त्रदानद्वारा ५०
वस्त्रदान दिएकी थिई ६९
वस्त्रालंकार २२५
व्यक्ता २४९
वन्दना गरी ९१, ९४, १०२, १११
वनचर हुँ १००
वनचरहरूको आश्रय लिई ९६
वनचरहरूको आश्रयमा बसी ९८
वरदान दिए ९७
वरदान दिनुहोस् ९७, ९८
वरदान लेऊ ९७
वलबीर्य सम्पन्न ११९
वल्लिफलं ७६
वसभ २८६
व्रषभ २८६
वर्षावास गर्ने समय ९५, न आउञ्जेलसम्म २०
वाँणले हानी १२१
वादयवादन ६६
व्याधा ह्वौ ९९
वायुरोग ३३
वालकलाई फकाउनकोनिमित्त ६०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाह वाह गरी २५०
विचिकित्सा ४८
विन्तीगरी ९१
विनायकलाई २८८
विनीता थिएँ २५५
विमलाभाव भएकी हुँ १६३
विमानबाट ओर्ल्हीं १३३, १७४, २१७, २२१
विरामी भइन् २७५
विवाद उठ्यो २४९
विवाह गरिदिए २६
विहारकैनिमित्त परित्याग गर्नेछु २५८
विहार दान दिइन् २६६
विहार बनाउन लगाई ११०
विहार महोत्सवकोनिमित्त २५९
विहारमा गई १५९
विषम ६१
विष फैलिंदै गई ८१
वीणा ६१, को स्वर ६०, को सातवटा तारहरूबाट ६५, बजायो ५९, ६०, र गीतका स्वरहरू ६५, वादक पनि थियो ५९, वादन ५९, ६१, वादन गराई हेर्नुहोस् ६३, वादन गर्नुहोस् ६८, वादन गरेर ६५, को आवाज ५९, को प्रभाव ६३, द्वारा ६०, मा ६० वादन सुने ६३, वादन गर्नुहोस् ६६
वीरनमूल ३७
वेतन ६३
वेदिकाहरू २९१
वैजयन्तरथ लिएर ६७
वैद्यकहाँ गई २०१
वैद्यकी भार्या अगाडि गई ३३
वैद्यको घरको दैलोमा ३३
वैद्य बोलाएर ल्यायो २०१, २०२
वैद्य बोलाएर ल्याएको खण्डमा २०१
वैदूर्य २२७, मय ११३, का स्तम्भहरू २३१
वैभवसम्पत्ति ४९
वैश्य १०६
वैशाख पूर्णिमाको प्रत्यूष समयमा २२४

श

शय २७८, निक्खहरू १८, साँढेको जेठोलाई २८६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरणभइ दिनेछु ६५
शरणमा जानेछु १०९
शरणागमन विधिलाई ११८
शरीर धातुहरू १०९
शरीर भरी १८२
शरीर वर्ण २९७
शरीर सुन्निएर फूलेर आयो २७६
शाक्यपुत्र ४६, को शरणमा जाऊ १०७
शान्तदान्त १८२
शान्त इन्द्रिय हुनुभएका २०३
शालवृक्षको बीचमा २२४
शालोदद्यानमा २२४
शिकारकोनिमित्त गए ९८
शिल्पकारहरू ६८
शिल्पप्रदर्शन गर्नकोनिमित्त ६६
शिल्पविद्या ६१, ६२
शिल्पमा पारङ्गत गर्‍यो ६२
शिल्पशास्त्रद्वारा ६२
शिल्प सिकाउनथाले ६२
शिव २८७
शिवं सुन्दरं हुनुभएका २८८
शिशिरकालमा २५०
शिशौको जङ्गल २१
शिष्यले जित्न सक्ने छैन ६५
शिष्यहरूको वैभव ११६
शीतल पानी १७८, भएको नदीमा २५३
शीतल भएको छ २१०
शीरले ढोगी १२३, २२१
शील ग्रहण गरें १३२
शीलचर्या परिपूर्ण गरें २८७
शीलमा १०९
शीलव्रत ४८
शीलवान् भई बस्ने छौं १३४
शीलसम्पन्ना १६४
शुक्रतारा झैं १३८, १६०, १९७
शूद्र १०६
शून्य विमानमा २२
शूरवीर १०५
शैलमय-पात्र ३३
शोक रहित ११९, १२०
शोकरूपी काँढोलाई २१०
शोक हटाइदियौ २१०
शोकाग्निलाई २१०
शंका नभएका २१३
शंख ४२

श्र

श्रद्धाको जरो २४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रद्धालु १४१
श्रद्धासम्पन्ना १६४, १८२
श्रमण-ब्राह्मणहरूलाई २०३
श्रावकहरू २७०, कहाँ नजानू २००
श्री चरणमा १२३
श्रीसम्पत्तिहरू देखलान् २०१

स

सत्कारपूर्वक दानदिन्थे २२
सखर ५०, ५२, हरू ५२
स्वर्गपरायग १०९, गराइदिनु पऱ्यो १३७
स्वर्ग पुऱ्याउने काम ८८
सङ्गायनाकोनिमित्त ९५
सङ्गायना गर्नकोनिमित्त २०
सङ्गीतिको समयमा २२९
सङ्गीति भएको वेलामा ११५
स्वर्गीय सुखभोग गर्ने २६७
सङ्घको शरणमा १०९, जाऊ २१५
सङ्घको पनि शरणमा गए १३२
सङ्घको पनि शरणमा जानेछु २१६
सङ्घगत दान १४८
सङ्घनै विपुल तथा महर्घछ २७१
सङ्घनै विपुल तथा महानछ १५२
सङ्घबाट उद्देश्य गराई १४२
सङ्घभन्दछन् १५२
सङ्घमा दान देऊ १४७
सङ्घमा दिएको दानको फल १५२
सङ्घमा दिने दानको फल १४८
सङ्घलाई उद्देश्य गरी १५२, २७१
सडकको बीचमा ५१
सडक सफासुग्घर पारी ४९
सन्तर्पित गऱ्यो २३७
सन्तहरू १०६
सप्तरत्नहरू १११
सत्यमा बस्नुहुन्छ भने ९८
स्वदार सन्तुष्ट १०९
सन्ध्या समयमा १५९
सम्पत्तिहरू ५५
सर्पलाई लत्यायो ८१
सर्पले खुट्टामा टोक्यो ८६
सफासुग्घर पारी १९६
सम्बुद्धद्वारा १७६
सम्बोधि प्राप्तगरी ४५, ४६
सभाबाट बाहिर निकाल्न लगाए ६७
समाचार १२२
सम्माननीय २५७
स्वर ६५, मा आकर्षित भई २२०
सलाक २७३, २७४, भोजन २७३, दिने घरमा २७५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वत दिएकी थिई ७०
सर्वत दिएकी थिएँ ७७
ससुराहरूको २४९
सहन्नथी २३४

सा, सि, सी

साग दिएकी थिई ६९
स्वागत नगर्ने १७१
स्वागतसम्म पनि नगर्ने १७१
साटफेर १०५
साठी गाडा जतिका १३८
साँढेको नाइकेलाई २८६
सात सात रत्नहरू २९१
सातौं दिनमा ६३, ६६
सामुक्कंसिकं १३५, २१७
सांसारिक दुःखहरू २८७
सासू २७, २४९, लाई २७, ३१, ले ३१, ले राखिराखेको रोटी २७, ससुरा २५५, ससुराप्रति ६९, ससुराहरू प्रति ७५
सिङ्ले हानी ९०
सियोको आवश्यकता छ २९४
सियो दिएँ २९७
सियो दिएको थिएँ २९७
सियाहरू २९४
सीमाना ९५

सु, सू

सुकुल कोतरेको आवाज जस्तो ५९
सुखमा २५६
सुगन्धदिने नारी ७३
सुगन्ध दिएकी थिई ६९
सुगन्ध लेपहरू ५९
सुगन्धित पानीले धोई २२५
सुन्दर ११९, स्थानमा पुगिसकेका १२०
सुधर्मा भन्ने सभामा २३
सुन पिटी २००
सुनारलाई बनाउन लगाउँदा २००
सु-प्रभात छ ७८
सुभाषित १०६
सुमधुर ६६, १२०, आवाज २४६
सुवर्ण १८, २२७, माला १२७, मय पर्वतमा २९१
सुसंयमी १८२
सून ११३
सूर्य १२६, जस्तै १२६, उदय जस्तै ४२, को तेजलाई, २०३, को रश्मीलाई १२६, उदयको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चमक जस्तै २९२

से, सो

सेवा-टहल गरेकी थिई ६९
सेवा-टहल गरेकी थिएँ ७५
सेवाशुश्रूषा १५५
सोह्र कर्षापण खर्च गरी २७४
सोह्रभागको एक भाग १८, ३७, ३८
स्रोतापत्तिफल १७९, २०२, २१८, मा प्रतिष्ठित भए १३५, प्राप्तगऱ्यो २२३, मा १६३, १६४, को उपनिश्रयसम्पत्ति २३५, मा प्रतिष्ठित भई २३६
स्रोतापन्न १३६, भए ४७

सौ, सं

सौतेनी १४९
सौमनस्य २५९, अनुभवभयो ८
संगीत निपुणताको बारेमा २४९
संगीत प्रदर्शन गर २५०
संध्या समयमा २१९
संसारमा यताउता घुम्दैफिर्दै २३५

ह

हस्ती ५४, यान ५३, विमानमाचढी ५३
हरितकी १८१
हर्षचित्त उत्पन्न भएको थियो ४६
हा चन्द्र ! ४०५
हाडहरूले २७८
हातखुट्टाको १८२
हातखुट्टा धोई १७१
हातखुट्टाले बेस्करी कुट्दथ्यो २३५
हात्ती ५२, हरू १८, ३४, मा चढी १६६, विमान माथि ५२, बाट ओर्ल्हीं १६५, का दुवै दाह्राहरूमा १६६
हा सूर्य ! २०५
हाँ वा हुँ २७८
हितैषी बुद्ध २४६
हितैषी साथी ९८
हितैषी भावना राखी ९८
हितैषी हुनुभएका २४६
हिंग् ३७
हिंसा नगर्ने १०२
हीन देवलोकमा २२, १४७
हेतुप्रत्ययद्वारा २८६
हेमवत जातिका १८, ३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हैरानी गरी सताएकी हो २३५
हंसराज २२८

क्ष

क्षत्री १०६, ह्वाँ ९९
क्षमा मागे १७३
क्षान्ति २३७
क्षीर-भोजन ७६
क्षेत्र-सम्पत्ति ५०, २९७, द्वारा १८१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाथा-सूची

अ

अक्कोधना भत्तुवसानुवत्तनी २५३
अक्कोसानं वधानं च २४१
अक्खामि ते बुद्ध महानुभाव १७७
अक्खामि ते देवि महानुभावे १४५
अक्खामि ते भिक्खु महानुभाव १०, २४, ७२, १३९, १५७, १६२, १९३, १९८, २३२, २९६
अच्छरानं सतसहस्सानं ९३
अच्छरीयं वत अब्भुतं वत २१३
अञ्जलिं अकरिं तथागतस्स २१३
अञ्जलिकम्मस्स अयमीदिसो विपाको २१३
अज्जेव बुद्धं सरणं वजाहि २१४
अज्जेव बुद्धं सरणं वजामि २१४
अञ्ञो मुनि नत्थि तयानुकम्पको ८६
अट्ठंसा सुकता थम्भा २९०
अट्ठेव पिण्डपातानि १४५
अड्डंसि पादे तुरितस्स मे सतो ८५
अतिरोचति वण्णेन ४०
अथ तेनागमा भिक्खु ५
अत्थकामोसि मे यक्ख २२५
अत्थाय बुद्धो उदकं अपायि १७७
अदस्सनेनहं तस्स ४४
अद्दसं विरजं बुद्धं १३९
अदासिं कोलसम्पाकं ३६
अदासिं चतुरोफलं १९२
अनिन्दिता सग्गमुपेन्ति ठानं १५१
अनिन्दितो सग्गमुपेति ठानं २७०
अनुकम्पकस्स कुसलस्स २४३
अप्पं पि कतं महाविपाकं १३१
अप्पं वा बहुं वा नाद्दस्साम २१२
अपुञ्ञा अलक्खिका २४०
अब्बही वत मे सल्लं २१०
अम्बो च सित्तो ६
अभिक्कन्तेन वण्णेन ८, ३४, ७०, १३८, १६०, १९७, २२१,

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३८, २६१
अलङ्कतो मट्टकुण्डली २०५
अलङ्कतो मल्यधरो ८२
अलङ्कता मणिकञ्चनाचितं १६५
अलोमं सुखितं दिस्वा १०
असङ्खतं दुक्खनिरोधसस्सतं १६७, २८३
अस्सकाधिपतिस्साहं ९९
असोकं नन्दनं रम्मं २४४
अहमाचरिय पूजको ६५
अहिंसा सब्बपाणीनं १०२
अहो दानं वराकिया १६
अहं अन्धकविन्दम्हि ३६
अहं कपिलवत्थुस्मि ४३
अहं ते सरणं होमि ६५
अहं भदन्ते चण्डाली ९२
अहं भद्दे सुभद्दासि १४३
अहं च वाराणसियं १०
अहं मनुस्सेसु मनुस्सभूतो २४, २९, ८४, १३९, १६१, १७६, १८६, १९८, २३२, २५३, २९२

आ

आकासे तपति यथा पि सुरीयो १२५
आचिक्ख मे त्वं यदि बुद्धसाविका २८२
आदित्तं वत मं सन्तं २१०
आबाधिकोहं दुक्खितो गिलानो २१२
आयुं च वण्णं च सुखं बलं च २५४
आरति समचरिया च १०२
आसनं दातब्बं होति ५६

इ

इतिस्सा सस्सु पटिभासि ३०
इदं दुक्खं ति मंवोच २४३
इदं वत्वान चण्डाली ९४
इद्धिया यससा जला २२१
इसिनिसभ वदेहि पुट्ठो १०१

उ

उच्चमिदं मणिथूनं विमानं ३, १५५, १९०, २३१, २९५
उदग्गचित्तो सुमनो ४४
उप्पन्ना निम्मानरतीसु देवेसु २६६
उपेमि सरणं बुद्धं १०८, २१५
उलारो ते यसो वण्णो २८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ए

एतस्स कञ्जिक दानस्स ३६
एतस्साचामदानस्स १७
एनादिसं यञ्ञमनुस्सरन्ता १५१, २७०
एस सङ्घो उजुभूतो १५०
एसोहि सङ्घो विपुलो महग्गतो १५१, २६९

ओ

ओक्काककुलसम्भवो १०७
ओभासयं तिट्ठति अन्तलिक्खे २२
ओभासेति पथविं यथा पि सुरियो १३१

क

कतकिच्चा अनासवा १०५
कतञ्ञुताय अभिवादयामि तं ८५, ८६
कतपुञ्ञा विरोचति १४९
कतपुञ्ञाहिमोदन्ति २४४
कतमं स्वाहं जनपदं गन्त्वा १०३
कतर्रास्म सो जनपदे १०७
कथं त्वं अप्पतरं दत्वा १४६
कस्मानु काया अनाधिवरं उपागमि २८८
कस्मा काया नु आगम्म १४३
करोतं ओपधिकं पुञ्ञं १५०, २६९
कल्याणी वत ते वाचा १०१
का कम्बुकायूरधरे २२६
किं तं पुरे सुचरितमाचरीध २८२
किलन्तरूपो कायेन ५
किस्स संयमस्स अयं विपाको १२६
कीदिसेन दानेन १४४
कुम्मासपिण्डं दत्वान २३२
कूटागारनिवासामे २६३
कूटागार सत्तसता ३
केन कम्मेन गतोसि देवलोकं २१२
केन त्वं विमलोभासा १६०
केन ते तादिसो वण्णो ३, ९, ३५, ७०, १३८, १५०, १५६, १७५, १८४, १९७, २९५
केनासि कम्मफलेनिधूपपन्नो १२६
केनासि भद्दे पतिनो पियतरा २५२
कोधं वधित्वा अभिभुय्य मच्छरं २५५
को मे वन्दति पादानि २२१
को वा त्वं कस्स वा पुत्तो २११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख

खत्तिया ब्राह्मणा वेस्सा १०४
खत्तियो नुसि राजञ्ञो ९९
खिप्पं पञ्जलिका वन्द ८९
खीणासवं विगतरजं अनेजं ९१

ग

गच्छन्तं च महावीरं ४४
गच्छामि सरणं अहं १०८
गन्धुत्तमदायिका नारी ७३
गमनागमनं पि दिस्सति २०८
गावो च मासे अगमंसु खादितुं ८४
गिज्झकूटम्हि पब्बते १५०
गिम्हानं पच्छिमे मासे ५
गुत्तिन्द्रियो झानरतो २४२
गोतमस्स यसस्सिनो ८९

घ

घतसित्तं व पावकं २१०

च

चक्कयुगं पटिपादयामि ते २०७
चक्कवत्तिस्स राजिनो १७
चण्डालि पञ्जलि ठितं ९०
चण्डालि वन्द पादानि ८९
चन्डालि वन्दि पादानि ९०
चत्तारो च पटिपन्ना १५०
चत्तारो च फले ठिता १५०
चतुन्नं पि दीपानं १७, ३७
चन्दिमसुरिया उभयेत्थ दिस्सरे २०७
चन्दो च न भासति न फुस्सो १२४
चन्दं विय दारको रुदं २०९
चित्रा मनोरमा भूमि ४०, २९०
चोदितो भावितत्तेन ९०

छ

छिन्दन्ति रंसी पभङ्करस्स १२४

ज

जम्बुयो पनसा ताला २६४
जिनं अप्पटिपुग्गलं १०७
जिनवर पवरं उपेहि सरणं १२८
जिह्वाय परिलेहिस्सं ४४

झ, ञ

झायि झानरतं सतं ५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ञत्वानहं विरजपदं असङ्खतं २८४

त

ततो मे सस्सु कुपिता ३०
तत्थच्छसि पिवसि खादसि च ३, १५५, १९१, २३१, २९५
तथागते वा सम्बुद्धे १८१
तथागतस्स नधिवरस्स सासनं २८४
तदाहं सस्सुयाचिक्खं २९
तस्मा हं अत्तकामेन ५६
तस्माहि फलं अलमेव दातुं १९३
तमेनं अवधी गावी ९०
तया बहुतरंदत्वा १४६
तव धम्मं सुणन्तस्स २२२
तस्स तम्बनखे पादे ४४
तस्सा ते नच्चमानाय २३८
तस्सा मे अहु संवेगो २४१
तायेव ते सुद्धनुमोदनाय २६६
तुवंसि इस्सरा तेसं २८
तेन मे तादिसो वण्णो १०, २४, ३०, ७२, १३९, १५७, १६२, १७७, १८६, १९३, १९८, २३२, २९६
तेनाहं विमलो भासा १६२
त्वं च मे सरणं भव १०६
तं मे बुद्धो वियाकासि १५०
तं मे गिरं सुणन्तस्स ४४

द

दक्खिणेय्यस्स सङ्घस्स १४५
दक्खिणेय्या मनुस्सानं २४४
दद्दल्लमाना आभन्ति १७४, १७७, २६३
दद्दल्लमाना वण्णेन १४२
दलिद्दा कपणा नारी १४, १५
दल्हाधम्मा निसारस्स ९९
द्वयज्ज किच्चं उभयं च कारियं ८४
दस्सनं नाभिजानामि १४३
दानस्स ते इदं फलं २९१
दानेन समचरियाय ७८
दासि अहं पुरे आसि २४०
दिट्ठेवधम्मे पासंसा १०२
दिब्बा च वीणा पवदन्ति वग्गुं ८२ १५५
दिब्बा रसा कामगुणेत्थ पञ्च २५६
दिब्बं ममं वस्स सहस्समायु १५७
दिस्वान गुणसम्पन्नं ५५
दिस्वान देवं पटिपुच्छि भिक्खु ८१
दुल्लभं दस्सनं होति ४५
देवता नुसि गन्धब्बो २११

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवते पुच्छिताचिक्ख २८, १४४, १४६, २३९
देविद्धिपत्ता उपसङ्कमित्वा ९१
देविद्धिपत्तोसि महानुभावो २६, ८२, १६६, १९१

ध

धम्मं अस्सोसुं गोतम २२२
धम्मं चापि अनुत्तरं २१५
धम्मं च सुणाथ पसन्नमानसा २६८
धम्मद्दसा पठमफले पतिट्ठिता २८५
धम्मेन पुब्बे भगिनी १५०

न

नगन्तरे नगरवरे सुमापिते २८३
नच्चन्ति गायन्ति ८२
न तथा तपति नभे सुरियो १२४
नत्थि चित्ते पसन्नम्हि १८१
नन्दने च वने रम्मे ६, ११४, २९३
नमस्सितुं समणसमागमं सिवं २८५
नमस्समानं सम्बुद्धं ९०
नविज्जति सो पदेसो १०४
न सोचामि न रोदामि २१०
नानापदुम सञ्छन्ना ४१
न्हापयि रुक्खमूलस्मिं ६
नारियो नच्चन्ति गायन्ति २८
नारी सब्बङ्ग कल्याणी १७
निक्खिपन्ति इमं देहं १०५
निच्चं मनुस्सेन सुखत्थिकेन १९३
निब्बुतं पि महावीरं १०८
निम्मानरतिनो नाम १५
निम्मानरतीनं देवानं १४३
निम्माय निम्माय रमन्ति देवता २८१
निसिन्नं रुक्खमूलस्मिं २४१
निसीदि रुक्खमूलस्मिं ६

प

पञ्चेत्थ नारियो आगमिंसु न्हायितुं २५१
पजापति तस्स सुनिम्मितस्स २६६
पतिब्बता यत्थ भवन्ति इत्थियो २५४
पतीसु धम्मं पचरामि सब्बा २५४
पदीपकालम्हि ददाति दीपं १६१
पदुमं पद्मपत्तक्खि ५४
परकम्मकारी आसिं ७५
पराभत्तेन दानेन १६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिचारिका राजवरस्स सिरिमती २८३
परिनिब्बानगता हि सीतिभूता १३५
परिसुद्धं विमलं सुभं विमानं १२४
परेसं भतको पोसो ५
परेसं विजितं गन्त्वा ४४
पहाय मानुसं देहं ६
पहूत कतकल्याणा ९३, १४४
पहूतमल्यं बहुपुण्डरीकं १६१, १७६
पाणातिपाता विरमामि खिप्पं १०८, २१५
पाणातिपाता विरमस्सु खिप्पं २१४
पिण्डाय ते चरन्तस्स १४
पिण्डाय मे चरन्तस्स १५, २९
पिप्फला लसुणेन च ३६
पीठं ते सोवण्णमयं उलारं १८४
पीतवत्थे पीतधजे २२६
पुग्गलेसु तया दिन्नं १४७
पुच्छामि तं उप्पल मालधारिनि २५२
पुच्छामि तं देव महानुभावो ३, १५६, २९५
पुच्छामि तं देवि महानुभावे ९, ३५, ७०, १३८, १६०, १७५, १८४, १९७
पुच्छितो हि मया बुद्धो १५०
पुण्णमासे यथा चन्दो ४०
पुप्फुत्तमदायिका नारी ७३
पुब्बे मानुसके भवे १४९
पुरा अयं भुञ्जति यस्सिदं धनं ८४
पेतो कालकतो न दिस्सति २०८

फ

फलदायी फलं विपुलं लभति १९२

व

बहुकारो अनुकम्पको च सत्था १३१
बहूनं वत अत्थाय २४४
ब्रह्मस्सरो कञ्चनसन्निभत्तचो २६८
वालो खो त्वं असि माणव २०८
बाहापग्गय्ह कन्दसि २०५
बुद्धस्सादिच्चबन्धुनो १०, ३६, २९२
बुद्धस्सहं वत्थयुगं अदासिं १६७
बुद्धो च मे कञ्चनसन्निभत्तचो १६७
बुद्धो च मे इसिनिसभो विनायको २८३
बुद्धं विगतरजं वितिण्णकङ्खं २१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ

भयभेरवो दुरासदो २४२
भवरागानुसयञ्च पहाय मोहं १३५
भवेय्यं अजरामरो १०३
भावितत्ता पि अरहन्तो १०५

म

मञ्ञामि तुवं मरिस्ससि २०८
मण्डूकोहं पुरे आसिं २२२
मनुस्सभूता दहरा अपापिका २५३
मनुस्सभूता देविन्द १४९
मनुस्सभूतो किमकासि पुञ्ञं २३, ८२
मनोभावनीयो भिक्खु १४७
ममा पि नं वचनेन ४५
ममं छन्नं च ओहाय ४४
ममं त्वं सरणं गच्छ १०७
महन्तं अच्छरासङ्घं ५४
महद्धना महाभोगा १०४
मा च परजनस्स रक्खितं पि १२९
मा च पाणवधं विविधं चरस्सु असुचिं १२८
मिगे गवेसमानाहं ९९
मुनिं कारुणिकं लोके ९३
मुहुत्तं चित्तपसादस्स २२२
मोग्गल्लानेन पुच्छिता १५७, १८५

य

यजमानानं मनुस्सानं १५०, २६९
यत्थ च दिन्न महप्फलमाहु ११९, १२०
यत्थ दिन्नं महप्फलं १५०
यस्स चित्तकतं बिम्बं २७९
यसुत्तरा नाम दिसासु विस्सुता १६८
या ते अदासि आचामं १५
या देवराजस्स सभा सुधम्मा २२
यापि ते सिरसिंम माला २३९
या महेसित्तं कारेय्य १७, ३६
या मे अदासि आचामं १५
या सा अहु मय्हं सखी भदन्ते २६६
युत्ता च ते परमअलङ्कता हया २८०
ये चिध पजहन्ति कामरागं १३५
ये देवजाता विचरन्ति लोके १५१
ये पुग्गला अट्ठ सतं पसत्था २६९
ये मन्तं परिवत्तेन्ति १०४
ये सङ्घमुद्दिस्स ददन्ति दानं १५१, १६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो अन्धकारम्हि तिमीसकायं १६१
यो वदतं पवरो मनुजेसु ११८, १२०
यो वे सम्माविमुत्तानं ५६
यं चत्तारो पटिपन्ना २६९
यं चे दज्जा तं चेवसेय्यो २९६
यं ददाति न तं होति २९६
यं मग्गं मग्गाधिपती अदेसयि २६८

र

रञ्ञो पायासिस्स अहोसि माणवो २४
रज्जुमाले ति यं वोच २४२
रम्मा च ते पोक्खरणी ४१
रमामि नच्चगीतेहि ६, ११४
रागविरागमनेजमसोकं ११८, १२०

ल

लता च सज्जा पवरा च देवता २५१
लद्धानहं अमतवरं विसेसनं २८४
लोकनाथान तादिनं ४५

व

वत्थुत्तमदायिका नारी ७१
वन्दामहं परमहितानुकम्पकं २८५
वन्दामि तं वीर महानुभावं ९१
वन्दित्वा अरहतो पादे ९४
वन्दित्वा सत्थुनो पादे ४७
वन्दि अरहतो पादे ९२
वाराणसियं उपसङ्कमित्वा १६७
वारिना विय ओसिञ्चं २१०
विहारं सत्थु कारेसि २९२
विहारं सत्थु अदासि २९२
विसोधेत्वा दिट्ठिगतं ४७
वेदिया चतस्सो तत्थ २९०
वेलुरियसुवण्णस्स ४०

स

सक्कच्चदानं विपुलं अदासि २४
सक्यपुत्तं महावीरं १०७
सक्यपुत्तस्स सिरिमतो ४४
सङ्घं च नरदेवस्स २२५
सङ्घस्स दानानि ददाय वित्ता २६८
सङ्घस्स कारेसि महाविहारं २६३
सङ्घे दानानि दत्वान १४९
सङ्घे दानानि दस्सामि १४८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्घे दिन्नं महप्फलं १४८, १५०
सङ्घे देहीति मं वोच १४७
सचे हि बुद्धो तिट्ठेय्य १०८
सचे हि भन्ते गच्छेय्यासि ४५
सच्चं खो वदेसि माणव २०९
सतं निक्खा सतं अस्सा १७, ३६
सतं हेमवता नागा १७, ३७
सत्था तुम्हाक मारिस १०८
सत्थु बुद्धस्स सन्तिके ४५
सदेवके लोके समारके च ८५
सदेवरं सस्ससुरं सदासकं २५३
सद्धा सीलेन सम्पन्ना २९
सब्बाभरणसञ्छन्ना ४१
सम्बुद्धेन पुच्छिता १७६
सब्बं निब्बापये दरं २१०
सस्सुञ्चाहं ससुरं च ७५
सह भरिया च ते आसिं १४३
सह भरिया च मे आसि १४९
सहस्सरंसीव यथा महप्पभो १११
स्वागतं ते महापुञ्ञ १००
स्वागतं वत मं अज्ज ७८
सन्तिके मरणं तुय्हं १०३
सा दक्खिणा सङ्घगता १४७
सा दक्खिणा सङ्घगता पतिट्ठिता २७०
सा देवता अत्तमना ९, १७६, १८५
साधु तं भन्ते न्हापेमि ५
सारिपुत्तो ति विस्सुतो ५
सावत्थियं मय्हं सखी भदन्ते २६३
साहं कायस्स भेदा ३०
स्वाहं अब्बूल्हसल्लोस्मि २१०
स्वाहं इध पञ्चसिक्खा करित्वा १३०
स्वाहं मुदितमनो पसन्नचित्तो २१३
सिरिमाति मं राजगहे अवेदिंसु २८३
सीतिभूतोस्मि निब्बुतो २१०
सीहो यथा पब्बतसानुगोचरो २५५
सुक्खाय अलोणिकाय च १०
सुखं च कतपुञ्ञानं २४४
सुजातो नामहं भन्ते ११३
सुत्वानहं अमतपदं असङ्खतं २८४
सुद्धोदनस्स पुत्तस्स ४३
सुप्पभातं सुहुट्ठितं ७८
सुभासिता अत्थवती १०६
सुवण्णच्छदनं नावं १७४
सूचि दिन्ना सूचिमेव सेय्यो २९६
सो कतञ्ञू कतवेदी ४७
सो च खो परिनिब्बुतो १०७
सोतापन्ना न च पनमत्थि दुग्गति २८५
सो देवपुत्तो अत्तमनो ५, ४३, १५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सो मासखेत्तं तुरितो अवासिं ८४
सो मं मुदुहि पाणीहि ४३
सोवण्णजालं मणिसोण्णचित्तितं २२८
सोवण्णमये पब्बतस्मिं २९०
सोवण्णमयो पभस्सरो २०६
सोवण्णमयो रथो मम २०७
सोवण्णमयं मणिमयं २०६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

DATE DUE

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६६४१

AUTHOR अमृतानन्द भिक्षु

TITLE बुद्धकालीन विमानकथा

६६४१

R 694
AMR
2033 B.S.

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकका पुस्तकहरू—

संक्षिप्त बुद्धजीवनी (द्वितीयावृत्ति) ...		१/-
धम्मपद (तृतीयावृत्ति) ...		१/४०
गृही-विनय (द्वितीयावृत्ति) ...		१/-
अग्रश्रावक ...		
कसको कुरा सत्य हो ? ...		
बुद्धशासनको इतिहास (प्रथम भाग) ...		४/-
पटाचारा स्थविरा चरित ...		
बुद्धकालीन ब्राह्मण	भाग–१ (पृ ५०४) ..	७/-
बुद्धकालीन गृहस्थीहरू	भाग–१ (पृ. ५८१) ...	८/-
बुद्धकालीन राजपरिवार	भाग–१ (पृ. ६६५) ...	१०/-
बुद्धकालीन महिलाहरू	भाग–१ (पृ. ५५६) ...	८/-
बुद्धकालीन परिव्राजकहरू	भाग–१ (पृ. ७६६) ...	१६/-
बुद्धकालीन श्रावक-चरित	भाग–१ (पृ. ३७८) ...	६/-
बुद्धकालीन श्राविका-चरित	भाग–१ (पृ. १००५) ...	२२/-
बुद्धकालीन ब्रह्मादिदेव	भाग–१ (पृ. ६६८) ...	१८/-
बुद्धकालीन प्रेतकथा ...	(पृ. ३८२) ...	१०/-
बुद्धकालीन विमानकथा ...	(पृ. ४०४) ...	१२/-

प्रतीक्षामा–

"बुद्धकालीन ब्राह्मण" भाग–२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu